# संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्बाट पारित प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्वन्धी राष्ट्रिय कार्ययोजना (२०६७/६८–२०७१/७२)

# मध्यावधि अनुगमन प्रतिवेदन २०७१

नेपाल सरकार
शान्ति तथा पुनर्निर्माण मन्त्रालय

1325 Action Group

# संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना

**(२०६७/६८ -२०७१/७२)**

## मध्यावधि अनुगमन प्रतिवेदन

**२०७१**

**पहिलो संस्करण: २०७१ असोज**

**प्रकाशित प्रति: ५,०००**

**सर्वाधिकार @ शान्ति तथा पुनर्निर्माण मन्त्रालय र १३२५ कार्य समूह**

प्रकाशक

**शान्ति तथा पुनर्निर्माण मन्त्रालय,**

सिंहदरवार, काठमाण्डौ नेपाल ,

फोन नं: ४२११९७८ र ४२११९७३

फ्याक्स ४२११९८६

इमेलः mopr@peace.gov.np

वेब : www.peace.gov.np

**१३२५ कार्य समूह सचिवालय, साथी**

पो.व.नं : ७७७०

फोन नं ५५३७१०३, ५५३७१०४

इमेलः saathi.ktm@gmail.com

वेबः www.saathi.org.np

**यस प्रतिवेदनको कुनैपनि अंश श्रोत उल्लेख गरेर प्रयोग गर्न सकिने छ।**

**नरहरि आचार्य**
**मन्त्री**
**शान्ति तथा पुनर्निर्माण मन्त्रालय**

प.सं.:-
च.नं.:-

**नेपाल सरकार**

फोन ४२११०८९
फ्याक्सः ४२१११८६
४२११५५४

**निजी सचिवालय**
**सिंहदरवार, काठमाडौं ।**




# मन्तव्य

महिला, शान्ति र सुरक्षाका सम्बन्धमा संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्बाट पारित प्रस्ताव नं. १३२५ र १८२० कार्यान्वयनका लागि राष्ट्रिय कार्ययोजना नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनमा आएको तीन वर्ष पूरा भईसकेको छ । द्वन्द्व पश्चात् नेपालको शान्ति प्रक्रियालाई दीर्घकालीन शान्तिमा रुपान्तरण गर्न तथा द्वन्द्वबाट सबैभन्दा बढी प्रभाव पर्ने महिला तथा बालिकाहरूको विषयलाई सम्बोधन गर्न यो कार्ययोजना अन्तर्गत रहेका क्रियाकलापहरूले सहयोग पुऱ्याएको छ भन्ने हामीलाई विश्वास लागेको छ । यस कार्ययोजनाको कार्यान्वयनलाई अझ प्रभावकारी बनाई यसले निर्दिष्ट गरेका लक्ष्य हासिल गर्न जसरी यो कार्ययोजना निर्माणका क्रममा नेपाल सरकार, अन्तर्राष्ट्रिय विकासका साझेदार तथा गैर सरकारी संस्था र नागरिक समाजको वीचमा सहकार्य भएको थियो त्यसरी नै आगामी दिनमा पनि यसका सबै सरोकारवालाहरूबीच अझ व्यापक सहभागिता र सहकार्य हुन सक्दछ भन्ने विश्वास गरेको छु ।

कार्ययोजना कार्यान्वयनको विषयलाई नेपाल सरकारले प्राथमिकतामा राखेको छ । यसका लागि नेपाल शान्ति कोष सचिवालय मार्फत बजेट विनियोजन गरी यसको कार्यान्वयनलाई प्राथमिकता दिइएको छ । त्यसैगरी यसले उठाएका कयौ विषयहरूको दीर्घकालीन निरन्तरताका लागि ती विषयहरूलाई मन्त्रालय लगायतका निकायमा नियमित योजनाहरूमा समावेश गराई सरकारको नीति, योजना, कानूनहरूमा त्यसलाई समट्दै लैजाने कार्य पनि हुँदै आएको छ । विकासका साझेदार तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, राष्ट्रिय गैर सरकारी संस्था, नागरिक समाजको सहयोग र सहकार्यलाई मजबुत बनाउने कार्य पनि हुँदै आइरहेको छ । फलस्वरुप सोही अनुरुपको सहयोग र सहकार्य पनि प्राप्त भईरहेको छ ।

कार्ययोजना कार्यान्वयनका लागि वितेका तीन वर्षहरूलाई हेर्दा उपलब्धिपूर्ण नै देखिएता पनि यसले उठाएका कतिपय विषयहरूलाई नीतिगत तथा कानूनी व्यवस्थाबाट सम्बोधन गर्नुपर्ने देखिन्छ । यसका लागि नेपाल सरकार सदैव प्रतिबद्ध रहदैआएको छ । संक्रमणकालीन अवस्थामा महिला तथा बालिकाहरूमाथि परेका द्वन्द्वका प्रभावहरूलाई तत्काल र दीर्घकालिन रुपमा संबोधन गर्नुपर्ने विषय समग्र शान्ति प्रक्रियाका विषयहरूसँग नजोडिई सरकारले प्राथमिकतापूर्ण कार्यको रुपमा लिएको छ । शान्ति प्रक्रियामा महिलाको भूमिका र योगदानको उच्च कदर गर्दै द्वन्द्व समाधान, व्यवस्थापन र रोकथामका लागि गरिने नीति निर्माणमा महिला सहभागिता वृद्धि गर्न, उनीहरूको विशिष्ट आवश्यकता, अधिकार र सुरक्षालाई प्राथमिकता दिन एवं शान्ति प्रक्रियामा लैङ्गिक दृष्टिकोणलाई मूलप्रवाहिकरण गर्न सरकार कटिबद्ध छ र यसका लागि विगतमा झै सबै सरोकारवालाहरूको सहयोग र सहकार्यको अपेक्षा पनि गर्दछ ।

कार्ययोजनाको कार्यान्वयन प्रक्रिया कसरी अगाडि बढिरहेको छ र यसको उद्देश्य प्राप्ति हुँदै गएको छ वा छैन, लक्षित वर्ग तथा समूहले यसको उचित प्रतिफल पाईरहेका छन वा छैनन हेर्नका लागि शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नेतृत्वमा यसका सरोकारवाला निकाय तथा संस्थाहरू समेतको संलग्नतामा मध्यावधि अनुगमन तथा मूल्यांकन हुनु अत्यन्तै सान्दर्भिक तथा महत्वपूर्ण छ । यसले आगामी दिनमा कार्ययोजनाको कार्यान्वयन प्रक्रियालाई गति दिन तथा सुधार गर्नुपर्ने विषयहरूलाई औंल्याउन सहयोग गर्ने छ भन्ने लागेको छ । वितेका तीन वर्षभित्र यसमा निर्धारित कति लक्ष्य हासिल भयो वा भएन, यस क्रममा देखिएका कमी कमजोरीहरूलाई सुधार गर्न यो मध्यावधि अनुगमन तथा मूल्यांकन प्रतिवेदनले सहयोग पुऱ्याउने छ भन्ने मैले विश्वास लिएको छु ।

अन्तमा, यो प्रतिवेदन तयारीका लागि समन्वय गर्ने शान्ति तथा पुनर्निर्माण मन्त्रालयका का.मु. सचिव श्री खुमराज पुंजाली, सहसचिव श्री साधुराम सापकोटा तथा सहसचिव श्री ऋषि राजभण्डारी लगायतको समूह र १३२५ कार्य समूहका सदस्य संस्थाहरूको साथै प्रतिवेदन लेखनमा सहयोग पुऱ्याउने प्राविधिक समूह तथा कार्ययोजना कार्यान्वयनका सबै सरोकारवालाहरूलाई धन्यवाद दिन चाहन्छु ।

**नरहरि आचार्य**
**मन्त्री**
**शान्ति तथा पुनर्निर्माण मन्त्रालय**

नेपाल सरकार

# शान्ति तथा पुनर्निर्माण मन्त्रालय

पं. सं.

च.नं.:

सिंहदरवार, काठमाडौं
नेपाल ।



## मन्तव्य

संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्‌बाट पारित प्रस्ताव नं. १३२५ र १८२० लाई कार्यान्वयन गर्न नेपाल सरकारले राष्ट्रिय कार्ययोजना बनाई २०६७ माघ १८ गते देखि लागू गरेको छ । एकातिर महिला, शान्ति र सुरक्षाको विषयमा ती प्रस्तावहरूले गरेको आह्वानलाई सदस्य राष्ट्रको हैसियतले कार्यान्वयन गर्नु हाम्रो जिम्मेवारी हो भने अर्कोतीर देश संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेको अवस्थामा द्वन्द्वको सबैभन्दा बढी प्रभाव पर्ने समूहको रुपमा महिला तथा बालिकाहरूको सुरक्षा तथा अधिकारको रक्षा गर्नु र उनीहरूको विशिष्ट आवश्यकताहरूलाई ध्यान पुऱ्याउनु हाम्रो राष्ट्रिय जिम्मेवारी पनि हो । यी प्रस्तावहरूले बोकेको उद्देश्य र भावनालाई हाम्रो सन्दर्भमा समायोजन गरेर त्यसको कार्यान्वयन गर्नु उत्तिकै महत्वपूर्ण हुन्छ ।

नेपाल सरकारले प्राथमिकतामा राखेको सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ र १८२० लाई कार्यान्वयन गर्न बनेको राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन पक्षलाई अगाडी बढाईरहेको छ । यसको कार्यान्वयनको लागि नेपाल शान्ति कोष सचिवालयबाट आ-आफ्नो कार्यक्षेत्र अनुसार विभिन्न सरोकारवाला निकायहरूले रकम लिएर परियोजना संचालन गरिरहेका छन् । सरकारले भविष्यमा समेत यसको कार्यान्वयनको पक्षलाई प्राथमिकतामा राखी आगामी दिनमा पुरा गर्नु पर्ने लक्ष्य र त्यस अन्तर्गतका क्रियाकलापहरूका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग र सहकार्य जुटाउँदै आइरहेको छ ।

राष्ट्रिय कार्ययोजना लागू भए पश्चात् यसको कार्यान्वयनमा तीन वर्ष पूरा भईसकेको छ । कार्ययोजनाको कार्यान्वयनबाट प्राप्त उपलब्धिहरू निकै आशापूर्ण र मननयोग्य रहेको देखिएको छ । यद्यपि यसको पूर्ण लक्ष्य हासिल गर्न अझै तदारुकता र मिहिनेतको खाँचो छ । प्रस्तुत प्रतिवेदनले त्यस्तो मिहिनेत र दृढताको खाँचो पर्ने क्षेत्रहरूलाई औंल्याएको छ । त्यस्तै सरकारी तथा गैरसरकारी क्षेत्रबाट भएका गतिविधिहरूको समीक्षा र सुनिश्चित गरेका सूचाङ्कहरूको आधारमा प्रगति मूल्यांकन गर्नाले कार्यान्वयनका बाँकी दिनमा यसको प्रभावकारिताका लागि महत्वपूर्ण आधार तयार पार्दछ । अरु प्रतिवेदनले विगतका वर्षहरूमा गरिएका क्रियाकलापहरूको समीक्षा गर्दै आगामी दिनमा प्राथमिकता दिनुपर्ने क्षेत्र र विषयहरूको स्पष्ट चित्रण गर्न सहयोग पुऱ्याउने छ भन्ने मैले विश्वास लिएको छु । प्रथम वर्षको प्रतिवेदन तयार गर्दा केन्द्रीय तहका सूचांकहरूलाई मात्र समावेश गरिएकोमा यो मध्यावधि अनुगमन तथा मूल्यांकनका क्रममा देशका दशवटा जिल्लाहरूलाई प्रतिनिधि जिल्लाको रुपमा लिएर स्थानीय तहमा कार्ययोजनाको कार्यान्वयन अवस्थालाई पनि हेर्ने प्रयास गरिएको छ । यसले कार्ययोजनाको स्थानीयकरण गर्न सहयोग पुऱ्याउने छ भन्ने मैले विश्वास लिएको छु ।

राष्ट्रिय कार्ययोजनाको निर्माण प्रक्रियामा गैर सरकारी संस्था तथा विकासका अन्तर्राष्ट्रिय साझेदारहरूबाट भएको सहयोग र सहकार्यलाई यसको कार्यान्वयन र प्रगति मूल्यांकनको सन्दर्भमा समेत उत्तिकै महत्व र स्थान प्रदान गरिएको छ । यसको ज्वलन्त उदाहरणको रुपमा यही अनुगमन प्रतिवेदनलाई लिन सकिन्छ जुन शान्ति तथा पुनर्निर्माण मन्त्रालय र महिला, शान्ति र सुरक्षाको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरूको सहकार्यमा तयार गरिएको छ ।

यो प्रतिवेदन तयार गर्न यस मन्त्रालयका तत्कालिन सह सचिव श्री साधुराम सापकोटाको संयोजकत्व र १३२५ कार्यसमूहका संयोजक बन्दना राणाको सह संयोजकत्वमा गठन गरिएको प्राविधिक समूह र यसका सदस्यहरू रमेश कुमार अधिकारी, गंगा बहादुर खरेल, बन्दना राणा, किरणप्रसाद ढुङ्गेल, पीङ्गि सिंह राणा र पुरुषोत्तम मिश्रलाई विशेष धन्यवाद दिन चाहन्छु । प्रतिवेदन लेखनको संयोजन गर्नुभएकोमा १३२५ कार्यसमूहका संयोजक बन्दना राणालाई विशेष धन्यवाद दिन चाहान्छु । यसको तयारीको संयोजन गर्ने साथी संस्था र आर्थिक सहयोग पुऱ्याउने केयर नेपाललाई धन्यवाद दिन चाहन्छु । यस कार्यमा समन्वयकारी भूमिका खेल्नु हुने शान्ति तथा पुनर्निर्माण मन्त्रालयका सहसचिव श्री ऋषि राजभण्डारीलाई धन्यवाद दिन चाहन्छु । प्रतिवेदन लेखन तथा तथ्यांक संकलनमा सहयोग गर्ने नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकाय र तिनका जिल्लास्थित कार्यालय, विकासका अन्तर्राष्ट्रिय साझेदारहरु र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु, स्थानीय शान्ति समिति र केन्द्र तथा जिल्लामा तथ्यांक र सूचनाहरू संकलन गर्ने प्रतिनिधिहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**खुमराज पुंजाली**
**का.मु. सचिव**
**शान्ति तथा पुनर्निर्माण मन्त्रालय**



# प्राक्कथन

यो प्रतिवेदनमा राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा भएका प्रगतिलाई कार्ययोजनाका पाँचै स्तम्भहरु सहभागिता, सुरक्षा तथा रोकथाम, प्रबर्द्धन, राहत तथा पुनःप्राप्ति र श्रोत व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कनका सूचकहरु अन्तरगत प्राप्त सूचना र तथ्याङ्कहरुको आधारमा विश्लेषण गरिएको छ । सीमित श्रोत साधन र समयको कारण प्रतिवेदनमा कार्ययोजनाका समग्र पक्षलाई समेट्न सकिएको छैन भने देशभरीका सबै जिल्लामा भएका गैरसरकारी संस्थाका क्रियाकलापलाई समेत समेट्न सकिएको छैन । तथापि हालसम्म भएको प्रगति र कमी कमजोरीहरुकासाथ उपलब्ध तथ्याङ्क र सूचनाहरुको आधारमा यस प्रतिवेदनलाई सन्तुलित रुपमा ल्याउने प्रयास गरिएको छ ।

यो प्रतिवेदनले राष्ट्रिय कार्ययोजनाले औंल्याएको कतिपय क्षेत्र र विषयहरु जस्तो सचेतनाको अभिवृद्धि, श्रोतको संकलन, नेपाल सरकार र सुरक्षा निकायका प्रतिनिधिहरु समेतको क्षमता अभिवृद्धि र भौतिक संरचनाको निर्माणमा महत्वपूर्ण उपलब्धि भएको तर्फ औंल्याएको छ । केही वर्षयता विकासको क्षेत्रमा महिला, शान्ति र सुरक्षाको विषयले महत्वपूर्ण स्थान लिदै आएको छ । राष्ट्रिय कार्ययोजनाको स्थानीयकरणका लागि पहलको शुरुवात गरिएको छ भने पछिल्लो समयमा बनेका नीति तथा कार्यक्रमहरुमा लैङ्गिक मूलप्रवाहीकरण गर्नेतर्फ महत्वपूर्ण उपलब्धि हासिल हुन सकेको छ । त्यसैगरी सुरक्षा निकायका क्षेत्रमा लैङ्गिक हिंसाका विषयलाई समेत सम्बोधन गरिएको छ । विगतमा महिलाको भूमिकालाई परम्परागत संरचनाभित्र राखिए तापनि हाल आएर उनीहरु शान्तिदूत भई समाज तथा परिवारभित्रका द्वन्द्व र हिंसाका घटनाहरुमा नेतृत्वदायी भूमिका निर्वाह गर्न थालेका छन । उनीहरुले मानव अधिकार संरक्षकका रुपमा अन्य महिलाहरुलाई पनि त्यस्ता अधिकारका सम्बन्धमा शिक्षा र सचेतना प्रदान गरिरहेका छन । तसर्थ द्वन्द्व प्रभावित महिलाहरुको पुनःस्थापना गर्ने विषय सबैको सरोकार र चासोको विषय बन्न पुगेको छ ।

यद्यपि राष्ट्रिय कार्ययोजनाले लक्षित गरेका वर्ग र समूहसम्म यसका लाभहरुलाई पुऱ्याउने लक्ष्य अझै कठिन र चुनौतीपूर्ण देखिएको छ । यसका लागि लैङ्गिक तथा यौनजन्य हिंसाका विषयलाई प्राथमिकतापूर्वक सम्बोधन गर्न र त्यसका खण्डीकृत तथ्याङ्कहरुको संकलन तथा सूचनाको व्यवस्थापन गर्न आवश्यक छ । नीति निर्माण तहमा महिलाको समानुपातिक र अर्थपूर्ण सहभागिता अझै टाढाको विषय रहेको छ । छनौट गरिएका दश जिल्लामा द्वन्द्व प्रभावित महिला तथा बालिकाहरुसँग गरिएको समूहगत छलफलमा आर्थिक तथा सामाजिक सुरक्षा तथा आधारभूत आवश्यकताका विषयहरुलाई उनीहरुले महत्वकासाथ उठाएका छन । द्वन्द्व प्रभावित महिला तथा बालिकाहरुको पहिचान, अधिकार र न्यायको विषयलाई सम्मानपूर्ण ढंगबाट प्राथमिकताका साथ सम्बोधन गर्नुपर्ने देखिन्छ ।

यो प्रतिवेदन तयार गर्न विभिन्न व्यक्ति र विभिन्न संस्थाहरुको महत्वपूर्ण योगदान रहेको छ । सर्वप्रथम म यस्तो महत्वपूर्ण कार्यको लागि १३२५ कार्य समूहलाई विश्वास गरी सहकार्य गरेकोमा शान्ति तथा पुनर्निर्माण मन्त्रालय तथा यसलाई नेतृत्व गर्नु हुने माननीय मन्त्री नरहरि आर्चाय ज्यूप्रति आभार प्रकट गर्दछु । त्यसैगरी शान्ति तथा पुनर्निर्माण मन्त्रालयका का.मु. सचिव खुमराज पुंजाली, सहसचिव ऋषि राजभण्डारीले गर्नु भएको महत्वपूर्ण योगदान र सहयोगका लागि विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु । उहाँहरु सबैको सहयोगबाट प्रतिवेदन समयमा नै प्रकाशन गर्न सम्भव भएको छ । त्यसैगरी शान्ति तथा पुनर्निर्माण मन्त्रालयका तत्कालिन सहसचिव एवं यो प्रतिवेदन लेखन प्राविधिक समूहका अध्यक्ष साधुराम सापकोटा र अन्य सदस्यहरु रमेश कुमार अधिकारी, किरण प्रसाद ढुंगेल, गंगा बहादुर खरेल, पिंकी सिंह राणा र पुरुषोत्तम मिश्रलाई अनेकौ समस्याहरुको बावजुद पनि निरन्तर सहयोग र योगदानको लागि धन्यवाद दिन चाहन्छु । प्रतिवेदनको प्रथम मस्यौदा तयार गर्न सहयोग पुऱ्याउनु भएकोमा पुरुषोत्तम मिश्रलाई विशेष धन्यवाद दिन चाहन्छु । प्रतिवेदन लेखनका लागि गैर सरकारी संस्थाहरु तथा विकासका अन्तर्राष्ट्रिय साझेदार र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुको तथ्यांक र सूचनाहरु संकलन

गर्ने कार्यमा सहयोग पुऱ्याउने १३२५ कार्य समूहका सदस्य संस्थाहरु महिला, कानून र विकास मञ्च र मिडिया एडभोकेसी ग्रुप र प्रतिवेदनको प्रकाशनमा सहयोग गर्ने संकल्पलाई विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु । साथै Global Network of Women Peace Builders (GNWP) लाई अनुगमन प्रतिवेदनको तयारीका क्रममा समय समयमा दिइएको सुझावका लागि धन्यवाद दिन चाहन्छु ।

यो प्रतिवेदन तयार गर्ने क्रममा सूचकहरुको पहिचान गर्ने, प्रश्नावलीहरुमाथि छलफल गरी सुझावहरु प्रस्तुत गर्ने, तथ्यांक र सूचनाहरु संकलन गर्ने र मस्यौदा माथिको छलफलमा सहभागी हुने विभिन्न मन्त्रालय, निकाय, सुरक्षा निकाय, गैर सरकारी संस्था र अन्तरर्राष्ट्रिय गैर सरकारी संस्था तथा संयुक्त राष्ट्र संघीय निकायका प्रतिनिधिहरु समेतलाई विशेष धन्यवाद दिन चाहन्छु । छनौट गरिएका जिल्लाहरुमा तथ्याङ्क र सूचनाहरु संकलन गर्न खटिनु भएका सबै प्रतिनिधि, जिल्ला समन्वय समितिको बैठकमा उपस्थित हुने सबै पदाधिकारीज्यू, स्थानीय शान्ति समितिलाई हार्दिक धन्यवाद दिन चाहन्छु । त्यस्तै शान्ति तथा पुनर्निर्माण मन्त्रालयका शाखा अधिकृत पवित्रा घिमिरेलाई प्रशासनिक कार्यमा समन्वय गरेकोमा धन्यवाद दिन चाहन्छु ।

यो प्रतिवेदन तयार गर्न महत्वपूर्ण आर्थिक सहयोग उपलब्ध गराउने केयर नेपाललाई विषेश धन्यवाद दिन चाहन्छु । अनेकौ चुनौतीको बावजुद पनि केयर नेपालले यस कार्यको महत्व बुझी अविछिन्न सहयोग पुऱ्याएकोले नै यो प्रतिवेदन तयार गर्न संभव भएको हो । त्यसैगरी प्रतिवेदन तयार गर्न सहयोग गर्ने १३२५ कार्य समूहका सदस्य संस्थाहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै साथी संस्थाका हरि बास्कोटा, अनुप नास्ननी र संझना कक्षपतिको योगदान र मेहनतलाई सम्झन चाहन्छु । यो प्रतिवेदनले राष्ट्रिय कार्ययोजनाको आगामी कार्य दिशालाई दिशानिर्देश गर्दछ भन्ने मैले विश्वास लिएको छु ।

बन्दना राणा
संयोजक, १३२५ कार्य समूह

## विषय-सूची

**मन्तव्य**
मन्त्री, शान्ति तथा पुनर्निर्माण मन्त्रालय ग

**मन्तव्य**
का.मु. सचिव, शान्ति तथा पुनर्निर्माण मन्त्रालय ङ

**प्राक्कथन**
संयोजक, १३२५ कार्य समूह छ

**परिच्छेद-१** **१**
परिचय १

१.१ पृष्ठभूमि १

१.२ उद्देश्य १

१.३ अध्ययन प्रक्रिया २

१.४ जिल्ला छनौट ३

१.५ अध्ययनको सीमा र चुनौतीहरू ३

१.६ प्रतिवेदनको ढाँचा र प्रस्तुतीकरण ४

**परिच्छेद-२** **५**
राष्ट्रिय कार्ययोजना कार्यान्वयनका तीन वर्ष ५

२.१ विषय प्रवेश ५

२.२ राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा आए पश्चात भएका उल्लेखनीय प्रगति ७

२.३ राष्ट्रिय कार्ययोजनाको स्थानीयकरण १०

२.४ जिल्ला तहमा भएका कार्यहरू १०

२.५ चुनौतीहरू ११

२.६ सम्भावना १३

**परिच्छेद-३** **१४**
तथ्याङ्क प्रस्तुती तथा विश्लेषण १४

३.१ सहभागिता १४

३.२ सुरक्षा तथा रोकथाम ३९

३.३ प्रवर्द्धन ५८

३.४ राहत तथा पुन:प्राप्ति ७०

३.५ स्रोत व्यवस्थापन, अनुगमन तथा मूल्यांकन ७९

**परिच्छेद-४** **८८**
कार्ययोजना कार्यान्वयनमा अन्तर्राष्ट्रिय विकास साझेदार र गैर सरकारी संस्थाहरूको भूमिका ८८

४.१ दातृ निकाय तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाहरूको भूमिका ८८

४.२ राष्ट्रिय कार्ययोजनाको निमार्ण प्रक्रियामा भएको सहयोग ८९

४.३ राष्ट्रिय कार्ययोजना कार्यान्वयनको क्षेत्रमा प्राप्त सहयोगहरू ८९

४.४ गैर सरकारी संस्थाहरूको योगदान ९३

४.५ चुनौतीहरु ९५

**परिच्छेद-५** **९६**
स्थानीय तहमा राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था ९६

५.१ सहभागिता ९६

५.२ सुरक्षा तथा रोकथाम १०१

५.३ प्रवर्द्धन १०८

५.४ राहत तथा पुन:प्राप्ति ११२

५.५ स्रोत व्यवस्थापन, अनुगमन तथा मूल्यांकन ११५

**परिच्छेद-६** **११६**
६.१ सहभागिता ११६

६.२ सुरक्षा र रोकथाम ११७

६.३ प्रवर्द्धन ११७

६.४ राहत तथा पुन:प्राप्ति ११७

६.५ स्रोत व्यवस्थापन अनुगमन तथा मूल्यांकन ११८
६.६ आगामी प्राथमिकताका कार्यहरू ११९

**अनुसूचीहरू** **१२०**

**सन्दर्भ सामग्रीहरु** **१५७**

# परिच्छेद-१

## परिचय

## १.१ पृष्ठभूमि

महिलाको विशिष्ट आवश्यकता, अधिकार र सुरक्षा एवं शान्ति प्रक्रियामा लैङ्गिक दृष्टिकोणलाई मूलप्रवाहिकरण गर्नु पर्ने कुरालाई जोड दिएर संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्बाट सन् २००० अक्टोवर ३१ मा प्रस्ताव नं. १३२५ पारित भएको हो। यो प्रस्तावले द्वन्द्वरत अवस्थामा महिला तथा बालिकाहरूको विशेष आवश्यकताको पहिचान गरी त्यसलाई सम्बोधन गरिनु पर्ने कुरामा जोड दिंदै महिला अधिकारको संरक्षण गर्न र शान्ति निर्माण तथा द्वन्द्वोत्तरकालमा पुनर्निर्माण प्रक्रियामा लैङ्गिक दृष्टिकोण सुनिश्चित गर्न एवं महिला हिंसाको अन्त्य गर्न सम्बद्ध पक्षहरूलाई आग्रह गर्दछ। यसैगरी संयुक्त राष्ट्र संघ, सुरक्षा परिषदले महिला विरुद्ध हुने यौनजन्य हिंसा र बलत्कारजन्य घटनाहरूको सम्बन्धमा सन् २००८ जुन १९ मा प्रस्ताव नं. १८२० पारित गरेको छ। यस प्रस्तावले सुरक्षा परिषद्कै प्रस्ताव नं. १३२५ को कार्यान्वयनलाई जोड दिंदै द्वन्द्वका पक्षहरूलाई व्यापक र योजनाबद्ध ढंगबाट द्वन्द्वको रणनीतिको रुपमा महिला तथा बालिकामाथि हुने यौनजन्य हिंसाको तत्काल अन्त्य गर्न आग्रह गर्नुका साथै द्वन्द्व र द्वन्द्व पश्चात् महिला एवं बालिकाको सुरक्षामा जोड दिएको छ।

नेपाल सरकार (मन्त्रिपरिषद्) ले संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्का यी दुवै प्रस्तावहरूको कार्यान्वयनको लागि तर्जुमा गरिएको राष्ट्रिय कार्ययोजना वि.सं. २०६७ माघ १८ गते स्वीकृत गरी कार्यान्वयनमा ल्याएको हो। यो कार्ययोजनाले द्वन्द्व प्रभावित महिला तथा बालिकाहरूको विषयहरूलाई सम्बोधन गर्दै दिगो शान्ति र न्यायपूर्ण समाज स्थापना गर्ने नेपाली जनताको सर्वोपरी लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने उद्देश्य लिएको छ। यस कार्ययोजना अन्तर्गत मूलतः पाँचवटा स्तम्भहरू- सहभागिता, संरक्षण र रोकथाम, प्रबर्द्धन, राहत तथा पुनःप्राप्ति र स्रोत व्यवस्थापन, अनुगमन तथा मूल्यांकन रहेका छन्। यी स्तम्भहरूले 'द्वन्द्व रुपान्तरण तथा शान्ति निर्माण प्रक्रियाको हरेक निर्णायक तहमा महिला र बालिकाहरूको समतामूलक, समानुपातिक र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने, उनीहरूको अधिकारहरूको संरक्षण गर्ने र द्वन्द्वकाल एवं द्वन्द्वोत्तरकालमा यी अधिकारहरूको उल्लंघन हुनबाट रोक्ने, लैङ्गिक दृष्टिकोणलाई द्वन्द्व रुपान्तरण तथा शान्ति निर्माणको सबै पक्ष र चरणहरूमा मूलप्रवाहिकरण गर्ने, उनीहरूको विशेष आवश्यकतालाई सम्बोधन गर्ने तथा राहत र पुनःप्राप्तिको सबै कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयनमा उनीहरूको सहभागितालाई सुनिश्चित गर्दै अनुगमन र मूल्यांकनलाई संस्थागत गरी सरोकारवालाहरूसँगको साझेदारी र समन्वयमा कार्ययोजना कार्यान्वयनका लागि आवश्यक साधन र स्रोत सुनिश्चित गर्ने लक्ष्य राखेको छ।

कार्ययोजनामा प्रत्येक स्तम्भले लिएको उद्देश्य पूरा गर्नका लागि छुट्टाछुट्टै रणनीतिक उद्देश्य, सो अन्तर्गत विशेष कार्यक्रमहरू, अपेक्षित परिणाम र सूचकहरूको पहिचान गरिएको छ। यसका अतिरिक्त कार्ययोजनाले प्रत्येक कार्यको लागि जिम्मेवार कार्यान्वयन निकाय र त्यसको निश्चित समयसीमा समेत तोकेको छ।

राष्ट्रिय कार्ययोजना निर्माणको क्रमदेखि नै यसको कार्यान्वयन र प्रभावकारिताका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकाय एवं गैर सरकारी संस्थाहरूका वीचमा सहयोग र सहकार्य हुँदैआएको छ। यस्तो साझेदारीले कार्ययोजनाको प्रभावकारी कार्यान्वयनलाई सहयोग पुऱ्याउँदै आएको छ। नेपाल सरकार र यो क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरूको संयुक्त प्रयासको रुपमा पहिलो वर्षको अनुगमन प्रतिवेदन प्रकाशन गर्ने कार्य सम्पन्न भइसकेको छ। यसैको निरन्तरता स्वरुप यो मध्यावधि अनुगमन प्रतिवेदन प्रकाशन गर्न संभव भएको हो।

## १.२ उद्देश्य

यस मध्यावधि अनुगमन प्रतिवेदनले कार्ययोजनाको प्रथम तीन वर्षको प्रगति, कार्यान्वयनमा देखिएका समस्या र चुनौतीहरू तथा यसका संभावनाहरूलाई समिक्षा गरी सुझावहरू प्रस्तुत गर्ने उद्देश्य राखेको छ। यस प्रतिवेदनका कार्ययोजनाका समग्र सूचकहरूलाई समेट्ने प्रयास गरिएको छ। प्रतिवेदनका विस्तृत उद्देश्यहरू देहाय वमोजिम रहेका छन् :-

- राष्ट्रिय कार्ययोजनाले निर्दिष्ट गरेका सूचकहरूको आधारमा हालसम्मको उपलब्धि, कमी कमजोरी र चुनौतीहरूको अनुगमन समिक्षा गर्ने ।
- प्रतिवेदनको समिक्षाबाट पहिचान गरिएका कमी कमजोरीलाई सम्बोधन गरी आगामी दिनमा यसको प्रभावकारी कार्यान्वयनका लागि दिशा निर्देश गर्ने ।
- कार्ययोजना कार्यान्वयनका लागि सरोकारवालाहरूलाई जिम्मेवारी प्रति सजग गराउने ।
- कार्ययोजना कार्यान्वयनका लागि सम्बन्धित पक्षहरूसँग थप सहकार्य र सहयोगको सम्बन्ध स्थापित गरी आवश्यक स्रोत, साधन तथा विशेषज्ञता हासिल गर्ने ।
- प्रथम वर्ष र यस मध्यावधि अनुगमन प्रतिवेदनका सिफारिसहरूलाई कार्यान्वयन गर्न जिम्मेवारी निर्धारण सहितको कार्यतालिका बनाई लागू गर्न सिफारिस गर्ने ।

### १.३ अध्ययन प्रक्रिया

प्रस्तुत प्रतिवेदन शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नेतृत्वमा १३२५ कार्य समूहको प्राविधिक सहयोगमा राष्ट्रिय कार्ययोजनाले जिम्मेवार बनाएका मन्त्रालय तथा सहयोगी निकायहरू, महिला शान्ति र सुरक्षाको क्षेत्रमा कार्यरत विभिन्न राष्ट्रिय गैर सरकारी संस्थाहरू, विकासका साझेदार निकाय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको समन्वय र सहकार्यमा तयार गरिएको हो । विशेषतः यस प्रतिवेदनमा कार्ययोजना स्वीकृत भएको मिति २०६७ साल माघ १८ गते पछिका तीन वर्षमा सम्पादित भएका क्रियाकलाप तथा हासिल भएका उपलब्धिहरूलाई मूलरुपमा विश्लेषण गर्ने प्रयास गरिएको छ । यस प्रतिवेदनमा सरकार, गैर सरकारी क्षेत्र र विकासका साझेदार निकायहरूबाट महिला, शान्ति र सुरक्षाका विषयमा भएका प्रगतिहरूलाई समावेश गर्नुको साथै यस अवधिमा नेपाल सरकारले महिला  बालिकाहरूको क्षेत्रमा सम्बोधन गरेका विषयहरूलाई समेत समेट्ने प्रयास गरिएको छ । यस अवधिमा नेपाल सरकारबाट भएका नीतिगत व्यवस्था, कार्यक्रम तथा उपलव्धीलाई पृष्ठभूमिको रुपमा राखी कार्ययोजनामा उल्लेख गरिएका सूचक अनुसारका उपलब्धिहरूलाई त्यसै सूचक अन्तर्गत राखेर विश्लेषण गरिएको छ । कार्ययोजना कार्यान्वयन गर्न नेपाल शान्ति कोष सचिवालयबाट परियोजना कार्यान्वयनका लागि रकम उपलब्ध गराइएका विभिन्न मन्त्रालय, निकायहरू तथा गैर सरकारी निकायबाट प्राप्त सूचना र तथ्यांकहरूलाई आधार लिइएको छ । अन्य गैर सरकारी संस्था तथा निजी क्षेत्रबाट प्राप्त सूचनाहरूलाई पनि प्रतिवेदन अन्तर्गत राखिएको छ ।

प्रतिवेदन तयारीका क्रममा तथ्यांक तथा सूचनाहरू संकलन गर्न निर्माण गरिएका प्रश्नावलीलाई अन्तिम रुप दिन एक कार्यशाला गोष्ठीको आयोजना गरी सम्बन्धित निकायहरूबाट सुझाव संकलन गरिएको थियो (सहभागीहरूको नामावली अनुसूची-१ मा दिइएको छ) । उक्त गोष्ठीका सहभागीहरूलाई आ-आफ्नो निकायको तथ्यांक तथा सूचनाहरू संकलनको लागि स्रोत व्यक्तिहरूको रुपमा जिम्मेवारी समेत दिइएको थियो (विस्तृत जानकारी अनुसूची-२ मा दिइएको छ) । संकलित तथ्यांक एवं सूचनाका आधारमा प्राविधिक समूहले तयार गरेको प्रारम्भिक मस्यौदामाथि सरोकारवालाहरूसँग पुनः छलफल गरिएको थियो (सहभागीहरूको नामावली अनुसूची-३ मा दिइएको छ) । यसरी परामर्श, सहमति र प्रतिवेदन तयारीको कार्यलाई सँगसँगै अघि बढाइएको हो ।

स्थानीय स्तरमा कार्ययोजना कार्यान्वयनको अवस्थाको जानकारी लिन दश जिल्ला छनौट गरिएको थियो । जिल्लाको तथ्यांक तथा सूचना संकलन एवं समन्वय गर्न प्रत्येक जिल्लामा प्रतिनिधिहरूको छनौट गरिएको थियो (विस्तृत जानकारी अनुसूची-४ मा दिइएको छ) । राष्ट्रिय कार्ययोजना जिल्ला समन्वय समितिको बैठक बस्ने, सम्बन्धित सारोकारवालाहरूसँग छलफल गरी थप जानकारीहरू प्राप्त गर्ने र अनुगमनका लागि तयार गरिएको प्रश्नावली तथा तालिकाहरूमाथि छलफल गरी तथ्यांक र सूचनाहरू संग्रह गर्ने विधि अवलम्बन गरिएको थियो ।

प्रतिवेदनलाई अन्तिम रुप दिन नेपाल शान्ति कोष सचिवालय मार्फत परियोजना सञ्चालन गरेका मन्त्रालय तथा निकायहरूसँग छलफल तथा कार्यशाला गोष्ठीको आयोजना गरी सूचना तथा तथ्यांकहरूको आधिकारिकता स्थापित गर्ने, गैर सरकारी निकायहरूसँग आधिकारिक तथ्यांकहरू संकलन गर्ने र प्रतिवेदनको मसौदामाथि सम्बन्धित निकायहरूसँग छलफल गर्ने प्रक्रिया अपनाइएको थियो (विस्तृत जानकारी अनुसूची-५ मा दिइएको छ) । यसैगरी नेपालमा महिला, शान्ति र सुरक्षाको

क्षेत्रमा कार्यरत विभिन्न अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, दातृ निकाय तथा विकासका साझेदार संस्थाहरूसँग छलफल गरेर कार्ययोजना कार्यान्वयनमा ती निकायहरूबाट पुऱ्याइएको सहयोग सम्वन्धी सूचना र तथ्यांकहरू समेत संकलन गरिएको थियो (विस्तृत जानकारी अनुसूची-६ मा दिइएको छ) । यी कार्यहरूलाई अघि बढाउन शान्ति तथा पूनर्निर्माण मन्त्रालयका सहसचिव तथा राष्ट्रिय कार्ययोजना कार्यान्वयन समितिका संयोजकको संयोजकत्वमा प्रतिवेदन लेखनका लागि एक प्राविधिक समूह बनाइएको थियो (समूहको नामावली अनुसूची-७ मा दिइएको छ) ।

गैर सरकारी क्षेत्रहरूबाट भएका कार्यहरूको प्रगति यस प्रतिवेदनमा समावेश गर्न आवश्यक सूचना र तथ्यांकहरू संकलन गर्नका लागि तोकिएका संजाल (Network) का सदस्य संस्थाहरूलाई विभिन्न संचार माध्यम मार्फत प्रश्नावली पठाइएको थियो (संस्थाहरूको नामावली अनुसूची-८ मा दिइएको छ) । तोकिएका संजालमा आबद्ध ३५ संस्थाहरूलाई प्रश्नावली पठाइएकोमा जम्मा २२ संस्थाहरूबाट मात्र विवरण प्राप्त भएको थियो भने ३ संस्थाबाट कार्ययोजना अनुसार काम नगरेको भनेर जानकारी प्राप्त गरिएको थियो । अन्य संघ-संस्थाहरूले कार्ययोजना कार्यान्वयनमा सघाउ पुग्ने गरी कार्यक्रमहरू संचालन गरिरहेको हुन सक्ने भएता पनि श्रोत साधन तथा समयको सीमितताका कारण महिला शान्ति र सुरक्षामा कार्य गरिरहेका प्रतिनिधिमूलक संजालहरूको छनौट गरिएको थियो । महिला, शान्ति र सुरक्षामा कार्यरत प्रमुख संजालमा आबद्ध संघ-संस्थाहरूलाई समेटिएका कारण यसले सम्बन्धित विषयमा भएको कार्य प्रकृति तथा प्रगतिलाई देखाउँछ । यसरी प्राप्त तथ्यांक, सूचना, विवरण र जानकारीलाई सम्बन्धित सरोकारवालाहरूसँग वृहत छलफल गरी पृष्ठपोषण, सुझाव र प्रतिक्रिया लिई अनुगमन प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ ।

## १.४ जिल्ला छनौट

प्रस्तुत प्रतिवेदनले स्थानीय स्तरमा कार्ययोजनाको कार्यान्वयनन स्थितीको संक्षेपमा भए पनि चित्रण गर्न सकियोस् भन्ने उद्देश्यले कार्ययोजनाले जिम्मेवार बनाएका स्थानीय तहका निकायहरूबाट तथ्यांकहरू संकलन गरि विश्लेषण र निष्कर्ष निकाल्ने कार्य गरिएको छ । यस सिलसिलामा लक्षित समुदायमा राष्ट्रिय कार्ययोजनाले पारेको असर र प्रभावको प्रवृतिलाई नियाल्न दशवटा जिल्ला धनकुटा, सिरहा, चितवन, धादिङ, कपिलवस्तु, बाग्लुङ्ग, बाँके, दाङ्ग, डडेल्धुरा र कञ्चनपुरलाई प्रतिनिधि जिल्लाको रुपमा चयन गरिएको थियो । प्रतिवेदन लेखन प्राविधिक समूहले द्वन्द्व प्रभावित जिल्ला, उपलब्ध स्रोत, साधन र समयको सीमाभित्र रही विकास क्षेत्र, जनघनत्व, पहाड, तराई आदि आधारहरू लिई उक्त जिल्लाहरू छनौट गरेको थियो ।

## १.५ अध्ययनको सीमा र चुनौतीहरू

संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्को प्रस्ताव नं १३२५ र १८२० कार्यान्वयन सम्बन्धी नेपालको राष्ट्रिय कार्ययोजना सरकारी तथा गैर सरकारी निकायहरूको सहभागिता र सहकार्यमा समन्वयात्मक रुपले स्वामित्व बोधका साथ निर्माण गरिएको उदाहरणीय दस्तावेज हो । यो मध्यावधि अनुगमन प्रतिवेदनले देशभरी भइरहेको कार्यान्वयनको अवस्थालाई विस्तृत रुपमा समेट्न सकेको छैन । सिमित स्रोत, साधन, समय र सूचनाहरूको सहज उपलब्धता जस्ता कठिनाईहरूको कारण यो प्रतिवेदनमा सूचना तथा जानकारीको संकलनलाई केन्द्र अन्तर्गतका सरकारी निकायहरू, महिला, शान्ति र सुरक्षाका क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरूका संजाल, १३२५ कार्य समूहका सदस्य संस्थाहरू र दशवटा प्रतिनिधि जिल्लाहरूमा मात्र सीमित गरिएको छ । अनुगमन प्रतिवेदन तयारीका लागि लैङ्गिक स्रोत र साधनको पहिले नै विनियोजन नभएको अवस्था र अनुगमन कार्यका लागि सीमित मात्रामा स्रोत उपलब्ध हुनु जस्ता कारणहरूले पनि अध्ययनका सीमाहरू निर्धारण गरिएका छन् ।

अनुगमन प्रतिवेदन तयारीको सिलसिलामा देखिएका चुनौतीमा तथ्यांक र सूचनाहरूको उपलब्धता नै प्रमुख हो । केन्द्रीय स्तरका निकायहरूबाट प्राप्त भएका सूचनाहरूले आंशिक प्रतिनिधित्व गर्नु, सूचना माग गरिएका विकासका साझेदार संस्थाहरू तथा गैर सरकारी संस्थाहरूबाट राष्ट्रिय कार्ययोजना कार्यान्वयनका क्रियाकलापहरूको पूर्ण विवरण प्राप्त हुन नसक्नु एवं खर्चको विवरण उपलब्ध हुन नसक्नु तथा जिल्लास्तरबाट समयमा नै सूचनाहरू संकलन गर्न कठिनाई हुने मुख्य समस्याहरू हुन् । कार्ययोजनाले निर्धारण गरेअनुसार सूचना केन्द्र स्थापना भै संचालनमा नआएको कारणबाट पनि तथ्यांक तथा सूचना संकलन गर्न चुनौती भएको हो । सूचनामा पहुँच नभएको अवस्थामा व्यक्तिको संझनामा भरपर्नु पर्ने अवस्थाका कारण पनि सूचना संकलन कार्य अझ चुनौतीपूर्ण भएको हो ।

कार्ययोजनाले निर्धारण गरेको धेरै क्रियाकलापहरू पहिलो वर्षबाट शुरु भएर अन्तिम पाँचौ वर्षमा मात्र अन्त्य हुने प्रकृतिका कार्य भएको हुनाले पनि कयौ क्रियाकलापहरूको परिणाम भविष्यमा मात्र उपलब्ध हुने प्रकारका छन । कार्ययोजनाका कतिपय कार्यहरू विशेष गरी केन्द्रिय स्तरको प्रयास र योजनाहरूमा बढि केन्द्रित हुने र कतिपय विषयहरू संक्रमणकालीन न्यायका विषयहरूसँग सम्बन्धित रहेर समग्र देशको शान्ति प्रक्रियासँग जोडिएका हुनाले पनि तत्काल परिणाम स्थापित हुने अवस्थाका छैनन् । यसको साथै कार्ययोजना कार्यान्वयनका सन्दर्भमा सम्पादन भएका क्रियाकलापका सूचकहरू गुणस्तर मापन गर्ने, प्रभावहरूको अध्ययन गर्ने र कार्यान्वयन अवस्थाको विश्लेषण गर्ने प्रकृतिका भएकोले पनि कार्ययोजनाका सबै सूचकहरू अनुसारका तथ्यांक र सूचनाहरूलाई यो प्रतिवेदनमा समेट्न सकिएको छैन ।

## १.६ प्रतिवेदनको ढाँचा र प्रस्तुतीकरण

यस मध्यावधि अनुगमन प्रतिवेदनलाई छ परिच्छेदमा विभाजन गरिएको छ। पहिलो परिच्छेदमा परिचय अन्तर्गत यसको उद्देश्य, अध्ययन प्रक्रिया, प्रतिवेदन लेखनको सीमा, यसको तयारीको क्रममा आईपरेका समस्या र चुनौतीहरूका साथै जिल्लाहरूको छनौटका आधारहरूलाई प्रस्तुत गरिएको छ । दोस्रो परिच्छेदमा कार्ययोजना कार्यान्वयनमा आउनु अगावै र आए पश्चात् महिला, शान्ति र सुरक्षाको क्षेत्रमा भएका मुलभूत उपलब्धिको झलक प्रस्तुत गरिएको छ । कार्यान्वयनको संभावना र कार्यान्वयनमा देखिएका कमी कमजोरीलाई विश्लेषण गर्नुका साथै यसका चुनौतीहरूलाई छुट्टाछुट्टै उप-शीर्षकहरूमा उल्लेख गरिएको छ । त्यसैगरी परिच्छेद तीनमा केन्द्रीय स्तरबाट विशेषगरी सरकारी निकाय, नेपाल शान्ति कोष सचिवालयबाट परियोजना प्राप्त गरेका निकायहरू, प्राप्त भएका सूचना र तथ्यांकहरूलाई कार्ययोजनाको सूचक अन्तर्गत राखेर विश्लेषण गरिएको छ । जिल्ला स्तरबाट प्राप्त तथ्यांक र सूचनाहरूलाई पनि यसै परिच्छेदमा आवश्यकता अनुसार प्रस्तुत गरिएको छ । परिच्छेद चारमा राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले पुऱ्याएको योगदान समावेश गरिएको छ । परिच्छेद पाँचमा स्थानीय स्तरमा सरकारी तथा गैर सरकारी संस्थाहरूबाट कार्ययोजनाको कार्यान्वयनमा पुऱ्याएको योगदानका साथै स्थानीय स्तरमा देखिएको महिला, शान्ति र सुरक्षाको स्थितिलाई विभिन्न सरोकारवालाहरूसँग गरिएको छलफलमा आधारित विश्लेषणलाई समावेश गरिएको छ । प्रतिवेदनको अन्तिम परिच्छेदमा आगामी दिनमा कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि प्रतिवेदनले औंल्याएका सुझाव तथा सिफारिसका विषयहरूलाई समेट्न नेपाल सरकारले गर्नुपर्ने आगामी प्राथमिकताका कार्यहरू सिफारिस गरिएको छ ।

# परिच्छेद-२

## राष्ट्रिय कार्ययोजना कार्यान्वयनको तीन वर्षको सिंहावलोकन

### २.१ विषय प्रवेश

संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ र १८२० कार्यान्वयन सम्बन्धी राष्ट्रिय कार्ययोजना लागू भएको तीन वर्ष वितिसकेको छ । एक दशक लामो सशस्त्र द्वन्द्वबाट सबैभन्दा बढी प्रभावित महिला र बालिकाको शान्ति, सुरक्षा र सहभागिता लगायतका विषयमा केन्द्रित रहेको उल्लिखित प्रस्तावहरूको कार्यान्वयन नेपालको सन्दर्भमा आवश्यक र औचित्यपूर्ण रहेको छ । राष्ट्रिय कार्ययोजनाले महिलाहरूको अधिकार, लैङ्गिक समानता र नीतिलाई संरक्षण र संवर्द्धन गर्ने विद्यमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीतिहरूमा आधारित भई दुबै प्रस्तावहरूको महत्व र आवश्यकतालाई आत्मसात गरी प्राथमिकतापूर्ण ढंगबाट कार्यान्वयन गर्नुपर्ने विषयवस्तु, सूचक, समयसीमा र जिम्मेवारीलाई स्पष्ट रुपमा समेटेको छ ।

नेपालमा लैङ्गिक सवालहरूमा क्रमिकरुपमा विकास भइरहेको सकारात्मक दृष्टिकोण र सुधारसँगै महिला, शान्ति र सुरक्षाको क्षेत्रमा थुप्रै प्रगतिहरू भएका छन् । लैङ्गिक सचेतनाले पारेको सकारात्मक प्रभावको कारण विभिन्न नीति, कानून तथा कार्यक्रमहरूमा लैङ्गिक विषयहरूको मूलप्रवाहिकरणतर्फ सबैको सहकार्य र सहयोगको शुरुवात हुन थालेको छ । विशेषगरी संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ र १८२० कार्यान्वयन सम्बन्धी नेपालको राष्ट्रिय कार्ययोजना प्राथमिकताकासाथ कार्यान्वयनमा आए पश्चात महिला, शान्ति र सुरक्षाको क्षेत्रमा प्रगतिहरू हुन थालेका छन । सरकारी, गैरसरकारी क्षेत्र तथा दातृ निकायहरू बीच यस क्षेत्रमा उल्लेखनीय समन्वय, सहयोग र सहकार्य जुट्ने क्रम बढ्दो छ । एकातिर सरकारकै नेतृत्वमा राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि विभिन्न परियोजनाहरू कार्यान्वयनमा ल्याइएको छ भने अर्कोतर्फ विभिन्न दातृ निकायहरू तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको सहयोगमा यस सम्बन्धी विभिन्न कार्यक्रमहरू हुँदै आएका छन् ।

महिला, शान्ति, सुरक्षा र सहभागिताको विषय दोस्रो जनआन्दोलनको सफलता पश्चात् क्रमिक रुपमा अगाडि बढिरहेको छ । विस्तृत शान्ति संझौता र नेपालको अन्तरिम संविधान, २०६३ मा महिला, शान्ति र सुरक्षासँग सम्बन्धित विषयहरू समेटिएका छन् । २०६३ सालपछि द्वन्द्व रुपान्तरणका विषयहरू तथा विस्तृत शान्ति सम्झौताले आत्मसात गरेका प्रमुख विषयहरू मध्ये केही विषयहरू सफलताका साथ सम्पन्न भइसकेका छन् । द्वन्द्व प्रभावितहरूको पुनःस्थापना, मानवअधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवता विरुद्धको अपराध सम्बन्धी घटनामा संलग्न व्यक्तिहरूको वारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन लगायतका दिगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्न, घटनामा पीडित व्यक्तिलाई परिपूरणको व्यवस्था गर्न, त्यस्तो घटनासँग संलग्न व्यक्तिलाई कानूनी कारवाही समेतको सिफारिस गर्न बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ प्रारम्भ भइसकेको सन्दर्भमा दुबै आयोग गठन हुने प्रक्रियामा छन् ।

देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुर्नसंरचना गर्ने संकल्प गर्दै, (प्रस्तावना)

दुबै पक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गराउन तथा युद्धबाट पीडित र विस्थापित व्यक्तिहरूका लागि राहत कार्य र पुर्नस्थापना गराउन राष्ट्रिय शान्ति तथा पुर्नस्थापन आयोग गठन गर्न र त्यसमार्फत यस सम्बन्धी काम अगाडि बढाउन सहमत छन् । (५.२.४)

दुबै पक्ष महिला तथा वालबालिकाका अधिकारहरूको विशेष संरक्षण गर्न, कुनै पनि प्रकारको यौनजन्य शोषण तथा दुर्व्यवहार लगायत महिला तथा बालबालिकाका विरुद्ध हुने बालश्रम लगायतका सबै खाले हिंसात्मक कार्यहरू माथि तत्क(ाल रोक लगाउन र अठार वर्ष वा सो भन्दा मुनीका केटाकेटीलाई कुनै पनि सैन्यवलमा समावेश वा उपयोग नगर्न पूर्ण रुपमा सहमत छन् । यसरी प्रभावित बालिकाहरूको तुरुन्त उद्दार गरिनेछ र तिनीहरूको पुर्नस्थापनाको लागि आवश्यक र यथोचित सहयोग प्रदान गरिनेछ । (७.६)

दुबै पक्षले मानव अधिकार प्रतिको सम्मान र संरक्षण तथा अन्तर्राष्ट्रिय मानवीय कानून प्रतिको प्रतिवद्धताको पुनः पुष्टि गर्दछन् र कुनै पनि व्यक्ति उपर वर्ण, लिङ्ग, भाषा, धर्म, उमेर, जातजाति, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अपाङ्गता, जन्म र अन्य हैसियत, विचार वा आस्थाको आधारमा भेदभाव हुनुहुँदैन भन्ने कुरालाई स्वीकार गर्दछन् । (७.१.१)

वृहत शान्ति सम्झौताबाट साभार

संविधानको प्रस्तावनामा लैङ्गिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुनःसंरचना गर्ने संकल्प गरिएको छ । संविधानमा महिलाका विभिन्न मौलिक हक तथा राज्यको दायित्व तथा नीतिहरूको व्यवस्था गरिएको छ । विशेषतः महिलाको लागि कानूनद्धारा विशेष व्यवस्था गर्न सकिने,[१] रोजगारी तथा सामाजिक सुरक्षामा भेदभाव नगरिने,[२] महिलाको हक सम्बन्धी व्यवस्था,[३] सामाजिक न्याय सम्बन्धी व्यवस्था,[४] शोषण विरुद्धको हक,[५] बालबालिकाको हक[६], का बारेमा संविधानमा उल्लेख गरिएका छन् । त्यसैगरी अन्तरिम संविधानमा राज्यको दायित्व अन्तर्गत सशस्त्र द्वन्द्वको क्रममा मारिएका व्यक्तिको परिवार तथा सो क्रममा घाईते भई अपाङ्ग र अशक्त भएकाहरूलाई उचित राहत, सम्मान तथा पुनःस्थापनाको व्यवस्था, सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा गठित छानविन आयोगको प्रतिवेदनका आधारमा त्यस्ता व्यक्तिहरूका पीडित परिवारहरूलाई राहत उपलब्ध गराउने, सशस्त्र द्वन्द्वको क्रममा विस्थापितहरूको पुनःस्थापना गर्न, नष्ट भएका निजी सम्पत्तिहरूको हकमा राहत प्रदान गर्ने तथा ध्वस्त सार्वजनिक संरचनाहरूको पुनर्निर्माण गर्ने जस्ता विशेष कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिएको छ ।[७] यसका अतिरिक्त सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गर्न एवं समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गरी संक्रमणकालीन न्याय प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।[८] यसैगरी संविधान सभा सदस्य निर्वाचनमा जम्मा सदस्य संख्याको एक तिहाई महिलाको उम्मेदवारी रहनु पर्ने व्यवस्था समेत गरिएको छ ।[९]

लैङ्गिक विषयलाई राज्यका मुख्य नीति तथा कानूनहरूमा मूलप्रवाहिकरण गर्ने प्रयास गरिएको छ । नेपालको कानूनले महिला विरुद्ध हुने हिंसाहरू जबरजस्ती करणी, शरीर बन्धक राख्ने जस्ता अपराधलाई राज्य विरुद्ध हुने गम्भीर फौजदारी अपराधको

१ नेपालको अन्तरिम संविधान २०६३, धारा १३(३)

२ ऐजन धारा १३(४)

३ ऐजन, धारा २०

४ ऐजन धारा २१

५ ऐजन धारा २९

६ ऐजन धारा २२

७ ऐजन धारा ३३

८ ऐजन

९ ऐजन धारा ६३

रुपमा वर्गीकरण गरी सरकारवादी मुद्दाको सूचीमा समावेश गरेको छ । मानव वेचविखन तथा ओसार पसारमा संलग्न कसूरदारलाई कठोर सजायको व्यवस्था गरिएको छ । बहुविवाह, बालविवाह, ढाँटी र जबरजस्ती विवाहलाई गैरकानूनी एवं दण्डनीय विवाहको रुपमा राखिएको छ । निजामती सेवा ऐन, २०४९ मा निजामती सेवा प्रवेशको लागि महिलाको न्यूनतम उमेर ४० वर्षको व्यवस्था गरिएको छ । बढुवाको लागि आवश्यक सेवा अवधिमा समेत पुरुष कर्मचारीले पूरा गर्नुपर्ने सेवा अवधि भन्दा एक वर्ष कम सेवा अवधि कायम गरिएको छ । लैङ्गिक समानता तथा महिला सशक्तिकरण राष्ट्रिय कार्ययोजना २०६१, पीडितलाई संरक्षणको दृष्टिकोणबाट मानव वेचविखन ऐन, २०६३ राष्ट्रिय महिला आयोग ऐन, २०६३ घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ आदिलाई महिलाको सुरक्षा, अधिकार र संरक्षणको विषयका महत्वपूर्ण कानूनहरूको रुपमा लिन सकिन्छ । त्रिवर्षीय योजनाले लैङ्गिक हिंसालाई अन्त्य गर्ने लक्ष्य निर्धारण गर्नुलाई महत्वपूर्ण प्रतिबद्धताको रुपमा लिन सकिन्छ । यसैगरी नेपाल सरकारबाट लैङ्गिक हिंसा विरुद्धको राष्ट्रिय कार्ययोजना, २०१० स्वीकृत गरी लागू गरिएको, सन् २०१० लाई लैङ्गिक हिंसा विरुद्धको वर्षको रुपमा मनाइएको र त्यसैको आधारमा पाँच वर्षे लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तिकरण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (आ.व. २०६९/०७०-२०७३/०७४) तयार गरी कार्यान्वयनमा ल्याएको विषयलाई महिला विरुद्धको हिंसाको अन्त्य र सुरक्षा सम्बन्धी विषय उल्लेखनीय उपलब्धिको रुपमा मान्न सकिन्छ । लैङ्गिक हिंसा विरुद्धको राष्ट्रिय कार्ययोजना, २०१० लै नै सुरक्षा परिषदको प्रस्ताव नं. १३२५ र १८२० कार्यान्वयन कार्ययोजना तर्जुमा गर्ने, क्रियाकलाप निर्धारण गरेबाट राष्ट्रिय कार्ययोजना तर्जुमाको आधार तयार भएको थियो । यो कार्ययोजना लागू भए पश्चात् महिला तथा बालिकाहरूको क्षेत्रमा हुँदै आएको प्रयासलाई अझै योजनावद्ध ढंगबाट अगाडि बढाउन सजिलो भएको छ ।

## २.२ राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा आए पश्चात भएका उल्लेखनीय प्रगतिहरू

वितेको तीन वर्षभित्र राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनसगै महिला, शान्ति र सुरक्षाको क्षेत्रमा केहि प्रगति र संभावनाहरू देखिएका छन । महिला विरुद्ध हुने असमानता हटाई महिलाको हक अधिकारको प्रवर्द्धन गर्ने सम्बन्धमा विगत समय देखिनै मुलुकमा विभिन्न क्रियाकलापहरू संचालन हुँदै आएका छन । कार्ययोजनाको कार्यान्वयन पश्चात महिला, शान्ति र सुरक्षाको विषयमा राज्यको ध्यान केन्द्रित भएको छ। यसले सरोकारवालाको जिम्मेवारी वोध भएको छ र विषय वस्तुले अझ गतिशिलता प्राप्त गरेको छ ।

### २.२.१ सहभागिता

राज्यका सबै तह र निकायहरूमा महिला सहभागिताको अभिवृद्धि गरिनु पर्ने विषयलाई पछिल्लो समयमा आत्मसात गरिएको छ । देशको विद्यमान संविधान र कानूनहरूले महिलाको सहभागितालाई विशेष अधिकारको रुपमा संरक्षण गरेका छन । खास गरी २०६३ साल पछि जारी भएका प्रायः सबै नीति तथा कानूनहरूमा महिला सहभागिताको विषयलाई सम्बोधन गरिएको छ । राज्यका सबै निकायहरूमा महिला सहभागिता वृद्धि भएर गएको छ । निर्वाचन आयोगले महिला लगायतको समावेशी सहभागिता प्रवर्द्धनका लागि लैङ्गिक तथा समावेशी नीति २०७० लागू गरेको छ। लैङ्गिक समानता कायम गर्ने विधेयक, लैङ्गिक समानता कायम गर्ने तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनहरूलाई संशोधन गर्न बनेको विधेयक २०७० व्यवस्थापिका-संसदमा पेश गरिएको छ। निजामती सेवाका प्रवेश विन्दुहरूमा महिलाहरूबाट मात्र प्रतिस्पर्धाबाट छनौट हुने गरी २० प्रतिशत कोटा छुट्याउने, सरकारबाट गठन गरिने समिति, परिषद्, आयोग र कार्यदल आदिमा अनिवार्य महिला प्रतिनिधित्वको व्यवस्था समावेश गर्ने, राष्ट्रिय योजना आयोगमा कम्तीमा ३३% महिला रहने व्यवस्था गर्ने र सार्वजनिक क्षेत्रमा गठन हुने सबै परिषद्, समिति, प्रतिष्ठान, वोर्ड र आयोगहरूमा महिला प्रतिनिधि कम्तीमा ३३% राख्ने व्यवस्था गर्ने गरी सहभागिताको सुनिश्चितता गर्ने प्रयास भएको छ । तेह्रौं योजनाले महिला सहभागिता न्यूनतम ३३ प्रतिशत हुनुपर्ने गरी नीति निर्धारण गरेको छ ।

निर्वाचन आयोगले जारी गरेको लैङ्गिक तथा समावेशीकरण सम्बन्धी नीति, २०७० लैङ्गिक र समावेशी दृष्टिकोणले पछि परेका महिला लगायतका सबै नागरिकहरूलाई निर्वाचन प्रक्रियाका हरेक चरणहरूमा उनीहरूको सहभागिता वृद्धि गराई राज्यले अवलम्बन गरेको लोकतान्त्रिकरणको प्रक्रियालाई सुदृढ बनाउन निर्वाचनका सर्म्पूण प्रक्रियामा लैङ्गिक मूलप्रवाहिकरण गर्ने, निर्वाचन आयोगलाई लैङ्गिक सम्वेदनशील तथा समावेशी संस्थाको रुपमा विकास गर्ने र निर्वाचनका सबै प्रक्रियामा समावेशी

दृष्टिकोण समावेश गर्ने व्यवस्था गरिएको छ। यसै अन्तर्गत संविधानसभाको निर्वाचन २०७० मा पहिलोपटक लैङ्गिक दृष्टिकोणबाट निर्वाचनको अनुगमन पनि सम्पन्न भएको छ। त्यसैगरी मतदाता शिक्षा स्वयंसेवक छनौट गर्दा कम्तीमा ५० प्रतिशत महिला हुनुपर्ने, निर्वाचनको प्रचारप्रसार गर्दा लैङ्गिकताको आधारमा तथा अपाङ्गता भएका व्यक्तिप्रति संवेदनशील हुनुपर्ने साथै यो वर्गका उम्मेदवारको आत्मसम्मानमा ठेस पुग्ने तथा चरित्रहत्या गर्न नपाइने, निर्वाचन पर्यवेक्षण गर्न चाहने राष्ट्रिय पर्यवेक्षण संस्थाहरूको पर्यवेक्षक परिचालन नीति तथा कार्ययोजनामा लैङ्गिक तथा समावेशी व्यवस्था हुनुपर्ने जस्ता व्यवस्था गरिएको छ।

नीति निर्माण तहमा पनि महिलाको सहभागितालाई उपलब्धिपूर्ण मान्न सकिन्छ। राजनीतिमा नेपाली महिलाहरूको प्रतिनिधित्वमा केही सुधार भएका छन्। पहिलो संविधान सभामा १९७ जना (३२.७८%) र दोस्रो संविधानसभामा १७२ जना (३०%) महिलाको प्रतिनिधित्व हुनु, नीति निर्माण तहमा महिलाको सहभागितामा वृद्धि हुनु, राजनीतिक दलका भातृ सङ्गठनहरूको कार्य समितिमा महिला सहभागिताको विषय महत्वका साथ उठाउन शुरु हुनु, कुनै संरचना तयार गर्दा वा कानून निर्माण गर्दा वा नीतिगत निर्णय गर्दा लैङ्गिक संवेदनशीलता, समावेशीताको पक्षमा गम्भीर छलफल हुन थाल्नु, महिला सहभागिताका क्षेत्रमा देखिएका त्यस्ता केही राम्रा संकेतहरू हुन्। विगतमा कार्यपालिका र न्यायपालिकामा महिलाको सहभागिता न्यून रहेको र महिला सहभागिता बढाउनका लागि नेपाल सरकारले लिएको सकारात्मक विभेदको नीतिको कारणबाट पनि सकारात्मक नतिजा आउन थालेको विश्वास गर्न सकिन्छ।

गृह मन्त्रालय अन्तर्गत लैङ्गिक हिंसा सम्बन्धी नेपाल प्रहरीको नीति तथा लैङ्गिक हिंसा विरुद्धको आचार संहिता, २०६९ निर्माण गरिएको छ। रक्षा मन्त्रालयले लैङ्गिक इकाई खडा गर्ने नीति अवलम्बन गरेको छ। संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ तयार गरी महिला सहभागिताको प्रवर्द्धन र महिला सशक्तिकरणका लागि निशर्त अनुदानको दश प्रतिशत बजेट छुट्टयाउने सम्बन्धी व्यवस्था गरिएको छ। सशस्त्र प्रहरी बल अन्तर्गत FPU छनौट निर्देशिका २०७० जारी गरी विदेश पठाउने महिलाको संख्यामा वृद्धि गरिएको छ। शान्ति स्थापनाको लागि संयुक्त राष्ट्र संघको शान्ति सेनामा खटिई जाने सुरक्षाकर्मीलाई महिला, शान्ति र सुरक्षाको विषयमा तालिम दिने व्यवस्था गरिएको छ।

पछिल्लो समयमा सुरक्षा क्षेत्र अन्तर्गत नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको भर्नामा २० प्रतिशत आरक्षणको व्यवस्था गरिएको छ। यस अवधिमा नेपाल प्रहरीको लैङ्गिक नीति २०६९ मा महिला प्रहरीको सुरक्षा र लैङ्गिक संवेदनशिलतामा जोड दिइएको छ भने प्रहरी नियमावली, २०७१ मा महिला सहभागिताको बढुवा गर्ने व्यवस्था गरिएको छ। राष्ट्रिय महिला आयोगले सरकारी निकाय तथा राजनैतिक संगठनमा महिला सहभागिता बढाउन Time Bound Action Plan तयार गर्ने र सरकारी निकाय तथा राजनैतिक संगठनका सदस्यहरूलाई १३२५ र १८२० का साथै महिला अधिकारका सम्बन्धमा अभिमुखीकरण गराउँदै आएको छ।

स्थानीय स्तरका विकास संयन्त्रहरू जस्तै उपभोक्ता समिति, सामुदायिक संगठनहरू आदिमा महिलाको ३३ प्रतिशत सहभागिता सुनिश्चित गर्ने प्रयासहरूको थालनी भएको छ। शान्ति स्थापना सम्बन्धी सहयोगी संयन्त्रहरूलाई स्थानीय तहसम्म पुऱ्याई स्थानीय स्तरबाटनै शान्ति प्रक्रियाको थालनी गरी समाजमा मेलमिलापको वातावरण सृजना गर्दै शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउने उद्देश्यले स्थानीय शान्ति समितिको गठन गरिएको छ। मुलुकका ७५ वटै जिल्ला तथा आवश्यकता अनुसार ५५ नगरपालिका र २९०० गाउँ विकास समितिहरूमा स्थानीय शान्ति समितिहरू गठन भइसकेका छन। त्यस्ता शान्ति समितिहरूमा राजनीतिक दलहरू, नागरिक समाज, द्वन्द्वपीडित महिला समेत गरी २३ जना सदस्य रहने र जसमध्ये एक तिहाई सदस्य अनिवार्य रुपमा महिला रहनुपर्ने व्यवस्था गरिएबाट शान्ति प्रक्रियामा महिला सहभागिताको विषयलाई महत्व दिइएको कुरा महशुस गर्न सकिन्छ।

### २.२.२ सुरक्षा र रोकथाम

पछिल्लो तीन वर्षमा शान्ति, सुरक्षा र संक्रमणकालीन न्यायका सम्बन्धमा भएका कार्यहरूले प्रत्यक्ष वा अप्रत्यक्ष ढंगबाट महिला तथा बालिकाको शान्ति र सुरक्षा तथा लैङ्गिक मूलप्रवाहिकरणका विषयमा विशेष प्रभाव पार्दै आएको छ। सुरक्षा निकायहरूले लैङ्गिक नीतिहरू लागू गरेका छन। यौनजन्य हिंसामा शून्य सहिष्सुणता अपनाइएको छ। द्वन्द्व प्रभावित महिला

तथा बालिकाको शान्ति, सुरक्षा र न्यायको विषयलाई प्रत्यक्ष सरोकारको विषय बनाई केन्द्रदेखि गाउँ सम्म यस सम्बन्धी संरचनाहरू स्थापना गरी कार्यक्रमहरू संचालन भएका छन । व्यक्ति बेपत्ता पार्ने कार्यलाई दण्डनीय मानी त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई सजाय गर्न, द्वन्द्वपीडितलाई परिपूरणको व्यवस्था गर्न तथा मानव अधिकारको गम्भीर उल्लंघन तथा मानवता विरुद्धको कार्यको अनुसन्धान गरी त्यस्तो कार्यमा संलग्न व्यक्तिहरूका सम्बन्धमा छानविन गर्न र सत्य तथ्य पत्ता लगाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ जारी भएको छ । नेपाल प्रहरी अन्तर्गत हिंसापीडित महिला तथा बालिकाहरूको लागि छुट्टै भवनबाट सेवा प्रदान गर्ने कार्य भइरहेको छ । महिला तथा बालबालिका कार्यालयहरूबाट विभिन्न गैर सरकारी संस्थाहरूको सहयोगमा सेवा केन्द्र तथा अस्थायी आवास गृहहरू संचालन एवं निःशुल्क कानूनी तथा मनोपरामर्श सेवाहरू संचालन गर्ने कार्यहरू हुँदै आएका छन् ।

महिलाको सुरक्षाका सम्बन्धमा भएको अर्को महत्वपूर्ण दस्तावेजको रुपमा तेह्रौं योजना (२०७०/७१-२०७२/७३) लाई लिन सकिन्छ । यस योजनाले समाजमा कानूनी, सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक, लैङ्गिक, जातीय, लैङ्गिक, शारीरिक र भौगोलिक समेतका सबै प्रकारका विभेद र असमानता अन्त्य भएको अवस्था हुनेछ भन्ने दीर्घकालीन सोच लिएको छ । रोजगारी केन्द्रित समावेशी तथा समन्यायिक लैङ्गिक वृद्धि गरी गरिबी निवारण र दिगो शान्ति स्थापनामा सघाउ पु¥याउँदै आमजनताको जीवनमा परिवर्तनको प्रत्यक्ष अनुभूती दिलाउनु यस योजनाको प्रमुख उद्देश्य रहेको छ । समाजमा विद्यमान विभेदपूर्ण स्थितिबाट देशका विभिन्न क्षेत्रमा पछाडि परेका/पारिएका वर्ग समुदाय, दलित, मधेसी, आदिवासी जनजाति, महिला, अपाङ्गता भएका व्यक्ति एवं विकट भौगोलिक क्षेत्र र विपन्न वर्ग समेतका जनताको जीवनस्तर उठाउन समावेशी तथा समन्यायिक विकास रणनीति लिएको छ ।

### २.२.३ प्रवर्द्धन

पछिल्लो समयमा महिलाको सहभागिता, शान्ति र सुरक्षा विषयहरूलाई सबै क्षेत्रमा समावेश गर्न थालिएको छ । औपचारिक तथा औपचारिक शिक्षाका पाठ्यक्रमहरूमा यी विषयहरूलाई महत्वका साथ समावेश गरिएको छ । सबै क्षेत्रका तालिमहरूमा यी विषयहरू प्राथमिकताका साथ समावेश भएका छन । विभिन्न मन्त्रालय तथा निकायहरूले महिलाको सहभागिता अभिवृद्धि गर्न, महिला तथा बालिकाहरूको सुरक्षा र अधिकारहरूको संरक्षण गर्न आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित नीति तथा कानूनहरूको पुनरावलोकन गर्ने, नयाँ नीति तथा कानूनहरू निर्माण गर्ने वा संशोधन गर्ने कार्यहरू गर्दै आइरहेका छन । राष्ट्रिय महिला आयोगले लोक सेवा आयोग ऐन र नियमावलीको अध्ययन गरी लैङ्गिक दृष्टिकोण समावेश गर्न पैरवी गरेको छ । यस अवधिमा सम्बन्धित मन्त्रालयहरूले लैङ्गिक विषयहरूलाई मूलप्रवाहिकरण गर्न केही नीति तथा कानूनहरूमा पुनरावलोकन गरेका छन । राज्यबाट निर्माण गरिएका नीति, कानून तथा कार्ययोजनामा लैङ्गिक दृष्टिकोणलाई समावेश गर्ने प्रयास गरिएको छ ।

### २.२.४ राहत तथा पुनःप्राप्ति

द्वन्द्वबाट प्रभावित परिवार तथा संरचनाको लगत संकलन कार्यदल गठन गरी द्वन्द्वपीडितहरूको तथ्यांक संकलन गर्ने तथा पीडितलाई राहत तथा लैङ्गिक सहायता, छात्रवृत्तीका प्याकेजहरू वितरण गर्ने कार्य हुँदैआएको छ । यी कार्यलाई पारदर्शी र स्पष्ट बनाउन नेपाल सरकारले नागरिक राहत, क्षतिपूर्ति तथा लैङ्गिक सहायता सम्बन्धी कार्यविधि, २०६६ मृतकका हकदारलाई लैङ्गिक सहायता प्रदान गर्ने निर्देशिका, २०६५ बेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत प्रदान गर्ने निर्देशिका, २०६५ आमा बाब गुमाएका बालबालिका पुनस्थापन कार्यविधि, २०६८ आदि मापदण्ड तथा निर्देशिकाहरू बनाई लागू गरेको छ । द्वन्द्वपीडित बालिकाकालाई छात्रवृत्ति उपचार, विजिङ्ग कोर्ष संचालन, समाजमा पुनस्थापन गर्ने आदि कार्यक्रमहरू संचालनमा रहेका छन् । शिक्षा मन्त्रालय अन्तर्गत शहीद परिवार तथा द्वन्द्वपीडित परिवारका बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गर्ने, शहीदका छोराछोरीको लागि पाँचै विकास क्षेत्रमा शहीद प्रतिष्ठान मार्फत आवासीय विद्यालय सञ्चालन गर्ने, निम्न माध्यमिक तहको विद्यालय शिक्षामा गृहिणी तथा कामकाजी महिलालाई पहुँच पु¥याउने व्यवस्थाको लागि कोटाको व्यवस्था गरिएको छ ।

### २.२.५ स्रोत व्यवस्थापन, अनुगमन तथा मूल्यांकन

शान्ति तथा पुनर्निर्माण मन्त्रालय अन्तर्गत नेपाल शान्ति कोष सचिवालय स्थापना गरिएको छ । यस कोषबाट संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद प्रस्ताव नं. १३२५ र १८२० राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि विभिन्न मन्त्रालय, गैर सरकारी

संस्था र निकायहरूलाई परियोजना कार्यान्वयन गर्न रकम प्रदान गरिएको छ । सुरक्षा निकाय लगायत राज्यका अगंहरूमा महिलाको सहभागिता, हिंसा लगायत सुरक्षा, न्यायमा पहुँच, लैङ्गिक सशक्तिकरण, सचेतना लगायतका क्षेत्रहरूमा सुधार गर्न परियोजनाले सघाउ पुऱ्याइरहेको छ ।

संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयनका लागि परराष्ट्र मन्त्रीको अध्यक्षतामा उच्चस्तरीय निर्देशक समिति र सो अन्तर्गत शान्ति तथा पुनर्निर्माण मन्त्रालयका सहसचिवको संयोजकत्वमा कार्यान्वयन समिति गठन गरिएको छ । सबै मन्त्रालय/आयोग/सचिवालयहरूमा शान्ति सम्पर्क विन्दु (Peace Focal Point) तोकिएको छ ।

नेपालको शान्ति प्रक्रियालाई सहयोग गर्न संयुक्त राष्ट्र संघीय निकाय लगायत अन्य अन्तर्राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय विकासका साझेदार निकायहरू तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू पनि नेपालमा कार्यरत छन् । यसका लागि शान्ति सहयोग कार्य समूह (Peace Support Working Group) गठन गरिएको छ । शान्ति प्रक्रियाको लागि चाहिने आवश्यक लैङ्गिक, प्राविधिक, विशेषज्ञ लगायतका विषयमा महत्वपूर्ण सहयोग जुटिरहेको छ । यसका अतिरिक्त नेपालमा महिला, शान्ति र सुरक्षाको विषयलाई प्रभावकारी ढङ्गले कार्यान्वयनमा गर्न विकास साझेदार निकायहरूले गर्ने सहयोगमा एकरुपता ल्याउन र नेपालको शान्ति अभियानलाई सघाउन संयुक्त राष्ट्र संघिय निकायहरू समेतको सहयोगमा United Nations Peace Fund for Nepal (UNPFN) समेत गठन भएको छ ।

राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा गैर सरकारी क्षेत्रहरूबाट पनि उल्लेखनीय कार्यहरू हुँदै आएका छन । महिला, शान्ति र सुरक्षाको क्षेत्रमा कार्य गरिरहेका विभिन्न संस्थाहरूले एकता वा सञ्जालको संयुक्त प्रयासबाट यस क्षेत्रमा कार्यहरू गरेको पाइन्छ । विशेष गरी सचेतना अभिवृद्धि गर्ने, वकालत गर्ने, महिलाहरूको सशक्तिकरणका लागि लैङ्गिक विकास  तथा क्षमता विकास एवं सीप विकासका कार्यहरू भइरहेको पाइन्छ ।

## २.३ राष्ट्रिय कार्ययोजनाको स्थानीयकरण

राष्ट्रिय कार्ययोजनाको उद्देश्य पूरा गर्न यसको स्थानीयकरणलाई जोड दिइएको छ । कार्ययोजना निर्माणको समयमा स्थानीय तहसम्म पुगेर द्वन्द्व प्रभावित महिला तथा बालिकाहरूसँगको प्रत्यक्ष छलफलबाट सुझावहरू समेत संकलन गरी उनीहरूको अपेक्षा र मागहरूलाई महत्व दिइएको थियो । यसको कार्यान्वयनमा समेत त्यो पक्षलाई सबैभन्दा बढी ध्यान दिइएको छ । शान्ति तथा पुनर्निर्माण मन्त्रालयले कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय कार्ययोजना कार्यान्वयन तथा स्थानीयकरण कार्यविधि २०६९ लागू गरेको छ । नेपाल शान्ति कोष सचिवालयबाट परिचालित कार्यक्रमहरूलाई स्थानीय तहसम्म लगेर लक्षित वर्गलाई समेट्न जोड दिइएको छ । स्थानीय तहमा कार्यान्वयनका जिम्मेवार निकायहरूको क्षमता अभिवृद्धि गरिएको छ । दातृ निकाय तथा गैर सरकारी क्षेत्रबाट विशेष गरी द्वन्द्व प्रभावित जिल्लाहरूमा विभिन्न कार्यक्रम संचालन गरिएका छन ।

जिल्ला समन्वय समितिहरूको अभिमुखिकरण, नियमित बैठक र स्थानीय निकायहरू बीचको समन्वयलाई प्रभावकारी बनाउन बजेट सहित कार्यक्रमहरू प्रदान गरिएको छ । विभिन्न गैर सरकारी निकायहरूले समेत यसमा सहयोग पुऱ्याउदै आइरहेका छन । स्थानीय तहमा सरकारी तथा गैर सरकारी क्षेत्रबाट भएका कार्यहरू बीच समन्वय गर्न, सहयोग पुऱ्याउन तथा तथ्यांकहरू राख्न प्रत्येक जिल्लामा प्रशिक्षार्थी (Intern) को व्यवस्था गरिएको छ । कार्ययोजना कार्यान्वयनलाई स्थानीय तहमा प्रभावकारी बनाउन स्थानीयकरण विधिलाई प्रभावकारी बनाउने उपायहरूमा छलफल र परामर्श भइरहेका छन ।

## २.४ जिल्ला तहमा भएका कार्यहरू

कार्ययोजनालाई कार्यान्वयन गर्ने क्रममा देशका अधिकांश जिल्लाहरूमा सरकारी तथा गैर सरकारी क्षेत्रहरूबाट भएका विभिन्न कार्यक्रमहरूलाई यसमा समेट्ने प्रयास भएको छ । स्थानीय तहका राजनीतिक दलका नेता तथा कार्यकर्ताहरू, तीनका विभिन्न तहका संगठनहरूका सदस्यहरूलाई समेत महिला, शान्ति र सुरक्षा सम्बन्धी अभिमुखीकरण तथा सचेतना कार्यक्रमहरू सञ्चालन भएका छन । उद्योग मन्त्रालयबाट द्वन्द्व प्रभावित महिलाका लागि आयआर्जन तथा सीपमूलक तालिमहरू संचालन भएका छन् भने कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालयबाट कानूनी साक्षरता तथा

परामर्श कार्यक्रमहरू संचालन भइरहेको छ । त्यस्तै राष्ट्रिय महिला आयोगबाट महिला सहभागिता प्रवर्द्धनका लागि सरकारी निकाय तथा राजनीतिक दलहरू वीच विभिन्न कार्यक्रमहरू संचालन भइरहेका छन । विभिन्न दातृ निकायहरूको सहयोगमा गैर सरकारी संस्थाहरूले महिला तथा बालिकाहरूका निमित्त आयआर्जन तथा सीपमूलक कार्यक्रमहरू संचालन गर्दै आइरहेका छन र त्यस्ता कार्यक्रमहरूबाट महिलाहरूले रोजगारी एवं आयआर्जनका अवसर प्राप्त गरेका छन । जिल्ला तहमा गैर सरकारी संस्थाहरूबाट कानूनी तथा मनोवैज्ञानिक परामर्शहरू, महिला विरुद्धका हिंसाहरूको रोकथाम र अन्त्य, द्वन्द्व प्रभावित महिलाहरूको सञ्जालहरूको निर्माण र सामूहिक वकालत, संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्का प्रस्तावहरूमाथिको सचेतना तथा अभिमुखीकरण, आयआर्जन तथा सीपमूलक तालिमहरूको आयोजना, उत्पादित वस्तुहरूको बजारीकरणमा सहयोग, कृषि तथा पशुपालनमा सहयोग, लैङ्गिकतामा आधारित हिंसाहरूको तथ्यांक संकलन, लैङ्गिक हिंसाका घटना न्यूनीकरण गर्न सक्रियता, महिला सहभागिताको लागि वकालत, सरकारी सेवामा महिला सहभागिता वृद्धिका लागि लोक सेवा आयोग तयारी कक्षाहरूको संचालन, महिला नेतृत्व विकास, स्थानीय तहमा लैङ्गिक उत्तरदायी बजेट निर्माण र त्यसको कार्यान्वयन सम्बन्धमा क्षमता वृद्धि, किशोरी समूहलाई लक्षित गरी जीवनउपयोगी शिक्षा र प्रजनन् स्वास्थ्य अधिकारका सीपहरू जस्ता विविध कार्यक्रमहरू संचालन भएका छन ।

स्थानीय तहमा भएका कार्यक्रमहरूले महिला तथा बालिकाहरूमा आफ्नो अधिकारप्रति सचेतना वृद्धिमा सहयोग पुग्नुका साथै सामूहिक वकालत, नेतृत्वको विकास तथा रोजगार/स्वरोजगार क्षमतामा अभिवृद्धि भएको छ । सभा सम्मेलन तथा गोष्ठीहरूमा द्वन्द्व प्रभावित महिला तथा बालिकाहरू आफ्ना कुराहरू निर्धक्कसँग राख्न र बोल्न सक्ने भएका छन । यसले स्थानीय तहका योजना र कार्यक्रमहरूमा द्वन्द्व प्रभावित महिला तथा बालिकासँग सम्बन्धित कार्यक्रमहरू समावेश गर्न, बजेट निर्माण गर्न र त्यसको प्रभावकारी कार्यान्वयन गर्न सहयोग पुगेको छ । जिल्लामा महिला तथा बालिकाहरूको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरूले महिला मानव अधिकार रक्षक संजाल, मानव अधिकार संरक्षण केन्द्र संजाल, महिला घरेलु हिंसा विरुद्ध संजाल बनाएका छन । सचेतनाका हिसावले स्थानीय तहमा महिला तथा बालिकाका विषयहरूले उच्च महत्व पाएका छन् । महिला तथा बालिकाहरूका विषयहरूलाई समेटेर स्थानीय संचार माध्यमहरूले स्थानीय भाषाहरूमा कार्यक्रमहरू समेत संचालन गरेका छन । कार्ययोजना कार्यान्वयनमा जिम्मेवार रहेका स्थानीय तहका कार्यालयहरूमा लैङ्गिक सम्पर्क बिन्दु तोकिएको छ । स्थानीय तहमा केही गाउँ विकास समितिहरूलाई लैङ्गिक हिंसा नियन्त्रित गाउँ विकास समिति घोषणा गरिएको छ । कतिपय गाउँ विकास समितिहरूमा हिंसामुक्त अभियान चलाइएको छ । खासगरी दोस्रो जनआन्दोलनको सफलतापछि महिला तथा बालिकाहरूको अधिकारप्रति आएको सचेतना, महिला तथा बालिकाहरूको अधिकार र उनीहरूमाथिको हिंसा विरुद्धको सचेतना, द्वन्द्व प्रभावितहरूको राहत तथा पुनःप्राप्ति, सुरक्षा र संरक्षण जस्ता विषयहरूको स्थानीय तहमा भएको सम्बोधनले राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन पश्चात् अझ अभिवृद्धि भएर गएको छ ।

## २.५ चुनौतीहरू

राष्ट्रिय कार्ययोजना कार्यान्वयन सबैको चासो र सरोकारको विषय भएता पनि यसको प्रभावकारी कार्यान्वयनमा थुप्रै समस्या र चुनौती देखा परेका छन । कार्ययोजना कार्यान्वयनका लागि चाहिने आवश्यक बजेट पर्याप्त नहुनु र सरोकारवाला निकायहरू वीच आवश्यक समन्वयको अभावले यसको कार्यान्वयनमा प्रत्यक्ष असर परेको छ । हाल संचालन भइरहेको कार्यक्रमहरूमा पनि द्वन्द्व प्रभावित महिला तथा बालिकाहरूको तथ्यांक संकलन र द्वन्द्वको समयमा यौनजन्य हिंसा तथा लैङ्गिकतामा आधारित हिंसाका पीडितहरूका लागि हालसम्म पनि राहत तथा संरक्षण सम्बन्धी ठोस कार्य अपेक्षाकृत रुपमा हुन सकेको छैन । त्यस्तै स्थानीय शान्ति समितिहरू प्रभावकारी हुन नसकेका, प्रमाणीकरणमा नपरेका पूर्व माओवादी महिला लडाकुहरूलाई पुर्नस्थापन गर्ने कार्यक्रमहरूको अभाव, प्रभावित महिला तथा बालिकाहरूको माग र अवस्थालाई सम्बोधन गर्ने कार्यक्रमहरूको अभाव र संक्रमणकालीन न्यायसँग जोडिएका विषयहरूको सम्बोधन तत्काल हुन नसकेका कारण यसका कतिपय क्रियाकलापहरूको कार्यान्वयन पक्ष फितलो देखिएको छ । लामो समयसम्म द्वन्द्व प्रभावितहरूको न्यायको सम्बोधन नहुनु, कार्ययोजनाले निर्दिष्ट गरेका कार्यक्रमहरूको प्रभावकारी अनुगमनको व्यवस्था नगर्नु एवं कार्ययोजनाका महत्वपूर्ण विषयहरूलाई राज्यका नियमित नीति तथा कार्यक्रमहरूमा समायोजन गर्ने सम्बन्धमा पहल नहुनु जस्ता विषयहरू यसको कार्यान्वयनमा देखिएका मुख्य चुनौतीहरू हुन । यिनै र यस्तै कारणहरूले गर्दा कार्ययोजना कार्यान्वयनको विषय व्यवस्थित र नतिजामुखी हुन सकेको छैन ।

पछिल्लो समयमा राज्यका सबै तह र निकायहरूमा महिलाको सहभागितामा वृद्धि हुँदै आएको देखिएता पनि सबै क्षेत्र, तह र विभिन्न पेशागत क्षेत्रहरूमा महिला सहभागिताको समान रुपमा वृद्धि हुन सकेको छैन । संविधान सभामा राजनीतिक दलको तर्फबाट महिला सहभागिता प्रशंसनीय भएता पनि राजनीतिक दलका विभिन्न कार्य समिति र त्यसको निर्णायक तहमा महिलाको सहभागिता यथेष्ठ मात्रामा हुन सकेको देखिदैन । त्यसैगरी संवैधानिक निकाय तथा कुटनीतिक क्षेत्रमा महिलाको सहभागितामा उल्लेख्य मात्रामा वृद्धि हुन सकिरहेको छैन । नेपालमा महिलाको जनसंख्या पुरुषको तुलनामा बढी भए पनि महिलाको समानुपातिक सहभागिताको लक्ष्य अझै धेरै टाढाको विषय बनेको छ । नीति निर्माण तहमा अझै महिलाको प्रभावकारी उपस्थिति हुन सकेको छैन । महिला तथा बालिकाका विषयहरू सभा र गोष्ठीहरूमा धेरै उठ्ने तर नीति तथा कार्यक्रम वा प्रक्रियाको सृजना गर्ने अवसरमा शिथिलता देखा पर्ने अवस्थाले पनि यी औपचारिकताका विषयहरू मात्र बनेका छन । नीति तथा कानूनहरूलाई लैङ्गिक संवेदनशील बनाइने भनिएता पनि त्यसको कार्यान्वयन प्रभावकारी हुन सकेको छैन । राष्ट्रिय कार्ययोजनाले द्वन्द्व प्रभावित महिला र बालिकाहरूको सहभागितामा उनीहरूको माग बमोजिम कार्यक्रमहरू निर्माण गर्ने भनिएता पनि वास्तविकतामा त्यसो हुन सकेको छैन । कार्यान्वयन गर्ने निकायहरू वीच समन्वयको अभाव देखिएको छ ।

### २.५.१ स्थानीय तहमा देखिएका चुनौतीहरू

राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन अवस्था बुझ्न छनौट गरिएका दशवटा जिल्लाहरूमा यसको कार्यान्वयनको अवस्थाको अध्ययन गरिएको थियो । ती जिल्लाका जिल्ला समन्वय समिति, स्थानीय शान्ति समिति, महिला, शान्ति र सुरक्षाका क्षेत्रमा कार्य गरिरहेका स्थानीय गैर सरकारी संस्थाहरू, द्वन्द्व प्रभावित महिलाहरू लगायत यसको कार्यान्वयनका सरोकारवालाहरूसँग गरिएको समूहगत छलफलबाट प्राप्त निष्कर्षको आधारमा स्थानीय तहमा यसको प्रभाव र भइरहेका कार्यहरूको प्रभावकारिता कमजोर देखिएको छ । स्थानीय तहका सरकारी निकाय र स्थानीय शान्ति समितिका कतिपय सदस्यहरूलाई यस विषयको जानकारीमा कमी रहेको, हाल भइरहेको प्रगतिको बारेमा कुनै पनि जानकारी नरहेको, यसको कार्यान्वयनमा पर्याप्त स्रोत र साधनहरूको कमी रहेको, स्थानीय तहमा समन्वय गर्न नसकिएको जस्ता जानकारी आएबाट कार्ययोजनाको कार्यान्वयन प्रभावकारी हुन नसकेको देखिन्छ । राजनीतिक दल र संघ-संस्थाको नेतृत्व तहमा महिलाहरू कमै मात्रामा प्रतिनिधित्व हुने हुँदा महिलाहरूको निर्णय तहमा सहभागिता हुन नसकेको र महिला प्रतिनिधि सहभागी भएको अवस्थामा पनि अन्तिम निर्णयमा महिलाको आवाजको सुनुवाइमा कमी भएको पाइएको छ ।

स्थानीय तहमा दिइएको सीपमूलक तालिमको पनि सदुपयोग भएको देखिएको छैन । अति विपन्न द्वन्द्व प्रभावित महिलाहरूलाई स्वव्यवसाय शुरु गर्ने बीउँ पूँजी तथा बजार व्यवस्थापनका समस्याहरू देखिएका छन । प्रदान गरिएका सीपमूलक तालिम पनि सहभागीहरूको अपेक्षाभन्दा फरक किसिमको रहेको पाइन्छ ।

सबै जिल्लामा पीडित महिलाका लागि पुनःस्थापन केन्द्र नरहेको र गैर सरकारी संस्थाबाट संचालित केन्द्रहरू भएका जिल्लाहरूमा उक्त केन्द्रको क्षमतामा कमी रहेको कारणबाट सबै पीडित महिलाहरूले समान रुपमा सेवा प्राप्त गर्न नसकेको अवस्था छ । पुनरावेदन अदालत र जिल्ला अदालतमा वैतनिक वकीलबाट निःशुल्क कानूनी सेवा दिने गरेको भएता पनि त्यस सम्बन्धी तथ्यांकहरूलाई व्यवस्थित गरेको पाइदैन । जिल्लामा कानूनी सहायता समिति तथा नेपाल वार एशोसिएसनले छुट्टै सेवा प्रदान गर्ने गरेका भएता पनि कति द्वन्द्व प्रभावितहरूले त्यस्तो सेवा प्राप्त गरे भन्ने छुट्टै तथ्यांक भने राखिएको पाइएन । कतिपय जिल्लामा कानूनी सहायता समिति रहे पनि सेवा दिन सक्रिय नरहेको गुनासाहरू आएका छन् ।

छनौट गरिएका दशै जिल्लाहरूमा लैङ्गिक हिंसा सम्बन्धी कार्य गर्ने गैर सरकारी संस्थाहरूको संजाल रहेको भनिएता पनि त्यसको प्रभावकारी संचालन हुन नसकेको देखिएको छ । जिल्लामा द्वन्द्व प्रभावितको वास्तविक तथ्यांकमा एकरुपता रहेको छैन । सरकारी सेवा प्रदायकहरू वीचमै द्वन्द्व प्रभावितको तथ्यांकहरूमा मेल नखाएको अवस्था छ । द्वन्द्व प्रभावितका तीन सन्तानलाई दिने छात्रवृत्तिको नीति सान्दर्भिक नभएको, धेरै सन्तान भएका परिवारभित्र अन्तरकलहको अवस्था सृजना भएको छ । उच्च माध्यमिक विद्यालयमा उमेरको हदबन्दी तोकिदा द्वन्द्वपीडितका सन्तान मर्कामा परेका छन । यातना पीडितका तथ्यांक सरकार र गैरसरकारी निकायसँग नरहेको र कुनै पनि क्षतिपूर्ति उपलब्ध भएको छैन । द्वन्द्व प्रभावितलाई दिने सीप विकासका तालिम जीविकोपार्जनमा टेवा पुऱ्याउने खालका हुन नसकेको र द्वन्द्वका समयमा भएका यौन हिंसाका पीडित र प्रभावितहरू बाहिर खुलेर बोल्न सक्ने अवस्था नरहेको र यस सम्बन्धमा कुनै प्रयासहरू पनि नभएको जस्ता गुनासाहरू

जिल्लाको अध्ययनबाट देखिएकोले राष्ट्रिय कार्ययोजनाको स्थानीयकरण र लक्षित समुदायको सन्तुष्टिकरणमा अझै रणनीतिक प्रयासको आवश्यकता देखिन्छ ।

## २.६ सम्भावना

राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनलाई नेपाल सरकारले प्राथमिकतामा राखेको छ । महिला तथा बालिकाको न्याय, सुरक्षा र सहभागिता अभिवृद्धि गरी दिगो शान्ति हासिल गर्ने र न्यायपूर्ण समाज स्थापना गर्ने दिशामा यो राष्ट्रिय कार्ययोजनाले महत्वपूर्ण योगदान पुऱ्याउँछ भन्ने कुरामा यसका सबै सरोकारवलाहरू विश्वस्त छन् । कार्ययोजनाले निर्दिष्ट गरेका कार्यक्रमहरू संचालनका लागि सुरक्षा निकाय लगायत स्वास्थ्य तथा जनसंख्या, शिक्षा, उद्योग, कृषि, संघीय मामिला तथा स्थानीय विकास, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय लगायतका १७ वटा निकायहरूलाई जिम्मेवार बनाइएको छ । यी कार्यक्रमहरू केन्द्र तथा स्थानीय निकाय मार्फत देशभरी नै सञ्चालन हुने व्यवस्था गरिएको छ । कार्यक्रम कार्यान्वयनको सहयोगी निकायका रुपमा गैर सरकारी संस्थाहरू, राजनीतिक दलहरू, निजी क्षेत्र, नागरिक समाज, संचार माध्यमहरूलाई पनि महत्वपूर्ण जिम्मेवारी दिइएको छ । नेपाल सरकार, अन्तर्राष्ट्रिय विकास साझेदार, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, नागरिक समाज, महिला सञ्जाल र संघ-संस्थाको संयुक्त प्रयासमा राष्ट्रिय कार्ययोजना तर्जुमा भएकोले यसको कार्यान्वयनमा पनि उल्लिखित सबै पक्षको जिम्मेवारी र जवाफदेहीता रहेको छ । स्पष्ट कार्यदिशा, सुनिश्चित लक्ष्य, स्रोत र साधनको व्यवस्थाका साथै नेपाल सरकार राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायहरूको समन्वय, सहयोग र सहकार्यले यसको सफल कार्यान्वयन हुने कुरामा एकमत छ ।

नेपाल सरकार यो कार्ययोजना कार्यान्वयनका लागि प्रतिवद्ध छ । नागरिक समाज र अन्तर्राष्ट्रिय समुदाय पनि राष्ट्रिय कार्ययोजनाको गतिलाई स्थायित्व प्रदान गर्न त्यत्तिकै प्रतिवद्ध छन् । यसका लागि सबै क्षेत्रबाट स्रोत र साधन जुटिरहेको छ । विभिन्न द्विपक्षीय तथा वहुपक्षीय सहयोगी निकायहरू पनि यसको कार्यान्वयनमा हातेमालो गरिरहेका छन । कार्ययोजनामा नै स्पष्ट अनुगमन तथा मूल्यांकन प्रणालीको व्यवस्था गरिएको छ र यसमा महिलाको क्षेत्रमा कार्य गरिरहेका संस्थाहरूको सहभागितालाई सुनिश्चित गरिएको छ । यसका अतिरिक्त राष्ट्रिय कार्ययोजनाले यसको अनुगमन तथा मूल्यांकनमा लैङ्गिक परीक्षण (Gender Audit) का सिद्धान्तहरूलाई समावेश गरेको छ । यसको प्रभावकारी कार्यान्वयनका लागि समय-समयमा सरोकारवालाहरू वीच छलफल र बैठकहरू भइरहेका छन । प्रथम वर्षको अनुगमन प्रतिवेदनले कार्यान्वयनको प्राथमिकतालाई दिशानिर्देश गरेको छ । वितेका तीन वर्षमा कार्ययोजनाले सुनिश्चित गरेका धेरै विषयहरूको कार्यान्वयनको उपलब्धि र परिणामहरू निकट भविष्यमा देखिने अपेक्षा गर्न सकिन्छ ।

# परिच्छेद-३

## तथ्यांक प्रस्तुती तथा विश्लेषण

यस परिच्छेद अन्तर्गत राष्ट्रिय कार्ययोजनाले निर्दिष्ट गरेका पाँचै वटा स्तम्भहरू सहभागिता, सुरक्षा र रोकथाम, प्रवर्द्धन, राहत तथा पुनःप्राप्ति, स्रोत व्यवस्थापन र अनुगमन तथा मूल्यांकन अन्तर्गत कार्यान्वयन भएका क्रियाकलाप तथा हासिल भएका उपलब्धिहरूलाई समुचित समिक्षा गर्ने प्रयास गरिएको छ। विशेष गरी नेपाल सरकारबाट कार्ययोजना स्वीकृत भए पश्चात् महिला, शान्ति र सुरक्षाका विषयमा बनाइएका नीति, ऐन, नियम र संयन्त्रहरू, सरकार तथा अन्य सरोकारवाला निकायहरूबाट स्रोतको विनियोजन, कार्यक्रम कार्यान्वयन र त्यसबाट प्राप्त नतिजा तथा उपलब्धिहरूको सम्बन्धमा यस परिच्छेदमा विश्लेषण तथा संश्लेषण गरिएको छ।

### ३.१ सहभागिता (Participation)

राष्ट्रिय कार्ययोजनाको प्रथम स्तम्भ सहभागिता हो। सहभागिता र समावेशीकरण एक्काइसौं शताब्दीमा लोकतन्त्र र विकासका पर्यायवाचीको रुपमा स्थापित विशिष्ट आयाम हुन्। त्यसैले सहभागिताको महत्व उच्च छ। नेपालमा सहभागिताको विषय राजनीतिक दलका आन्दोलन वा अभियान, अधिकारमीका क्रियाकलाप, सामाजिक सचेतना, सशक्तिकरण र जागरणका कार्यक्रमहरू निरन्तर रुपमा महत्वकासाथ उठ्ने गरेका छन्। राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा आए पश्चात् राज्यका विभिन्न अङ्गहरूमा नीति, कानून र कार्यविधिका माध्यमबाट महिलाको सहभागिता सुनिश्चित गर्ने क्रम अघि बढिरहेको छ। महिला सहभागिताको विषय नीतिगत, कानूनी र प्रकृयागत रुपले बलियो हुँदै गएको अवस्थामा संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी राष्ट्रिय कार्यायोजना कार्यान्वयनमा आएबाट महिला सहभागिताको विषयले अझै थप उचाइ प्राप्त गरेको छ। उक्त कार्ययोजनामा उल्लेख भएका सूचकहरूको आधारमा हासिल भएका उपलब्धिलाई यस शीर्षकमा प्रस्तुत गरिएको छ।

**उद्देश्य :- द्वन्द्व रूपान्तरण तथा शान्ति निर्माण प्रक्रियाको हरेक निर्णायक तहमा महिलाको समतामूलक, समानुपातिक र अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ।**

**रणनीतिक उद्देश्य नं. १ :- महिलाको सहभागिता प्रवर्द्धन गर्नका लागि विद्यमान नीति तथा कानूनहरू आवश्यकता अनुसार निर्माण तथा परिमार्जन गर्ने।**

### सूचक १.१ : निर्मित तथा परिमार्जित नीति तथा कानूनहरूको संख्या

शान्ति तथा पुनर्निर्माण मन्त्रालयले संयुक्त राष्ट्र संघ, सुरक्षा परिषदको प्रस्ताव नं. १३२५ र १८२० कार्यान्वयन राष्ट्रिय कार्ययोजनासँग सम्बन्धित केही विद्यमान नीति तथा कानूनहरूको पुनरावलोकन गर्ने कार्य सम्पन्न गरी कार्ययोजनाको उद्देश्य अनुसारका आवश्यक नीति तथा कानूनहरूको निर्माण तथा परिमार्जन गर्नुपर्ने विषयको पहिचान गरेको छ। उक्त पुनराबलोकन सम्बन्धी अध्ययन प्रतिवेदनले नेपालको अन्तरिम संविधान, २०६३ लगायत ८२ वटा ऐन, २६ वटा नियमावली, १२ वटा नीति र २ वटा कार्यविधिलाई महिला सहभागिता सुनिश्चित गर्ने गरी संरचना र प्रक्रृयाको पहिचान एवं परिमार्जनका लागि सुझाव प्रदान गरेको छ। संक्रमणकालीन न्याय र गोपनियता सम्बन्धी कानून निर्माणको सुझाव समेत प्रतिवेदनले समेटेको छ। यसैगरी रक्षा मन्त्रालय, नेपाल प्रहरी र राष्ट्रिय महिला आयोगबाट समेत महिला सहभागिता अभिवृद्धि गर्न आ-आफ्ना क्षेत्रका नीति तथा कानूनहरूमा पुनराबलोकन अध्ययन गराएको पाइन्छ। नेपाल सरकारका विभिन्न मन्त्रालय, आयोग लगायतका निकायबाट महिलाको सहभागिता प्रवर्द्धन हुने क्षेत्रको पहिचान सम्बन्धी अध्ययन सम्पन्न भएका छन्। अध्ययन गरिएका नीति तथा कानूनहरूलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ :-

### तालिका नं. १
### अध्ययन गरिएका नीति तथा कानूनहरू

| सि. नं | अध्ययन गरिएका नीति | अध्ययन गरिएका कानूनहरू | अध्ययन गर्ने निकाय |
|---|---|---|---|
| १ | संयुक्त राष्ट्र संघ, सुरक्षा परिषदको प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना सम्बन्धी हालसम्म विद्यमान नीति तथा कानूनहरूको पुनराबलोकन प्रतिवेदन २०६८ | यस अध्ययन अन्तर्गत ८२ वटा ऐन, २६ वटा नियमावली, १२ वटा नीति र २ वटा कार्यविधिहरूको पुनराबलोकन गर्ने कार्य भएको छ। | शान्ति तथा पुनर्निर्माण मन्त्रालय |
| २ | नेपाल प्रहरीको लैङ्गिक नीति २०६९ | शिक्षा ऐन, २०२८ सैनिक ऐन, २०६३ निजामती सेवा ऐन, २०४९ प्रहरी ऐन, २०१२, प्रहरी नियमावली, २०७१ | नेपाल प्रहरी |
| ३ | लोक सेवा आयोग ऐन र नियमावलीको अध्ययन गरी लैङ्गिक दृष्टिकोण समावेश गर्ने गरी सिफारिस गरिएको | | राष्ट्रिय हिला आयोग |
| ४ | | सैनिक ऐन, २०६३ नियमावली, २०६३ | रक्षा मन्त्रालय |

स्रोतः सम्बन्धित मन्त्रालय तथा निकायहरू

आवश्यकता अनुसार निर्माण वा परिमार्जनका लागि विस्तृत अध्ययन गरेर पहिचान गरिएका संरचनागत र प्रक्रियागत सुझावको संख्या धेरै भएता पनि उक्त अध्ययन पश्चात् जारी भएका नीति, ऐन, नियम र कार्यविधिको संख्या न्यून रहेको छ। तथापि जे जति जारी भएका छन् तीनले महिला सहभागिता सुनिश्चित गर्ने दिशामा अनुकूल परिवेश तयार गर्न मदत पुऱ्याएका छन्। जारी भएका नीति, कानून र कार्यविधिको जानकारी देहाय वमोजिमको तालिकामा प्रस्तुत गरिएको छ :-

### तालिका नं. २
### जारी भएका नयाँ वा संशोधित नीति, ऐन, नियमावली र कार्यविधिहरू

| क्र.सं | निकाय | जारी भएका नीति, कानून तथा नियमावलीहरू | सम्बोधन गरेका विषय |
|---|---|---|---|
| १ | उद्योग मन्त्रालय | औद्योगिक नीति २०६७ | महिला उद्यमीको प्रवर्द्धन गर्ने। उद्योगले प्रत्यक्ष रोजगारी दिने संख्याको ५० प्रतिशत स्वदेशी महिला वा दलित वा अपाङ्गता भएका व्यक्ति कामदारहरूलाई प्रत्यक्ष रोजगारी दिएमा त्यस्ता उद्योगले त्यस वर्षमा लाग्ने आयकरमा ४० प्रतिशत छुट पाउने व्यवस्था। |
| २. | राष्ट्रिय मानव अधिकार आयोग | मानव अधिकार आयोग ऐन, २०६८ | आयोगको गठन गर्दा प्रतिनिधित्व हुने सदस्यमा महिलाको समानुपातिक प्रतिनिधित्व हुने व्यवस्था। |

| | | | |
|---|---|---|---|
| ३. | सूचना तथा संचार मन्त्रालय | सूचना प्रविधि नीति २०६७ | सूचना प्रविधिलाई यथासम्भव समतामूलक र समावेशी हुने गरी दुर्गम क्षेत्र, दलित, जनजाति, महिला, अपाङ्ग र जेष्ठ नागरिकहरूको पहुँचसम्म विस्तार गर्ने नीति । |
| ४. | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७ | लैङ्गिक हिंसाका पीडितहरूको संरक्षणलाई प्रभावकारी बनाउने |
| ५. | नेपाल सरकार | बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९ | • विद्यालय परिसरमा सशस्त्र द्वन्द्व लगायतका राजनैतिक क्रियाकलाप निषेध गरिने<br>• द्वन्द्व प्रभावित बालिकाको उद्धार, उपचार, मनोसामाजिक विमर्श, सामाजिक तथा पारिवारिक पुनःस्थापना लगायतका आवश्यक व्यवस्था गरिने<br>• उनीहरूलाई लक्षित गरी राहत कार्यक्रम सञ्चालन गरिने व्यवस्था । |
| ६. | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१<br>• माओवादी सेनाका लडाकुहरूको पुर्नस्थापना सम्बन्धी निर्देशिका, २०६८<br>• माओवादी सेनाका गर्भवति तथा पाँच वर्षभन्दा कम उमेरका बालबालिका भएका महिला लडाकुहरूका लागि विशेष सुविधा प्रदान गर्ने निर्देशिका, २०६८<br>• सशस्त्र द्वन्द्वका क्रममा पीडित भएका व्यक्तिलाई रोजगार/स्वरोजगार सेवा संचालन गर्ने निर्देशिका, २०६७<br>• द्वन्द्व प्रभावित क्षेत्र विशेष कार्यक्रम संचालन निर्देशिका, २०६८<br>• आमा बाबु गुमाएका बालबालिका पुनःस्थापन कार्यक्रम संचालन कार्यविधि, २०६८ | • ऐनको दफा २ को परिभाषाको खण्ड (ञ) मा "मानव अधिकारको गम्भीर उल्लंघन" अन्तर्गत बलात्कार तथा यौनजन्य हिंसालाई समेत समावेश गरिएको । ऐनको दफा २६ को उपदफा (२) बमोजिम बलात्कार र आयोगको छानविनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएका गम्भीर प्रकृतिका अन्य अपराधमा संलग्न पीडकलाई आयोगले क्षमादानका लागि सिफारिस गर्न नसक्ने व्यवस्था गरिएको । |

| | | | |
|---|---|---|---|
| ७. | व्यवस्थापिका-संसद सचिवालय | मेलमिलाप सम्बन्धी ऐन, २०६८ | मेलमिलापबाट विवाद समाधान गर्ने कार्यविधिको नियमित सुधार, परिमार्जन, नियमन तथा नियन्त्रण गर्ने कार्य समेतको लागि परिषद्‌को गठन गर्दा समाजसेवी तथा नागरिक समाजका प्रतिनिधिहरूमध्येबाट परिषद्‌ले तोक्ने सदस्यमा कम्तीमा एकजना महिला समेतको प्रतिनिधित्व गरिएको । |
| ८. | व्यवस्थापिका-संसद सचिवालय | जातीय भेदभाव तथा छूवाछूत (कसूर र सजाय) ऐन, २०६८ | सामाजिक विभेदलाई न्यायोचित ठहऱ्याउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्ने, अपमानजनक शब्दको प्रयोग गर्ने तथा कुनै पनि आधारमा गरिने भेदभावलाई अन्त्य गर्ने । |
| ९ | निर्वाचन आयोग | लैङ्गिक तथा समावेशीकरण सम्बन्धी नीति २०७० | लैङ्गिक र समावेशी दृष्टिकोणले पछि परेका महिला लगायतका सबै नागरिकहरूलाई निर्वाचन प्रक्रियाका हरेक चरणमा उनीहरूको सहभागिता वृद्धि गराई राज्यले अबलम्वन गरेको लोकतान्त्रिकरणको प्रक्रियालाई सुदृढ बनाउन निर्वाचनका सर्म्पूण प्रक्रियामा लैङ्गिक मूलप्रवाहिकरण गर्ने, निर्वाचन आयोगलाई लैङ्गिक सम्वेदनशील तथा समावेशी संस्थाको रुपमा विकास गर्ने र निर्वाचनका सबै प्रक्रियामा समावेशी दृष्टिकोण समावेश गर्ने । |
| १० | निर्वाचन आयोग | संविधान सभा सदस्य निर्वाचन निर्देशिका, २०७० | • मतदान केन्द्रमा खटिने स्वयंसेवक नियुक्ति गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिने ।<br>• मतदान केन्द्रमा कर्मचारी खटाउंदा उपलव्ध भएसम्म ५० प्रतिशत महिला खटाउने व्यवस्था रहेको ।<br>• मतदान केन्द्रमा महिला लगायत गर्भवती, सुत्केरी मतदाताका लागि मतदान गर्न प्राथमिकता दिइएको ।<br>• महिला र पुरुषले मतदान गरेको खण्डीकृत तथ्यांक यथाशीघ्र उपलव्ध गराउन मतदान केन्द्रमा तथ्यांक फाराम भर्ने व्यवस्था गरिएको ।<br>• मतदाताको नङमा मसी लगाउन महिला स्वयंसेवक राख्ने व्यवस्था गरिएको ।<br>• मतदान केन्द्रमा महिला मतदाताको लागि व्यवस्थित गर्न महिला स्वयंसेवक रहने र महिलाको लागि छुट्टै लाइनको व्यवस्था । |

| | | | |
|---|---|---|---|
| ११ | निर्वाचन आयोग | मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७० | • मतदाता शिक्षा जिल्ला समन्वय समितिमा सम्बन्धित महिला विकास अधिकृत सदस्य रहने र मतदाता शिक्षा स्थानीय समन्वय समितिमा स्थानीय स्तरका क्रियाशिल महिला समूहहरू मध्येबाट १ जना महिला सदस्य रहने व्यवस्था ।<br>• मतदाता शिक्षा स्वयंसेवक छनौट गर्दा कम्तीमा ५० प्रतिशत महिला हुनुपर्ने व्यवस्था । |
| १२ | निर्वाचन आयोग | संविधान सभा सदस्य निर्वाचन आचार संहिता, २०७० | निर्वाचनको प्रचार-प्रसार गर्दा लैङ्गिकताको आधारमा तथा अपाङ्गता भएका व्यक्तिप्रति संवेदनशील हुनुपर्ने साथै यो वर्गका उम्मेदवारको आत्मसम्मानमा ठेश पुग्ने तथा चरित्रहत्या गर्न नपाइने व्यवस्था । |
| १३ | निर्वाचन आयोग | निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७० | निर्वाचन पर्यवेक्षण गर्न चाहने राष्ट्रिय पर्यवेक्षण संस्थाहरूको पर्यवेक्षक परिचालन नीति तथा कार्ययोजनामा लैङ्गिक तथा समावेशी व्यवस्था हुनुपर्ने । |
| १४ | शिक्षा मन्त्रालय | शिक्षा ऐन, नियमावली | सकारात्मक विभेदको सिद्धान्त अनुसार शिक्षक सेवा आयोग नियमावलीमा महिला कोटा आरक्षणको व्यवस्था भएको । |
| १५ | शिक्षा मन्त्रालय | साक्षर नेपाल अभियान | राष्ट्रिय अवधारणापत्र नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयन भइरहेको । साक्षरता कार्यक्रममा सबै निरक्षर महिलाको सहभागिता सुनिश्चित गराउने व्यवस्था भएको । |
| १६ | नेपाल प्रहरी | • नेपाल प्रहरीको लैङ्गिक नीति २०६९<br>• लैङ्गिक हिंसा विरुद्धको आचार संहिता । | • लैङ्गिक हिंसा विरुद्ध नेपाल प्रहरीभित्र अपनाउनु पर्ने आचरणहरू उल्लेख गरिएको ।<br>• सार्वजनिक पद धारण गरेका कर्मचारीले सेवा प्रवाह गर्दा अशक्त वृद्ध, टाढाका र कमजोर विद्यार्थी, असहाय, बालिका, सुत्केरी वा गर्भवती महिला र फरक क्षमता भएकालाई प्राथमिकता दिनुपर्ने व्यवस्था ।<br>• विदाको व्यवस्था गरिएको |
| १७ | रक्षा मन्त्रालय | • लैगिक इकाई खडा गर्ने नीति | महिला सदस्यसहित लैङ्गिक इकाई खडा गरिएको । |
| १८ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | • स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ | स्थानीय स्रोत परिचालन तथा व्यवस्थापनमा महिलाको सहभागिता र सरोकारको विषय समावेश गरिएको । |
| १९ | सशस्त्र प्रहरी बल | FPU छनौट निर्देशिका, २०७० | विदेश पठाउने महिलाको संख्यामा वृद्धि गरिएको । |

| | | | |
|---|---|---|---|
| २० | सशस्त्र प्रहरी बल | सशस्त्र प्रहरी बलमा बढुवा तथा नियुक्ति गर्दा अपनाउने सामान्य सिद्धान्त २०७० | समावेशी बढुवाको सिद्धान्तलाई सकारात्मक विभेदको नीति अनुसार महिला सहभागिता वृद्धिमा जोड । |
| २१ | नेपाली सेना<br>सैनिक सचिव विभाग | १. भर्ना सम्बन्धी (सैनिक) नियमावली, २०६९<br>२. तालिम सम्बन्धी (सैनिक) नियमावली, २०६९<br>३. प्रसुति विदा सम्बन्धी (सैनिक) नियमावली, २०६९<br>४. वृत्ति विकास सम्बन्धी (महिला सैनिक) निर्देशिका, २०६९<br>५. सरुवा सम्बन्धी (महिला सैनिक) निर्देशिका, २०६९<br>६. बढुवा सम्बन्धी (महिला सैनिक) निर्देशिका, २०६९<br>७. समूह विभाजन सम्बन्धी (महिला सैनिक) निर्देशिका, २०६९<br>८. यौन दुर्व्यवहार र दुराचार सम्बन्धी आचार संहिता, २०६७<br>९. श्रृगांर सम्बन्धी आचार संहिता, २०६७<br>१०. शान्ति सेनामा महिला सैनिकहरूको सहभागिता सम्बन्धी (शान्ति सेवा)कार्यविधि,२०७० | |
| २२ | नेपाली सेना<br>शान्ति<br>सेना संचालन निर्देशनालय | १. महिलाको लागि पूर्वाधार (वासस्थान) को निर्माण गर्ने कार्य गरेको ।<br>२. बालिकाको सुरक्षा सम्बन्धी तालिम शान्ति सैनिकको रुपमा तैनाथ हुने सैनिक व्यक्तिलाई समेत समावेश गरी संचालन गर्ने गरेको । | |

स्रोतः सम्बन्धित मन्त्रालय तथा निकायहरू

## सूचकः १.२ निर्मित एवं परिमार्जित नीति तथा कानूनहरूको कार्यान्वयन स्थिति

कार्ययोजना कार्यान्वयनमा आए पश्चात् जारी भएका नीति तथा कानूनहरूको संख्या निकै भए पनि यसको कार्यान्वयनको अवस्था, स्थापित संयन्त्रहरूको क्रियाशिलताको अवस्थाका वारेमा भने कुनै पनि अध्ययन नभएका कारण यसलाई यहाँ उल्लेख गर्न सकिएको छैन । तर राज्यद्धारा निर्मित नीति तथा कानूनहरू लागू भए पश्चात् यसको कार्यान्वयन प्रारम्भ भएको मान्नु पर्दछ । यस वीचमा महिला सहभागिता प्रवर्द्धनका लागि सरकारले विभिन्न नीति, कानून एवं कार्यविधि बनाई सम्बन्धित विषय सम्बोधन गर्ने कार्य प्रारम्भ भएको छ ।

**तालिका नं. ३**

**निर्मित नीति तथा कानूनहरूबाट स्थापित संरचनाहरूमा महिला सहभागिता हुने व्यवस्था**

| सि.नं. | निकाय | सम्बन्धित | संरचनाको नाम र सदस्य संख्या | महिला सदस्य संख्या |
|---|---|---|---|---|
| १ | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | स्थानीय शान्ति समितिका कार्यक्षेत्रगत शर्तहरू, २०६५ | प्रत्येक जिल्लामा २३ जनाको दरले जम्मा १७६३ | ३३ प्रतिशत महिला सदस्य अनिवार्य |
| २ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ | वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र | एकीकृत समावेशी (महिला सदस्य ३३%) योजना तर्जुमा समिति |
| ३ | सशस्त्र प्रहरी बल | सशस्त्र प्रहरी बलमा बढुवा तथा नियुक्ति गर्दा अपनाउने सामान्य सिद्धान्त २०७० | केन्द्रीय लैङ्गिक इकाई ७ जना,<br>क्षेत्रीय लैङ्गिक इकाई ५ जना,<br>स्थानीय लैङ्गिक इकाई ५ जना | महिला सदस्य ४ जना<br>महिला सदस्य ३ जना<br>महिला सदस्य ३ जना |
| ४ | शिक्षा मन्त्रालय | शिक्षा ऐन र शिक्षा नियमावली | जिल्ला शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र गाउँ शिक्षा समिति | जिल्ला शिक्षा समिति २, विद्यालय व्यवस्थापन समिति १ र गाउँ शिक्षा समिति १ |
| ५ | नेपाल प्रहरी | नेपाल प्रहरी (पहिलो संशोधन) नियमावली २०७१ | जिल्ला प्रहरी कार्यालयहरूमा महिला प्रहरी निरीक्षक सहितको लैङ्गिक कक्ष (Gender Desk) को व्यवस्था | ७५ जिल्लामा २४० स्थानमा महिला तथा बालिका सेवा केन्द्र स्थापना गरी सेवा प्रदान गर्ने विशिष्टकृत व्यवस्था । |
| ६ | निर्वाचन आयोग | लैङ्गिक तथा समावेशीकरण सम्बन्धी नीति २०७० | लैङ्गिक तथा समावेशी समन्वय इकाई | लैङ्गिक तथा समावेशी समन्वय इकाईको प्रमुख सह सचिव रहने व्यवस्था । |

स्रोतः सम्बन्धित मन्त्रालय तथा निकायहरू

**रणनीतिक उद्देश्य २ : शान्ति वार्ता टोली लगायत विभिन्न कार्यदल तथा सार्वजनिक महत्वका पदमा नियुक्ति एवं मनोनयन गर्दा महिलाको समानुपातिक र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।**

## सूचक २.१: शान्ति वार्ता तथा कार्यदलमा महिलाको संख्या

द्वन्द्वको समयमा महिला नै बढी शोषित र पीडित हुने गरेको अध्ययन र तथ्यहरूले प्रमाणित गरेको छ। तथापि शान्ति सम्झौता तथा वार्तामा महिला तथा बालिकाहरूको विषयले कमै मात्र स्थान पाउने गरेकोले राष्ट्रिय कार्यायोजनाले शान्ति वार्ता टोली लगायत विभिन्न कार्यदल तथा सार्वजनिक महत्वका पदमा नियुक्ति एवं मनोनयन गर्दा महिलाको समानुपातिक र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न जोड दिएको छ। यसले शान्ति वार्ता टोली लगायत विभिन्न कार्यदलमा महिला सहभागिता रहनु पर्दछ भन्ने सैद्धान्तिक मान्यता स्थापित गरेको छ। तर नेपाल सरकाले गठन गरेका जम्मा ४६ वटा वार्ता टोलीको बनोट र त्यसमा महिला सहभागिताको प्रतिशत हेर्दा सन्तोष गर्ने ठाँउ देखिदैन। कम्तीमा ३३ प्रतिशत महिला सहभागिताको प्रतिवद्धता राज्यले व्यक्त गरे पनि अधिकांश वार्ता टोलीको गठनमा सो अनुरुप महिलाको सहभागिता भएको पाइदैन। देहायको चित्रमा शान्ति वार्ता टोलीको कुल संख्या र त्यसमा महिला सहभागिताको अवस्था प्रस्तुत गरिएको छ (यसको विस्तृत जानकारी अनुसूची-९ मा दिइएको छ) :-

## शान्ति वार्ता टोली र कार्यदलमा महिला सहभागिता

**चित्र नं. १**




## सूचक नं २.२ : औपचारिक तथा अनौपचारिक वार्ता तथा र शान्ति सम्झौता आदिमा महिलाले उठाएका विषय ।

नेपालमा भएका औपचारिक तथा अनौपचारिक वार्ता तथा शान्ति संझौताहरूमा महिला तथा बालिकाका विषयहरू कमै मात्रामा परेका छन। विस्तृत शान्ति सम्झौताले महिला तथा बालिकाका विषयहरूलाई उल्लेख गरेता पनि त्यसपछिका वार्तामा त्यस्ता विषयहरूले कमै मात्रामा स्थान पाएका छन। वार्ताका तरिका, वार्तामा भएका अभिव्यक्ति र समझदारीलाई वार्तामा बस्ने सदस्यका मतको आधारमा अभिव्यक्तिकरण गर्ने चलन नभएको र जे छलफल र समझदारी हुन्छ त्यो वार्ता टोलीकै संयुक्त धारणा हुने परिपाटी भएकाले महिलाले उठाएका विषयहरूको छुट्टै जानकारी प्रस्तुत गर्न सकिएको छैन।

## सूचक नं २.३: सार्वजनिक महत्वका पद लगायत राज्यको सम्पूर्ण तहमा भएको महिलाको प्रतिनिधित्व ।

सार्वजनिक महत्वका पद लगायत राज्यको सम्पूर्ण तहमा महिलाको सहभागिता न्यूनतम ३३ प्रतिशत हुने प्रतिवद्धता राज्यले गरेता पनि त्यसलाई राज्यका कुनै पनि निकायहरूले व्यवहारमा उतार्न सकेको पाइदैन। यसका लागि नीतिगत प्रावधानद्वारा राज्यका सम्पूर्ण तहका सार्वजनिक महत्वका पदमा महिलाको प्रतिनिधित्व निश्चित प्रतिशतमा हुने गरी मापदण्ड निर्धारण गर्नुपर्ने हुन्छ। यसको निमित्त देशको मूल कानूनले स्पष्ट प्रतिशत तोकेको अवस्थामा राज्यले बनाउने नीति र कानूनहरू स्वत: निर्देशित भई बाध्यकारी परिस्थिति निर्माण हुन जान्छ। तर यस्तो मापदण्ड हाल सम्म बन्न सकेको छैन। विगतको तुलनामा सार्वजनिक महत्वका पदहरूमा नीति निर्माण तथा राज्यको सम्पूर्ण तहमा महिलाको सहभागिता वृद्धि भएता पनि कार्ययोजनाको लक्ष्य पूरा हुन सकेको छैन। मौजुदा अवस्थाका झलक देहायको तालिकामा प्रस्तुत गरिएको छ :-

**राज्य संयन्त्रमा महिला सहभागिताको स्थिति** (विस्तृत जानकारी अनुसूची-१० मा दिइएको छ) ।

**(क) मन्त्रिपरिषद्मा महिला सहभागिता**

१. पुष्पकमल दाहाल (प्रचण्ड) को नेतृत्वमा गठित मन्त्रिमण्डल

चित्र नं २ (क)




२. माधवकुमार नेपालको नेतृत्वमा मिति २५ मे २००९ मा गठित मन्त्रिमण्डल

चित्र नं २ (ख)




३. झलनाथ खनालको नेतृत्वमा गठित मन्त्रिमण्डल

चित्र नं २ (ग)




४. बाबुराम भट्टराईको नेतृत्वमा गठित मन्त्रिमण्डल

चित्र नं २ (घ)




५. खिलराज रेग्मीको नेतृत्वमा गठित मन्त्रिमण्डल

चित्र नं २ (ङ)




६. सुशिल कोइरालाको नेतृत्वमा गठित मन्त्रिमण्डल

चित्र नं २ (च)




स्रोतः संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी राष्ट्रिय कार्ययोजना, प्रथम वर्षको अनुगमन प्रतिवेदन, २०६९

(ख) निजामती सेवामा महिलाको सहभागिताको अवस्था (विस्तृत जानकारी अनुसूची-११ मा दिइएको छ)।

**चित्र नं ३**




स्रोतः नेपाल सरकार, सामान्य प्रशासन मन्त्रालय, निजामती किताबखाना, मिति २०७१/०३/२२

**तालिका नं.४**

**ग) संवैधानिक अङ्गहरूमा महिला सहभागिताको अवस्था:**

| संवैधानिक अङ्ग | सदस्य संख्या | महिला | पुरुष |
|---|---|---|---|
| निर्वाचन आयोग | ५ | १ | ४ |
| राष्ट्रिय मानव अधिकार आयोग | ० | ० | ० |
| अख्तियार दुरुपयोग अनुसन्धान आयोग | २ | ० | २ |
| लोक सेवा आयोग | ३ | १ | २ |

स्रोतः http://www.election.gov.np /election/np [Accessed on 21.07.2014]

http://www.nhrcnepal.org/nhrc_members.html [Accessed on 21.07.2014]

http://www.ciaa.gov.np/ [Accessed on 21.07.2014]

http://www.psc.gov.np/ [Accessed on 21.07.2014]

**तालिका नं. ५**

**(घ) न्याय क्षेत्रमा महिलाको सहभागिता**

| विवरण | महिला | कूल संख्या | महिलाको प्रतिशत |
|---|---|---|---|
| न्याय परिषद | ० | ५ | ० % |
| न्याय सेवा आयोग | ० | ५ | ० % |
| सर्वोच्च अदालत | १ | १३ | ७.६९ % |
| पुनरावेदन अदालतका मुख्य न्यायाधीश | ० | १२ | ० % |
| पुनरावेदन अदालतका न्यायाधीश | ४ | ९४ | ४ % |
| जिल्ला न्यायाधीश | १ | १३३ | ०.७ % |

स्रोतः www.supremecourt.gov.np

**(ङ) सुरक्षा निकायमा महिला सहभागिता** (विस्तृत जानकारी अनुसूची-१२ मा दिइएको छ) ।

नेपाल प्रहरी

चित्र नं ४ (क)




सशस्त्र प्रहरी बल

चित्र नं ४ (ख)




नेपाली सेना

चित्र नं ४ (ग)




स्रोतः सम्बधित सुरक्षा निकाय

**तालिका नं. ६**

**(च) संयुक्त राष्ट्र संघको शान्ति मिसनमा जाने महिलाको सहभागिता**

| क्र.स. | निकाय | | कुल संख्या | महिला प्रहरीको संख्या | प्रतिशत (पछिल्लो ३ वर्षको तथ्यांक) |
|---|---|---|---|---|---|
| १. | नेपाल प्रहरी | UNPOL | २६२५ | ८७ | ३.३१ |
| | | FPU | ३९१० | २६९ | ६.८७ |
| २. | नेपाली सेना | | १९१४६ | २२८ | १.१९ |

स्रोतः सम्बन्धित सुरक्षा निकाय

**सूचक २.४ यी संयन्त्रहरूबाट महिला तथा बालिकाका सम्बन्धमा सम्बोधन भएका विषयहरू ।**

पछिल्लो समयमा बनेका नीति तथा कानूनहरूमा महिलाको सहभागिता, शान्ति र सुरक्षाका विषयहरूलाई हेर्ने विशेष व्यवस्थासहित विभिन्न संरचनाहरूको निर्माण गरिएको छ । तर ती संयन्त्रहरूबाट गरिएका उपलब्धिहरू भने प्राप्त हुन सकेका छैनन । सूचना तथा तथ्यांकहरूलाई व्यवस्थित नगरिएको कारण यस सम्बन्धी सूचनाहरू उपलब्ध हुन सकेका छैनन । तथापि स्थापित संयन्त्रहरूले महिलाको अधिकार, अवसर र अभ्यासको मौका बढाउन पुऱ्याएको योगदानलाई नर्कान सकिदैन ।

**तालिका नं. ७**

**विभिन्न निकायहरूबाट महिला तथा बालिकाका सम्बन्धमा सम्बोधन भएका विषयहरू**

| सि.नं | संगठनको नाम | सम्बोधन गरेका उल्लेखनीय विषय |
|---|---|---|
| १ | रक्षा मन्त्रालय | • महिला हिंसा न्यूनीकरण, मानव अधिकार, लैङ्गिक मूलप्रवाहिकरण, शून्य सहिष्णुता |
| २ | उद्योग मन्त्रालय | • नेपाल शान्ति कोष सचिवालय अन्तर्गत महिला तथा बालिकाहरूको क्षमता अभिवृद्धि कार्यक्रम संचालन भएकोमा हाल म्याद समाप्त भएको ।<br>• घरेलु तथा साना उद्योग विभाग र समिति अन्तर्गत उद्यमशीलताको र सीप विकास तालिममा महिलालाई प्राथमिकता दिने गरिएको । |
| ३ | सूचना तथा संचार मन्त्रालय | • लैङ्गिक समानताको सुदृढीकरणका लागि चालु लैङ्गिक वर्षमा वजेट विनियोजन गरी टेलिचलचित्र बनाई प्रशारण गर्ने कार्यक्रम कार्यान्वयनको चरणमा रहेको ।<br>• लैङ्गिक समानता वृद्धिका लागि टेलिचलचित्र बनाई प्रशारण गरिएको । |
| ४ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | • महिला क्षमता विकास कार्यक्रम, स्वयंसेविका प्रोत्साहन कार्यक्रम, महिला संजाल विस्तार, प्रसुतीगृह निर्माण, बालिकाको क्षमता विकास कार्यक्रम, सुधारिएको पानीघट्ट, छाउपडी गोठ मुक्त अभियान, महिलाहरूलाई सहकारी सम्बन्धी तालिम, सुधारिएको चुलो, सिलाई-कटाई तालिम, विद्यालय मर्मत योजना, घरेलु हिंसा न्यूनीकरण तालिम |
| ५ | राष्ट्रिय मानव अधिकार आयोग | • वोक्सीको आरोपमा दिइने यातनामा कानून निर्माण गर्न सिफारिस<br>• बलात्कार, यौन दुर्व्यवहार र घरेलु हिंसाको सम्बोधन<br>• मानव वेचविखन विशेष गरी महिला र बालिकाको वेचविखन सम्बन्धमा समाधिक्षकको कार्यालय स्थापना र प्रत्येक वर्ष प्रतिवेदन प्रकाशित<br>• महिला कर्मचारीको हितलाई ध्यान दिई शिशु स्याहार केन्द्रहरूको स्थापना |

| | | |
|---|---|---|
| ६ | व्यवस्थापिका-संसद सचिवालय (विभिन्न समिति मार्फत गरिएका अध्ययन) | • वैदेशिक रोजगारीमा महिलाहरूको स्थिति र अवस्थाको अध्ययन<br>• वादी समुदायका महिलाहरूको समस्या र अवस्थाका सम्बन्धमा अध्ययन<br>• हलियाहरूको समस्या र अवस्थाका सम्बन्धमा अध्ययन<br>• मुक्त कमैया, कमलरीको समस्या र अवस्थाका सम्बन्धमा अध्ययन<br>• महिला जिल्ला समन्वय समिति गठन एवं कार्यविधि र संरचनाको संशोधनको लागि अध्ययन<br>• रुपन्देही जिल्लाको बुटवल नगरपालिका वडा नं १३ बस्ने कविता थापालाई स्थानीय जनजागरण आमा समूहले यातना दिए पश्चात् निजले आत्महत्या गरेको सम्बन्धमा अध्ययन |
| ७ | परराष्ट्र मन्त्रालय | • २०६९।६।२१ मा महिला सम्पर्क इकाईको स्थापना : ३ सदस्य भएकोमा, ३ जना नै महिला<br>• राहदानी विभाग अन्तर्गत राहदानी आवेदन फाराम दर्ता तथा राहदानी वितरणका लागि महिला, बालिका र वृद्धका लागि छुट्टै सहज काउण्टरको व्यवस्था |
| ८ | शिक्षा मन्त्रालय, शिक्षा विभाग | • लैङ्गिक मैत्री वातावरण, छात्रवृत्ति, छात्राका लागि छुट्टै शौचालय, निःशुल्क पाठ्य पुस्तक, आचार संहिता निर्माण, बालमैत्री Framework |
| ९ | अनौपचारिक शिक्षा केन्द्र | • महिला साक्षरता, साक्षरोत्तर र आयआर्जन कार्यक्रम<br>• सामुदायिक अध्ययन केन्द्रमा समुदाय परिचालक महिला रहने व्यवस्था ।<br>• बालिकाका लागि वैकल्पिक शिक्षा कार्यक्रम । |
| १० | गृह मन्त्रालय | • लैङ्गिक हिंसा सम्बन्धी नेपाल प्रहरीको नीति तय गरिएको ।<br>• लैङ्गिक हिंसा विरुद्धको आचार संहिता निर्माण गरी वितरण गरिएको ।<br>• नेपाल प्रहरी मार्फत केन्द्रदेखि स्थानीय स्तरसम्म २४० स्थानमा महिला तथा बालिका सेवा केन्द्र स्थापना भइसकेको ।<br>• नेपाल प्रहरी मार्फत नेपाल शान्ति कोषबाट ५ जिल्लामा महिला तथा बालिका सेवा केन्द्र भवन स्थापना भइसकेको र थप १५ जिल्लामा एशियाली विकास बैंकको सहयोगमा महिला तथा बालिका सेवा केन्द्र भवन निर्माणका लागि सम्झौता हुनेक्रममा रहेको ।<br>• २५ जिल्लाका प्रहरी इकाईमा महिला शौचालय निर्माण गर्ने कार्य भइरहेको र ६५ प्रतिशत कार्य सम्पन्न पनि भएको ।<br>• हिंसापीडित महिलालाई उजुरी गर्ने वातावरण तथा सुरक्षा प्रदान गर्ने पीडित सहयोग निर्देशिका तयार भई प्रशिक्षण दिइरहेको ।<br>• जनचेतना अभिवृद्धिका लागि मुना टेलिचलचित्र सबैतिर प्रदर्शनको लागि जिल्ला प्रहरी कार्यालयहरूमा पठाइसकिएको ।<br>• नख्खु कारागारमा महिला बन्दी गृहको निर्माण कार्य भइरहेको ।<br>• नेपाल प्रहरी महिला तथा बालिका सेलका लागि २ वटा मोवाइल भ्यानको व्यवस्था गरिएको र २४ सै घण्टा टोल फ्रि हटलाइनको व्यवस्था गरिएको ।<br>• जिल्ला प्रशासन कार्यालयका मुद्धा शाखाका कर्मचारीहरूलाई यौनिक तथा लैङ्गिक हिंसा सम्बन्धी २ दिने प्रशिक्षण प्रदान गरिएको । |

स्रोतः सम्बन्धित मन्त्रालय तथा निकायहरू

### सूचक २.५ महिलाहरूले लैङ्गिक विषयमा उठाएका मुद्दाहरू ।

राज्य संयन्त्रमा महिलाहरूको सहभागिता वृद्धि हुँदै जाँदा लैङ्गिक समानता स्थापित गर्ने प्रक्रिया पनि मजबुत हुँदै जान्छ । यस क्रममा शान्ति सुरक्षातर्फका निकायहरू नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीमा महिलाको संख्या बढिरहेको छ । यसैगरी न्यायिक निकायहरूमा पनि महिलाहरूको उपस्थिति छ । महिला सम्बन्धी पक्ष वा विपक्ष हुने मुद्दाका अनुसन्धान, पुर्पक्ष वा साक्षी सर्जमिन जस्ता प्रक्रियामा महिलालाई पीडाको अनुभूति नहुने गरी कानूनी उपचार गर्ने प्रबन्ध सुरक्षा तथा न्यायालयबाट हुन थालेको छ । महिलालाई सम्पत्तिको अधिकार सम्बन्धी कानूनी अधिकार, नागरिकतामा आमाको नाम पनि समावेश गर्ने व्यवस्था, महिलाको नाममा लिखत पास गर्दा दस्तुर छुट जस्ता लैङ्गिक विषयहरूले मनोवल उच्च बनाउन मद्दत भइरहेको छ । तर यी केही सकारात्मक कदमले मात्र महिलाहरूले लैङ्गिक विषयमा उठाएका मुद्दाहरूको निप्टारा हुँदैन । महिलाको सहभागिताप्रति पुरुषको सोंच फराकिलो बनाउनु पर्ने र महिलाको क्षमता विकास, सुरक्षा एवं न्यायको अनुभूति दिलाउन राज्यले समानता उन्मुख समतामूलक दृष्टिकोण अवलम्वन गर्न जरुरी देखिन्छ ।

### सूचक नं. २.६ क्षमता अभिवृद्धि कार्यक्रम र सहभागिताको संख्या ।

नेपाली सेनाले २१ पटक तालिम आयोजना गरेर जम्मा ६०४ जनाको क्षमता विकास गरेको छ । त्यसमा ८० जना महिला सहभागी भएका छन । यसैगरी सशस्त्र प्रहरी बलले जम्मा ४९०३ जना महिलालाई महिला, सुरक्षा र शान्ति विषयलाई समावेश गरी तालिम प्रदान गरेको छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले ७५ वटै जिल्लामा राष्ट्रिय कार्यायोजना र GESI Responsive Budget बारे अभिमुखीकरण सम्पन्न गरेको छ । करिव १५०० सहभागीमध्ये महिलाको संख्या बीस प्रतिशतको हाराहारीमा रहेको छ । यी जे जति प्रयास भएका छन् तीनबाट महिलाको क्षमता विकास र आत्मविश्वास बढाउने काम भएका छन । तर यो आंशिक प्रयासले महिलाको यथोचित प्रतिनिधित्व गरेको मान्न सकिन्न । त्यसैले राज्यका सबै अङ्गले आफ्नो संगठनमा रहेका सबै महिलालाई क्षमताको अवसर दिनु पर्दछ र सर्वसाधारण महिलाको ज्ञान, सीप र सोंचलाई तिखार्दै जानुपर्दछ । क्षमता अभिवृद्धि कार्यक्रम र सहभागी संख्या सम्बन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ :-

**तालिका नं. ८**

**क्षमता अभिवृद्धि कार्यक्रम र सहभागी संख्या**

| सि.नं. | तालिमको नाम | विषय | महिला सहभागी संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | Gender Equality and UN-SCRs 1325 & 1820 course | लैङ्गिक तथा यौनजन्य हिंसा, लैङ्गिक समानता र UNSCRs 1325 & 1820 | ८७ | हालसम्म २९ वटा तालिम गरिसकेका |
| २ | Training of Trainers (ToT) on UNSCRs 1325 & 1820 course | लैङ्गिक तथा यौनजन्य हिंसा, लैङ्गिक समानता र UNSCRs 1325 & 1820 | २३ | हालसम्म ५ वटा तालिम गरिसकेका |
| | जम्मा | | ११० | |

स्रोत: सम्बन्धित मन्त्रालय तथा निकायहरू

**रणनीतिक उद्देश्य ३ :- राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र तथा गैर सरकारी संस्थाका सम्पूर्ण तहमा महिलाको सहभागितामा वृद्धि गर्ने ।**

**सूचक नं. ३.१ : निर्वाचनमा उम्मेदवार हुने महिलाहरूको संख्या**

राज्यका सबै संयन्त्र र संरचनाहरूमा महिलाको सहभागिता प्रतिशत कम्तीमा ३३ पुऱ्याउने राज्यले संकल्प गरेको छ । महिला अधिकारका सम्बन्धमा पछिल्ला वर्षमा आवाज अधिकार, छनौट (Voice Right and Choice) मा निरन्तर बहस पैरवी, निगरानी बढ्दै गएको पाइन्छ । राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र र गैरसरकारी संस्थाका केन्द्रदेखि स्थानीय तहसम्मका संरचना वा संगठनहरूमा महिला सहभागिता बढेको देखिन्छ । लैङ्गिक संवेदनशीलता प्रति जिम्मेवार हुंदै गएको पाइन्छ । राजनीतिक दलले २०६४ सालको निर्वाचनमा संविधान सभाका सदस्य संख्यामा कमाएको स्यावासी सबैका लागि गौरवको विषय हो । यद्यपि २०७० सालको निर्वाचनमा आइपुग्दा महिलाको सहभागिता संख्यामा ओरालो लागेको छ । अघिल्लो निर्वाचनमा ३३ प्रतिशतमा रहेका महिला सहभागिता २०७० सालको निर्वाचनमा आइपुग्दा ३० प्रतिशत मात्र कायम हुनसकेको छ । यस सम्बन्धी विवरण देहाय वमोजिमको तालिकामा प्रस्तुत गरिएको छ :-

**तालिका नं. ९**

**२०७० सालको संविधानसभाको निर्वाचनमा विभिन्न राजनीतिक दलबाट प्रत्यक्ष निर्वाचनका लागि उठाइएका उम्मेदवार र विजयी उम्मेदवार**

**प्रत्यक्ष तर्फको संख्या**

| जम्मा उम्मेदवार | पुरुष | महिला | प्रतिशत | विजयी उम्मेदवार | प्रतिशत |
|---|---|---|---|---|---|
| ६३५२ | ५६८४ | ५९१ | ९.३ | १० | ४.१६ |

स्रोतः संविधानसभा निर्वाचन, लैंङ्गिक अनुगमन प्रतिवेदन, २०७०, राष्ट्रिय महिला आयोग, संविधानसभा निर्वाचन लैङ्गिक अनुगमन राष्ट्रिय समिति, २०७०

**तालिका नं. १०**

**२०७० सालको संविधानसभाको निर्वाचनमा केही राजनीतिक दलबाट प्रत्यक्ष निर्वाचनका लागि उठाइएका महिला उम्मेदवार र विजयी महिला उम्मेदवार**

| जम्मा उम्मेदवार | महिला उम्मेदवार | विजयी उम्मेदवार | प्रतिशत |
|---|---|---|---|
| नेपाली कांग्रेस | २२ | ५ | २२.७२ |
| नेपाल कम्युनिष्ट पार्टी (एमाले) | २४ | ४ | १६.६६ |
| एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | २९ | १ | ३.४४ |
| नेपाल मजदुर किसान पार्टी | ३४ | ० | ० |
| मधेसी जनाधिकार फोरम, नेपाल | २१ | ० | ० |
| नेपाल परिवार दल | २६ | ० | ० |

स्रोतः संविधानसभा निर्वाचन, लैंङ्गिक अनुगमन प्रतिवेदन, २०७० राष्ट्रिय महिला आयोग, संविधानसभा निर्वाचन लैङ्गिक अनुगमन राष्ट्रिय समिति, २०७०

संविधानसभाको निर्वाचन २०७० र महिला सहभागिता

चित्र नं. ५




**तालिका नं. ११**

**संविधानसभाको निर्वाचन २०७० र महिला सहभागिता**

| क्र.सं. | राजनीतिक दल | प्रत्यक्ष | समानुपातिक | जम्मा |
|---|---|---|---|---|
| १ | एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | १ | २७ | २८ |
| २ | नेपाली काङ्ग्रेस | ५ | ४५ | ५० |
| ३ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ४ | ३५ | ३९ |
| ४ | मधेसी जनअधिकार फोरम, लोकतान्त्रिक | ० | ५ | ५ |
| ५ | तराई मधेस लोकतान्त्रिक पार्टी | ० | ३ | ३ |
| ६ | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल | ० | ११ | ११ |
| ७ | नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवाद-लेनिनवादी) | ० | २ | २ |
| ८ | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (थरुहट) | ० | १ | १ |
| ९ | नेपाल परिवार दल | ० | १ | १ |
| १० | राष्ट्रिय जनमुक्ति पार्टी | ० | १ | १ |
| ११ | मधेसी जनअधिकार फोरम, नेपाल | ० | ४ | ४ |
| १२ | राष्ट्रिय जनमोर्चा | ० | २ | २ |
| १३ | दलित जनजाति पार्टी | ० | १ | १ |
| १४ | संघीय समाजवादी पार्टी, नेपाल | ० | २ | २ |
| १५ | थरुहट तराई पार्टी नेपाल | ० | १ | १ |
| १६ | राष्ट्रिय मधेशी समाजवादी पार्टी | ० | १ | १ |
| १७ | संघीय सद्भावना पार्टी | ० | १ | १ |

| क्र.सं. | राजनीतिक दल | प्रत्यक्ष | समानुपातिक | जम्मा |
|---|---|---|---|---|
| १९ | सद्भावना पार्टी | ० | २ | २ |
| २० | मधेसी जनअधिकार फोरम (गणतान्त्रिक) | ० | १ | १ |
| २१ | तराई मधेश सद्भावना पार्टी, नेपाल | ० | १ | १ |
| २२ | नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) | ० | २ | २ |
| २३ | नेपाल मजदुर किसान पार्टी | ० | १ | १ |
| २४ | राष्ट्रिय प्रजातन्त्र पार्टी | ० | ५ | ५ |
| २५ | विभिन्न पार्टीबाट मनोनित (विशेषज्ञताको आधारमा) | बाँकी | | |
| | **जम्मा** | **१०** | **१६२** | **१७२** |

स्रोतः स्रोतःसंविधानसभा निर्वाचन, लैङ्गिक अनुगमन प्रतिवेदन, २०७० राष्ट्रिय महिला आयोग, संविधानसभा निर्वाचन लैङ्गिक अनुगमन राष्ट्रिय समिति, २०७०

यी मध्ये १६२ जना समानुपातिक निर्वाचन प्रणाली र १० जना प्रत्यक्षतर्फबाट निर्वाचित भएका छन् जसमा नेपाली कांग्रेस ५, नेकपा एमाले ४ र एमाओवादीका १ छन् ।

### सूचक ३.२ : राजनीतिक दलका विभिन्न तहमा महिलाको संख्या

राजनीतिक दलका केन्द्रीय कार्यसमितिमा रहेका महिलाहरूको सहभागिताको स्थितिको विश्लेषण गर्दा नेपाली कांग्रेसमामा २३ प्रतिशत, नेकपा एमाले २१ प्रतिशत र ए.नेकपा माओवादीमा ११ प्रतिशत महिला सदस्य रहेको पाइन्छ । न्यूनतम पाँच प्रतिशतदेखि अधिकतम २३ प्रतिशतसम्मको अवस्था उक्त ९ दलमा रहेको छ । केन्द्रीय तहमा यो प्रतिशत त्यति उत्साहजनक छैन । राजनीतिक दलले प्रतिवद्धता प्रकट गर्ने तर त्यसलाई पूरा गर्ने इमान्दारीता नदेखाउने अवस्था कायमै छ । तालिका ९ ले मौजुदा अवस्थाको चित्रण गरेको छ । आगामी दिनमा लैङ्गिक संवेदनशीलता बढाँउदै राजनीतिक दलका केन्द्रदेखि स्थानीय तहसम्मका राजनीतिक संरचनाहरूमा महिला सहभागिता वृद्धि गर्न ठोस कदम चाल्नु पर्ने देखिन्छ ।

**तालिका नं. १२**

**राजनीतिक दलको केन्द्रीय समितिमा महिला सहभागिता**

| दलको नाम | कार्यसमिति सदस्य | | | |
|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला प्रतिशत |
| नेपाली काँग्रेस | १४ | ५१ | ६५ | २३ |
| नेकपा (एमाले) | १६ | ६० | ७६ | २१ |
| एकीकृत नेकपा (माओवादी) | १६ | १३२ | १४८ | ११ |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | ८ | ६० | ६८ | १२ |
| तराई मधेस लोकतान्त्रिक पार्टी | ६ | ४५ | ५१ | १२ |
| मधेसी जनअधिकार फोरम, नेपाल | ४ | ४० | ४४ | ९ |
| नेपाल कम्युनिष्ट पार्टी (माले) | ४ | ३५ | ३९ | १० |
| नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) | ९ | ३२ | ४१ | २२ |
| सद्भावना पार्टी (राजेन्द्र महतो) | १ | २० | २१ | ५ |

स्रोत : सञ्चारिका समूह, राजनीतिमा महिला सहभागिता (२०११)

## सूचक ३.३ : राजनीतिक दलले लैङ्गिक विषयलाई दिने महत्व र समर्थन

सबै दलले चुनावी घोषणापत्रको माध्यमबाट लैङ्गिक विषयमा आ-आफ्ना धारणा सार्वजनिक गरेका छन् । महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण, विभेद, असमानता, वञ्चितिकरण र बहिष्करणमा कानूनी उपचारका प्रसङ्ग औंल्याएका छन् । आ-आफ्ना दलका संयन्त्रमा महिलाको सहभागिता सुनिश्चित गर्ने दलको प्रतिवद्धता प्रकट भएको छ । मानव वेचविखन, बालबिवाह, बलात्कार जस्ता घटनाबाट जोगाउन सुरक्षाको प्रबन्ध र पीडितलाई न्याय दिलाउने कुरामा दलहरू दृढ देखिन्छन् । त्यसैले आम जनमानसमा आशा पलाएको छ । तर घोषणापत्रका माध्यमबाट अभिव्यक्त दलको प्राथमिकता र कार्यान्वयन गर्ने प्रतिवद्धता सरकारमा पुगेर सत्ताको अभ्यासबाट प्रमाणित गर्नु पर्नेमा देख्न र मापन गर्न सक्ने गरी कदम चालेको पाइदैन । अपेक्षा र उपलब्धि वीचको खाडल फराकिलो हुँदै जानु सन्तोषको विषय होइन । यस प्रति दलहरू जवाफदेही बन्नै पर्दछ । घोषणापत्रको सारांश देहाय वमोजिमको तालिकामा प्रस्तुत गरिएको छ :-

**तालिका नं. १३**

**राजनीतिक दलको घोषणापत्रमा महिला तथा हरूको विषयलाई गरिएको सम्बोधन**

| क्र.सं. | राजनीतिक | चुनावी घोषणापत्र २०७० मा समेटिएका लैङ्गिक विषयहरू |
|---|---|---|
| १ | नेपाली काँग्रेस | महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण, विभेद, दमन, बहिष्करणको रोकथाम एवं नियन्त्रणको लागि सहज पहुँच र कानूनी निरुपणको व्यवस्था गरिने, लैङ्गिक हिंसा र महिला हिंसामुक्त राख्न महिलामाथि हुने हिंसाजन्य कार्यलाई कानून वमोजिम दण्डनीय मानिने र पीडितले क्षतिपूर्ती पाउने व्यवस्था सुनिश्चित गरिने, राज्यका प्रत्येक संरचनामा न्यूनतम ३३ प्रतिशत सहभागिता सुनिश्चित गरिने, पैत्रिक सम्पत्तिमाथि महिलाको हक हुने, एकल तथा विधुवा महिलाहरूको लागि आयआर्जन, क्षमता विकास, सशक्तिकरण लगायतका कार्यक्रम लागू गर्ने । |
| २ | ने.क.पा. एमाले | महिला विरुद्धका सम्पूर्ण विभेदकारी कानून, मान्यता र व्यवहारको अन्त्य गरी समतामूलक समाजको स्थापना गर्ने, राष्ट्रिय जीवनका सबै क्षेत्रमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरिने, स्थानीय निकायमा पदाधिकारी समेत ५० प्रतिशत महिला सहभागिता सुनिश्चितका लागि पहल गर्ने, वंश र अंशमा सबै सन्तानको समान हक स्थापित गर्ने, महिला विरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्यको लागि कडा कानून बनाई प्रभावकारी कार्यान्वयन गर्ने, नयाँ संविधानमा राष्ट्राध्यक्ष, प्रधानमन्त्री र सभामुख मध्ये कुनै एक पदमा महिला निर्वाचित हुने संवैधानिक व्यवस्था गर्ने । |
| ३ | ए. माओवादी | महिलालाई सुरक्षा निकाय लगायत राज्यका हरेक अङ्गहरूमा विशेष अधिकारसहित समान सहभागिता सुनिश्चित गरिने, महिलामाथि हुने घरेलु र सामाजिक हिंसा विरुद्ध कडा कानून निर्माण गर्ने, एकल महिलालाई विशेष सामाजिक सुरक्षाको व्यवस्था गर्ने, महिलालाई उच्च शिक्षाका लागि बिना धितो सहुलियतपूर्ण ऋणको व्यवस्था गर्ने, १५ वर्ष मुनीका लाई शिक्षा र स्वास्थ्य निःशुल्क व्यवस्था गर्ने । |
| ४ | रा.प्र.पा. नेपाल | राज्यका हरेक निकायमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरिने, लिङ्गका आधारमा हुने सबै प्रकारका विभेद तथा हिंसालाई अन्त्य गरिने, महिलाहरूको लैङ्गिक अवस्था सुदृढ तुल्याउन विशेष नीति तथा कार्यक्रम संचालन गरिने, मानव बेचविखन, वालविवाह, बलात्कार तथा घरेलु हिंसाको अन्त्य गर्ने । |
| ५ | मधेसी जनअधिकार फोरम, लोकतान्त्रिक | सामाजिक र राजनीतिक रुपमा सदियौंदेखि रहेको लैङ्गिक विभेद र उत्पीडन अन्त्य गर्न ठोस नीति निर्माण गर्ने, राज्यका सबै अङ्ग र निकायमा महिलाको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने, महिलामैत्री प्रशासन निर्माण गर्ने, राज्यका हरेक निकायमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरिने । |

स्रोतः सम्बन्धित राजनीतिक दलका घोषणापत्रहरू ।

**सूचक ३.४ : गठन भएका स्थानीय शान्ति समितिको संख्या र समितिमा भएका महिलाहरूका संख्या**

७५ जिल्लामा गठन भएका स्थानीय शान्ति समितिमा सदस्यहरूको कूल संख्या १७२५ रहेको छ । त्यसमध्ये ३३ प्रतिशत महिला सदस्य रहनुपर्ने वाध्यात्मक व्यवस्था छ । जसको सरोकार उसको अधिकारलाई चरितार्थ गर्न स्थानीय शान्ति समितिको बनौट लैङ्गिक उत्तरदायी छ । तर गठन भइसकेका समितिमा महिलाको सहभागिता ३३ प्रतिशत भएको देखिदैन ।

**तालिका नं. १४**

**स्थानीय शान्ति समितिमा महिलाको संख्या**

| सि.नं. | शान्ति समिति गठन | |
|---|---|---|
| | नाम | महिला संख्या |
| १ | ५५ नगरपालिका | ३३% रहने प्रावधान भए पनि अधिकांश स्थानीय स्तरका शान्ति समितिहरूमा उक्त प्रावधान अनुसार महिलाको सहभागिता भएको पाइँदैन । छनौट गरिएका दश जिल्लाका शान्ति समितिमा महिलाको सहभागिता तालिका २७, २८ र २९ मा दिइएको छ । |
| २ | करिब २९०० गा.वि.स | |

स्रोतः शान्ति तथा पुनर्निर्माण मन्त्रालय ।

स्थानीय शान्ति समितिहरूमा ३३ प्रतिशत महिला सहभागिता रहने व्यवस्था भएता पनि हालसम्म त्यो संख्यामा महिलाको सहभागिता भएको पाइदैन । दश जिल्लामा स्थानीय शान्ति समितिमा महिला सहभागिताको संख्या देहाय वमोजिम प्रस्तुत गरिएको छ :-

**तालिका नं. १५**

**१० जिल्लामा गठन भएका स्थानीय शान्ति समितिमा महिला सहभागिता संख्या**

| सि.नं. | शान्ति समिति | | | |
|---|---|---|---|---|
| | जिल्लाको नाम | कुल सदस्य संख्या | महिला संख्या | प्रतिशत |
| १ | बाँके | २३ | ८ | ३४.७८ |
| २ | डडेलधुरा | १८ | ७ | ३८.८८ |
| ३ | धनकुटा | २३ | ९ | ३९.१३ |
| ४ | चितवन | २३ | ५ | २१.७३ |
| ५ | दाङ्ग | २२ | ८ | ३६.३६ |
| ६ | सिरहा | २३ | ७ | ३०.४३ |
| ७ | कपिलवस्तु | २१ | ६ | २८.५७ |
| ८ | धादिङ्ग | २३ | ७ | ३०.४३ |
| ९ | बाग्लुङ्ग | २३ | ६ | २६.०८ |
| १० | कंचनपुर | २३ | १० | ४३.४७ |

स्रोतः सम्बन्धित स्थानीय शान्ति समितिहरू

**तालिका नं. १६**

**अनुगमनका लागि दश जिल्लामा गरिएको नगरपालिका तथा गा.वि.स. स्तरका स्थानीय शान्ति समितिमा महिलाको सहभागिताको अवस्था**

| सि.नं. | शान्ति समिति गठन | | | प्रतिशत |
|---|---|---|---|---|
| | नगरपालिकाको नाम | कुल सदस्य संख्या | महिला संख्या | |
| १ | नेपालगंज नगरपालिका, बाँके | ९ | ३ | ३३.३३ |
| २ | अमरगढी नगरपालिका, डडेलधुरा | ९ | ० | ० |
| ३ | धनकुटा नगरपालिका, धनकुटा | १० | ३ | ३० |
| ४ | भरतपुर नगरपालिका, चितवन | ९ | १ | ११.११ |

| | | | | |
|---|---|---|---|---|
| ५ | रत्ननगर नगरपालिका, चितवन | ९ | ४ | ४४.४४ |
| ६ | घोराही नगरपालिका, दाङ्ग | ९ | ३ | ३३.३३ |
| ७ | तुल्सीपुर नगरपालिका, दाङ्ग | ९ | २ | २२.२२ |
| ८ | सिरहा नगरपालिका, सिरहा | ९ | १ | ११.११ |
| ९ | लाहान नगरपालिका, सिरहा | ९ | १ | ११.११ |
| १० | बाग्लुङ्ग नगरपालिका, बागलुङ्ग | ९ | ३ | ३३.३३ |
| ११ | भिमदत्त नगरपालिका कंचनपुर | ९ | ४ | ४४.४४ |

स्रोतः सम्बन्धित स्थानीय शान्ति समितिहरू ।

**तालिका नं. १७**

**गाविस स्तरीय शान्ति समितिमा महिला सहभागिता**

| क.स. | जिल्ला | शान्ति समिति गठन भएका गाविस | कुल सदस्य संख्या | महिला संख्या र प्रतिशत |
|---|---|---|---|---|
| १ | धादिङ्ग | ४० | ३७२ | ७२ |
| २ | बाग्लुङ्ग | ४८ | ४८५ | ९० |
| ३ | कपिलवस्तु | ५२ | ४६८ | महिलाको संख्या उल्लेख छैन । |
| ४ | चितवन | ३६ | ३२४ | ९८ |

स्रोतः सम्बन्धित स्थानीय शान्ति समितिहरू ।

### सूचक ३.५ : स्थानीय शान्ति समितिले सम्बोधन गरेका विषयहरू

द्वन्द्व रुपान्तरण, विवाद समाधान र मेलमिलाप प्रवर्द्धनका लागि गठित स्थानीय शान्ति समितिले स्थानीय स्तरमा घरपरिवार, छरछिमेक र समाजमा देखापर्ने वेमेल वा वैमनष्यतालाई न्यूनीकरण गर्ने तथा विकास व्यवस्थापनमा देखापर्ने विवादको समाधानमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने जिम्मेवारी पाएका छन् । स्थानीय शान्ति समितिले सम्पादन गरेका कार्यहरूको जानकारी जिल्लाबाट शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पठाउनु पर्नेमा सो पठाएको पाइदैन । त्यसैले के कस्ता विषयलाई सम्बोधन गरे भन्ने कुराको विवरण प्रस्तुत गर्न सकिएको छैन । आगामी दिनमा मन्त्रालयले आफ्नो दायित्वप्रति सजग हुनुपर्ने र स्थानीय शान्ति समितिले पनि आफूले गरेका कामको जानकारी मन्त्रालयमा पठाउनु पर्ने देखिन्छ ।

### सूचक ३.६ : नागरिक समाज, निजी क्षेत्र तथा गैर सरकारी संस्थाका निर्णायक तहमा महिलाहरूको संख्या

नेपाल बार एशोसियसन ११ प्रतिशत, नेपाल पत्रकार महासंघ २३ प्रतिशत, नेपाल उद्योग वाणिज्य महासंघ ० प्रतिशत, नेपाल चेम्वर अफ कमर्स ५ प्रतिशत, गैर सरकारी संस्था महासंघ ३३ प्रतिशत र सामुदायिक वन महासंघ ४० प्रतिशत महिला पदाधिकारी रहेको अवस्था छ । उल्लिखित निकायका तल्ला तहमा महिला सहभागिता धेरै हुने तर माथिल्ला कार्यकारी तहमा महिला सहभागिता न्यून रहने गरेको अवस्था छ । यस सम्बन्धी विवरण देहाय वमोजिम प्रस्तुत गरिएको छ :-

**तालिका नं. १८**

**निजी तथा गैर सरकारी क्षेत्रमा महिलाको सहभागिता**

| निकाय | केन्द्रीय समिति सदस्य संख्या | महिला | पुरुष | स्रोतः |
|---|---|---|---|---|
| नेपाल बार एशोसिएसन | १७ | ५ | १२ | http://www.nepalbar.org /?url=executive [Accessed on 21.07.2014] |
| नेपाल पत्रकार महासंघ | ९ | २ | ७ | http://www.fnanepal.org /media/?page_id=35 [Accessed on 21.07.2014] |
| नेपाल उद्योग वाणिज्य महासंघ | ६ | ० | ६ | http://www.fncci.org /excom.php [Accessed on 21.07.2014] |
| नेपाल चेम्बर अफ कमर्स | ३७ | २ | ३५ | http://nepalchamber.org / [Accessed on 21.07.2014] |
| गैर सरकारी संस्था महासंघ | ३७ | १३ | २४ | http://www.ngofederation.org/index.php?option=com_content&view=category&layout=blog&id=7&Itemid=58 [Accessed on 21.07.2014] |
| सामुदायिक वन उपभोक्ता महासंघ | ५ | २ | ३ | http://fecofun.org.np/executivecommite.php [Accessed on 21.07.2014] |

**रणनीतिक उद्देश्य ४ :- महिला सहभागिता अभिवृद्धिको लागि सबै क्षेत्र तथा तहमा वृहत जनचेतना जगाउने पैरवी कार्यक्रमहरूलाई प्रभावकारी बनाउने ।**

**सूचक ४.१ : पैरवी सीप विकास तालिम र सहभागिता संख्या**

नेपालमा घरपरिवार तहदेखि नै निर्णय प्रक्रियामा महिला सहभागिता वृद्धि गर्ने जागरण अभियान, दवावमूलक कार्यक्रम, बहस पैरवी, छलफल अन्तरक्रिया जस्ता विविध कार्यक्रम संचालन भइरहेका छन् । प्रत्यक्ष छलफल, संचार माध्यमबाट सामाग्री प्रसारण, पत्रपत्रिकामा लेख, स्तम्भ प्रकाशन, गोष्ठी, भेलामा विचार संप्रेषण वा आदानप्रदानले महिला सहभागिता बढाउने अभियानलाई सघाइरहेका छन् । सिकाउँदै, देखाउँदै र अघि बढाउँदै लक्ष्य हासिल गर्ने उद्देश्यबाट पैरवी सीप विकास गर्न आवश्यक सीप, शैली र कलाको विकास आवश्यक छ । शान्ति तथा पुनर्निर्माण मन्त्रालय र महिला, बाल तथा समाज कल्याण मन्त्रालयले पैरवी सीप विकास तालिम आयोजना गरेर महिला सहभागिताको महत्व र आवश्यकता बुझाउन सक्ने समूह निर्माण गरिरहेका छन । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय निकायमा पठाउने निशर्त अनुदानको दश प्रतिशत बजेटको उपयोग गरेर पैरवी सीप विकास तालिम संचालन भएका छन् । तथापि यी कार्यक्रमले समेट्न नसकेको समुदायको संख्या धेरै भएकोले संघनता बढाउन आवश्यक छ ।

शान्ति तथा पुनर्निर्माण मन्त्रालय, गृह मन्त्रालय र राष्ट्रिय महिला आयोगबाट संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ र १८२० कार्यान्वयन राष्ट्रिय कार्ययोजना सम्बन्धी विषयवस्तुको स्थानीयकरण गर्ने उद्देश्यले सरकारी पदाधिकारी र लक्षित समुदायका सदस्यहरू समेत गरी १२२३ जनालाई पैरवी सीप विकास तालिम प्रदान गरेको पाइन्छ । त्यसरी अवसर पाउने पदाधिकारीको कार्यशैलीमा आएको परिर्वतन र समुदायको जीवनस्तरमा आएको सुधार के कस्तो छ भन्ने बारेमा भने उक्त कार्यक्रम आयोजना गर्ने निकायहरूसँग जानकारी रहेको पाइदैन । त्यसैले असर र प्रभावको छुट्टै अध्ययन गर्न आवश्यक देखिन्छ । यस सम्बन्धी थप विवरण देहाय वमोजिमको तालिकामा प्रस्तुत गरिएको छ :-

**तालिका नं. १९**

**पैरवी सीप विकास तालिम र सहभागी संख्या**

| सि.नं. | निकाय | सीप विकास अभिवृद्धि तथा जनचेतनामूलक कार्यक्रमको संख्या | तालिम संख्या | प्रमुख विषयहरू |
|---|---|---|---|---|
| १ | शान्ति तथा पुनर्निर्माण | जनसचेतनामूलक आधारभूत तालिम | ७० | मन्त्रालय अन्तर्गतका गतिविधि, स्थानीय शान्ति समितिको भूमिका र १३२५ र १८२० सम्बन्धी जानकारी |
| | | विषयगत तालिम | ७ | संवाद, मेलमिलाप तथा द्वन्द्व व्यवस्थापन |
| | | सीप विकास तालिम | २९५ | रोजगार/स्वरोजगार अभिवृद्धि |
| | राष्ट्रिय महिला आयोग | अभिमुखीकरण तालिम | २०० | विभिन्न राजनीतिक दलका पदाधिकारीलाई १३२५ र १८२० राष्ट्रिय कार्ययोजना |
| | | अभिमुखीकरण तालिम | २०० | सरकारी निकायका पदाधिकारीलाई १३२५ र १८२० राष्ट्रिय कार्ययोजना |
| | | महिला सहभागिता अभिवृद्धि सम्बन्धी अन्तरक्रिया | २०० | सरकारी निकाय र विभिन्न राजनीतिक दलका पदाधिकारीलाई १३२५ र १८२० राष्ट्रिय कार्ययोजना |
| | | महिला सहभागिता अभिवृद्धि सम्बन्धी अन्तरक्रिया | २०० | गैर सरकारी संघ- संस्था र स्थानीय शान्ति समितिका पदाधिकारीलाई १३२५ र १८२० राष्ट्रिय कार्ययोजना |
| | गृह मन्त्रालय | Gender/NAP सम्बन्धमा गृह मन्त्रालयका अधिकृत लगायतका कर्मचारीहरूलाई अनुशिक्षण दिइएको । | ५१ जना | • ५ जिल्ला रसुवा, झापा, रामेछाप, स्याङ्जा र वर्दियामा कार्यक्रम संचालन गरेको ।<br>• बाँके तथा काभ्रेपलाञ्चोक जिल्लाका प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख, स्थानीय विकास अधिकारी र महिला विकास अधिकृत लगायतका पदाधिकारीहरूलाई १३२० र १८२५ को वारेमा अनुशिक्षण कार्यक्रम संचालन गरेको ।<br>• हिंसापीडित महिलालाई उजूरी गर्ने वातावरण तथा सुरक्षा प्रदान गर्ने पीडित सहयोग निर्देशिका तयार भई प्रशिक्षण दिइरहेको ।<br>• जिल्ला प्रशासन कार्यालयका मुद्धा शाखाका कर्मचारीहरूलाई यौनिक तथा लैङ्गिक हिंसा सम्बन्धी २ दिने प्रशिक्षण प्रदान गरिएको । |

स्रोतः सम्बन्धित मन्त्रालय तथा निकायहरू

**सूचक ४.२ : संचालित पैरवी सीप अभिवृद्धि तथा जनचेतनामूलक कार्यक्रम र तिनका प्रकारहरू**

पत्रपत्रिका, रेडियो र टेलिभिजनहरूबाट प्रस्ताव नं. १३२५ र १८२० सम्बन्धी सामाग्रीहरू प्रकाशन र प्रशारण भइरहेका छन् । महिला समूहबाट पनि आ-आफ्नो समूहमा कार्यक्रम भइरहेका छन् । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तरगत मुलुकभरका सबै गाविस र नगरपालिकामा सामाजिक परिचालन कार्यक्रम कार्यान्वयन भइरहेका छन् । ती

कार्यक्रमले पनि प्रस्ताव नं. १३२५ र १८२० को स्थानीयकरणमा सघाउ पुऱ्याइरहेका छन् । महिला अधिकारकर्मी संस्थाका संचालकहरूको क्रियाकलाप समेत जनचेतना अभिवृद्धिका लागि उपयोगी सिद्ध भएका छन् । यसरी संचालित कार्यक्रमले सचेतना बढाउन सहयोग गरेको भएता पनि पर्याप्त छैनन र लक्षित समुदायले लाभ लिने अवस्था पनि सृजना हुन सकेको छैन । यस सम्बन्धी विवरण देहाय वमोजिमको तालिकामा प्रस्तुत गरिएको छ :-

**तालिका नं. २०**

**मन्त्रालय तथा निकायबाट संचार माध्यमसँगको सहकार्यमा संचालित कार्यक्रमहरू**

| सि. न. | निकाय | तालिमको नाम | विषय | मिति/अवधि | महिला सहभागी संस्था |
|---|---|---|---|---|---|
| १ | सूचना तथा संचार मन्त्रालय | सामुदायिक सूचना केन्द्र संचालन सम्बन्धी क्षेत्रीय अभिमुखीकरण गोष्ठी | सूचना र प्रविधिमा महिलाको पहुँच र सहभागिता बढाउन सामुदायिक सूचना केन्द्र स्थापना गर्ने कार्यक्रम ५ वटा संचालन | २०७० फागुन | १८२ मध्ये ४६ महिला |
| २ | महिला, बाल तथा समाज कल्याण मन्त्रालय | सीप तथा व्यवसायिकता विकास | | आ.व. ०६९।७० | ६२३४ |
| ३ | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | विद्यालय विमुख किशोरीहरूलाई सीप तथा जीवन उपयोगी तालिम । | | आ.व. ०६९।७० | १९२० |

स्रोतः सम्बन्धित मन्त्रालय तथा निकायहरू

### सूचक ४.३: विभिन्न संचार माध्यमबाट विभिन्न स्थानीय भाषामा संचालित/प्रकाशित/प्रसारित कार्यक्रमहरूको संख्याः

संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्‌बाट पारित प्रस्ताव नं. १३२५ र १८२० का विषयवस्तुलाई प्रत्यक्ष रुपले सम्बोधन गर्ने कार्यक्रम किटानीसाथ भन्न सकिने अवस्था छैन । तथापि सहयोगी कार्यक्रमहरू रेडियो, टेलिभिजन र पत्रपत्रिकाबाट संचालन भइरहेका छन् । लक्षित समुदायलाई सुसूचित गर्ने, सरकारलाई जिम्मेवार बनाउने र संस्थाहरूलाई कार्यमूलक बनाउन यस्ता कार्यक्रमले सघाइरहेका छन् ।

### सूचक ४.४ : महिला सहभागिता अभिवृद्धिका लागि शुरुवात गरिएका कार्यक्रमहरू

संचार माध्यमहरू रेडियो नेपाल र नेपाल टेलिभिजनबाट महिला सहभागिता अभिवृद्धिका पक्षमा बहस, पैरवी गर्ने लगायतका कार्यक्रम प्रसारण भइरहेका छन् । हाल नेपाल टेलिभिजनबाट ३ वटा र रेडियो नेपालबाट ४ वटा कार्यक्रम प्रसारण भइरहेका छन् । केही नयाँ कार्यक्रमको शुरुवात पनि गरिएको छ । सो सम्बन्धी विवरण देहाय वमोजिमको तालिकामा प्रस्तुत गरिएको छ :-

**तालिका नं. २१**
**संचार माध्यमबाट संचालित कार्यक्रम**

| सि.नं. | माध्यम | महिला सहभागिता अभिवृद्धिका लागि शुरुवात गरिएका कार्यक्रम | महिला शान्ति र सुरक्षालाई | कैफियत |
|---|---|---|---|---|
| १ | नेपाल टेलिभिजन | संघर्ष | निर्माण र प्रशारणका लागि छुट्टै स्थान दिई वार्षिक रुपमा वजेट विनियोजित हुने | दलित महिला संघ द्वारा प्रायोजित |
| २ | रेडियो नेपाल | महिला अधिकार | महिला हक, दायित्व, जिम्मेवारीका लागि राष्ट्रिय महिला आयोगले गर्दै आएका कृयाकलापहरू | राष्ट्रिय महिला आयोग र रेडियो नेपालको सहकार्य |
| | | भन्छिन आमा र हेलो भन्छिन आमा | महिला विशेष गरी सुत्केरी आमाको स्वास्थ्य र पौष्टिक आहारको महत्व सम्बन्धी जानकारी | इक्वेल एक्सेस र रेडियो नेपाल |
| | | लैङ्गिक हिंसा निवारण सचेतना | पुरुष र महिला वीचको लैङ्गिक विभेद हटाउन महिलामाथिको हिंसा, अमानवीय व्यवहार, दुर्व्यवहार रोक्न र त्यस्का विरुद्धको जनचेतना बढाउनु | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र रेडियो नेपाल |
| | | चेतनाका स्वरहरू र आमा नाटक | महिला विशेष गरी किशोरीहरूको प्रजनन् स्वास्थ्यको हेरचाह र महत्वका वारेमा जानकारी | राष्ट्रिय सूचना तथा संचार केन्द्र र रेडियो नेपाल |

स्रोत: नेपाल टेलिभीजन र रेडियो नेपाल

**तालिका नं. २२**

**महिला सहभागिता अभिवृद्धिका लागि शुरुवात गरिएका कार्यक्रमहरू**

| सि.नं. | सरकारी संचार माध्यम | कार्यक्रमको नाम | विषय | भाषा | कैफियत |
|---|---|---|---|---|---|
| १ | नेपाल टेलिभिजन | कानूनी परामर्श लगायत ९ वटा कार्यक्रम | | नेपाली | साप्ताहिक, मासिक, पाक्षिक |
| २ | गोरखापत्र संस्थान | | महिला सहभागिता प्रवर्द्धन | विभिन्न ३० भाषामा प्रकाशन हुने गरेको । | समय-समयमा महिला सहभागिता प्रवर्द्धनका लागि उक्त भाषाहरूबाट सामग्री प्रशारण गर्ने गरेको । |

स्रोतः नेपाल टेलिभिजन र गोरखापत्र संस्थान

### ३.२ सुरक्षा र रोकथाम

राष्ट्रिय कार्ययोजनाको दोस्रो स्तम्भ सुरक्षा र रोकथाम हो । यस स्तम्भ अन्तर्गत द्वन्द्व पूर्व, द्वन्द्वको समय एवं द्वन्द्व पश्चात् महिला र बालिकाको अधिकार हनन हुन नदिई उनीहरूको अधिकार सुनिश्चित गर्ने, लैङ्गिक तथा यौनजन्य हिंसामा आधारित घटनालाई तत्काल एवं प्रभावकारी रुपमा सम्बोधन गर्नको लागि न्याय एवं सुरक्षा प्रणालीमा आवश्यक सुधार गरी दण्डहिनता अन्त्य गर्ने, महिलाको सुरक्षाको विषयहरूलाई सम्बोधन गर्ने जस्ता विषयहरूलाई समावेश गरिएको छ। महिला तथा बालिकासँग सम्बन्धित घटनाको अनुसन्धान, तहकिकात लगायत मुद्धाको किनारा हुँदासम्म महिला तथा बालिकाको मुद्धामा संवेदनशील भएर कारवाही हुन सकेमा मात्र उनीहरूले न्याय प्राप्त गर्न तथा न्यायको अनुभूति गर्न सक्छन् । घटनाको लैङ्गिक संवेदनशील अनुसन्धान, सेवा प्रदायक निकायहरूमा लैङ्गिक मैत्री वातावरण र लैङ्गिक दृष्टिकोण भएमा मात्र महिला तथा बालिकाहरूले सुरक्षित महशुस गर्न सक्दछन् ।

**उद्देश्यः द्वन्द्व पूर्व, द्वन्द्वको समय एवं द्वन्द्व पश्चात् महिला र बालिकाको अधिकार हनन हुन नदिई उनीहरूको अधिकार सुनिश्चित गर्ने ।**

**रणनीतिक उद्देश्य १: लैङ्गिक तथा यौनजन्य हिंसामा आधारित घटनालाई तत्काल एवं प्रभावकारी रुपमा सम्बोधनको लागि न्याय एवं सुरक्षा प्रणालीमा आवश्यक सुधार गरी दण्डहिनताको अन्त्य गर्ने ।**

**सूचक १.१ लैङ्गिक तथा यौनजन्य हिंसामा आधारित घटनालाई प्रभावकारी रुपमा सम्बोधन गर्नका लागि सुदृढ तथा सुधारिएको न्यायिक तथा सुरक्षा प्रणाली**

प्राप्त तथ्यांकहरूको आधारमा हेर्ने हो भने लैङ्गिक तथा यौनजन्य हिंसामा आधारित घटनालाई सम्बोधन गर्न तथा अनुसन्धानलाई प्रभावकारी बनाउनका लागि थुप्रै संयन्त्रहरू निर्माण भएका छन । गृह मन्त्रालयले नेपाल प्रहरीको कतिपय स्थानहरूमा यस सम्बन्धी महत्वपूर्ण सुधारहरू गरेको छ। जस्तो यौनजन्य हिंसा तथा लैङ्गिकतामा आधारित हिंसाका घटनाहरूलाई तत्कालै सम्बोधन गर्न मोवाइल भ्यानको व्यवस्था, हटलाइन सेवा र महिला प्रहरीको लागि छुट्टै शौचालयको व्यवस्था गरेको छ । त्यसैगरी महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले लैङ्गिकतामा आधारित हिंसा सम्बन्धमा राष्ट्रिय कार्ययोजना र राष्ट्रिय महिला आयोगले कानूनी परामर्शका लागि छुट्टै कक्ष (Desk) को व्यवस्था गरेको छ । उद्योग मन्त्रालयले औद्योगिक प्रतिष्ठानका कार्यस्थलमा हुने लैङ्गिक हिंसा विरुद्धको आचार संहिता, २०६७ कार्यान्वयनमा ल्याएको छ । नेपाल शान्ति कोष सचिवालयबाट विभिन्न मन्त्रालय तथा निकायहरू मार्फत राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा गरिएको परियोजना अन्तर्गतका क्रियाकलापहरूले पनि यौनजन्य हिंसा तथा लैङ्गिकतामा आधारित हिंसाका घटनाहरूलाई रोकथाम गर्न सचेतना बढाउने, सूचना दिलाउने, सुविधा थप्ने, सुरक्षा प्रदान गर्ने कार्यमा महत्वपूर्ण भूमिका निभाएको छन । यस

प्रकारका संरचनाहरूले यौनजन्य हिंसा तथा लैङ्गिकतामा आधारित हिंसाका घटनाहरूलाई कति प्रभावकारी ढंगबाट सम्बोधन गर्न सक्दछ भन्ने हेर्न बाँकी नै छ। त्यस्ता सुधारका प्रयासहरूलाई देहाय वमोजिमको तालिकामा प्रस्तुत गरिएको छ :-

**तालिका नं. २३**

**लैङ्गिक तथा यौनजन्य हिंसामा आधारित घटनालाई प्रभावकारी रुपमा सम्बोधन गर्नका लागि सुदृढ तथा सुधारिएको न्यायिक तथा सुरक्षा प्रणाली**

| क्र.सं. | संयन्त्रहरूको नाम | सुधार गरिएका पक्ष | निकाय |
|---|---|---|---|
| १ | औद्योगिक प्रतिष्ठानका कार्यस्थलमा हुने लैङ्गिक हिंसा विरुद्धको आचार संहिता, २०६७ | लागू गरिएको | उद्योग मन्त्रालय |
| २ | • कानून महाशाखा<br>• महिला अधिकार प्रवर्द्धन शाखा, कानूनी सहायता तथा परामर्श शाखा | महिला तथा बालिकाहरूलाई नियमित रुपमा सेवा प्रदान गरिदै आएको। | राष्ट्रिय महिला आयोग |
| ३ | • केन्द्रीय लैङ्गिक इकाईको गठन<br>• शिशु स्याहार केन्द्रको स्थापना २०६७।०३।०१ | • लैङ्गिक मैत्री भवन तथा शिशु स्याहार भवन निर्माण<br>• महिलाको संख्या हेरी उपयुक्त स्थानमा मात्र परिचालन गरिएको<br>• उजुरी तथा गुनासो सुन्ने व्यवस्था मिलाइएको,<br>• वृत्तचित्र प्रशारण, सबै खालका तालिममा लैङ्गिक सचेतना सम्बन्धी विषय समावेश गरिएको। | नेपाल प्रहरी |

| | | | |
|---|---|---|---|
| | लैङ्गिक हिंसाको सम्बन्धमा उजुरी तथा छानविन सम्बन्धी विषयलाई सम्बोधन गर्न नेपाली सेनामा लैङ्गिक आचरण सम्बन्धी निर्देशिका, २०७० | • मानव अधिकारको विश्वव्यापी घोषणापत्र, नागरिक तथा राजनैतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध, लैङ्गिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, श्रम सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धी (CEDAW), बेइजिङ्ग घोषणापत्र १९९५, महिलाको शान्ति सुरक्षा एवं अधिकार सम्बन्धमा संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्बाट पारित प्रस्ताव १३२५ र १८२० लगायतका प्रावधानमा नेपाल सरकारले प्रतिबद्धता जनाइसकेको हुँदा सेनाभित्र उक्त प्रतिबद्धता कार्यान्वयनको लागि ।<br>• कार्यस्थलमा महिला मैत्री वातावरण सृजना गरी महिला सैनिकलाई स्वच्छ वातावरणमा कार्य गर्न प्रोत्साहन दिन साथै महिला हिंसा विरुद्धको हिंसाप्रति शून्य सहिष्णुताको नीति (Zero Tolerance policy) को प्रभावकारी कार्यान्वयनको लागि ।<br>• कार्यस्थलमा हुने लैङ्गिक हिंसाले मानव अधिकार हनन हुनका साथै संस्थाको छविमा आँच आउने र काममा ह्रास आउने हुँदा उक्त परिस्थितिको सृजना हुन नदिनको लागि ।<br>• सैनिक ऐन, नियम, सैनिक अनुशासन, मर्यादा तथा सैनिक आचार संहिता वमोजिम सैनिक व्यक्तिहरूको आचरणलाई व्यवस्थित गर्न । | नेपाली सेना |

| | | | |
|---|---|---|---|
| ४ | • महिला तथा बालबालिका सेवा निर्देशनालय/केन्द्र–२४० वटा<br>• जिल्ला प्रहरी कार्यालयहरूमा लैङ्गिक डेस्कको स्थापना गरिएको<br>• लैङ्गिक सम्पर्क व्यक्ति कार्यालयहरूमा तोकिने गरिएको<br>• नेपाल प्रहरी मार्फत नेपाल शान्ति कोष सचिवालयबाट ५ जिल्लामा महिला तथा बालिका सेवा केन्द्र भवन स्थापना भइसकेको र थप १५ जिल्लामा एशियाली विकास बैंकको सहयोगमा महिला तथा बालिका सेवा केन्द्र भवन निर्माणका लागि सम्झौता हुने क्रममा रहेको<br>• २५ जिल्लाका प्रहरी इकाईहरूमा महिला शौचालय निर्माण गर्ने कार्य भइरहेको र ६५ प्रतिशत कार्य सम्पन्न भएको ।<br>• नख्खु कारागारमा महिला बन्दी गृहको निर्माण कार्य भइरहेको ।<br>• नेपाल प्रहरी महिला तथा बालिका सेलका लागि २ वटा मोवाइल भ्यानको व्यवस्था गरिएको र २४ सै घण्टा टोल फ्रि हटलाइनको व्यवस्था गरिएको । | • महिला प्रहरीहरूबाट नै वयान लिने, गुनासो सुन्ने, घटना विवरण तयार गर्ने व्यवस्था मिलाइएको<br>• महिला प्रहरीहरूबाट नै वयान लिने, गुनासो सुन्ने घटना विवरण तयार गर्ने व्यवस्था मिलाइएको<br>• नेपाल प्रहरी मार्फत केन्द्रदेखि स्थानीय स्तरसम्म २४० स्थानमा महिला तथा बालबालिका सेवा केन्द्र स्थापना भइसकेको<br>• हिंसा पीडित महिलालाई उजुरी गर्ने वातावरण तथा सुरक्षा प्रदान गर्ने पीडित सहयोग निर्देशिका तयार भै प्रशिक्षण दिइरहेको ।<br>• जनचेतना अभिवृद्धिका लागि मुना टेलिचलचित्र सबैतिर प्रदर्शनको लागि जिल्ला प्रहरी कार्यालयहरूमा पठाइसकिएको ।<br>• महिला तथा बालिका सम्बन्धी कानूनहरूको सँगालो प्रकाशित गरिएको ।<br>• प्रहरी नियमावलीमा महिलामैत्री बनाउन प्रयास गरिएको ।<br>• लैङ्गिक हिंसा सम्बन्धी नेपाल प्रहरीको नीति तय गरिएको ।<br>• लैङ्गिक हिंसा विरुद्धको आचार संहिता निर्माण गरी वितरण गरिएको ।<br>• जिल्ला प्रशासन कार्यालयका मुद्धा शाखाका कर्मचारीहरूलाई यौनिक तथा लैङ्गिक हिंसा सम्बन्धी २ दिने प्रशिक्षण प्रदान गरिएको ।<br>• यी कार्यबाट सकारात्मक परिवर्तन देखापरेका छन । | गृह मन्त्रालय |

स्रोतः सम्बन्धित मन्त्रालय तथा निकायहरू

## सूचक १.२ : लैङ्गिक तथा यौनजन्य हिंसामा भएका घटनाको अनुसन्धान, तहकिकात र कारवाही तथा सजायको संख्या र प्रक्रिया

लैङ्गिक तथा यौनजन्य हिंसामा आधारित घटनालाई प्रभावकारी रुपमा सम्बोधन गर्नका लागि सुदृढ तथा सुधारिएको न्यायिक तथा सुरक्षा प्रणाली स्थापित भए पश्चात् यस प्रकारका घटनाहरूको दर्ता, उजुरीमा पनि बढोत्तरी भएको पाइन्छ। नेपाल प्रहरी, राष्ट्रिय महिला आयोग र राष्ट्रिय मानव अधिकार आयोगबाट तत् सम्बन्धी तथ्यांकहरू प्राप्त भएको छ। तथ्यांकहरूको आधार हेर्ने हो भने सरकारी एवं गैर सरकारी संस्था दुबै क्षेत्रहरूबाट द्वन्द्व प्रभावित महिला एवं बालिकाहरूले नि:शुल्क कानूनी सेवाहरू प्राप्त गर्दै आइरहेको देखिएको छ। केन्द्रदेखि जिल्लास्तरसम्मै विभिन्न गैर सरकारी संस्था, नेपाल बार एशोसिएसन, महिला तथा बालबालिका कार्यालय जस्ता निकायहरूले पुऱ्याएको योगदानलाई पनि नजरअन्दाज गर्न सकिदैन। तर यी निकायहरूबाट तथ्यांकहरू प्राप्त गर्न नसकिएको कारण यस अनुगमन प्रतिवेदनमा समावेश गर्न सकिएको छैन। नेपाल प्रहरीमा आएका यस्ता घटनाहरू पनि प्रायशः अन्य सरकारी तथा गैर सरकारी संस्थाहरूबाट सिफारिस भएर आएका हुन्छन्। यद्यपि कतिपय घटनाहरूको दर्ता र उजुरीहरूको व्यवस्थापनमा भने अझै समस्याहरू देखिएका छन्। जस्तै लैङ्गिक मैत्रीपूर्ण वातावरणको अभाव, महिला प्रहरीहरूको सख्यामा कमी, घटनाको अनुसन्धान तथा अन्य प्रक्रियामा संलग्न प्रहरीहरूको क्षमता तथा कानूनी सचेतनामा कमी हुनु, लैङ्गिक संवेदनशीलतामा कमी हुनु, सम्बन्धित सरोकारवालाहरू वीचको समन्वयको अभाव हुनु जस्ता कारणहरूले लैङ्गिक तथा यौनजन्य हिंसामा भएका घटनाको अनुसन्धान, तहकिकात र कारवाहीका विषयमा स्पष्टता आएको पाइदैन।

अन्य संस्थाहरूले पनि विभिन्न व्यक्तिहरूलाई तालिम प्रदान गरी क्षमता अभिवृद्धि गर्दै आइरहेका छन जसले महिला विरुद्ध हुने हिंसाजन्य गतिविधिहरूको रोकथाम र सचेतना अभिवृद्धि गर्न सहयोग पुऱ्याएको छ। तर मुद्दा दर्ता, सिफारिस गरिएका मुद्धाको अवस्था, कानूनी परामर्श प्रदान गरिएका मुद्धाहरूको तथ्यांक राख्ने समुचित व्यवस्था नभएकोले नै ती सबै सेवाहरूको तथ्यांक प्रस्तुत गर्न असम्भव देखिन्छ।

### तालिका नं. २४
### लैङ्गिक तथा यौनजन्य हिंसामा भएका घटनाको अनुसन्धान, तहकिकात र कारवाही तथा सजायको संख्या

| क्र.सं. | निकाय | घटनाको प्रकार | उजुरी भएको घटनाको संख्या | घटना दर्ता मिति | अनुसन्धान भएको संख्या | कारवाही प्रक्रिया |
|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय महिला आयोग | महिला हिंसा, घरेलु हिंसा | ९३६ | | | अदालत, मिलापपत्र, प्रहरीमा पत्राचार |
| २ | राष्ट्रिय मानव अधिकार आयोग | महिला विरुद्धका घटना उजुरी (बलात्कार, घरेलु हिंसा, वोक्सीको आरोपमा यातना) | २८ | २०६६–२०६७ | २० | |
| | | घरेलु हिंसा, धम्की, यौन दुर्व्यवहार | २९ | २०६७–२०६८ | २० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | घरेलु हिंसा, महिलाको प्रजनन स्वास्थ्य, यौनजन्य हिंसा, एकल महिला, द्वन्द्व पीडित महिलाको अवस्था, बलात्कार, महिला गृहमा रहेका महिलाहरूमाथि निर्मम यातना, अन्तर जातीय विवाह गरेको कारण हत्या, सेना द्वारा शोषण | १६ | २०६८–२०६९ | १३ | अन्तिम<br>निर्णय भएको संख्या ८ |
| | | यौनजन्य हिंसा, बलात्कार, घरेलु हिंसा र वोक्सीको आरोपमा यातना | २२ | २०६९–२०७० | १७ | निर्णय भएको २० |
| | | घरेलु हिंसा, यौन दुर्व्यवहार, जबर्जस्ती करणी, घरेलु हिंसा पश्चात् मृत्यु, वोक्सीको आरोपमा हत्या | २० | २०७० आषाढ देखि–२०७० माघ सम्म | ८ | प्रहरीमा कारवाहीमा रहेको |

स्रोतः सम्बन्धित निकायहरू

**तालिका नं. २५**

**महिला तथा बालबालिका विरुद्धका त्रिवर्षीय अपराध तथ्यांक**

| १ | जबर्जस्ती करणी | जबर्जस्ती करणीको उद्योग | बेचबिखन | गर्भपतन | बहुबिवाह | बाल बिवाह | घरायसी हिंसा |
|---|---|---|---|---|---|---|---|
| २०६६/०६७ | ३७६ | १०१ | १६१ | ८ | १४६ | ७ | ९८३ |
| २०६७/०६८ | ४८१ | १५१ | १८३ | १२ | १९७ | ३ | १३५५ |
| २०६८/०६९ | ५४३ | १५९ | ११८ | १२ | २४९ | १२ | २२५० |
| २०६९/७० | ६७७ | २४५ | १४४ | २८ | ३५० | १९ | १८०० |

स्रोत : केन्द्रीय प्रहरी महिला तथा बालबालिका सेवा केन्द्र, प्रहरी प्रधान कार्यालय, २०७०, *www.nepalpolice.gov.np*

**तालिका नं. २६**

**नेपाली सेनाले महिला हिंसा विरुद्ध गरेका कारवाहीको संख्या**

| क.सं. | घटेका यौनजन्य हिंसाको संख्या | उजुरी संख्या | कारवाहीको संख्या | पहिचान भएका दोषीको संख्या | दण्डको किसिम | निकाय |
|---|---|---|---|---|---|---|
| १ | १२ | १२ | १२<br>२ वटा मुद्दाहरू हाल अनुसन्धानको क्रममा रहेको | १२ | ३ जनालाई कैद तथा सेवाबाट बर्खास्त, ५ जनालाई बढुवा रोक्का, २ जनालाई घटुवा र २ जनालाई नसिकहतको सजाय भएको । | नेपाली सेना |

स्रोतः नेपाल सरकार, रक्षा मन्त्रालय

**तालिका नं. २७**

**आ.व.२०६९/२०७० मा जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका मुद्दाहरूको विषयगत विवरण**

| | | जिल्ला सरकारी वकील | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | मुद्धाहरूको नाम | लगत | | फछ्र्यौट संख्या | | | | | | जम्मा | | बाँकी | |
| | | | | कसूर कायम | | सफाई | | फिर्ता, मुल्तवी | | | | | |
| | | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी |
| १ | करणी | | | | | | | | | | | | |
| | जबर्जस्ती करणी | १२१० | १६२० | ३११ | ३८९ | २०१ | २८९ | ३३ | ५१ | ५४५ | ७२९ | ६६५ | ८९१ |
| | जबर्जस्ती करणी उद्योग | ३३१ | ३८८ | ५७ | ६७ | ८४ | ९२ | ७ | ७ | १४८ | १६६ | १८३ | २२२ |

स्रोतः महान्यायाधिवक्ताको कार्यालय

**तालिका नं. २८**

**आ.व. २०६८/२०६९ मा जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका मुद्दाहरूको विषयगत विवरण**

| | | जिल्ला सरकारी वकील | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | मुद्दाहरूको नाम | लगत | | फछ्र्यौट संख्या | | | | | | जम्मा | | बाँकी | |
| | | | | कसूर कायम | | सफाई | | फिर्ता, मुल्तवी | | | | | |
| | | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी |
| १ | करणी | | | | | | | | | | | | |
| | जबर्जस्ती करणी | १०५१ | १४५४ | ३४९ | ४३७ | १६० | २३५ | ३८ | ५८ | ५४७ | ७३० | ५०४ | ७२४ |
| | जबर्जस्ती करणी उद्योग | २७८ | ३२१ | ७३ | ८० | ९६ | १०८ | ३ | ७ | १७२ | १९५ | १०६ | १२६ |

स्रोतः महान्यायाधिवक्ताको कार्यालय

**तालिका नं. २९**

**२०६७/२०६८ मा जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका मुद्दाहरूको विषयगत विवरण**

| जिल्ला सरकारी वकील | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सिनं | मुद्दाहरूको नाम | लगत | | फछ्र्यौट संख्या | | | | | | जम्मा | | बाँकी | |
| | | | कसूर कायम | | सफाई | | फिर्ता, मुल्तबी | | | | | | |
| | | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी | मुद्दा | प्रतिवादी |
| १ | करणी | | | | | | | | | | | | |
| | जबर्जस्ती करणी | ९२१ | १३४६ | ३३२ | ४१५ | १३८ | २४४ | ३१ | ५१ | ५०१ | ७१० | ४२० | ६३६ |
| | जबर्जस्ती करणी उद्योग | २३३ | २८४ | ५४ | ६२ | ६१ | ८२ | १० | १० | १२५ | १५४ | १०८ | १३० |

स्रोतः महान्यायाधिवक्ताको कार्यालय

राष्ट्रिय कार्ययोजनाले लैङ्गिक तथा यौनजन्य हिंसामा आधारित घटनालाई तत्काल एवं प्रभावकारी रुपमा सम्बोधन गर्नका लागि न्याय तथा सुरक्षा प्रणालीलाई सुधार गरिनुपर्ने विषयलाई महत्वकासाथ उल्लेख गरेको छ। यसका लागि न्याय र सुरक्षा क्षेत्रलाई लैङ्गिक संवेदनशील बनाउन र यस सम्बन्धी वर्तमान व्यवस्था र प्रणालीलाई सुधार गर्न आवश्यक छ। नेपालमा पछिल्लो समयमा सुरक्षा क्षेत्रमा सुधारका कार्यक्रमहरू सुरुवात गरिएको छ। यस क्रममा रक्षा मन्त्रालयले सुरक्षा क्षेत्र सुधार परियोजना कार्यान्वयनमा ल्याएको छ। सुरक्षा क्षेत्रभित्र यौनजन्य घटनाहरूमा शून्य सहिष्णुता लागू गर्ने, सुरक्षा निकायमा कार्यरतहरूका लागि आचार संहिता लागू गर्ने, लैङ्गिक संवेदनशील घटनाहरूको अनुसन्धान सम्बन्धी क्षमता विकासका कार्यक्रमहरू संचालन गर्ने, १३२५ र १८२० सम्बन्धी अभिमुखीकरण कार्यक्रमहरू संचालन गर्ने, अदालतमा लैङ्गिक संवेदनशील मुद्धाहरूमा गोपनियता कायम गर्ने जस्ता महत्वपूर्ण सुधारका विषयहरू शुरुवात गरिएका छन। तर हालसम्म कति मुद्धाहरू त्यस्ता सुधारिएका निकाय तथा कानून अन्तर्गत अनुसन्धान तथा सुनुवाई गरिएको छ भन्ने तथ्याक भने उपलब्ध छैन।

## सूचक : १.३ गोपनियता सम्बन्धी कानूनको निर्माण

नेपालमा छुट्टै गोपनियता सम्बन्धी कानून निर्माण गर्न लामो समयदेखि पहल भएता पनि यस सम्बन्धी कानून भने निर्माण हुनसकेको छैन। सम्मानित सर्वोच्च अदालतले यस सम्बन्धी कानून निर्माण गर्न सरकारको नाममा निर्देशनात्मक आदेश समेत जारी गरिसकेको छ।[१०] तर यौनजन्य हिंसा तथा लैङ्गिक हिंसाको अतिरिक्त महिला तथा बालिकाका लागि संवेदनशील रहेका विषयको उजुरी, अनुसन्धान तथा तहकिकात सम्बन्धी कानून निर्माण हुनुपर्ने र यस्तो कानूनमा महिला तथा बालिकाको परिचय गोप्य राख्ने, सुरक्षाको विशेष व्यवस्था गरिनुपर्ने, अग्राधिकार पाउने व्यवस्था हुनुपर्ने, नि:शुल्क कानूनी सहायता उपलब्ध हुने व्यवस्था हुनुपर्ने, बन्द इजलासको व्यवस्था गरिनुपर्ने देखिन्छ। यसैगरी जिल्लामा यौनजन्य हिंसाको छानविन गर्दा महिला प्रहरी अधिकृतबाट अनुसन्धान तहकिकात हुने व्यवस्था गर्ने र यस सम्बन्धमा निजहरूको क्षमता अभिवृद्धि जस्ता कुराहरूको सुनिश्चितता गरिनु आवश्यक देखिन्छ।

## सूचक: १.४ : प्रभावकारी नि:शुल्क कानूनी सेवा प्राप्त गर्ने द्वन्द्व प्रभावित महिला तथा बालिकाहरूको संख्या

नेपाल शान्ति कोष सचिवालयबाट परयोजना प्राप्त गरी कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालयले देशभरीका ४३ जिल्लामा द्वन्द्व प्रभावित महिला तथा बालिकाहरूलाई नि:शुल्क कानूनी सेवा प्रदान गरेको छ।[११] तर यसबाट कति द्वन्द्व प्रभावित महिला तथा बालिकाहरूले त्यस्ता सेवा प्राप्त गरे भन्ने तथ्यांक भने राखेको पाइदैन। त्यसैगरी गैर

१० संवत् २०६३ सालको रिट नं ३५६१, सपना प्रधान मल्ल विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत

११ कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालय अर्न्तगत संचालित कार्यक्रम, (Enhancing Access to Justice for Women, Girls and Conflict Affected People, Project 3\06)

सरकारी संस्थाहरूबाट समेत यस क्षेत्रमा प्रशस्त कार्यहरू भएको पाइन्छ। राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानव अधिकार आयोग, नेपाल बार एशोसियसन लगायतले पनि यस क्षेत्रमा कार्य गरेका छन। सो सम्बन्धी विवरण देहाय वमोजिमको तालिकामा प्रस्तुत गरिएको छ :-

**तालिका नं. ३०**

**विभिन्न सेवा प्राप्त गर्ने महिला तथा बालिकाको संख्या**

| सेवाका प्रकारहरू | अप्रिल २०१०-अप्रिल २०१२ | २०११ (जनवरी - डिसेम्वर) |
|---|---|---|
| कानूनी परामर्श प्राप्त गर्नेको संख्या | १००० | ८०२ |
| अरु कानूनी सेवाको लागि सिफारिस गरिएको संख्या | ३४८ | २८६ |
| मनोसामाजिक परामर्श सेवा प्राप्त गर्नेको संख्या | ३५५१ | ३१९३ |
| अरु मनोसामाजिक परामर्श सेवाको लागि चभाभचचबर्ा को संख्या | ३७५ | ३०६ |
| लैङ्गिक तथा यौनजन्य हिंसा अभिलेख भएका संख्या | ८२१ | ६९५ |
| जिविकोपार्जन सहयोगको लागि पहिचान गरिएका लैङ्गिक तथा यौनजन्य हिंसा पीडितहरू | २८० | २३४ |
| द्वन्द्व सम्बन्धित यौनजन्य हिंसाको संख्या | ७० | ६० |

*Source: UNFPA*

**तालिका नं. ३१**

**राष्ट्रिय महिला आयोगबाट प्रदान गरिएको सेवा प्राप्त गर्नेको संख्या**

| क्र.सं. | सेवा प्राप्त गर्नेको संख्या | सेवाको प्रकार | | | सेवा प्रदान गरिएको अवधि | सेवा प्रदायक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | कानूनी परामर्श | कानूनी सहयोग | अन्य | | | |
| | १०३६ | ३५५ | ८७ | ५९४ | ३ वर्ष | महिला | आयोगमा द्वन्द्व प्रभावित भनेर छुट्टै तथ्यांक राख्ने नगरी समग्र महिला हिंसा तथा घरेलु हिंसा भनी दर्ता हुने |

स्रोतः राष्ट्रिय महिला आयोग

## सूचक १.५ लैङ्गिक तथा यौनजन्य हिंसामा आधारित घटनाका पीडितलाई प्रभावकारी र तत्काल सेवा प्रदान गर्न न्यायिक तथा सुरक्षा क्षेत्रका पदाधिकारीहरूको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम र सहभागी संख्या

लैङ्गिक तथा यौनजन्य हिंसामा आधारित घटनाहरूको प्रभावकारी अनुसन्धान गर्न, लैङ्गिक संवेदनशील हुन र तत्काल सेवा प्रदान गर्न केही निकायहरूबाट न्यायिक तथा सुरक्षा क्षेत्रका पदाधिकारीहरूलाई क्षमता अभिवृद्धि सम्बन्धी प्रशिक्षण प्रदान भएको देखिन्छ। तर यस प्रकारको कार्यक्रमहरूबाट परेको प्रभाव र त्यसबाट सेवाको गुणस्तरमा आएको प्रभावकारिताको भने थप अध्ययन गर्न आवश्यक छ।

तालिका नं. ३२

**न्यायिक तथा सुरक्षा क्षेत्रका पदाधिकारीहरूको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम र सहभागी संख्या**

| क्र.सं. | निकाय | क्षमता अभिवृद्धि कार्यक्रमको नाम र विषय | कार्यक्रम मिति र अवधि | सहभागी तह (अधिकृत वा सहायक) | सहभागी संख्या |
|---|---|---|---|---|---|
| | रक्षा मन्त्रालय | लैङ्गिक संवेदनशील सुरक्षा क्षेत्र सुधार कार्यक्रम | २०७० पौष | विशिष्ट श्रेणी देखि श्रेणी विहिन | ३३ |

स्रोतः नेपाल सरकार, रक्षा मन्त्रालय

**तालिका नं. ३३**

**नेपाल प्रहरीमा क्षमता अभिवृद्धि कार्यक्रम**

| तालिमको नाम | कुल सहभागी संख्या |
|---|---|
| Prevention of GBV and HIV/AIDS Right based Analysis (ToT for Senior Officer ) – 7 days | १७ |
| महिला तथा बालबालिकासँग सम्बन्धित अपराध अनुसन्धान विषयक ६ दिवसीय प्रशिक्षक प्रशिक्षण तालिम (सि.प्र. अं. का. लागि) | २० |
| महिला तथा बालबालिकासँग सम्बन्धित अपराध अनुसन्धान विषयक १६ दिने तालिम ५ वटै क्षेत्रमा प्र.स.निं.देखि प्र.निं दर्जाका प्र.क.का लागि | १४४ |
| महिला तथा बालबालिकासँग सम्बन्धित अपराध अनुसन्धान तथा बाल न्याय प्रणाली विषयक १६ दिने प्र.स.निं.देखि प्र.स.निं देखि प्र.निं.सम्मका लागि | ३० |
| महिला तथा बालबालिकासँग सम्बन्धित अपराध अनुसन्धान विषयक १६ दिने प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न - उपत्यकामा कार्यरत प्र.ना.उ.देखि प्र.स.नि दर्जाका प्र.क.हरू सहभागि | ३० |
| Justice for Children विषयमा प्र.निं. र प्र.ना.उ. दर्जाका प्रहरीहरूको लागि प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न (६ कार्यदिन) | २५ |
| Justice for Children विषयमा जुनियर प्रहरी अधिकृतहरूको लागि ५ दिने प्रशिक्षण ( धनगढी, विराटनगर, पोखरा र नेपालगंज) | १२० |
| Psychosocial Intervention Training (Care for Care Giver) to WCSC staffs विराटनगर, पोखरा, नेपालगंज र उपत्यकामा सम्पन्न (प्र.स.निं. देखि प्र.निं. सम्म) | १५० |
| Psychosocial Intervention Training (Care for Care Giver) to WCSC staffs विराटनगर, पोखरा, नेपालगंज र उपत्यकामा सम्पन्न (प्र.ह. र प्र.ज. को लागि) | ३२५ |
| Justice for Children विषयमा जुनियर प्रहरी अधिकृतहरूको लागि ५ दिने प्रशिक्षण ( चितवन) | ३० |
| Psychosocial Intervention Training (Care for Care Giver) to WCSC उपत्यका र चितवनमा सम्पन्न (प्र.स.निं. देखि प्र.निं. सम्म) | ५० |
| Psychosocial Intervention Training (Care for Care Giver) to WCSC उपत्यका र चितवनमा सम्पन्न (प्र.ह. र प्र.ज. को लागि) | ५० |
| ToT on Gender Responsive Investigation and Counseling skill | ३० |
| Gender Responsive Investigation and Counseling skill for district level staff ( Bara, Dhanusha, Rautahat, Doti) | २४३ |

| | |
|---|---|
| Gender Responsive Investigation and Counseling skill in Kathmandu valley for for junior level and other | ६० |
| Gender Responsive Investigation and Counseling skill in Jumla district for senior, junior level and other staff | ६० |
| Capacity enhancement of Nepal Police to contribute the Peace Process effectively, Senior Police Officer ( NPA) | ३० |
| Capacity Enhancement of Nepal Police to contribute the Peace Process effective-lyl ( Bharatpur, Nepalgunj, Butwal and Arm Police Battalion no. 1, Biratnagar, Dhangadhi, Parsa, PHQ, Ramech Senior Police Offihap, Kavre ) Junior . | ५०७ |
| महिला तथा बालबालिकासँग सम्बन्धित अपराध अनुसन्धान विषयक १६ दिने प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न उपत्यकामा कार्यरत प्र.ना.उ. देखि प्र.निं. दर्जाका प्र. क. हरू स) | ६४ |

स्रोतः नेपाल प्रहरी प्रधान कार्यालय ।

### सूचक १.६: प्रभावकारी सेवा प्राप्त गर्ने सेवाग्राहीको संख्या

विभिन्न निकायहरूबाट लैङ्गिक तथा यौनजन्य हिंसामा आधारित घटनाका पीडितलाई प्रभावकारी र तत्काल सेवा प्रदान गर्न विविध प्रकारका क्षमता अभिवृद्धिका कार्यक्रमहरू भएता पनि कति सेवाग्राहीहरूले त्यस्तो सेवा प्राप्त गरे भन्ने कुनै तथ्यांक प्राप्त छैन ।

### सूचक १.७: द्वन्द्वकालमा भएका यौनजन्य हिंसामा संलग्न दोषीलाई दण्ड दिलाउन भएका नयाँ कानूनी व्यवस्था ।

संक्रमणकालीन न्यायलाई सम्बोधन गर्न नेपाल सरकारबाट बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ व्यवस्थापिका-संसदबाट पारित गरिएको छ । यस ऐनमा द्वन्द्वकालमा भएका यौनजन्य हिंसामा संलग्न दोषीलाई दण्ड दिलाउन कानूनी व्यवस्था गरिएको छ । यसलाई दीर्घकालीन न्याय तथा शान्ति प्राप्तिको लागि एउटा महत्वपूर्ण कानूनी व्यवस्था मान्नु पर्दछ ।

**तालिका नं. ३४**

**द्वन्द्वकालमा भएका यौनजन्य हिंसामा संलग्न दोषीलाई दण्ड दिलाउन भएका नयाँ कानूनी व्यवस्था**

| क्र.सं. | नयाँ कानूनको नाम | जारी मिति | व्यवस्थाको नाम |
|---|---|---|---|
| १ | बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ | २०७१।१।२८ | ऐनको दफा २ को परिभाषा खण्ड (ञ) अन्तरगत 'मानव अधिकारको गम्भीर उल्लंघन' भित्र बलात्कार तथा यौनजन्य हिंसालाई समेत समावेश गरिएको । ऐनको दफा २६ को उपदफा २ वमोजिम बलात्कार र आयोगको छानविनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएका गम्भीर प्रकृतिका अन्य अपराधमा संलग्न पीडकलाई आयोगले क्षमादानका लागि सिफारिस गर्न नसक्ने व्यवस्था गरिएको । |

स्रोतः बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१

### सूचक १.८ : अभियोजन तथा कारवाहीको संख्या र स्थिति

द्वन्द्वकालमा भएका घटनाहरूको अनुसन्धान, तथ्यांकको संकलन गर्ने कार्यका लागि विस्तृत शान्ति संझौता, अन्तरिम संविधानमा छुट्टै कानून बनाउने व्यवस्था भएता पनि लामो समयसम्म त्यस सम्बन्धी कानून नबनेको कारण त्यस्ता घटनाहरूको व्यापक अनुसन्धान हुन सकेको छैन । सरकारले भर्खरै मात्र बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ जारी गरेको हुँदा अब यस सम्बन्धी कार्य अघि बढ्न सजिलो भएको छ । यस ऐन बमोजिम कार्य शुरु भए पश्चात मात्र द्वन्द्वकालमा भएका घटनाहरूको अनुसन्धान भई अभियोजन हुने र कारवाहीको प्रक्रिया अघि बढ्दछ ।

### सूचक १.९ : जबर्जस्ती करणीका घटनामा उजुरी गर्ने हदम्यादको कानूनी व्यवस्थामा सुधार

राष्ट्रिय कार्ययोजनाले द्वन्द्वकालमा भएका जबर्जस्ती करणीका घटनामा उजुरी गर्ने हदम्यादको कानूनी व्यवस्थामा सुधार गर्ने उद्देश्य लिएता पनि यस सम्बन्धी कार्य हुन सकेको छैन । यद्यपि मौजुदा हदम्यादलाई बढाउन सम्मानित सर्वोच्च अदालतले सरकारको नाममा आदेश जारी गरिसकेको छ ।[१२]

### सूचक १.१० : अभियोजन तथा कारवाहीको संख्या र स्थिति

जबर्जस्ती करणीका घटनामा उजुरी गर्ने हदम्याद सम्बन्धी कानून नबनिसकेको तथा विद्यमान कानुनमा संसोधन नभईसकेको हुँदा जबर्जस्ती करणीका घटनामा अभियोजन तथा कारवाहीको संख्या उपलब्ध भएको छैन ।

### सूचक १.११ : सुरक्षा निकायभित्र भएका यौनजन्य हिंसाका घटनामा शून्य सहिष्णुता कायम गर्न त्यस्ता घटनामा संलग्न दोषीलाई भएको कारवाहीको संख्या तथा सजायको किसिम

राष्ट्रिय कार्ययोजनाले सुरक्षा निकायभित्र भएका यौनजन्य हिंसाका घटनामा शून्य सहिष्णुता कायम गर्न तथा त्यस्तो घटनामा संलग्न दोषीलाई कारवाही गर्न र पीडितहरूको न्यायको सुनिश्चितता गर्न जोड दिएको छ । यस सम्बन्धमा भएको कारवाहीको तथ्यांक सशस्त्र प्रहरी बलबाट मात्र प्राप्त भएको छ । तथ्यांकले सुरक्षा निकायभित्र हुने यौनजन्य हिंसाका घटनामा शून्य सहिष्णुता कायम हुने कुराको सुनिश्चितता गर्छ र त्यस्ता घटनाहरूमा संलग्नहरूलाई सेवाबाट हटाउने, निलम्वन गर्ने, घटुवा गर्ने, बढुवा रोक्का गर्ने, नसिहत दिने र ध्यानाकर्षण गराउने जस्ता कारवाही भएको पाइनु राम्रो पक्ष हो । तर पीडितको संरक्षण, न्यायको सुनिश्चितताका विषयहरूमा भने कुनै जानकारी दिन बाँकी नै छ । सो सम्बन्धी विवरण देहाय वमोजिमको तालिकामा प्रस्तुत गरिएको छ :-

**तालिका नं. ३५**

**सशस्त्र प्रहरी बलभित्र भएका यौनजन्य हिंसाका घटनामा संलग्न दोषीलाई भएको कारवाहीको संख्या तथा सजायको किसिम**

| क्र.सं. | घटेका यौनजन्य हिंसाको संख्या | उजुरी संख्या | कारवाहीको संख्या | पहिचान भएका दोषीको संख्या | दण्डको किसिम | निकाय |
|---|---|---|---|---|---|---|
| १ | १७ | १७ | १७ | १७ | • सेवाबाट हटाइएको १<br>• निलम्वन ३<br>• घटुवा १<br>• बढुवा रोक्का ४<br>• नसिहत ६<br>• ध्यानाकर्षण २ | सशस्त्र प्रहरी बल |

स्रोत: सशस्त्र प्रहरी बल, प्रधान कार्यालय

१२ विक्रम संवत् २०६१ साल को रिट नं ३३९३, सपना प्रधान मल्ल विरुद्ध नेपाल सरकार, कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय समेत

**तालिका नं. ३६**

**नेपाल प्रहरी अन्तर्गत भएका यौनजन्य हिंसाका घटनामा संलग्न दोषीलाई भएको कारवाहीको संख्या तथा सजायको किसिम**

| क्र.सं. | घटेका यौनजन्य हिंसाको संख्या | उजुरी संख्या | कारवाही संख्या | पहिचान भएका दोषीको संख्या |
|---|---|---|---|---|
| १. | १ | १ | एक पटकको लागि चेतावनि दिएको । | १ |

स्रोतः  नेपाल प्रहरी प्रधान कार्यालय

**रणनीतिक उद्देश्य : २ द्वन्द्व प्रभावित महिला र बालिकाको विशेष आवश्यकता सम्बोधन गर्ने ।**

**सूचक २.१ : स्वास्थ्य उपचार सेवा, मनोसामाजिक एवं कानूनी परामर्श पाउने लैङ्गिक तथा यौनजन्य हिंसाबाट प्रभावित महिला तथा बालिकाहरूको संख्या**

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले देशका १५ जिल्लाहरू - पाँचथर, सुनसरी, सोलुखुम्बु, सप्तरी, सर्लाही, मकवानपुर, नवलपरासी, तनहुँ, काभ्रेपलाञ्चोक, वाग्लुङ्ग, जुम्ला, दाङ्ग, बाँके, डोटी र कञ्चनपुरमा सेवा केन्द्रहरू स्थापित गरी लैङ्गिक तथा यौनजन्य हिंसाबाट प्रभावित महिला तथा बालिकाहरूको लागि स्वास्थ्य उपचार, मनोसामाजिक एवं कानूनी परामर्श जस्ता सेवाहरू प्रदान गर्दै आइरहेको छ। यस्ता सेवा केन्द्रहरूले पीडितहरूलाई खाने, बस्ने तथा उपचार सेवा समेत प्रदान गर्दछन्। त्यसैगरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सन् २०११ देखि यिनै १५ जिल्लाहरूमा एकद्वार संकट व्यवस्थापन केन्द्र (One-Stop Crisis Management Center) को शुरुवात गरी एकै स्थानबाट यस्ता सेवाहरू प्रदान गर्दै आइरहेको छ। तर यी एकद्वार संकट व्यवस्थापन केन्द्रहरू व्यवस्थित र प्रभावकारी रुपले संचालन भई सबैमा आ-आफ्ना सेवाबारे जानकारी पुऱ्याउन र लक्षित वर्गले अरु सेवाबाट सन्तुष्ट भएको अवस्था छैन।

**तालिका नं. ३७**

**संचालित पुर्नस्थापना केन्द्रबाट उद्दार गरिएको संख्या :**

| पुनर्स्थापना केन्द्र संचालनको जिम्मेवारी पाएको संस्थाको नाम | जिल्ला | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७० असार महिना सम्म |
|---|---|---|---|---|---|
| माइती नेपाल आवधिक गृह भैऱ्हवा | रुपन्देही | १७७ | १९५ | २३३ | ३ |
| ग्रामीण महिला श्रृजनशिल परिवार | सिन्धुपाल्चोक | | ६ | १९ | ८ |
| आदर्श नारी विकास केन्द्र | चितवन | १२ | ४३ | १०७ | ७ |
| ए.बी.सी. नेपाल | काठमाण्डौ | २५ | ६९ | ८ | २० |
| साथी | बाँके | ५० | २५४ | २५४ | २ |
| माइती नेपाल, शाखा कार्यालय, बीरगंज | पर्शा | २८ | २४० | १७६ | २ |
| श्रृजनशील समाज | कैलाली | ३० | ३२ | २६ | ९ |
| माइती नेपाल, शाखा कार्यालय, झापा | झापा | ११६ | ४१२ | ६३५ | ३३ |

स्रोतः सम्बन्धित निकायहरुबाट प्राप्त जानकारी

यस प्रकारका सेवाहरू राष्ट्रिय महिला आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयबाट समेत प्रदान गर्दै आइरहेका छन्। यसका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयमा लैङ्गिक सशक्तिकरण इकाई र राष्ट्रिय महिला आयोगमा छुट्टै कक्ष (Desk) को व्यवस्था गरिएको छ। तर यी निकायहरूबाट प्रदान गरिने सेवा पनि सरोकारवाला एवं कार्यान्वयन गर्ने निकायहरू बीच नै समन्वयको अभाव देखिएको छ। त्यसैगरी कुनै क्षेत्रमा यी निकायहरूबाट प्रदान गरिने सेवाहरूमा दोहोरोपन देखिएको छ भने कही यस प्रकारका सेवाहरू नपुगेको अवस्था छ। यस्ता सेवा कति जनाले लिए, हाल उनीहरूको अवस्था कस्तो छ, राम्रा पक्ष के हुन् र चुनौतीहरू कस्ता छन ? भन्ने वारेमा नियमित अनुगमन मूल्यांकन हुन आवश्यक छ।

### सूचक २.२ : लैङ्गिक तथा यौनजन्य हिंसाबाट पीडित र जोखिममा परेका महिला तथा बालिकाहरूको लागि स्थापना भएका अस्थायी आवास गृहको संख्या

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले जिल्ला तथा समुदाय स्तरमा आश्रय केन्द्रहरू स्थापित गरेको छ। उक्त केन्द्रहरूबाट संरक्षण अधिकृत तथा मनोसामाजिक परामर्शदाताले सेवाहरू पुऱ्याउदै आएका छन्। विभिन्न ८ वटा जिल्लाहरूमा पुनःस्थापना केन्द्रहरू स्थापना गरी स्वास्थ्य सेवा, कानूनी सेवा, मनोसामाजिक परामर्श, सचेतना तथा परिवारमा पुर्नमिलन सेवाहरू प्रदान गर्दै आइरहेका छन्। हाल आएर घरेलु हिंसाबाट पीडित महिलाहरूको लागि १५ वटा सुरक्षित घरहरू स्थापित गरिएका छन्। काठमाण्डौ, सुर्खेत, सुनसरी, काभ्रेपलाञ्चोक, झापा, इलाम, नवलपरासीमा त्यस्ता सुरक्षित घरहरू संचालित छन्। महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत स्थापित गरिएका महिला सहकारीहरूबाट त्यस्ता आवास गृह संचालन भइरहेका छन्। यस्ता सेवा केन्द्रहरू शुरुवाती अवस्थामा रहेको हुँदा सरोकारवालाहरूबीचको समन्वय गर्न, यसले दिने सेवाहरूको दीर्घकालीन सुनिश्चितता गर्न केही समय लाग्ने नै हुन्छ।

**तालिका नं. ३८**

**लैङ्गिक तथा यौनजन्य हिंसाबाट पीडित र जोखिममा परेका महिला तथा बालिकाहरूको लागि उपलब्ध गराइएको सेवा**

| क्र.सं. | सेवाग्राहीको संख्या | जिल्ला | सेवाको किसिम | | | | | | | सेवा प्रदायक निकाय | निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सामान्य स्वास्थ्य उपचार | मनोसामाजिक परामर्श | कानूनी विमर्श | कानूनी सेवा | आवासिय सेवा | अन्य निकायमा रिफर | अन्य | | |
| १. | ३७३८ | १५ जिल्ला | ३०५ | ७४५ | १६३५ | ३५३ | | ११७ | ४७६ | महिला तथा बालबालिका कार्यालयहरू | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय |

स्रोतः महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

### सूचक २.३ : पीडित तथा जोखिममा परेका महिला तथा बालिकालाई प्रदान गरिएको सेवाको किसिम र गुणस्तर

कार्ययोजना अन्तर्गत जोखिममा परेका यौनजन्य हिंसाका पीडित महिला तथा बालिकाहरूलाई अस्थायी आवास गृहहरू निर्माण गरी आवश्यक सेवाहरू उपलब्ध गराउने उद्देश्य लिए अनुसार सरकारी तथा गैर सरकारी क्षेत्रबाट यस्ता अस्थायी गृहहरू संचालन भएका छन र उनीहरूलाई त्यस मार्फत खान, बस्न र आवश्यक परामर्शहरू पनि दिइदै आएको छ। तर त्यस्ता सेवाहरू छोटो समयको लागि हुने र कतिपय अस्थायी गृहहरूको त्यस प्रकारको सेवा दिने क्षमता ह्रास हुँदै गएकाले पीडित तथा जोखिममा परेका महिला तथा बालिकाले प्राप्त गर्ने सेवाको गुणस्तरमा फरक देखिएको छ। यसको साथै यस्तो सेवा प्रदान गर्ने सरकारी तथा गैर सरकारी संस्थाको संख्या, सेवाको प्रकार, सेवाको गुणस्तर र सेवादाताको क्षमता सम्बन्धी छुट्टै अध्ययन हुन आवश्यक देखिन्छ।

### सूचक २.४ नेपाल प्रहरी अन्तर्गत लैङ्गिक तथा यौनजन्य हिंसाबाट प्रभावित महिला तथा बालिकाहरूलाई छुट्टै भवनमा स्थापना भएका महिला तथा बालिका सेवा केन्द्रको संख्या

यौनजन्य हिंसा तथा लैङ्गिकतामा आधारित हिंसामा परेका महिला तथा बालिकाहरूलाई विशेष प्रकारको प्रभावकारी सेवा प्रदान गर्न नेपाल प्रहरीले कार्यालय परिसरमा छुट्टै सेवा केन्द्र स्थापना गरेको छ। नेपाल प्रहरी मार्फत केन्द्रदेखि स्थानीय स्तरसम्म २४० स्थानमा महिला तथा बालबालिका सेवा केन्द्र स्थापना भइसकेको छ। नेपाल शान्ति कोष सचिवालयबाट ५ जिल्लामा महिला तथा बालबालिका सेवा केन्द्र भवन स्थापना भइसकेका छन। थप १५ जिल्लामा एशियाली विकास बैंकको सहयोगमा महिला तथा बालबालिका सेवा केन्द्र भवन निर्माणका लागि सम्झौता हुने क्रममा रहेको छ। सो सम्बन्धी विवरण देहाय वमोजिमको तालिकामा प्रस्तुत गरिएको छ :-

तालिका नं. ३९

**नेपाल प्रहरी अन्तर्गत लैङ्गिक तथा यौनजन्य हिंसाबाट प्रभावित महिला तथा बालिकाहरूलाई छुट्टै भवनमा स्थापना भएका महिला तथा बालिका सेवा केन्द्रको संख्या**

| क्र.सं. | छुट्टै भवन भएका महिला सेवा केन्द्रहरूको संख्या | जिल्ला | जिल्लागत उजुरी संख्या | जिल्लागत सेवाग्रही संख्या | जिल्लागत सेवाको प्रकार | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | २४ | प्र.प्र. का.म. तथा बा.बा. सेवा निर्देशनालय समेत झापा, मोरङ्ग, सुनसरी, मकवानपुर, चितवन, काभ्रे, सिन्धुपाल्चोक, नुवाकोट, नबलपर ासी, रुपन्देही, कास्की, धनुषा, बारा, रौतहट, जुम्ला, डोटी, उदयपुर, सर्लाही, कपिलबस्तु, दाङ्ग, कैलाली, ललितपुर, काठमाण्डौ । | झापा -१२७, मोरङ्ग - १९४ सुनसरी - ९८, मकवानपुर –९५, चितवन -२०३ काभ्रे - १९१, सिन्धुपाल्चोक -१२७, नुवाकोट - ७७, नबलपरासी - २२३, रुपन्देही -२ ९५, कास्की -४७० धनुषा - ३३४, बारा- २८७, रौतहट - १६६, जुम्ला - ३७, डोटी - २८, उदयपुर- ३५, सर्लाही -१३०, कपिलबस्तु -९९, दाङ्ग - ९१, कैलाली -१६७, ललितपुर -२६४, काठमाण्डौ - १३६३ । | उजुरी संख्याको आधारमा १ उजुरीमा न्युनतम १ तथा अधिकतम सो भन्दा बढी सेवाग्रही हुने गरेको । | महिला तथा बालबालिका सेवा केन्द्रहरूबाट पीडित महिला तथा बालबालिकाहरूलाई छिटो र छरितो रुपमा सेवा प्रदान गरिएको, साथै उनीहरूलाई कानूनी उपचार, स्वास्थ्य उपचार,मनोवैज्ञानिक उपचारका लागि परामर्श सल्लाह तथा पुर्नस्थापनाका लागि पहल गर्ने गरिएको छ । | आ. व. २०७०/०७१ मा भएका लैङ्गिक हिंसाका उजुरीहरू - ज.ज.क., ज.ज.क. उद्योग, मानव बेचबिखन, बालविवाह, बोक्सीको आरोप, जातीय छुवाछुत, घरेलु हिंसा जस्ता उजुरी संख्या हुन् । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | नेपाल प्रहरी मार्फत नेपाल शान्ति कोष सचिवालय (NPTF) बाट ५ जिल्लामा महिला तथा बालबालिका सेवा केन्द्र भवन स्थापना भइसकेको र थप १५ जिल्लामा एशियाली विकास वैंकको सहयोगमा महिला तथा बालबालिका सेवा केन्द्र भवन निर्माणका लागि सम्झौता हुने क्रममा रहेको | कैलाली, दाङ्ग, कपिलवस्तु, सर्लाही, उदयपुर, सप्तरी, अछाम, सिराहा, बझाङ्ग, महोत्तरी, रोल्पा, दोलखा, बाँके, रसुवा, धादिङ्ग, गोरखा, तनहुँ, सुर्खेत, सिन्धुली, प्युठान | | | |

स्रोतः नेपाल प्रहरी, प्रधान कार्यालय ।

## सूचक २.५ : लैङ्गिक तथा यौनजन्य हिंसाका उजुरी संख्या

नेपाल प्रहरी अन्तर्गत लैङ्गिक तथा यौनजन्य हिंसाबाट प्रभावित महिला तथा बालबालिकाहरूलाई छुट्टै भवनमा स्थापना भएका महिला तथा बालिका सेवा केन्द्रबाट सेवा दिने भनिएको भएता पनि यस्तो सेवा केन्द्रबाट सेवा प्राप्त गर्ने पीडित महिला तथा बालिकाहरूको तथ्यांक भने व्यवस्थित रुपमा राखेको पाइदैन । भौतिक रुपमा सेवा केन्द्रहरू स्थापना मात्र नगरेर त्यहाँबाट प्रदान गरिने सेवाहरूको गुणस्तर, प्रभावकारिता र विश्वसनियताका लागि त्यस्तो सेवा प्रदान गर्ने कर्मचारी तथा संलग्न व्यक्तिहरूलाई आवश्यक क्षमता वृद्धिका तालिम तथा कार्यक्रमहरू समेत संचालन गर्नुपर्ने देखिन्छ ।

## सूचक २.६ : महिला निरीक्षक प्रमुख भएको महिला तथा बालिका सेवा केन्द्रको संख्या

नेपाल प्रहरीले छुट्टै भवनबाट महिला तथा बालबालिका सेवा केन्द्रहरू संचालन गरेता पनि हाल निरीक्षक दर्जाको महिला प्रहरी प्रमुख भएको सेवा केन्द्रहरू भने केवल दुईवटा मात्र छन् । यस्तो हुनुमा निरीक्षक दर्जाको महिला प्रहरीको संख्यामा कमी, खटन पटनमा उदासिनता, महिला प्रहरीहरूको अनिच्छा जस्ता कारणहरू हुन सक्छन् । तर जे जसो भएता पनि हालसम्मको प्रयासले लैङ्गिक तथा यौनजन्य हिंसामा परेका महिला तथा बालिकाहरूको पहुँचमा आशा पलाएको छ र भविष्यमा सुधार हुँदै जाने अपेक्षा गर्न सकिन्छ ।

तालिका नं. ४०

**महिला निरीक्षक प्रमुख भएको महिला तथा बालिका सेवा केन्द्रको संख्या**

| क्र.सं. | महिला निरीक्षक प्रमुख भएको सेवा केन्द्र जिल्ला | सेवाग्राही संख्या | सेवाको प्रकार | कैफियत |
|---|---|---|---|---|
| १ | ४ जिल्ला (ललितपुर, काठमाण्डौ, कास्की, मोरङ्ग) | उजुरी संख्याको आधारमा १ उजुरीमा न्यूनतम १ तथा अधिकतम सो भन्दा बढी सेवाग्राही हुने गरेको । | महिला तथा बालबालिका सेवा केन्द्रहरूबाट पीडित महिला तथा बालबालिकाहरूलाई छिटो र छरितो रुपमा सेवा प्रदान गरिएको, साथै उनीहरूलाई कानूनी उपचार, स्वास्थ्य उपचार, मनोवैज्ञानिक उपचारका लागि परामर्श सल्लाह तथा पुर्नस्थापनाका लागि पहल गर्ने गरिएको छ । | आ. व. २०७०/०७१ म भएका लैङ्गिक हिंसाका उजुरीहरू -ज.ज.क., ज.ज.क. उद्योग, मानव बेचबिखन, बालविवाह, बोक्सीको आरोप, जातीय छुवाछुत, घरेलु हिंसा जस्ता उजुरी संख्या हुन । |

**स्रोतः नेपाल प्रहरी प्रधान कार्यालय**

### रणनीतिक उद्देश्य ३ : द्वन्द्व तथा संक्रमणकालमा भएका लैङ्गिक तथा यौनजन्य हिंसाको सम्बोधन गरी दण्डहिनताको अन्त्य गर्ने ।

द्वन्द्वकालमा भएका लैङ्गिक तथा यौनजन्य हिंसाका घटनाहरूको अभियोजन गरी दण्डहिनताको अन्त्य गर्ने भनिएता पनि यस सम्बन्धी कानून भर्खर मात्रै पारित भएको हुँदा त्यस्ता घटनाहरूको व्यापक अनुसन्धान हुन सकेको छैन । बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ वमोजिम आयोग गठन भएपछि मात्र यस सम्बन्धी कार्य अघि बढने देखिन्छ ।

### सूचक ३.१ : युद्ध विराम तथा शान्ति सम्झौताहरूमा लैङ्गिक तथा यौनजन्य हिंसा सम्बोधन गर्नका लागि व्यवस्था भएका प्रावधान ।

हाल सम्म थुप्रै युद्ध विराम तथा शान्ति सम्झौताहरू भएता पनि त्यस्ता सम्झौताहरूमा लैङ्गिक तथा यौनजन्य हिंसाका विषयहरूलाई सम्बोधन गरिएको पाइदैन । सम्पन्न भएका केही सम्झौताहरूमा महिलाको सहभागिता र लैङ्गिक विषयहरू समावेश भएता पनि लैङ्गिक तथा यौनजन्य हिंसाका विषयहरूलाई भने उल्लेख गरिएको पाईदैन । (यसको विस्तृत जानकारी अनुसूची १३ मा दिइएको छ ।)

### सूचक ३.२ : लैङ्गिक तथा यौनजन्य हिंसाका घटनाहरूमा आएको कमी ।

विस्तृत शान्ति संझौता र केही युद्धविराम तथा शान्ति सम्झौताहरूमा लैङ्गिक तथा यौनजन्य हिंसा सम्बोधन गर्नका लागि लामो संक्रमणकालीन अवस्थाले बढेको दण्डहिनताको कारण यस्ता घटनाका पीडितहरू खुलेर अगाडि आउन सकेको देखिदैन ।

### रणनीतिक उद्देश्य ४ सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्ने ।

### सूचक ४.१ : सत्य निरुपण तथा मेलमिलाप आयोग गठन भए पश्चात लैङ्गिक तथा यौनजन्य हिंसाका घटनाहरूको अनुसन्धान र दोषीमाथी भएको कारवाहीको संख्या र प्रक्रिया

यस सम्बन्धी कानून भर्खर मात्रै पारित भएको हुँदा त्यस्ता घटनाहरूको व्यापक अनुसन्धान हुन सकेको छैन । बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ वमोजिम आयोग गठन भएपछि मात्र यस सम्बन्धी कार्य अघि बढने देखिन्छ ।

### सूचक ४.२ : पीडितले प्राप्त गरेको परिपूरण

नेपाल सरकारले द्वन्द्वबाट पीडित तथा प्रभावितहरूका लागि विभिन्न प्रकारका अन्तरिम राहतका कार्यक्रमहरू संचालन गरेको भएता पनि बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ वमोजिम आयोग गठन भएपछि मात्र यस सम्बन्धी कार्य अघि बढ्ने देखिन्छ ।

### रणनीतिक उद्देश्य ५ : सुरक्षा निकायका पदाधिकारीहरूलाई लैङ्गिक तथा यौनजन्य हिंसाको विषयमा प्रशिक्षित गराउने ।

### सूचक ५.१ : सूचक नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा नेपाली सेनालाई संयुक्त राष्ट्र संघ सुरक्षा परिषदको प्रस्ताव नं. १३२५ र १८२० सम्बन्धी प्रदान गरिएका प्रशिक्षण संख्या

लोकतन्त्रको उद्देश्यसगै पछिल्लो समयमा सुरक्षा निकायका पदाधिकारीरलाई मानव अधिकार लगायतका विषयहरूमा अभिमुखीकरण तथा तालिम प्रदान गर्ने क्रममा बढोत्तरी भएको पाइन्छ । यस सम्बन्धी विवरण देहाय वमोजिमको तालिकामा प्रस्तुत गरिएको छ :-

**तालिका नं. ४१**

**१३२५ र १८२० का सम्बन्धमा दिइएको प्रशिक्षण र महिला संख्या**

| क्र.सं. | प्रशिक्षण तथा तालिमको विषय | प्रशिक्षण संख्या | प्रशिक्षण निर्देशिका संख्या तथा विषय सूची | सहभागी संख्या | | सहभागी तह |
|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | |
| १ | हिंसा विरुद्धको सचेतना मूलक हाते पुस्तिका | ३७८ | • लिंग र लैङ्गिकता परिचय, अवधारणा र महत्व<br>• घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ मा भएका व्यवस्था<br>• १३२५ र १८२० सम्बन्धी राष्ट्रिय कार्ययोजना<br>• महिलाको हक र अधिकार सम्बन्धी कानूनहरू<br>• सशस्त्र प्रहरी बल ऐन तथा नियमावलीमा लैङ्गिकताका सम्बन्धमा भएका व्यवस्थाहरू<br>• सशस्त्र प्रहरी बलमा महिला प्रहरीको भूमिका र कार्यक्षेत्रमा लैङ्गिक मैत्री वातावरण<br>• मानव अधिकार र संक्रमणकालीन न्याय | १७५३ | २४९७५ | सशस्त्र प्रहरी बल, सप्रनाउ देखि सप्रप सम्म । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | Capacity Enhancement of Nepal Police to contribute the Peace Process effectively | ११ | अन्तर्गत महिला, शान्ति र सुरक्षा विषयक अनुशिक्षण तालिम<br>UNSCR १३२५ र १८२० सम्बन्धी विषयवस्तु सेवा प्रवेश तालिमको पाठ्यक्रममा समावेश गर्ने तर्फ पहल भइरहेको । | ५३७ | प्र.ना.उ. देखि प्र.ज. सम्म दर्जाका प्रहरी कर्मचारी | नेपाल प्रहरी |

स्रोतः नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, प्रधान कार्यालय ।

**सूचक ५.२ शान्ति सेनामा खटिई जाने नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा नेपाली सेनालाई संयुक्त राष्ट्र संघ सुरक्षा परिषदको प्रस्ताव नं. १३२५ र १८२० सम्बन्धी दिईएको प्रशिक्षण तथा सहभागी संख्या**

**तालिका नं. ४२**

**नेपाली सेनाबाट शान्ति सेनामा खटिई जानेलाई संयुक्त राष्ट्र संघ सुरक्षा परिषदको प्रस्ताव नं. १३२५ र १८२० सम्बन्धी दिईएको प्रशिक्षण तथा सहभागी संख्या**

| क्र.सं. | प्रशिक्षण निर्देशिका तथा विषय सूची | प्रशिक्षण संख्या | प्रशिक्षण निर्देशिका संख्या तथा विषय सूची | मिति | सहभागी संख्या महिला | पुरुष |
|---|---|---|---|---|---|---|
| १ | संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्‌बाट पारित प्रस्ताव नं १३२५ र १८२० लैङ्गिक तथा यौनजन्य हिंसा सम्बन्धी विषयहरूमा प्रशिक्षण मानवअधिकार निर्देशनालयबाट दिने गरिएको । | १९३७४ जना | शान्ति सेना | २०६८, २०६९ र २०७० | २२८ पछिल्लो तीन वर्षको संख्या । | १९१४६ |

स्रोतः नेपाल सरकार, रक्षा मन्त्रालय

## ३.३ प्रवर्द्धन (Promotion)

विगतमा भएको दश वर्षे द्वन्द्वलाई शान्तितर्फ रुपान्तरण गर्ने मुख्य दस्तावेजको रुपमा रहेको विस्तृत शान्ति संझौताले महिला र बालिकाको अधिकारको प्रवर्द्धन गर्ने, द्वन्द्व रुपान्तरण र शान्ति प्रक्रियामा महिलाका विषयहरू, राहत, पुनःप्राप्ति आदिको सम्बन्धमा उल्लेख गरेको छ । अन्तरिम संविधान २०६३ मा पनि यस विषयलाई राज्यको दायित्व तथा नीति अन्तर्गत राखिएको छ । राष्ट्रिय कार्ययोजनाले पनि यस विषयलाई प्राथमिकताकासाथ उठाएको छ । यस अन्तर्गत महिला र बालिकाको अधिकारको प्रवर्द्धन गर्ने र द्वन्द्व रुपान्तरण तथा शान्ति निर्माण प्रक्रियाको सबै पक्ष र चरणमा लैङ्गिक मूलप्रवाहिकरण गर्ने उद्देश्य निर्धारण गरिएको छ ।

**उद्देश्य: महिला र बालिकाको अधिकारको प्रवर्द्धन गर्ने र द्वन्द्व रुपान्तरण तथा शान्ति निर्माण प्रक्रियाको सबै पक्ष र चरणमा लैङ्गिक मूलप्रवाहिकरण गर्ने ।**

**रणनीतिक उद्देश्य १ : यौन तथा लैङ्गिकताका आधारमा महिला र बालिका विरुद्ध हुने सबै प्रकारका हिंसाको तथ्यांक संकलन गरी जनचेतना जगाउने ।**

**सूचक १.१ : द्वन्द्व प्रभावित महिला र बालिकाहरूमाथि भएको यौन तथा लैङ्गिकतामा आधारित हिंसाको विश्लेषण सहितको तथ्यांक प्रतिवेदन ।**

राष्ट्रिय कार्ययोजनाले द्वन्द्व प्रभावित महिला र बालिकाहरूमाथि भएको यौन तथा लैङ्गिकतामा आधारित हिंसाको विश्लेषण सहितको तथ्यांक प्रतिवेदन तयार गर्ने भनिएता पनि हालसम्म यस सम्बन्धी आधिकारिक रुपमा कुनै पनि तथ्यांक संकलन भएको पाइदैन । द्वन्द्वका क्रममा मृत्यु भएका, बेपत्ता पारिएका व्यक्ति, सम्पत्ति क्षति भएको लगायतका विषयमा तथ्यांक संकलन गर्न शान्ति तथा पुनर्निर्माण मन्त्रालय अन्तर्गत लगत संकलन कार्यदल गठन भई कार्य गरेको भएता पनि यौनजन्य हिंसा तथा लैङ्गिक हिंसाका तथ्यांकहरू संकलन भएको पाइदैन् । यद्दपि केही गैर सरकारी संस्थाहरूबाट स्थानीय तहमा यस प्रकारका तथ्यांकहरू संकलन गरिएता पनि तीनको आधिकारिक मान्यता दिइएको छैन । स्थानीय तहमा स्थानीय शान्ति समिति, विभिन्न सरकारी निकाय र गैर सरकारी संस्थाहरूमा रहेको द्वन्द्व प्रभावितहरूको तथ्यांकमा एक रुपता भएको पाइदैन ।

**सूचक १.२ : महिला, शान्ति र सुरक्षाका सम्बन्धमा संचालित सूचना केन्द्रको संख्या ।**

कार्ययोजनाले यसको कार्यान्वयन सम्बन्धी सूचना र तथ्यांक संकलन गर्न, सबै प्रकारका सूचना तथा तथ्यांकलाई सरल र सहज ढंगबाट सेवाग्राहीसम्म प्रवाह गर्न र यस सम्बन्धमा सबैका लागि सूचनाको पहुँच स्थापित गर्न केन्द्र र स्थानीय तहमा सूचना केन्द्रहरू स्थापित गर्ने व्यवस्था भएता पनि हालसम्म यस्ता सूचना केन्द्रहरू स्थापना भएको देखिदैन । स्थानीय तहमा स्थानीय शान्ति समितिले केही हदसम्म यस्ता प्रकृतिका कार्य गर्ने गरेको भएता पनि त्यो यथेष्ठ र प्रभावकारी हुन सकेको छैन । महिला, शान्ति र सुरक्षाको सम्वन्धमा संचालित कार्यक्रमहरूको कार्यान्वयन सम्बन्धी तथ्यांक र सूचना छुट्टै रुपमा उपलव्ध हुने अवस्था छैन ।

**सूचक १.३ : अनुवाद भएका सामग्री संख्या र सञ्चालित कार्यक्रम संख्या ।**

राष्ट्रिय स्तरमा छ भाषामा प्रस्ताव नं. १३२५ र १८२० कार्यान्वयन सम्बन्धी राष्ट्रिय कार्ययोजनाको अनुवाद भएको छ । ती सामग्रीहरूलाई विभिन्न संचार माध्यमहरूबाट प्रसारित गर्ने गरिएको छ । जिल्लास्तरमा सम्बन्धित जिल्लाका प्रमुख भाषाहरूमा यस सम्बन्धी कार्यक्रमहरू प्रसारित भएका छन् । तर कुन कुन संचार माध्यमहरूबाट कति पटक प्रसारण गरियो भन्ने जस्ता तथ्यांकहरू भने राखिएको पाइदैन । साथै अनुवादित सामग्रीहरू लक्षित वर्गसम्म पर्याप्त मात्रामा पुगेको देखिदैन् ।

**तालिका नं. ४३**

**अनुवाद भएका संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्बाट पारित प्रस्ताव नं. १३२५ र १८२० तथा महिला मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज एवं सामग्रीको संख्या एवं अनुवाद गरिएको भाषा**

| क्र.सं. | महिला मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज | अनुवाद गरिएको भाषा | निकाय |
|---|---|---|---|
| १ | संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्बाट पारित प्रस्ताव नं. १३२५ र १८२० कार्यान्वयन राष्ट्रिय कार्ययोजना | नेवारी, थारु, मैथिली, तामाङ, भोजपुरी र मगर | शान्ति तथा पुनर्निर्माण मन्त्रालय |

स्रोतः शान्ति तथा पुनर्निर्माण मन्त्रालय

## सूचक १.४ : विद्यालयस्तर र अनौपचारिक शिक्षाका पाठ्यक्रममा समावेश भएको महिला, शान्ति र सुरक्षाका विषय ।

विद्यालयस्तर तथा अनौपचारिक पाठ्यक्रममा महिला तथा बालिकाको अधिकार, शान्ति र सुरक्षा सम्बन्धी सचेतनाका विषयहरू समेटिएको छ । विद्यालय तहमा कक्षा छ देखि नै महिला, शान्ति र सुरक्षा सम्बन्धी विषय समेटिएको छ । यसलाई १८ जिल्लामा नमूना कार्यक्रमको रुपमा पढाइ भइरहेको छ । त्यसैगरी उच्च माध्यमिक तहमा लैङ्गिक, शान्ति र मेलमिलाप जस्ता विषयहरूलाई पाठ्यक्रममा राखिएको छ । प्रस्ताव नं. १३२५ लाई पनि  समेटिएको छ । कतिपय तहमा १३२५ र १८२० लाई स्पष्टसँग उल्लेख नगरिएता पनि महिला, शान्ति निर्माण र लैङ्गिकताका विषयहरू रहेका  छन् । तर यस सम्बन्धी विषयहरूलाई अध्यापन गर्ने शिक्षक शिक्षिकाको विषयवस्तु प्रतिको संवेदनशीलता, बुझाईएको स्तरका सम्बन्धमा भने कुनै पनि प्रकारका अभिमुखीकरण, क्षमता वृद्धि र सचेतना कार्यक्रमहरू भएको पाइदैन ।

अनौपचारिक शिक्षा अन्तर्गतका पाठ्यसामग्रीहरूमा समावेश गर्नुपर्ने विषयवस्तुको पहिचान गरी महिला, शान्ति र सुरक्षाका विषयहरू समावेश गरिएको छ । कतिपय विषयहरूलाई पाठ्यक्रम परिमार्जनको नियमित प्रक्रिया अनुसार समावेश गर्दै जाने उद्देश्य लिइएको छ । शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्रले महिला, शान्ति र सुरक्षाका सम्बन्धमा अवलम्वन गरेका राष्ट्रिय नीति तथा कार्यक्रम र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धी संझौतालाई आधार मान्दै ती विषयवस्तुहरूलाई पाठ्यक्रममा राखिएका छन् । ती पाठ्यक्रममा राखिएका विषयहरूको पाठ्यपुस्तक विकास गरी पठन पाठनमा प्रयोग गरिएको छ । त्यसैगरी अनौपचारिक शिक्षा केन्द्र अन्तर्गत नियुक्त गरिएका साक्षरता स्वयंसेवकहरूका लागि निरन्तर अनुशिक्षणका कार्यक्रमहरू सञ्चालन गर्दा सहजीकरण सम्बन्धी प्रशिक्षणमा महिला सम्बन्धी सरोकारका विषयवस्तुहरू समावेश गरिएका छन् । अनौपचारिक शिक्षामा शान्ति, मानव अधिकार, महिला अधिकार, नागरिक शिक्षा र सचेतनाका कार्यक्रमहरू सञ्चालन गरिदै आएको छ । नेपाल शान्ति कोष सचिवालयको सहयोगमा महिला सशक्तिकरण, लैङ्गिक हिंसा, जीविकोपार्जन आदि विषयहरूमा अभिमुखीकरण गर्ने कार्यक्रम जारी रहेको देखिन्छ ।

**तालिका नं. ४४**

**विद्यालयस्तर र अनौपचारिक शिक्षाका पाठ्यक्रममा समावेश भएको महिला, शान्ति र सुरक्षाका विषय**

| औपचारिक तथा अनौपचारिक क्षेत्र | स्तर/तह | विषय | कैफियत |
|---|---|---|---|
| विद्यालयस्तर | कक्षा ६ | महिलाको शान्ति र सुरक्षा सम्बन्धी सचेतना | १८ जिल्लामा नमूनाको रुपमा समावेश गरिएको । |
| उच्च माध्यमिक विद्यालय | उच्च माध्यमिक तह | लैङ्गिक अध्ययन | यस विषय अन्तर्गत लैङ्गिक, शान्ति जस्ता विषयहरू समावेश छन् । साथै प्रस्ताव नं. १३२५ को पनि उल्लेख गरिएको छ । |
| | | मानविकी संकाय, (समाजशास्त्र, सामाजिक शिक्षा) | यस विषय अन्तर्गत लैङ्गिक, शान्ति सम्बन्धी आधारभुत अवधारणा समावेश छन् । तथापि प्रस्ताव नं. १३२५ र १८२० स्पष्ट उल्लेख नभएको । |
| त्रिभुवन विश्वविद्यालय | स्नातक तह | समाजशास्त्र, सामाजिक सेवा र राजनीतिशास्त्र | यस विषय अन्तर्गत लैङ्गिक, शान्ति जस्ता विषयहरू समावेश छन् । तथापि प्रस्ताव नं. १३२५ र १८२० स्पष्ट उल्लेख नभएको । |
| | स्नातकोत्तर तह | द्वन्द्व, शान्ति र विकास अध्ययन, लैङ्गिक अध्ययन, समाजशास्त्र, मानवशास्त्र, ग्रामीण विकास, राजनीतिशास्त्र | यस विषय अन्तर्गत लैङ्गिक र शान्ति सम्बन्धी विस्तृत रुपमा समावेश गरिएको र साथै प्रस्ताव नं. १३२५ को विशेष उल्लेख गरिएको छ । |
| काठमाडौं विश्वविद्यालय | स्नातक तह | सामाजिक सेवा | यस विषय अन्तर्गत लैङ्गिक, शान्ति जस्ता विषयहरू समावेश छन् । तथापि प्रस्ताव नं. १३२५ र १८२० स्पष्ट उल्लेख नभएको । |
| | स्नातकोत्तर | विकास अध्ययन | लैङ्गिक र शान्ति सम्बन्धी आंशिक रुपमा समावेश गरिएको |
| पोखरा विश्वविद्यालय | स्नातक तह | सामाजिक सेवा | यस विषय अन्तर्गत लैङ्गिक, शान्ति जस्ता विषयहरू समावेश छन् । तथापि प्रस्ताव नं. १३२५ र १८२० स्पष्ट उल्लेख नभएको । |
| | स्नातकोत्तर | जनसंख्या, लैङ्गिक विकास कार्यक्रम | लैङ्गिक र शान्ति सम्बन्धी आंशिक रुपमा समावेश गरिएको |
| पूर्वाञ्चल विश्वविद्यालय | स्नातक तह | सामाजिक सेवा | यस विषय अन्तर्गत लैङ्गिक, शान्ति जस्ता विषयहरू समावेश छन् । तथापि प्रस्ताव नं. १३२५ र १८२० स्पष्ट उल्लेख नभएको । |
| | स्नातकोत्तर | समाजशास्त्र, मानवशास्त्र, विकास अध्ययन, सामाजिक कार्य अध्ययन | यस अन्तर्गत लैङ्गिक र शान्ति सम्बन्धी विषयहरू समावेश गरिएका छन् । |

स्रोत: शिक्षा मन्त्रालय

तालिका नं. ४५

**द्वन्द्व प्रभावित नवसाक्षर महिलाहरूको सशक्तिकरणका लागि कार्यमूलक साक्षरता कार्यक्रम**

| दिगो शान्ति र द्वन्द्व रुपान्तरण | लैङ्गिक समानता र महिला सशक्तिकरण | लैङ्गिकतामा आधारित हिंसा |
|---|---|---|
| १) दिगो शान्ति र द्वन्द्व रुपान्तरणको अवधारणा<br>(२) दिगो शान्तिका लागि आवश्यक तत्वहरू<br>(३) घरपरिवार र समुदायमा हुने द्वन्द्वका कारण, असर र द्वन्द्व समाधान/निराकरण<br>(४) द्वन्द्व रुपान्तरण एवं शान्ति स्थापनाका तरिकाहरू<br>• समानुभूति (Empathy),<br>• सहयोग, सहकार्य र सहभागिता<br>• असल भावना र धैर्य<br>• मेलमिलाप (Reconciliation)<br>• सम्झौता, वार्ता, मध्यस्थता, सहमति<br>• द्वन्द्वको सामना गर्ने तरिका<br>(५) समस्या समाधान, निर्णय र सहजीकरण सीप<br>(६) सञ्चार सीप<br>• सक्रिय सुनुवाई<br>• एकोहोरो र दोहोरो सञ्चार<br>• सम्वाद गर्दा तथ्यपूर्ण र सोझो भाषाको प्रयोग गर्ने (Assertive Communication)<br>• होच्याउने, गिज्याउने, आक्षेप लगाउने र विभेदपूर्ण शब्दावली, हाउभाउको प्रयोग नगर्ने<br>(७) विविधताको सम्मान (Celebrating Diversity)<br>• विविधताका राम्रा पक्षहरू<br>• जातीय, वर्गीय, भाषिक र सांस्कृतिक विविधतायुक्त परि स्थितिमा उपयुक्त व्यवहार र भाषा शैलीको प्रयोग | (१) लैङ्गिक अवधारणा<br>• लिङ्ग र लैङ्गिकता<br>• लैङ्गिक समानता र समता<br>• लैङ्गिक सामाजीकरण<br>(२) महिला अधिकार<br>• लैङ्गिक विभेद<br>• महिला अधिकार<br>• प्रजनन् अधिकार<br>(३) परिवार र समुदायमा महिलाको भूमिका<br>• परिवारमा महिलाको भूमिका<br>• समुदायमा महिलाको भूमिका<br>• महिलाको कार्यबोझ<br>(४) महिला सशक्तिकरण<br>• अवधारणा<br>• महिला सशक्तिकरणका आयामहरू- सामाजिक, लैङ्गिक, राजनीतिक र मनोवैज्ञाानक (परिवार र समुदाय तह)<br>• महिला सशक्तिकरण - किन र कसरी<br>• महिला सशक्तिकरणका लागि पुरुषको सहभागिता<br>(५) सामाजिक सुरक्षा र सामाजिक समावेशीकरण<br>• परिचय, महत्व र आवश्यकता<br>• सामाजिक सुरक्षा र समावेशीकरणमा लैङ्गिक सरोकारका पक्षहरू<br>(५) परिवारको हित र सामुदायिक विकासका गतिविधिहरूमा महिला तथा पुरुषको समान सहभागिता | (१) लैङ्गिकतामा आधारित हिंसाका कारण र परिणामहरू<br>(२) प्रथा र परम्पराका नाममा हुने हिंसा, बोक्सी प्रथा, छाउपडी, लैङ्गिक प्राथमिकता, सन्तान छोरा नै चाहिने, दाइजो आदि<br>(३) घरेलु हिंसा, कार्यथलो र सार्वजनिक स्थलहरूमा हुने हिंसा, यौन दुर्व्यवहार, यौनहिंसा र यौनशोषण<br>(४) मानव बेचबिखन/चेलीबेटी बेचविखन र ओसारप्रसार- कारण, निदान, सचेतना र नियन्त्रण<br>(५) लैङ्गिक हिंसा विरुद्ध पुरुष तथा परिवार र समुदायको भूमिका<br>(६) हिंसा पीडितहरूको उपचार, परामर्श र क्षतिपूर्ति<br>(७) कानूनी सचेतना र उपचार<br>(८) शिक्षा, सीप विकास र आयआर्जन<br>(९) हिंसा पीडितहरूका लागि सेवाप्रदायक व्यक्ति तथा संस्थाहरूको पहिचान र सेवाको उपयोग |

स्रोत: शिक्षा मन्त्रालय

तालिका नं. ४६

<table>
<tr><th colspan="3">स्तर</th></tr>
<tr><th colspan="2">औपचारिक</th><th>अनौपचारिक शिक्षा</th></tr>
<tr><td>तह</td><td>विषय</td><td rowspan="3">विषय<br>▪ अनौपचारिक शिक्षाका पाठ्यक्रममा लैङ्गिक समता, समानता, प्रजनन स्वास्थ्य, लैङ्गिक हिंसा, शान्ति, महिला र सुरक्षासँग सम्बन्धित विषयवस्तुहरू समावेश गरिएको । पाठ्य सामग्रीहरू तयार गरी वितरण गरिएको ।</td></tr>
<tr><td>प्राथमिक</td><td>(विषय : सामाजिक) विषय क्षेत्र महिला, शान्ति तथा सुरक्षा :-<br>• दाइजो, देउकी र छोराछोरीको विभेद अन्त्य<br>• महिला अधिकार<br>• मेलमिलाप<br>• अपाङ्गता भएकाको सुरक्षा</td></tr>
<tr><td>निम्न माध्यमिक विद्यालय तथा माध्यमिक विद्यालय</td><td>(विषयः सामाजिक, भाषा, स्वास्थ्य र शारीरिक) विषय क्षेत्र महिला, शान्ति तथा सुरक्षा :-<br>• लैङ्गिक विभेदको अन्त्य<br>• घरेलु हिंसाको अन्त्य<br>• रोजगारीमा समानता<br>• जनसंख्या व्यवस्थापन र प्रजनन् अधिकार</td></tr>
</table>

स्रोतः शिक्षा विभाग, अनौपचारिक शिक्षा केन्द्र

### सूचक १.५ : सचेतना सम्बन्धी सञ्चालित कार्यक्रम र सहभागी संख्या,

द्वन्द्व प्रभावित महिला, बालिका र पूर्व माओवादी महिला लडाकुका परिवार तथा समाजमा पुनःस्थापन गर्ने वातावरण सृजना गर्न जिल्ला तहमा स्थानीय स्तरबाट कार्यक्रमहरू गरिएका छन् । (यसको विस्तृत जानकारी परिच्छेद ४ मा दिइएको छ ।) । त्यसैगरी केन्द्रीय तहमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयले यस प्रकारका कार्यक्रमहरू गरेको छ भने यस अन्तर्गत ५२२ द्वन्द्व प्रभावित बालिकाहरूलाई पुनःस्थापित गरिएको छ ।

### सूचक १.६ पुनःस्थापित महिला, बालिका तथा पूर्व महिला लडाकुहरूको संख्या

समाज र परिवारबाट पुनःस्थापित गरिएका महिला तथा बालिकाहरूप्रति गरिने व्यवहारमा सुधार गर्न भने कुनै पनि कार्यक्रमहरू भएको पाइदैन । विशेष गरी अनमिनबाट प्रमाणित भएका र नभएका लडाकुहरूलाई सरकारले विभिन्न कार्यक्रमहरूबाट समायोजन गर्ने, पुनःस्थापित गर्ने कार्य गरेको छ । त्यसैगरी संयुक्त राष्ट्र संघ अन्तरगतका निकायबाट पुर्नस्थापनका कार्यक्रम संचालन भएका छन् ।

**तालिका नं. ४७**

**पुर्नस्थापित द्वन्द्व प्रभावित बालिकाहरू तथा पूर्व महिलालडाकुहरूको संख्या**

| क्र.सं. | निकाय | पुर्नस्थापित द्वन्द्व प्रभावित बालिकाहरूको संख्या |
|---|---|---|
| १ | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | ५२२ |

स्रोतः शान्ति तथा पुनर्निर्माण मन्त्रालय

**तालिका नं. ४८**

**समायोजित माओवादी लडाकुहरूको कुल संख्या**

| क्र.स. | समायोजित माओवादी लडाकुहरूको कुल संख्या | नेपाली सेनामा समायोजित संख्या | पुन:स्थापन गरिएको संख्या | स्वेच्छिक अवकाशमा गएको संख्या |
|---|---|---|---|---|
| १ | १९६०२ दुई चरणको प्रमाणीकरण पश्चात कायम रहेको संख्या १७०५२ | १४६० | ६ | १५,५८५ |

**स्रोत: शान्ति तथा पुनर्निर्माण मन्त्रालय**

**सूचक १.७ : द्वन्द्व प्रभावित महिला तथा बालिकामाथि गरिने व्यवहारमा आएको परिवर्तन ।**

द्वन्द्व प्रभावित महिला तथा बालिकालाई समाज तथा परिवारमा पुन:स्थापन गरेपछि उनीहरूमाथि परिवार तथा समाजका सदस्यहरूबाट कुनै पनि प्रकारका गलत व्यवहार हुन नपाओस् र उनीहरूलाई परिवार तथा समाजमा पुन:स्थापन हुन सजिलो होस् भन्नाका लागि उचित वातावरण सृजना गर्न सेवाप्रदायक, परिवारका सदस्यहरू र समाजका प्रतिनिधिहरूलाई सचेतना सम्बन्धी कार्यक्रमहरू संचालन गर्ने कार्ययोजनाको उद्देश्य भएता पनि हालसम्म यस प्रकारका कार्यक्रमहरू भएको पाइदैन । जिल्ला तहमा गरिएका समूहगत छलफलमा खासगरी सेवा प्रदायकहरूबाट पीडितहरूमाथि गरिने व्यवहार पनि राम्रो नभएको बताएका छन् ।

**सूचक १.८ : विभिन्न संचार माध्यमहरूबाट सञ्चालन भएका गोष्ठी सेमिनार तथा प्रकाशित/प्रसारित सामग्रीको संख्या ।**

रेडियो नेपालबाट महिला, शान्ति र सुरक्षाको महत्व वढाउने कार्यक्रमहरूको प्रसारण भईरहेको छ  जसलाई विभिन्न संघ संस्थाहरूले प्रायोजन गरेका छन् । नेपाल टेलिभिजनबाट नेपाल शान्ति कोष सचिवालयको सहयोगमा शान्ति र सहकार्य सम्बन्धी कार्यक्रमहरू संचालन भईरहेका छन् । यसैगरी शान्ति तथा पुनर्निर्माण मन्त्रालयले विभिन्न रेडियो स्टेसन र टेलिभिजनहरूलाई शान्ति सम्बन्धी कार्यक्रमहरू संचालन गर्न सहयोग गर्दै आइरहेको छ ।

**तालिका नं. ४९**

**रेडियो नेपालबाट सञ्चालन भएका गोष्ठी सेमिनार तथा प्रकाशित/प्रसारित सामग्रीको संख्या**

| संचार माध्यम | कार्यक्रम | प्रसारणको माध्यम |
|---|---|---|
| रेडियो नेपाल | • साप्ताहिक रुपमा ४ वटा संघ  संस्थाको सहकार्यमा महिला सम्बन्धी कार्यक्रमहरू संचालित ।<br>• नेपाल शान्ति कोष सचिवालयसँगको सहकार्यमा शान्ति वहस, शान्तिका लागि रेडियो, शान्ति सम्वाद र शान्ति नाटक  खाने मुखलाई जुँगाले छेक्दैन प्रशारण हुँदै आएको । | • रेडियो |

स्रोत: रेडियो नेपाल

**सूचक १.९ : सञ्चार माध्यमले महिला, शान्ति र सुरक्षाको विषयलाई दिने महत्व ।**

पछिल्लो समयमा सञ्चार माध्यमहरूले महिला, शान्ति र सुरक्षाको विषयलाई निकै महत्व दिने गरेको पाइन्छ । महिला तथा बालिकालाई लक्षित गरेर थुप्रै कार्यक्रमहरू प्रशारण भएका छन् भने छापा माध्यमहरूमा समेत यस सम्बन्धी विषयहरूले प्राथमिकता पाउने गरेका छन्  तर यस विषयलाई फैलाउन सबै सरोकारवालाले जति महत्व दिनुपर्ने हो त्यति हुन नसकेको अवस्थामा संचार माध्यमले पनि त्यही स्तरमा आफ्नो भूमिका निभाएका छन् ।

**संविधानसभाको निर्वाचन २०७० मा विभिन्न संचार माध्यमहरूले महिला उम्मेदवारलाई दिएको स्थान र महत्व**

महिला उम्मेदवारलाई ठूलो आकारमा स्थान दिई लेखिएको पाइएन। धेरैजसो समाचार वा विश्लेषणमा त उम्मेदवारको नाम लेख्ने बेलामा मात्र महिला उम्मेदवारको नाम देखियो। कुराकानी, पृष्ठभूमि र चुनावी अवस्थाबारेमा भने पुरुष उम्मेदवारलाई नै आधार मानेर समाचार लेखिएका छन्। महिला उम्मेदवारलाई चुनावमा जीत सुनिश्चित गर्नका लागि केही अभियानहरू भएका थिए। त्यसको कभरेज भने पत्रपत्रिकाले तस्वीरसहित नै गरेको पाइयो। 'भोट कसलाई ? नेतृलाई।' शीर्षकमा राजधानीमा देखाइएको नाटकको समाचार अन्नपूर्ण पोष्ट र नागरिक दैनिकले तस्वीर सहित प्रकासन गरे। कार्तिक २५ गते छापिएका ती समाचारमा महिलाले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख जस्ता राष्ट्रका सर्वोच्च पदको जिम्मेवारी लिन सक्षम भएको उल्लेख छ।

कार्तिक २६ गते गोरखापत्रले 'निर्वाचनमा महिलालाई जिताउने अभियान शुरु' शीर्षकमा एक समाचार छापेको थियो। संविधानसभा निर्वाचनमा ३३ प्रतिशत महिला नपुग्ने आशंका भएको भन्दै युवा महिलाले महिला नेतृलाई जिताउन अभियानै संचालन गरेका थिए। अभियानमार्फत झण्डै एक महिना उपत्यकामा विभिन्न पार्टीबाट चुनावमा उठेका महिला उम्मेदवारलाई जिताउन युवा खटेका थिए। उनीहरूले खुलामञ्चमा महिला भेला समेत गरेका थिए।

थोरै भएपनि महिला उम्मेदवारको बारेमा लेखिएका केही लेखहरू भने प्रभावकारी थिए। कान्तिपुरले कार्तिक २५ गते 'महिला सिटमा पुरुष सिट' शीर्षकमा लेख छापेको थियो। सोही दिन अन्नपूर्ण पोष्टमा 'कमजोर क्षेत्रमा महिला उम्मेदवार' शीर्षकमा लेख छापिएको छ। ती दुवैमा उम्मेदवार छनौटमा भएका भेदभाव, महिला उम्मेदवारका चुनौती र जीतका सुनिश्चितका लागि सुझावहरू समेत छन्।

त्यसको भोलिपल्ट अन्नपूर्ण पोष्ट दैनिकले नै 'महिला उम्मेदवारको पक्षमा' शीर्षकमा एक लेख प्रकासित गरेको थियो। त्यस्तै कार्त्तिक २७ गते कान्तिपुर दैनिकले 'महिला मतदाताले गर्नुपर्ने न्याय' शीर्षकमा एक लेख प्रकासित गरेको छ। त्यसमा मतदाता सूची र जनसंख्यामा समेत महिला संख्या करिब २ लाखले बढी भएपनि राज्यसत्ता र शासनप्रणालीमा महिलाको उपस्थिति नाम मात्रको रहेको उल्लेख छ।

कार्त्तिक २८ गते समाचारपत्रले 'संविधानसभा निर्वाचनमा महिला सहभागिता र लैङ्गिक मुद्दा' शीर्षकमा एक समाचार छापेको छ। उक्त समाचारमा संख्यात्मक रुपमा यसपटकको चुनावमा उम्मेदवारी दिने महिला संख्या घटेको उल्लेख छ। राजधानीमा आयोजना गरिएको एक कार्यक्रमका सहभागी अधिकांश वक्ता काठमाडौंबाटै उठेका महिला उम्मेदवार थिए। कार्त्तिक २५ गते पछि भने हप्तैभरी जसो नेपाली ब्रोडसिट दैनिकमा कम्तीमा एउटा लेख महिला उम्मेदवारको पक्षमा छापिएका छन्।

समाचार स्रोतमा लैङ्गिक प्रयोग

समाचारका स्रोतमा महिला उम्मेदवार, पार्टीका महिला सदस्यलाई न्यून मात्रमा स्थान दिइएको छ। निर्वाचन आयोगका समाचारमा आयुक्त इला शर्माको भनाई कुनै कार्यक्रमको समाचार कभरेज गर्दा बाहेक अन्यमा कमै देखिन्छ। पार्टीका समाचारमा पनि केन्द्रीय पदाधिकारीमा रहेका महिलालाई समाचार स्रोतको रुपमा लिने र उनीहरूका भनाई उद्धृत गर्न मिडियाले कञ्जुस्याई गरेको देखियो।

महिला उम्मेदवारबारे लेखिएको समाचारमा महिला सहभागीलाई नै स्रोतको रुपमा लिइएको छ। त्यस्तै महिला मतदातालाई दिइएको स्थानमा पनि स्वभाविक रुपमै महिला मतदातालाई नै स्रोतका रुपमा लिइएको छ।

कुल समाचारसामग्रीमा १५ वटा सामाग्रीमा मात्र स्रोतमा महिलालाई उद्धृत गरिएको छ। समाचार स्रोतमा प्रंष्ट रुपमा लैङ्गिक हिसाबले भेदभाव देखिएको छ। अधिकांस समाचारमा पुरुषकै भनाई उदृत गरिएका छन्। छिटपुट समाचार बाहेक महिलालाई समाचारको माध्यम बनाउने, उनीहरूका विषयवस्तु लिने, कुरा गर्ने, त्यसका आधारमा समाचार बनाउने कुरामा छापा दैनिक चुकेका छन्। निर्वाचन आयोग र निर्वाचन सम्बन्धी कार्यालयहरूबाट समाचार दिंदा पनि लैङ्गिक स्रोतको प्रयोगलाई ख्याल गरिएको देखिएन।

स्रोतः संविधानसभा निर्वाचन, लैङ्गिक अनुगमन प्रतिवेदन, २०७० प्रकाशक राष्ट्रिय महिला आयोग र संविधानसभा निर्वाचन लैङ्गिक अनुगमन राष्ट्रिय समिति

### सूचक १.१० : राहत तथा परिपूर्ति बारेमा सुचना प्रवाह गर्ने प्रक्रिया

कार्ययोजनाले सबै द्वन्द्व प्रभावितहरूका लागि सरकारबाट प्रदान गरिने सबै प्रकारका राहत तथा परिपूर्तिका सूचनाहरूमा सरल र सहज पहुँच स्थापित गर्न त्यस्ता सूचनाहरू पारदर्शी बनाउने र समयमा नै प्राप्त गर्ने वातावरण निर्माण गर्ने उद्देश्य लिएको छ । तर सूचना प्रवाह गर्ने र त्यसलाई पारदर्शी बनाउने कार्य प्रभावकारी हुन सकेको पाइदैन । जिल्ला तहमा भएको छलफलहरूमा द्वन्द्व प्रभावितहरूले यस प्रकारका सूचनाहरू नपाएको र त्यस्ता सूचनाहरू भाषा र पहुँचका कारण पारदर्शी हुन नसकेको बताएका थिए । सूचनाका अभावका कारण कयौं द्वन्द्व पीडित तथा प्रभावितहरूले राहत प्राप्त गर्न नसकेको देखिएको थियो ।

### सूचक १.११ सूचना प्राप्त गर्ने महिला तथा बालिकाको संख्या

ध्न्द्व प्रभावित तथा पीडित महिला तथा बालिकाहरूले कसरी राहत तथा परिपूर्तिका सूचनाहरू प्राप्त गरेका छन भन्ने सम्बन्धमा कुनै अध्ययन नभएको र सूचनाहरूलाई ज्यवस्थीत नराखिएको कारण यस सम्बन्धी जानकारी प्राप्त गर्ने महिला तथा बालिकाको संख्या उपलब्ध हुन सकेको छैन ।

## रणनीतिक उद्देश्य २ : द्वन्द्व रुपान्तरण तथा शान्ति निर्माण प्रक्रियाको सबै पक्षमा लैङ्गिक मूलप्रवाहिकरण गर्ने ।

### सूचक २.१ : सम्बोधन भएका नीति तथा कार्यक्रमको संख्या ।

विशेषगरी दोस्रो जनआन्दोलन २०६२-०६३ को सफलता पश्चात् बनेका नीति तथा कानूनहरूमा लैङ्गिक मूलप्रवाहिकरण भएको पाइएको छ ।[१३] शान्ति प्रक्रियामा पनि महिलाको सहभागिता, सुरक्षा, महिला र बालिकाहरूको विषयले प्रवेश पाएको छ । २०४६ सालको प्रजातान्त्रिक आन्दोलन भन्दा अघिका संवैधानिक व्यवस्था, नीतिगत, ऐन र नियममा भएका व्यवस्थालाई हेर्ने हो भने ती सबै दस्तावेजहरूमा महिला सहभागितालाई खासै महत्व दिएको देखिदैन । त्यस अवधिमा बनेका नीति र कानूनहरूमा महिलाको सहभागिता अत्यन्त न्यून रहेको पाइन्छ । महिलालाई राज्यका नीतिगत तहमा सहभागी गराउने सोचले राज्यले कुनै नीति र कानूनहरू निर्माण गरेको पाइदैन् । त्यसबेला बनेका अधिकांश कानूनहरूमा लैङ्गिक संवेदनशीलताको अभावमा विभेदपूर्ण व्यवस्थाहरू रहेको पाइन्छ ।

२०४७ सालपछिको परिवर्तनले नेपालको संवैधानिक र कानूनी क्षेत्रमा ल्याएको परिवर्तनलाई महत्वपूर्ण उपलब्धिको रुपमा लिन सकिन्छ । २०४७ सालपछि संवैधानिक र कानूनी रुपमा नै लैङ्गिक न्यायलाई स्थान दिइएको पाइन्छ । राज्यका विभिन्न निकाय र तहमा महिलाको सहभागितामा विशेष जोड दिन थालिएको देखिन्छ भने नागरिक समाजसँगको सहकार्यमा राज्य सञ्चालनमा महिला एवं नागरिक समाजको सहभागितालाई विशेष महत्व दिएको पाइन्छ । त्यस अवधिमा बनेका कतिपय कानूनहरूमा महिला सहभागिताको सुनिश्चितता गर्ने प्रयास गरिएको छ । यस समयमा बनेका नीति तथा कानून केही हदसम्म लैङ्गिक संवेदनशील दृष्टिकोणलाई समावेश गर्ने गरिएको पाइन्छ ।

[१३] संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्का प्रस्ताव न. १३२५ र १८२० कार्यान्वयन सम्बन्धी राष्ट्रिय कार्ययोजना अन्तर्गत महिलाको सहभागिताका सम्बन्धमा भएका नेपालका विद्यमान नीति तथा कानूनको पुनरावलोकन प्रतिवेदन २०६८/२०६९, शान्ति तथा पुनर्निर्माण मन्त्रालय र सामाजिक विकास केन्द्र

**तालिका नं. ५०**

**लैङ्गिक दृष्टिकोण समाविष्ट वा सम्बोधन भएका नीति तथा कार्यक्रम**

| क.स. | नीति तथा कार्यक्रम | निकाय |
|---|---|---|
| १ | ऐनका दफा २ को गम्भिर उल्लंघनको परिभाषा भित्र बलात्कार तथा यौनजन्य हिंसालाई समेत समावेश गरिएको । ऐनको दफा २६ को उपदफा २ वमोजिम बलात्कार र आयोगको छानविनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएका गम्भीर प्रकृतिका अन्य अपराधमा संलग्न पीडकलाई आयोगले क्षमादानका लागि सिफारिस गर्न नसक्ने व्वस्था गरिएको । | बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ |
| २ | राष्ट्रिय मानव अधिकार आयोग गठन गर्दा प्रतिनिधित्व हुने सदस्यमा महिलाको समानुपातिकप्रतिनिधित्व हुने व्यवस्था गर्ने । | मानव अधिकार आयोग ऐन, २०६८ |
| ३ | सूचना प्रविधिलाई यथासम्भव समतामूलक र समावेशी हुने गरी दुर्गम क्षेत्र, दलित, जनजाति, महिला, अपाङ्ग र जेष्ठ नागरिकहरूको पहुँचसम्म विस्तार गर्ने । | सूचना प्रविधि नीति, २०६७ |
| ४ | लघु उद्यम, घरेलु तथा साना उद्योगहरूको स्थापना तथा प्रवर्द्धन गर्दा नेपाल सरकारले तोकेको लक्षित समूहलाई विशेष प्राथमिकता दिदै उत्प्रेणा तथा उद्यमशीलता विकास तालिमको माध्यमबाट लक्षित समूहमा स्रोत-साधनको संभाव्यता र बजारको मागमा आधारित उपयुक्त उद्यमहरूको छनौट गरी त्यस्ता उद्यम संचालन गर्ने क्षमताको विकास गरिनेछ । उद्योगले प्रत्यक्ष रोजगारी दिने संख्याको ५० प्रतिशत स्वदेशी महिला वा दलित वा अपाङ्गता भएका व्यक्ति कामदारहरूलाई प्रत्यक्ष रोजगारी दिएमा त्यस्ता उद्योगले त्यस वर्षमा लाग्ने आयकरमा ४० प्रतिशत छुट पाउनेछन् । | औद्योगिक नीति, २०६७ |
| ५ | लैङ्गिक हिंसाका पीडितहरूको संरक्षणलाई प्रभावकारी बनाउने । | लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७ |
| | महिलामाथि हुने हिंसाको अन्त्यका लागि प्रभावकारी कानुनी आधार तयार भई लैङ्गिक हिंसा निवारण कोषको स्थापना भएको । | घरेलु हिंसा (कसूर र सजाय) नियमावली, २०६७ |
| ६ | सार्वजनिक पद धारण गरेका कर्मचारीले सेवा प्रवाह गर्दा अशक्त वृद्ध, टाढाका र कमजोर विद्यार्थी, असहाय, बालबालिका, सुत्केरी वा गर्भवती महिला र फरक क्षमता भएकालाई प्राथमिकता दिनुपर्ने । | राष्ट्रसेवक कर्मचारीको आचार संहिता ,२०६८ |
| ७ | एकल महिला सुरक्षा कोष सञ्चालन सम्बन्धी व्यवस्था गरिएको । | एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७० |

| | | |
|---|---|---|
| ८ | सशस्त्र द्वन्द्वमा हुन सक्ने बालबालिकाको प्रयोगलाई कानूनद्वारा निषेधित र दण्डनीय बनाइने, विशेष गरी विद्यालय परिसरमा सशस्त्र द्वन्द्व लगयतका राजनीतिक क्रियाकलाप निषेध गरिने, द्वन्द्वप्रभावित बालबालिकाको उद्धार, उपचार, मनोसामाजिक विमर्श, सामाजिक तथा पारिवारिक पुर्नस्थापना लगायतका आवश्यक व्यवस्था गरिने र तीनीहरूलाई लक्षित गरी राहत कार्यक्रम सञ्चालन गरिनेछ र यस कार्यको लागि केन्द्रीय बाल कल्याण समिति र जिल्ला बाल कल्याण समितिलाई क्रियाशील गरिनुका साथै बालबालिकामा सशस्त्र द्वन्द्वका प्रभावलाई न्यून गर्न राष्ट्रियस्तरदेखि समुदायसम्म चेतनामूलक कार्यक्रम सञ्चालन गरिने । | बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ |
| ९ | महिलामा पर्न सक्ने जलवायु परिवर्तन तथा पार्न सक्ने प्रभावहरूको पहिचान, जलवायु परिवर्तन सम्बन्धी कार्यमा गरिब, दलित, सीमान्तकृत जनजाति, आदिवासी, महिला, बालबालिका तथा युवाको सहभागिता सुनिश्चित गरी जलवायु अनुकूल सम्बन्धी कार्यहरूको कार्यान्वयन गर्ने । | जलवायु परिवर्तन नीति, २०६७ |
| १० | खेलकूदको क्षेत्रमा महिलाहरूको सहभागितालाई सुनिश्चित र मर्यादित बनाउन महिलाहरूको सहभागिता रहने खेलहरूलाई व्यवस्थित तथा व्यवहारिक बनाउने। लैङ्गिक समानता र खेलकूदको माध्यमबाट राष्ट्रको प्रतिष्ठा हासिल गर्न महिलाहरूको सहभागितामा वृद्धि गर्न प्रोत्साहित गर्ने, महिला खेलाडीहरूलाई रोजगारीको लागि आवश्यक पहल गर्ने, खेल क्षेत्रमा महिला सहभागिताका लागि प्रशिक्षण, चिकित्सा, मनोविज्ञान आदि क्षेत्रका जनशक्तिहरू तयार गर्ने, महिला खेलकूद तथा महिला खेल विधाहरूको विस्तार गर्न विद्यालय तहदेखि नै विशेष पहल गरी संख्यात्मक एवं गुणात्मक सहभागिताको विकास गर्ने, विगतका वर्षहरूमा महिलाहरूले अन्तर्राष्ट्रिय जगतमा हासिल गरेका सफलताहरूलाई मध्यनजर गरी प्रत्येक २/२ वर्षमा महिला खेल महोत्सव आयोजना गर्ने, महिलाहरूका लागि आवासीय खेलकूद सुविधाहरू स्थानीय स्तरमा स्थापना गर्ने । | राष्ट्रिय खेलकूद नीति, २०६७ |
| ११ | संवत् २०५२ साल फागुन १ गते देखि २०६३ साल मंसीर ५ गते सम्मको सशस्त्र द्वन्द्वका क्रममा आमाबाबु दुवैको मृत्यु भई टुहुरा भएका, बेपत्ता पारिएका वा द्वन्द्वको क्रममा बाबु वा आमामध्ये कुनै एकको मृत्यु भएको र बाबु वा आमामध्ये एकको अन्य कुनै कारणले मृत्यु वा बेपत्ता भई दुवै नभएको वा बाबुको द्वन्द्वको क्रममा मृत्यु वा बेपत्ता पारिएको र आमाले अर्को विवाह गरी आमा बाबु दुवै नभएको अवस्थाको १८ वर्ष उमेर पूरा नगरेका बालबालिकालाई लक्षित गरी पुनःस्थापन कार्यक्रम सञ्चालन गर्ने । | आमा बाबु गुमाएका बालबालिका पुनस्थापन कार्यक्रम सञ्चालन कार्यविधि, २०६८ |

| | | |
|---|---|---|
| १२ | विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका अन्तर्गत बाबुआमा दुवै नभएका र कसैले पनि हेरचाह नगरेका, बाबुआमाबाट त्यागिएका वा बिछोडिएका वा घरबाट भागेका र बाबुआमा पत्ता नलागेका, बाबु आमा वा संरक्षकबाट उचित पालनपोषण नगरी हेला र दुर्व्यवहार गरिएका, बाबु वा आमा भए पनि बालबालिकाको हेरचाह गर्न शारीरिक वा मानसिक अशक्तताका कारणले सक्षम नभएका र घर वा बसोबासको स्थायी ठेगानसमेत नभएका बालबालिकाका लागि विशेष कार्यक्रम संचालन गर्ने । | आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९ |
| १३ | • उद्योग व्यवसाय सम्बन्धी नीति निर्माण गर्दा महिलाको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गरिने ।<br>• महिला उद्यमीहरूलाई सरल र सुलभ ऋण प्रवाह गर्न समूह ऋणको व्यवस्था गर्ने ।<br>• महिलाको नाममा उद्योग दर्ता गर्दा लाग्ने दस्तुरमा ३५ प्रतिशत सम्म छुट दिने ।<br>• महिलाको नाममा दर्ता भएका उद्योगलाई औद्योगिक सम्पत्ति पेटेण्ट, डिजाईन र ट्रेडमार्क दर्ता गराँउदा लाग्ने दस्तुरमा २० प्रतिशत छुट दिने ।<br>• महिला उद्यमशिलता विकासका लागि छुट्टै महिला उद्यमशिलता विकास कोष खडा गर्ने । | औद्योगिक नीति २०६७ |

स्रोतः संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्का प्रस्ताव नं. १३२५ र १८२० कार्यान्वयन सम्बन्धी राष्ट्रिय कार्ययोजना अन्तर्गत महिलाको सहभागिताका सम्बन्धमा भएका नेपालका विद्यमान नीति तथा कानूनको पुनरावलोकन प्रतिवेदन २०६८/२०६९, शान्ति तथा पुनर्निर्माण मन्त्रालय र सामाजिक विकास केन्द्र र विभिन्न मन्त्रालय तथा निकायहरू

### सूचक २.२ : स्थापित सम्पर्क व्यक्तिको संख्या र निजहरूले खेल्ने भूमिका ।

नेपाल सरकारले १३२५ र १८२० सम्बन्धी कार्ययोजना कार्यान्वयन गर्नका लागि सम्बन्धित मन्त्रालय एवं निकायहरूमा सम्पर्क व्यक्ति तोकेको छ । कतिपय मन्त्रालय वा निकायहरूमा उपसचिव स्तरका कर्मचारीहरूलाई सम्पर्क व्यक्ति तोकिएको छ भने केही मन्त्रालय तथा निकायहरूमा लैङ्गिक सम्पर्क व्यक्तिहरूले यस कार्यलाई हेर्ने जिम्मेवारी पाएका छन् । यसरी मन्त्रालय तथा निकायहरूले जिम्मेवार तहका कर्मचारीलाई यसको सर्म्पक व्यक्तिको रुपमा तोकिनुले पनि सरकारले यसको कार्यान्वयनलाई दिएको उच्च महत्व र प्राथमिकतालाई दर्शाउछ ।

### सूचक २.३ स्थानीय शान्ति समितिका महिला सदस्यहरूको क्षमता अभिवृद्धि गर्न संचालित कार्यक्रम र सहभागी संख्या ।

गठन भएका शान्ति समितिका महिला सदस्यहरूको क्षमता अभिवृद्धि गर्न सरकार र गैर सरकारी क्षेत्रबाट समेत विभिन्न कार्यक्रमहरू संचालन भएका छन् । १३२५ कार्य समूहका संस्थाहरूले शान्ति तथा पुनर्निर्माण मन्त्रालयसँगको समन्वयमा शान्ति समितिका महिला सदस्यहरूको क्षमता वृद्धिका कार्यक्रमहरू संचालन गरेका छन् । विभिन्न निकायहरूले यस सम्बन्धी कार्य गरेता पनि एकीकृत तथ्यांक भने राखेको पाइदैन ।

**तालिका नं. ५१**
**स्थानीय शान्ति समितिका महिला सदस्यहरूको क्षमता अभिवृद्धि गर्न संचालित कार्यक्रम र सहभागी संख्या**

| क्र.सं. | कार्यक्रम विवरण | मिति/अवधि | स्थान | सहभागी संख्या |
|---|---|---|---|---|
| १ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभिमुखीकरण कार्यक्रम | २०६९/७० | ७५ जिल्ला | सहभागी १०५५३ मध्ये महिला ४३४८ |

स्रोतः संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

### सूचक २.४ : समितिमा महिला सदस्यहरूले उठाउने विषय र निर्वाह गर्ने भूमिका

स्थानीय शान्ति समितिहरूमा महिलाको सहभागिता उल्लेखनीय भएता पनि उनिहरूले समितिको बैठक तथा कार्यक्रमहरूमा महिला सदस्यहरूले उठाउने विषय र निर्वाह गर्ने भूमिकाको सम्बन्धमा कुनै व्यवस्थीत जानकारीहरू उपलब्ध नभएको कारण यस सम्बन्धी विषयहरूलाई यहाँ उल्लेख गरिएको छैन । जिल्ला तहमा गरिएको छलफलमा स्थानीय शान्ति समितिका महिला सदस्यहरूले महिलाहरूले उठाउने विषयहरूमा कमै मात्रमा छलफल हुने र महिलाको प्रतिनिधित्वमा कमि हुने भएकोले छलफलमा सहभागी हुँदा हुँदै पनि अन्तिम निर्णयमा महिलाको आवाजको सुनुवाई हुने नगरेको सहभागिहरूले बताएका थिए ।

### सूचक २.५ राजनीतिक दलहरूमा महिला, शान्ति र सुरक्षा सम्बन्धी विषयमा भएका प्रशिक्षण कार्यक्रमको संख्या

राजनीतिक दलका स्थानीय नेतृत्वहरूलाई राष्ट्रिय महिला आयोगबाट महिला, शान्ति र सुरक्षा सम्बन्धमा केहि प्रशिक्षण कार्यक्रमहरू संचालन गरेको छ भने अन्य संस्थाहरूले पनि यस सम्बन्धी कार्यक्रमहरू संचालन गरेको पाईन्छ । थुप्रै गैर सरकारी संस्थाहरूले यस सम्बन्धी कार्यक्रमहरू संचालन गरे पनि त्यो प्रभावकारी भने हुन सकेको देखिदैन (विस्तृत जानकारी परिच्छेद-५ मा दिइएको छ) ।

**तालिका न ५२**
**राष्ट्रिय महिला आयोगबाट महिला, शान्ति र सुरक्षा सम्बन्धमा राजनीतिक दलहरूलाई लक्षित गरी संचालित गरिएका प्रशिक्षण कार्यक्रमहरू**

| | |
|---|---|
| विभिन्न राजनीतिक दलका पदाधिकारीहरूलाई संयुक्त राष्ट्र संघद्वारा पारित प्रस्ताव नं. १३२५/१८२० को वारेमा तालिम (४० जना * ५ वटा) | विभिन्न राजनीतिक दलका पदाधिकारीहरूलाई संयुक्त राष्ट्र संघद्वारा पारित प्रस्ताव नं. १३२५/१८२० को वारेमा तालिम सम्पन्न । दोलखा, नुवाकोट, रामेछाप, सिन्धुपाल्चोक, नवलपरासी, धनकुटा, भोजपुर, संखुवासभा, खोटाङ, सुनसरी, कालिकोट, दैलेख, सुर्खेत, अछाम, बाँके, बर्दिया, रुकुम, रोल्पा, सर्लाही, महोत्तरी, रौतहट, चितवन, पर्सा, गोर्खा, म्याग्दी, बाग्लुङ, पाल्पा र कास्की जिल्लाहरूबाट जिल्ला स्तरका विभिन्न राजनीतिक दलका अध्यक्ष, उपाध्यक्ष, जिल्ला सदस्य लगायत क्षेत्रीय अध्यक्ष, पूर्व सभासदका साथै केन्द्रिय सदस्यहरूको समेत गरेर २२४ जनाको सहभागिता रहेको । |

| | |
|---|---|
| विभिन्न सरकारी निकायका कर्मचारीहरूलाई संयुक्त राष्ट्र संघद्वारा पारित प्रस्ताव नं. १३२५/१८२० को वारेमा तालिम (४० जना * ५ वटा) कार्यक्रम रहेको । | विभिन्न सरकारी निकायका कर्मचारीहरूलाई संयुक्त राष्ट्र संघद्वारा पारित प्रस्ताव नं. १३२५/१८२० को वारेमा २ वटा तालिम सम्पन्न । मोरङ, झापा, इलाम, उदयपुर, सिरहा, रोल्पा, कपिलवस्तु, अर्घाखाँची, दाङ्ग र रुपन्देही जिल्लाहरूबाट ७४ जनाको सहभागिता रहेको । |
| राजनीतिक दलका पदाधिकारी तथा सरकारी निकायका कर्मचारीहरूसँग महिलाको सहभागिता अभिवृद्धि सम्बन्धी अन्तरक्रिया (४० जना * ५ वटा) कार्यक्रम रहेको । | कार्यान्वयन भइरहेको । |

स्रोतः राष्ट्रिय महिला आयोग

### सूचक २.६ : जिल्ला स्तरमा गठन भएका संजालको संख्या र संजालको सक्रियतामा भएका कार्यक्रम

छनौट गरिएका दशै जिल्लाहरूमा लैङ्गिक हिंसा सम्बन्धी कार्य गर्ने गैर सरकारी संस्थाहरूको संजाल रहेको भनिएता पनि त्यसको प्रभावकारी संचालन भने हुन नसकेको देखिएको छ । जिल्लामा महिला मानव अधिकार रक्षक संजाल, मानव अधिकार संरक्षण केन्द्र संजाल, महिला घरेलु हिंसा विरुद्ध संजाल आदि रहेका छन् । तर ती संजालहरूबाट के कस्ता कार्यक्रमहरू संचालन भएका छन भन्ने सम्बन्धमा कुनै सूचनाहरू प्राप्त हुन सकेको छैन ।

### सूचक २.७ : स्थानीयस्तरको कार्यक्रम कार्यान्वयनको प्रभावकारिता

स्थानीयस्तरमा गठन भएका संजालहरूबाट संचालन भएका कार्यक्रमहरूको सूचना पनि प्राप्त नभएको र भएका कार्यक्रमहरूको कार्यान्वयनको प्रभावकारीताका सम्बन्धमा पनि कुनै जानकारी प्राप्त हुन सकेको छैन ।

## ३.४ राहत तथा पुनःप्राप्ति

राष्ट्रिय कार्ययोजनाको चौथो स्तम्भ अन्तर्गत राहत, पुनःप्राप्ति तथा पुनःस्थापनाका कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा द्वन्द्व प्रभावित महिलाको प्रत्यक्ष र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने, महिला र बालिकाहरूको विशेष आवश्यकतालाई सम्बोधन गर्ने उद्देश्य लिएको छ । यस स्तम्भ अन्तर्गत सशस्त्र द्वन्द्वबाट प्रभावित महिला तथा बालिकाहरूको अवस्था पहिचान गरी उनीहरूलाई राहत लगायत पुनःप्राप्तिका कार्यक्रमहरू संचालन गर्ने, उनीहरूको सहभागितामा त्यस्ता कार्यक्रमहरूको तर्जुमा गर्ने, तथ्यांक संकलन गर्ने तथा पीडितलाई राहत तथा लैङ्गिक सहायता एवं छात्रवृत्तिका प्याकेजहरू वितरण गर्ने क्रियाकलापहरू रहेका छन् ।

### रणनीतिक उद्देश्य १: द्वन्द्व प्रभावित महिला र बालिकाको सहभागितामा उनीहरूको अवस्था पहिचान गरी आवश्यकता अनुसारका राहत तथा पुनःप्राप्तिका कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्ने ।

### सूचक १.१: वास्तविक अवस्थाको पहिचान सहितको अध्ययन प्रतिवेदन ।

नेपालमा द्वन्द्वको प्रभावका सम्बन्धमा वृहत अध्ययन हुन सकेको छैन । विषेश रुपमा द्वन्द्व प्रभावित महिला, बालिका र पूर्व महिला लडाकुको सहभागितामा उनीहरूको वास्तविक अवस्था (स्वास्थ्य, शिक्षा, वित्तीय तथा लैङ्गिक आवश्यकता) को पहिचान गर्न हाल सम्म आधिकारीक अध्ययन र अनुसन्धान हुन सकेको छैन । केही गैर सरकारी निकायहरूबाट यस प्रकारको अध्ययन भएता पनि त्यसलाई आधिकारिक दस्तावेज मानिदैन । सरकारीस्तरबाट संक्रमणकालीन न्यायको निरुपणका लागि बन्ने संयन्त्रहरू नबनिसकेको अवस्थामा हालसम्म आधिकारिक अध्ययन हुन सकेको छैन । तर सरकारीस्तरबाट अस्थायी प्रकृतिका विवरण संकलन कार्यदलहरू गठन गर्ने कार्य भएको छ । यसले एकातिर द्वन्द्वले महिलाहरूमाथि कस्तो असर तथा प्रभाव पारेको छ, उनीहरूलाई कस्तो सहयोग वा राहतको आवश्यकता छ र उनीहरूको अवस्था कस्तो रहेको छ भन्ने कुरा निर्क्यौल गर्न कठिन भएको छ ।

### सूचक १.२ : महिला, बालिका र पूर्व महिला लडाकुको सहभागितामा तर्जुमा भएका कार्यक्रम ।

द्वन्द्वबाट प्रभावित व्यक्तिहरू तथा उनीहरूको अवस्थाको पहिचान भइनसकेको अवस्थामा द्वन्द्वबाट प्रभावित महिला, बालिका र पूर्व महिला लडाकुको सहभागितामा कार्यक्रमहरू तर्जुमा भएका छैनन् । सरकारले हालसम्म प्रदान गरेको राहत र संचालन गरेका पुन :स्थापना लगायतका कार्यक्रमहरूको कार्यान्वयन सरकारको राष्ट्रिय नीति र योजना अनुरुप छन् ।

### सूचक १.३ : राहत पाउनेको संख्या र राहतको गुणस्तर ।

शान्ति तथा पुनर्निर्माण मन्त्रालय मार्फत सरकारले द्वन्द्वपीडित व्यक्तिहरूलाई राहत तथा लैङ्गिक सहायता उपलब्ध गराउने सम्बन्धमा विभिन्न कार्यक्रमहरू शुरु गरेको छ । द्वन्द्वका कारणले मृत्यु भएकाहरूका हकदार, द्वन्द्वबाट पीडित व्यक्तिहरू, बेपत्ता पारिएका तथा तीनका हकदार, सम्पतिको क्षति, एकल महिर्ला, विस्थापित, अगंभगं भएका, अपहरणमा परेका लगायतका द्वन्द्वका घटनाहरूमा सरकारले राहत तथा क्षतिपूर्ती दिने गरेको छ । महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत द्वन्द्वबाट प्रभावित महिलाको लागि घर विकास योजनाको क्रियाकलाप, उत्पीडित, अति विपन्न एवं भूमिहीन दलित जनजातिको महिलालाई प्राथमिकता, जोखिममा परेका तथा द्वन्द्वबाट प्रभावित बालबालिका एवं परिवारको लागि विकेन्द्रित सहयोग सुदृढीकरण आयोजना अन्तर्गत विशेष संरक्षण, राहत, पुनर्स्थापना र जीवनपयोगी सीप प्रदान, हक हितको प्रवर्द्धन र क्षमता विकास गर्ने तालिम दिने कार्यहरू भएका छन् । शिक्षा मन्त्रालय अन्तर्गत शहीद परिवार तथा द्वन्द्व पीडित परिवारका बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गर्ने, शहीदका छोराछोरीको लागि पाँचै विकास क्षेत्रमा शहीद प्रतिष्ठान मार्फत आवासीय विद्यालय सञ्चालन गर्ने, निम्न माध्यमिक विद्यालय शिक्षामा गृहिणी तथा कामकाजी महिलालाई पहुँच पुऱ्याउने व्यवस्थाको लागि कोटाको व्यवस्था गरीएको छ । सरकारद्वारा प्रदान गरिएका यस्ता राहतहरू अन्तरिम प्रकृतिका भएको हुनाले भविष्यमा यस्तो राहतमा सरकारले पुनः व्यवस्था गर्न सक्ने नै छ । जिल्ला तहमा वास्तविक द्वन्द्व प्रभावितहरूले राहत नपाएको र द्वन्द्व प्रभावित नभएकाहरूले त्यस्तो राहत पाएको जस्ता गुनासाहरू वारवार आउने गरेको पाइन्छ ।

**तालिका नं. ५३**

**राहत पुनस्थापन खर्च प्रगति र लाभान्वित संख्या**

| सि.न. | द्वन्द्वपीडित/राहतको प्रकार | कुल संख्या | शुरुदेखि हालसम्म राहत प्राप्त गर्ने व्यक्तिको संख्या र प्रदान गरिएको रकम (रु. हजारमा) | | कैफियत |
|---|---|---|---|---|---|
| | | | संख्या | रकम | |
| १ | मृतकका हकदारलाई राहत (रु. १ लाख) | १७८८६ | १४३७५ | १४३७५०० | |
| २ | सर्वसाधारण मृतकका एकल महिला (रु. २५ हजारका दरले) | ९००० | ४६४० | ११४१७५ | |
| ३ | बेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत (रु. १ लाखका दरले) | १५३० | १५३० | १५३००० | |
| ४ | बिस्थापित भएकालाई आर्थिक साहायता | ७९५७१ | २५००० | २४०१४४ | |
| ५ | व्यक्तिगत सम्पत्ति क्षति भएकालाई आर्थिक सहायता | १७४८४ | ९१५४ | ३३३८७६ | |
| ६ | अङ्गभङ्ग अपाङ्ग भएकाहरुलाई आर्थिक सहायता | ८१९१ | ८१९१ | ४८०३७४ | |
| ७ | अपहरणमा परेका व्यक्तिलाई राहत (रु. २५ हजारका दरले) | ३१४२ | ३१४२ | ७८५५० | |
| ८ | जनआन्दोलनका शहीदका परिवारलाई मासिक भत्ता | २६ | २६ | ११२६१.४ | नियमित |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | जनआन्दोलनका घाइतेलाई (५० %) मासिक वृत्ति | ३० | ३० | १०४५५.४ | नियमित |
| १० | जनआन्दोलनका घाइतेहरुका सन्तानलाई छात्रवृत्ति | ३८ | ३८ | २९०५ | नियमित |
| ११ | ऐतिहासिक जनआन्दोलनका घाइतेलाई राहत | ३९८४ | ३२१६ | ४०६४७ | |
| १२ | ५१ प्रतिशत भन्दा माथि अङ्गभङ्ग भएकालाई जीवन निर्वाह भत्ता | ७४४ | ७४४ | १४७२९४ | नियमित |
| १३ | आमाबाबु दुवै गुमाएका टुहुरा बालबालिका( लाई राहत | ६२० | ६२० | ९१३३० | नियमित |
| १४ | शान्ति सम्झौता पश्चात्का घटनामा परी मृत्यु हुनेका हकदारलाई राहत | ११० | ५९ | ८८५० | |
| १५ | द्वन्द्वपीडितहरुको सीपमूलक तालिम | ३२७ | ३२७ | ५२५० | |
| **१६** | **बिशेष राहत तर्फ :** | | | | |
| (क) | मृतकका हकदारलाई आर्थिक सहायता रु. २ लाख थप (राहत इकाईबाट) | १२००० | १०८२१❊ | २१३०८४३ | |
| (ख) | बेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत (रु. १ लाखका दरले) | १५३० | १५३० | ३०६००० | |
| (ग) | बेपत्ता पारिएका व्यक्तिका पत्नीलाई थप आर्थिक सहायता रु. २५ हजारका दरले (एकमुष्ट) | १००० | ६४९ | १६२२५ | |
| १७ | मनव अधिकार आयोगको सिफारिस बमोजिम राहत | | १०५ | १४८१५ | |
| १८ | रोजगार/स्वरोजगार | | १४७१८ | ६२८१७२ | |
| **जम्मा** | | | | ६२५१६६६.८ | |

❊ राहत तथा पुनःस्थापना कार्यक्रमबाट ८९३९ जना र शान्ति प्रकृया सहयोग आयोजनाबाट १८८२ जना ।

स्रोतः शान्ति तथा पुननिर्माण मन्त्रालय

**तालिका नं. ५४**

**संयुक्त राष्ट्र संघ अन्तर निकायका पुर्नस्थापन कार्यक्रम (UNIRP) अन्तर्गत पूर्व माओवादी लडाकुहरूले प्राप्त गरेको आर्थिक सहायता**

| पुर्नस्थापन प्रक्रियाका चरणहरू | कुल ४००८ VMLR मध्येको | क्यान्टोन्टमेन्ट समारोह मार्फत निस्किएका २३९४ VMLR मध्ये | १६१४ मध्ये क्यान्टोन्टमेन्ट समारोहमा अनुपस्थित VMLR |
|---|---|---|---|
| टोलफ्रि फोन मार्फत पहिलो पटक सम्पर्क गर्ने व्यक्ति | २६८९ (६७%) (३४% म., ६६% पु.) | २१०३ (८८%) (३४% म., ६६% पु.) | ५८६ (३६%) (३४% म., ६६% पु.) |

| | | | |
|---|---|---|---|
| क्यारियर काउन्सिलिङ्ग प्राप्तगर्ने व्यक्तिहरू र तालिम तथा शिक्षाको लागि प्रेषण गरिएका व्यक्तिहरूको संख्या | २३८४ (५९%)<br>(३६% म., ६४% पु.) | १९०३ (७९%)<br>(३६% म. , ६४% पु.) | ४८१ (३०%)<br>(३७% म., ६३% पु.) |

स्रोतः संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्बाट पारित प्र.नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी राष्ट्रिय कार्ययोजनाको प्रथम वर्षको अनुगमन प्रतिवेदन २०६९

**तालिका : ५५**

**तालिम तथा शिक्षामा भर्ना भएका व्यक्तिहरू**

| पुर्नस्थापन प्रक्रियाका चरणहरू | कुल ४००८ VMLR मध्येको | क्यान्टोन्टमेन्ट समारोह मार्फत निस्किएका २३९४ VMLR मध्ये | १६१४ मध्ये क्यान्टोन्टमेन्ट समारोहमा अनुपस्थित VMLR |
|---|---|---|---|
| हाल तालिम वा शिक्षामा रहेका व्यक्तिहरू | ७५६(१९%)<br>(४२% म., ५८% पु.) | ५५०(२३%)<br>(४२% म., ५८% पु.) | २०६(१३%)<br>(४४% म., ५६% पु.) |
| तालिम सकेका व्यक्तिहरू | १३१० (३३%)<br>(३७% म., ६३% पु.) | १०८५ (१९%)<br>(३६% म., ६४% पु.) | २२५ (१४%)<br>(३९% म., ६१% पु.) |
| तालिम वा शिक्षा बीचमै छाड्ने व्यक्तिहरू | ८३ (२%)<br>(१३% म., ८७% पु.) | ६५(३%)<br>(१२% म., ८८% पु.) | १८ (१%)<br>(१७% म., ८३% पु.) |
| तालिम वा शिक्षाको लागि भर्ना गरिएका व्यक्तिहरूको कुल संख्या | २१४९ (५४%)<br>(३८% म., ६२% पु.) | १७००(७१%)<br>(३७% म., ६३% पु.) | ४४९ (२८%)<br>(४०% म., ६०% पु.) |

स्रोतः संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्बाट पारित प्र.नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी राष्ट्रिय कार्ययोजनाको प्रथम वर्षको अनुगमन प्रतिवेदन २०६९

**तालिका नं. ५६**

**सहभागीहरूको अवस्था अद्यावधि (update)**

**देहायको तालिकाले तालिम तथा शिक्षा, पुर्नस्थापनाको मुख्य तथ्यांकलाई प्रस्तुत गर्दछ। यस तथ्यांकलाई लिङ्गको आधारमा खण्डीकृत गरिएको छ।**

| पुर्नस्थापन प्याकेज | क्षेत्र अनुसार भर्ना गरिएको कुल संख्या | हाल तालिम/शिक्षामा रहेकाहरू | तालिम/शिक्षा छाड्नेहरू | तालिम/शिक्षा सम्पन्न गर्नेहरू | रोजगार/आफ्नो ब्यवसाय शुरु गर्नेहरू |
|---|---|---|---|---|---|
| व्यवसायिक तालिम हासिल गर्नेहरूको संख्या | ४८५ (३% म., ९७% पु.) | ३० (०% म., १००% पु.) | ४५ (२%म., ९८% पु.) | ४१० (१% म., ९९% पु.) | १५७ (१% म., ९९% पु.) |
| लघु व्यवसाय हासिल गर्नेहरूको संख्या | ११७२ (५१% म., ४९% पु.) | २९८ (४३% म., ५७% पु.) | २३ (३५%म., ६५% पु.) | ८५१ (५४% म., ४६% पु.) | ५४६ (५६% म., ४४% पु.) |

| | | | | | |
|---|---|---|---|---|---|
| शिक्षा हासिल गर्नेको संख्या | ४३२ (४४% म., ५६% पु.) | ४१५ (४४% म., ५६% पु.) | १२(१७% म., ८३% पु. | ५ (८०%म., २०% पु.) | - |
| स्वास्थ तालिम हासिल गर्नेको संख्या | ६० (२८% म., ७२% पु.) | १३ (५४% म., ४६% पु.) | ३ (०% म., १००% पु.) | ४४ (२३% म., ७७% पु.) | २ (०% म., १००% पु.) |
| कुल | २१४९ (४१% म., ५९% पु.) | ७५६(४२% म., ५८% पु.) | ८३ (१३% म., ८७% पु.) | १३१० (३७% म., ६३% पु.) | ७०५(४४% म., ५६% पु.) |
| | | | | रोजगारीको दर (%) | ५४ % (कुल १३१० मध्येबाट)[1] |

स्रोतः संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्बाट पारित प्र.नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी राष्ट्रिय कार्ययोजनाको प्रथम वर्षको अनुगमन प्रतिवेदन २०६९

**तालिका नं. ५७**

**विभिन्न सहयोग प्राप्त गर्ने सहभागी**

| सुत्केरी/पितृत्व भत्ता | शिशु स्याहार, सहयोग तथा शिशु आहार | प्रजनन् स्वास्थ सहयोग | औषधोपचारको लागि प्रेषण | शिशु स्याहार केन्द्रमा रहेका बालबालिका | बालबालिकाहरूलाई स्वास्थ सेवा | पौष्टिक आहार (सहभागी/दम्पती) |
|---|---|---|---|---|---|---|
| ५७ | ५७५ | १८ | २ | २११ | ५८ | ३९० |

स्रोतः संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्बाट पारित प्र.नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी राष्ट्रिय कार्ययोजनाको प्रथम वर्षको अनुगमन प्रतिवेदन २०६९

### सूचक १.४ : परिचयपत्र, जन्मदर्ता, नागरिकताको प्रमाणपत्र, विवाह दर्ता, विद्यालय स्थानान्तरण जस्ता प्रमाणपत्र पाउनेहरूको संख्या ।

द्वन्द्वको कारण विद्यालय छोडेका, विस्थापित भएका तथा सरकारबाट प्राप्त गर्नुपर्ने विविध प्रमाणपत्रहरू प्राप्त गर्न नसकेका, महिला तथा बालिकाहरूलाई आवश्यकता अनुसार त्यस्ता प्रमाणपत्रहरू उपलब्ध गराउने कार्ययोजनाको उद्देश्य भए पनि हालसम्म त्यस प्रकारका प्रमाणपत्रहरू कसैले पनि लिएका छैनन् । सम्बन्धित निकायहरूसँग यस सम्बन्धमा छलफल हुँदा कोही पनि यस्तो प्रमाणपत्र माग गर्न नआएको भन्ने बुझिएको छ ।

### सूचक १.५ : सेवा प्राप्त शिशु एवं कर्मचारी वा कामदार महिलाको संख्या ।

द्वन्द्व प्रभावित महिला कामदार तथा कर्मचारीहरूलाई लक्षित गरी उनीहरूका बालबच्चाको स्याहारका लागि शिशु स्याहार केन्द्र निर्माण गर्ने राष्ट्रिय कार्ययोजनाको लक्ष्य अनुसार अन्य स्थानहरूमा यस्ता शिशु स्याहार केन्द्रहरू स्थापित हुन बाँकी नैंछन् । स्थापित शिशु स्याहार केन्द्रहरूमा कति द्वन्द्व प्रभावित महिलाहरूले त्यस्तो सेवा प्राप्त गरेका छन भन्ने छुट्टै तथ्यांक प्राप्त छैन ।

### सूचक १.६: शिशु स्याहार केन्द्रको संख्या र केन्द्रले प्रदान गर्ने सेवाको स्तर

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयबाट सिंहदरवारमा परिसरमा रहने गरि एक शिशु स्याहार केन्द्र संचालित छ । त्यसैगरी राष्ट्रिय मानव अधिकार आयोगमा पनि एक शिशु स्याहार केन्द्र संचालित छ । रक्षा मन्त्रालय अन्तर्गत संचालित कार्यक्रममा २ वटा शिशु स्याहार केन्द्रहरू स्थापना गर्ने योजना रहेको र तीनलाई स्थापना गर्ने प्रक्रिया अघि वढेको जानकारी प्राप्त भएको छ ।

### सूचक १.७ द्वन्द्व प्रभावित महिला तथा बालिकाहरूको सहभागितामा कार्यक्रम तर्जुमा गर्न भएको महिला सहभागिता संख्या

द्वन्द्व प्रभावित महिला, बालिका र पूर्व महिला लडाकुहरूको सहभागितामा उनीहरूको वास्तविक अवस्था (स्वास्थ्य, शिक्षा, वित्तीय तथा लैङ्गिक आवश्यकता) को पहिचान गर्ने कुनै पनि अध्ययन भएको छैन । त्यसैगरी कुनै पनि निकायबाट संचालन भएका तत्कालिन राहत तथा द्वन्द्व प्रभावितहरूलाई लक्षित गरेर बनाईएका कार्यक्रमहरूको तर्जुमा गर्दा उनीहरूलाई सहभागिता गराइएको पाइएन ।

### सूचक १.८ : क्षतिपूर्ती पाउनेको संख्या

सूचक १.७ अनुसार तर्जुमा भई कार्यान्वयन भएका कार्यक्रमहरूबाट द्वन्द्व प्रभावित महिला तथा बालिकाहरूले क्षतिपूर्ति पाएको तथ्यांक प्राप्त छैन तर नेपाल सरकार शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट प्रदान गरिएको विभिन्न किसिमका राहत तथा क्षतिपूर्ति कार्यक्रमबाट यिनीहरु लाभान्वित भएका छन् ।

### सूचक १.९ : क्षतिको परिपूर्तीको किसिम र रकम

यस सम्बन्धी विस्तृत जानकारी यसै स्तम्भ अन्तर्गतका अन्य सूचक र त्यस सम्बन्धी विस्तृत विवरण अनुसूची-१४ मा दिइएको छ ।

### सूचक १.१० : द्वन्द्वका कारण मानसिक सन्तुलन गुमाएका एवं घरपरिवारको पहिचान नभएका महिलाको उपचार एवं पुनःस्थापना सेवाको किसिम र लाभान्वित संख्या

यस सम्बन्धी कुनै पनि सूचना र तथ्यांकहरू प्राप्त भएको छैन ।

### सूचक १.११ : छात्रवृत्ति प्राप्त गर्ने बालिकाको संख्या

सशस्त्र द्वन्द्वमा मृत्यु भएका व्यक्तिका सन्तान, बेपत्ता पारिएका व्यक्तिका सन्तान, सशस्त्र द्वन्द्वमा ५०% भन्दा बढी अपाङ्गता भएका व्यक्तिको सन्तान र सशस्त्र द्वन्द्वमा ५०% भन्दा बढी अपाङ्गता भएका छात्रछात्राहरूलाई १८ वर्ष उमेर सम्म देहायको छात्रवृत्ति प्रदान गर्ने व्यवस्था रहेको छ । यस्तो छात्रवृत्ति बढीमा ३ सन्तानलाई प्रदान गरिने व्यवस्था छ ।

**तालिका नं. ५८**

**नेपाल सरकारबाट वार्षिक रुपमा वितरण भइरहेको छात्रवृत्तिको दर**

| छात्रवृत्ति दरः | वार्षिक एकमुष्ट रु. |
|---|---|
| प्राथमिक विद्यालय तह/पूर्व प्राथमिक तह | १०,०००।- |
| निम्न माध्यमिक विद्यालय तह | १२,०००।- |
| माध्यमिक विद्यालय तह | १४,०००।- |
| उच्च माध्यमिक तह, प्रमाणपत्र तह | १६,०००।- |

स्रोतः शान्ति तथा पुनर्निमाण मन्त्रालय

**तालिका नं. ५९**

**जन आन्दोलनका घाईतेका सन्ततीलाई वार्षिक रुपमा प्रदान गरिदै आएको छात्रवृत्ति दर**

| | प्रा.वि. | मा.वि. | उच्च मा.वि. |
|---|---|---|---|
| घाइते ७०% -१००% | १२,००० | १८,००० | २४,००० |
| घाइते ५०% - ६९% | १०,००० | १५,००० | २०,००० |

स्रोतः शान्ति तथा पुनर्निमाण मन्त्रालय

**सूचक १.१२ : पढाइलाई निरन्तरता दिन संचालन भएका कार्यक्रमको संख्या**

नेपालबाट निरक्षरता उन्मूलन गर्ने लक्ष्य अनुरुप आधारभूत साक्षरताका कार्यक्रमहरू देशव्यापी रुपमा सञ्चालन भइरहेको छ । यसमा द्वन्द्व प्रभावित महिलाहरू स्वतः समेटिन्छन् । पढाई छुटेका र पढाईलाई निरन्तरता दिन चाहनेहरूका लागि आधार भूत (प्राथमिक तहदेखि माध्यमिक तहसम्म) का लागि वैकल्पिक तथा खुला शिक्षाका कार्यक्रमहरू सञ्चालित छन् । पाँच वर्षे प्राथमिक तह ३ वर्षमा र ३ वर्षे निम्नमाध्यमिक तह २ वर्षमा र २ वर्षे माध्यमिक तह १ वर्षमा पूरा गरी एस.एल.सी. परीक्षा दिन पाउने व्यवस्था छ । यी कार्यक्रमहरूमा सहभागी हुनेहरूले निःशुल्क पाठ्यपुस्तक र छात्रवृत्तिसमेत पाउने व्यवस्था छ । काम गर्दै गरेका महिला तथा पुरुषहरूले उनीहरूको अनुकुल समयमा सम्पर्क कक्षाहरूमा भाग लिन पाउँछन् । पढाई छुटेका र पढाईलाई निरन्तरता दिन चाहनेहरूका लागि वैकल्पिक र ६ वर्षको छोटो अवधिमा नै माध्यमिक तहसम्मको पढाइ पूरा गर्न सक्ने व्यवस्था छ । कम्तिमा कक्षा ८ उत्तीर्ण गरेका महिलाहरूका लागि ३५ दिने जीविकोपार्जन सीप विकास तालिम शिक्षा मन्त्रालय, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गतका ९ वटा प्राविधिक शिक्षालयहरूबाट दिने कार्यक्रम सञ्चालन भइरहेको छ । त्यसैगरी १२ वटा द्वन्द्व प्रभावित जिल्लाका २०० गाविसहरूका द्वन्द्वप्रभावित नवसाक्षर महिलाहरूका लागि प्रति गाविस ३० जना को दरले ३० कार्य दिन सम्मको वचत तथा ऋण, महिला सशक्तीकरण, लैङ्गिक हिंसा, जीविकोपार्जन सीप विकास र कार्यमूलक साक्षरता सम्बन्धी प्रशिक्षण दिने कार्यक्रम सञ्चालन भइरहेको छ ।

**सूचक १. १३ : संचालित व्रिज कोर्ष, अनौपचारिक शिक्षाको सख्या र प्रकार ।**

**तालिका नं. ६०**

**अनौपचारिक शिक्षा केन्द्रबाट प्रदान गरिएको शिक्षाको संख्या र प्रकार**

| सञ्चालकको नाम | व्रिज कोर्षको नाम र सख्या | अनौपचारिक शिक्षाको सख्या र प्रकार | लाभान्वितको संख्या महिला /पुरुष |
|---|---|---|---|
| अनौपचारिक शिक्षा केन्द्र | (१) आधारभूत प्रौढ साक्षरता (Basic Adult Literacy) | विगत ५ वर्षदेखि द्वन्द्व प्रभावित महिला तथा बालिकाहरूका लागि मात्र नभएर सबै निरक्षरहरूका लागि सञ्चालन गरिएको | विगत ५ वर्षदेखि ७५ जिल्लामा संचालन गरिएको |
| | (२) महिला शिक्षा (Women's Post literacy) | निरन्तर | निरन्तर |
| | (३) अनौपचारिक प्राथमिक शिक्षा (Flexible Schooling), | यस कार्यक्रमको तथ्याङ्क शिक्षा विभागले लिने गरेको । जम्मा सहभागी मध्ये कतिजनाद्वन्द्व प्रभावित हुन भन्ने यकिन गर्न नसकिएको | निरन्तर |
| | (४) निम्न माध्यमिक (कक्षा ६-८) समकक्षी खुला शिक्षा (Open Learning) | जम्मा सहभागी मध्ये कतिजना द्वन्द्व प्रभावित हुन भन्ने यकिन तथ्याङ्क केन्द्रमा नभएको | निरन्तर २५ जिल्लाका ३७ विद्यालयहरू |

स्रोतः शिक्षा मन्त्रालय

### सूचक १.१४ : संचालित सीपमूलक तालिम र सहभागी संख्या

सरकार तथा विभिन्न गैर सरकारी निकायहरूबाट द्वन्द्व प्रभावित महिला तथा बालिकाहरूको लागि विशेष सीपमूलक तालिम तथा आय आर्जनका कार्यक्रमहरू संचालित भएका छन् । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत गठन भएको नागरिक सचेतना केन्द्रका अती विपन्न महिलाहरूलाई पशुपालन, वेमौसमी तरकारी खेती लगायतका आय आर्जनमा सघाउने तालिम दिइएको छ । उद्योग मन्त्रालय अन्तर्गत संचालित कार्यक्रमबाट रोजगारी सृजना अन्तर्गत १५७२ जना महिला तथा बालिकाहरूलाई तालिम दिईएको छ । तर त्यस्ता कार्यक्रमहरू रुची, क्षमता र वजारको सम्भाव्यतालाई समेत ध्यान दिएर संचालन नगरिएको गुनासो जिल्ला स्तरमा भएको छलफलमा उठेके थिए ।

**तालिका नं. ६१**

**शान्ति तथा पुनर्निर्माण मन्त्रालय, शान्ति प्रक्रिया सहयोग आयोजनाबाट प्रदान गरिएको सीपमुलक तालिम**

| कार्यक्रम संचालन गर्ने निकाय | तालिमको किसिम | तालिमको अवधि | सहभागी सख्या महिला र पुरुष | तालिम पश्चात व्यवसाय शुरु गर्ने र रोजगारी प्राप्त गर्नेको सख्या महिला र पुरुष | जिल्ला |
|---|---|---|---|---|---|
| शान्ति तथा पुनर्निर्माण मन्त्रालय, शान्ति प्रक्रिया सहयोग आयोजना | सीपमूलक | ३ महिना | ७३४७ महिला<br>७३०१ पुरुष | ७७४६ जना | ५४ |

स्रोत: शान्ति तथा पुनर्निमाण मन्त्रालय

**तालिका नं. ६२**

**घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग विकास समितिबाट प्रदान गरिएको सीपमुलक तालिम**

| कार्यक्रम संचालन गर्ने निकाय | तालिमको किसिम | तालिमको अवधि | सहभागी सख्या महिला र पुरुष | तालिम पश्चात व्यवसाय सुरु गर्ने र रोजगारी प्राप्त गर्नेको सख्या महिला र पुरुष | जिल्ला |
|---|---|---|---|---|---|
| घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग विकास समिति | सिलाई बुनाई, कटाई, व्युटीपार्लर, व्रिकेट, कम्प्युटर मर्मत, ढाका बुनाई, रेडियो टि.भि. मोवाईल मर्मत, मैनवत्ती, अगरवत्ती बनाउने, ऊनी झोला र सल बनाउने | विभिन्न अवधि | १५७२ | ५४ प्रतिशत | २५ जिल्ला |

स्रोत: उद्योग मन्त्रालय

### सूचक १.१५: रोजगारी प्राप्त गर्ने वा व्यवसाय सुरु गर्नेको सख्या र किसिम

द्वन्द्व प्रभावित महिला तथा बालिकाहरूको रुची, क्षमता र वजारको सम्भाव्यतालाई समेत ध्यान दिई संचालन गरिएका विशेष सीपमूलक तालिम तथा आय आर्जनका कार्यक्रमहरू नभएता पनि विभिन्न निकायहरूबाट संचालित कार्यक्रमहरूबाट भने केहि महिलाहरूले रोजगारी प्राप्त गरेका छन भने कतिपयले स्वरोजगार शुरु गरेका छन । यस सम्बन्धी जानकारी तल तालिकामा दिईएको छ ।

**तालिका नं.६३**

**तालिम पश्चात् रोजगारी प्राप्त गर्ने वा व्यवसाय सुरु गर्नेको सख्या र किसिम**

| कार्यक्रम संचालन गर्ने निकाय | तालिमको किसिम | तालिमको अवधि | सहभागी सख्या महिला र पुरुष | तालिम पश्चात व्यवसाय सुरु गर्ने र रोजगारी प्राप्त गर्नेको सख्या महिला र पुरुष | जिल्ला |
|---|---|---|---|---|---|
| घरेलु विभाग, घरेलु तथा साना उद्योग विकास समिति | सिलाईवुनाई कटाई व्यूटि पार्लर व्रिकेट, कम्प्यूटर मर्मत ढाका वुनाई, रेडियो टि.भि. मोवाईल मर्मत, मैनवत्ति, अगरवत्ति वनाउने, उनी झोला र सल वनाउने | विभिन्न अवधि | १५७२ | ५४ प्रतिशत | २५ जिल्ला |
| शान्ति तथा पुनर्निर्माण मन्त्रालय, शान्ति प्रक्रिया सहयोग आयोजना | सीप मूलक | ३ महिना | ७३४७ महिला<br>७३०१ पुरुष | ७७४६ जना | ५४ |

स्रोतः शान्ति तथा पुनर्निमाण मन्त्रालय र उद्योग मन्त्रालय

**तालिका नं. ६४**

**शान्ति प्रक्रिया सहयोग आयोजना अन्तर्गतका तालिमहरु**

| आयोजकको नाम | कार्यक्रमको नाम | सहभागी संख्या<br>महिला /पुरुष | कैफियत |
|---|---|---|---|
| शान्ति तथा पुनर्निर्माण मन्त्रालय, | शान्ति प्रक्रिया सहयोग आयोजना | ११,७४० | १८ वटा सेवा प्रदायक संस्था मार्फत तालिम प्रदान गरिएको |

स्रोतः शान्ति तथा पुनर्निमाण मन्त्रालय

### सूचक १.१६ : संचालित कार्यक्रमबाट महिलाको जीवनमा आएको गुणात्मक सुधार

यस सम्बन्धी कुनै पनि अध्ययन भएको पाइएन । छनौट गरिएका दश वटा जिल्लाहरूमा द्वन्द्व प्रभावित महिला तथा बालिका, पूर्व महिला लडाकुहरूसँग गरिएको समूहगत छलफलबाट भनी उनीहरूले यस्तो कार्यक्रमबाट जीवनमा कुनै पनि परिवर्तन नआएको बताएका थिए । संचालित कार्यक्रमबाट महिलाको जीवनमा आएको गुणात्मक सुधारको अध्ययन गर्न छुट्टै र विस्तृत अध्ययन गर्न आवश्यक देखिन्छ ।

### सूचक १.१७ : बीउँ पूँजी वा निर्ब्याजी ऋृण प्राप्त गरी व्यवसाय शुरु गर्ने महिलाको संख्या

यस सम्बन्धी भएका कुनै पनि कार्यक्रमहरूको तथ्यांक र जानकारी प्राप्त हुन सकेको छैन ।

### सूचक १.१८ : द्वन्द्व प्रभावित महिला तथा बालिकाहरूलाई सम्मानपूर्वक व्यवहार गर्न संचालित तालिम एंव सहभागी संख्या

यस सम्बन्धी केही गैर सरकारी निकायहरूले पनि यस्ता कार्यक्रमहरू संचालन गरेका छन् (विस्तृत जानकारी परिच्छेद-४ मा गरिएको छ) ।

**सूचक १.१९ सेवा प्रदायकहरूको द्वन्द्व प्रभावित महिला तथा बालिकाहरू प्रति गरिने व्यवहारमा आएको परिवर्तन ।**

यस सम्बन्धी भएका कुनै पनि कार्यक्रमहरूको तथ्यांक र जानकारी प्राप्त हुन सकेको छैन ।

**सूचक १.२०  द्वन्द्व प्रभावित महिला तथा बालिकाहरूको आपत्कालीन आवश्यकतालाई सम्बोधन गर्न कोषको स्थापना र सञ्चालनको स्थिति ।**

नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपसार एवं घरेलु हिंसा नियन्त्रण गर्न बनेका कानुनहरू अर्न्तगत मानव बेचबिखन तथा लैङ्गिक हिंसाबाट पीडितहरूको तत्काल उद्धार तथा सहयोगका लागि कोषहरूको स्थापना गरी व्यवस्थापन र परिचालन गरिनुका साथै एकल महिलाहरूको हित संरक्षणको कार्य गर्नका लागि एकल महिला सुरक्षा कोष कार्यान्वयनमा ल्याइएको छ । तर द्वन्द्व प्रभावितहरूको आपत्कालीन आवश्यकतालाई सम्बोधन गर्न यस सम्बन्धी कुनै कोषको स्थापना भएको पाइदैन ।

### ३.५ स्रोत व्यवस्थापन, अनुगमन तथा मूल्यांकन

राष्ट्रिय कार्ययोजना कार्यान्वयनको लागि स्रोतको व्यवस्था एवं प्रभावकारी अनुगमन तथा मूल्यांकनका माध्यमबाट कार्ययोजनाको प्रतिफल असर र प्रभावले सेवा ग्राहिका उद्देश्य फलीभूत तुल्याउने उद्देश्य राखेको छ । समष्टिगत तथा क्षेत्रगत योजनाहरूले संयुक्त राष्ट्र संघ सुरक्षा प्रस्ताव नं १३२५ र १८२० का विषयवस्तुलाई समावेश गर्दै आवधिक तथा वार्षिक योजनाका उद्देश्य, रणनीति, कार्यनीति एवं कार्यक्रमले सम्बोधन गर्ने समेत कार्ययोजनाको रणनीति रहेको छ । यस स्तम्भमा रणनीतिक उद्देश्य तथा सूचकहरूको अनुगमन अवस्था देहायमा प्रस्तुत गरिएको छ ।

**उद्देश्य- अनुगमन तथा मूल्यांकन कार्यलाइ संस्थागत गरी सम्पूर्ण सरोकारवालाहरूसँगको समन्वय र सहकार्यमा राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्नका लागि आवश्यक स्रोत र साधन सुनिश्चित गर्ने ।**

**रणनीतिक उद्देश्य- १. राष्ट्रिय कार्ययोजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।**

**सूचक १.१ : राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि विनियोजित वार्षिक वजेट तथा कार्यक्रम**

राष्ट्रिय कार्ययोजना कार्यान्वयनको लागि नेपाल सरकारको विनियोजित वजेट र कार्यक्रमको सम्बन्धमा कार्ययोजना कार्यान्वयनको जिम्मेवारी तोकिएका निकायहरूको वार्षिक वजेट कार्यक्रममा समावेश गरी मूलप्रवाहिकरण गर्ने उद्देश्य रहेको हो । यस दिशामा क्षेत्रगत निकायहरूवाट संचालन हुने कार्यक्रममा द्वन्द्व प्रभावितहरू र त्यसमा पनि महिला तथा बालबालिका, अपाङ्ग, लैङ्गिक रुपमा विपन्न, समाजमा पछाडी रहेका दलित जनजाति आदिलाई समेत समावेश गरिएको पाइन्छ । उदाहरणको रुपमा उद्योग क्षेत्रबाट प्रदान गर्ने सीप तथा क्षमता विकास, रोजगारी प्रवर्द्धनका कार्यक्रमहरू, कृषि क्षेत्रमा संचालन हुने कार्यक्रमहरू, गरिबी निवारणका लागि संचालन हुने कुनै पनि कार्यक्रमहरूमा यो नीति लिइएको पाइन्छ । तर यसको खण्डीकृत तथ्यांक राख्ने व्यवस्था नभएको कारणवाट के कति द्वन्द्व प्रभावितहरू महिला तथा बालबालिकाले त्यस्तो सेवा प्राप्त गरे र उनीहरूको लागि के कति खर्च भयो भन्ने कुरा यकिन गर्न सकिएन । तर कार्ययोजनाको कार्यान्वयनलाई उच्च प्राथमिकता दिदैं शान्ति तथा पुनर्निर्माण मन्त्रालयले शान्ति कोषबाट छुट्टै स्रोत परिचालन गरी विभिन्न कार्यान्वयन निकायहरूलाई रकम उपलव्ध गराएको छ । सोको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ६५

**सरकारी क्षेत्र: कार्ययोजना कार्यान्वयनको लागि प्राप्त वजेट तथा खर्चको विवरण**

२०६८।६९ – २०७०।७१

| क.सं | कार्यान्वयन निकाय | कार्यक्रम | आयोजनाको | | | निकासा एवं खर्चको स्रोत | | खर्च रु हजारमा | कूल वजेटको तुलनामा खर्चको प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | शुरु मिति | पूरा हुने मिति | कूल वजेट रु हजारमा | नेपाल सरकार | वैदेशिक सहायता | | | |
| १ | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | Promoting Ownership for Women's Empowerment and Recovery | जुलाई ८, २०१२ | जुलाई ७, २०१४ | ३,७६,७९ | ९,५७ | ३,६७,२२ | ९१,७७ | २४.३६ | १ वर्ष म्याद थप भएको |
| २ | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | Partnership on Women Empowerment and Representation | जुलाई २०१२ | जुलाई २०१४ | ५,६७,०० | १,६६,२५ | ४,००,०० | ४,१७,७३ | ७३.६७ | |
| ३ | कानून, न्याय, संविधानसभा तथा संसदीय व्यवस्था मन्त्रालय | Enhancing Access to Justice for Women, Girls and Conflict Affected Peoples | जुलाई ८, २०१२ | जुलाई २०१३ | ४,२५,९० | | ४,२५,९० | ९६,०१ | २२.५४ | १ वर्ष म्याद थपको माग |
| ४ | गृह मन्त्रालय: | Prevention, Protection and Recovery Programme | जुलाई १, २०१२ | ३१ जुन २०१४ | १४,६५,९० | १,६५,९० | १३,००,०० | १२,६२,२३ | ८६.११ | |
| | गृह मन्त्रालय | | | | २,३१,३० | | | | | |
| | नेपाल प्रहरी | | | | ५,४३,३० | | | | | |
| | सशस्त्र प्रहरी बल, | | | | १,९१,३० | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कारागार व्यवस्थापन विभाग | | | | ५,००,०० | | | | | |
| ५ | उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति | : Enhancing Capacity of Conflict Affected Women and Girls for Employment and Enterprise Development | ८ जुलाई २०१२ | सेप्टेम्बर २०१३ | ६,०९,५७ | | ६,०९,५७ | ५,३९,०६ | ८८.४३ | आयोजना पूरा भएको |
| ६ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | Sensitizing Local Bodies and Key Stakeholders | जुलाई ५, २०१२ | जुलाई ४, २०१३ | २,०५,६० | ५,६० | २,००,०० | २,०३,२७ | ९८.८७ | आयोजना पूरा भएको |
| ७ | प्रहरी प्रधान कार्यालय | Capacity Enhancement of Nepal Police to Contribute to Peace Process | १३ मे २०१२ | अगष्ट २०१४ | २३,६४,०६ | ३,६४,०६ | २०,००,०० | १६,९५,७४ | ७१.७३ | |
| ८ | रक्षा मन्त्रालय | Promoting Women's Participation in Peace Building Process and Economic Opportunities | जुलाई २०१३ | जुन २०१५ | १३,३८,७४ | | १३,३८,७४ | ६३,६५ | ४.७५ | |
| ९ | शिक्षा मन्त्रालय, अनौपचारिक शिक्षा केन्द्र | Empowering Conflict Affected Women and Girls through Livestock based Enterprises | जुलाई २०१३ | जुन २०१५ | ८,४०,८० | ८,४०,८० | | २,९७,५५ | ३५.३९ | |
| १० | राष्ट्रिय महिला आयोग | Promoting Equal Participation of Women and Girls in peace building process | १० जुलाई २०१३ | ९ जुन २०१५ | २,५१,०० | | २,५१,०० | ४६,१९ | १८.४० | |
| | | कूल | | | ८४,४५,३६ | १५,५२,१८ | ६८,९२,४३ | ४७,१३,२० | ५५.८१ | |

स्रोत: शान्ति कोष * लैङ्गिक वर्ष २०७०।७१ को दोस्रो चौमासिक सम्म ।

उल्लिखित तालिका अनुसार रु ८४.४५ करोड रकममध्ये सुरक्षा क्षेत्र अर्थात गृह मन्त्रालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र रक्षा मन्त्रालय समेतको लागि कूल रकमको करिव ६१ प्रतिशत विनियोजन भएको देखिन्छ। बाँकी रकम मध्ये करिव १० प्रतिशत शिक्षा मन्त्रालय अन्तर्गत प्राविधिक शिक्षामा र ७ प्रतिशत उद्योग मन्त्रालय अन्तर्गत घरेलु तथा साना उद्योग तर्फ छुट्ट्याइएको पाइन्छ। महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको लागि करिव ७ प्रतिशत छ भने अन्य मन्त्रालयको लागि ५ प्रतिशत र त्यो भन्दा कम प्रदान भएको छ। संघीय मामिला तथा स्थानीय विकास र उद्योग मन्त्रालयसँग सम्बन्धित आयोजनाहरू पूरा भएका छन्।

**क्षेत्रगत स्रोतको वितरण स्थिति**

चित्र नं. ६




हाल सम्म कूल वजेटको करिव ५६ प्रतिशत खर्च भएको छ। खर्चको हिसावले रक्षा मन्त्रालयले केवल ५ प्रतिशत मात्र खर्च गरेको छ। शान्ति तथा पुनर्निर्माण, नेपाल महिला आयोग, कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मा २५ प्रतिशत भन्दा कम अर्थात क्रमशः २४ प्रतिशत, १८ प्रतिशत र २३ प्रतिशत मात्र खर्च भएको देखिन्छ।

खर्चलाई केलाएर हेर्दा यी आयोजनाहरूमा रु १७.८९ करोड (कूल बजेटको २१ प्रतिशत) तालिम कार्यक्रममा विनियोजन भएको छ। खास गरी सुरक्षा निकायतर्फ गएको रकमबाट महिला प्रहरीको लागि २५ प्रहरी पोष्टमा शौचालय निर्माण, सशस्त्र प्रहरी बलतर्फ केन्द्रमा १ र ३ वटा व्रिगेडमा गरी ४ स्थानमा छुट्टै लैङ्गिक इकाईको निर्माण एवं छुट्टै भवनवाट महिला तथा बालिकाको सेवा प्रदान गर्न ५ स्थानमा उक्त भवन निर्माण गर्ने कार्य भईरहेको पाइन्छ।

उल्लिखित विश्लेषणवाट द्वन्द्व प्रभावित महिला तथा बालिकाहरूको लागि आवश्यक सेवा राहत तथा परिपूर्तिका कार्यतर्फ कमै मात्र रकम परिचालन भएको देखिन्छ। यो अवस्थालाई आगामी दिनमा परिवर्तन गर्नु आवश्यक छ।

## सूचांक १.२:

## विकासका साझेदार संस्था, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू र निजी क्षेत्रहरूले योगदान गरेको स्रोत।

नेपाल सरकारले कार्ययोजना कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोत र साधनहरूको व्यवस्था गर्न विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूसँग सहकार्य गर्दै आइरहेको छ। उक्त सहयोगको लागि अन्तर्राष्ट्रिय विकास साझेदारहरूको संयुक्त संयन्त्रको रुपमा शान्ति सहयोग कार्य समूह (PSWG) क्रियाशिल छ। यो कार्य समूहले कार्ययोजना तर्जुमाको अवस्था देखिनै लैङ्गिक तथा प्राविधिक सहयोग गर्दै आएको छ। थप विवरण तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ६६

**दातृ निकायहरूबाट राष्ट्रिय कार्ययोजना कार्यान्वयनको लागि भएको सहयोगको विवरण, २०७१**

| सि.नं | दातृ निकाय | रकम पाउने संस्था | सहयोग रकम | मुद्रा इकाई | सहयोगको प्रयोजन | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | फिनल्याण्ड राजदुतावास | शान्ति कोष | ३५ लाख | युरो | राष्ट्रिय कार्ययोजना सम्बन्धीक्रियाकलापहरूमा सहयोग | सन् २०१० देखि २०१३ सम्म गरी ४ वर्षको लागि |
| | | यू.एनं., वेमेन | १३ लाख | युरो | राष्ट्रिय कार्ययोजना सम्बन्धीक्रियाकलापहरूमा सहयोग | सन् २०१२ देखि २०१६ सम्म गरी ४ वर्षको लागि |
| २ | नर्वेजियन राजदुतावास | संकल्प (गैसस संजाल) | १ करोड २३ लाख | एन ओ के | राजनैतिक तथा समाजिक न्यायमा महिलाको सशक्तिकरण | कूल कवुल (Committed) गरिएको रकम |
| | | अन्तर पार्टी महिला संजाल | ३७ लाख | एन ओ के | नीति निर्माण तथा निर्णय प्रक्रियामा समान सहभागिता सुनिश्चित गर्न | कूल कवुल (Committed) गरिएको रकम |
| | | शान्ति कोष | १ करोड | एन ओ के | राष्ट्रिय कार्ययोजना कार्यान्वयन सहयोग | कूल कवुल (Committed) गरिएको रकम |
| | | जि आई जेड् | १ करोड ४० लाख | एन ओ के | पूर्व लडाकु स्थापित समाजमा मेलमिलापका लागि | कूल कवुल (Committed) गरिएको रकम |
| | | यू एन वोमेन | १२ लाख | एन ओ के | **Promoting Gender Responsive Security Sector Reform** | यो आयोजना हालै वन्द भएको छ। |
| ३ | आई. एल. ओ. | यू एन वोमेन | २ लाख ९४ हजार | यु एस डलर | **Gender Responsive Recovery for Sustainable Peace (GRRSP)** आयोजनाको लागि | |
| ४ | एफ ए ओ | यू एन वोमेन | २ लाख ६५ हजार | यु एस डलर | **Gender Responsive Recovery for Sustainable Peace (GRRSP)** आयोजनाको लागि | |
| ५ | यु एन वोमन | सरकारी तथा गैर सरकारी संस्थाहरू | ३ लाख ४० हजार | यु एस डलर | **Gender Responsive Recovery for Sustainable Peace (GRRSP)** आयोजनाको लागि | यु एन आफ्नै स्रोत |
| ६ | अष्ट्रिया | यू एन वोमेन | ११ करोड | ने रु | **Strengthening National and Local Capacity for Gender Responsive Transitional Justice project** आयोजनाको लागि | ICTJ मार्फत |
| ७ | डेनिडा हुगोउ | यु एन वोमेन | २ लाख ५२ हजार | यु एस डलर | **Strengthening National Women Commission – to promote Gender Equality and Women's Empowerment Project (SNWCP)** आयोजनाको लागि | संचारिका तथा प्रो पब्लिक मार्फत |
| ८ | यु एन | यु एन वोमेन | २ करोड २७ लाख | ने रु | **A Global Programme on Women's Access to Justice in Conflict and Post-Conflict** आयोजनाको लागि | ICTJ मार्फत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | यु एन डि पि | | 12.24 million (NPR) | | **Gender Responsive Election Process** | प्रो पव्लिक मार्फत |
| ९ | यू एन पि एफ एन | यु एन वोमेन | ५ लाख २५ हजार | यु एस डलर | Partnership for Equality and Capacity Enhancement (PEACE): Towards implementation of UNSCRs 1325 and 1820 **(PEACE)** आयोजनाको लागि | |
| १० | | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | ५ लाख | यु एस डलर | Technical Assistance to the MoPR in the implementation of psycho-social counseling and support services to conflict affected persons आयोजनाको लागि | IOM मार्फत |
| ११ | | यू एन डि पि, यु एन वोमेन | ६ लाख ४२ हजार ५०० | यु एस डलर | Strengthening Rule of Law and Human Rights आयोजनाको लागि | |
| १२ | | यू एन डि पि, यु एन वोमेन | ९ लाख ११ हजार २१६ | यु एस डलर | Building Peace in Nepal: Ensuring a participatory and secure transition आयोजनाको लागि | |
| | | यु एन वोमेन, यु एन डि पि | ७ करोड ६५ लाख २० हजार | ने रु | **Rule of Law and Human Rights Project (ROLHR)** आयोजनाको लागि | Supreme Court; Ministry of Law, Justice, Constituent Assembly and Parliamentary Affairs (MOLJCAPA); National Human Rights Commission (NHRC); National Judicial Academy (NJA); International Alert; Nepal Law Campus, World Vision Advocacy Forum (WVAF) |
| १३ | CARE | गैसस | ११ लाख १७ हजार | ने. रु | Capacity Building of DCC, Women's Network on UNSCR 1325 & 1820 कार्यको लागि | |
| | | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | ११ लाख १६ हजार | ने. रु | support to MoPR and Civil society to develop Nepal National Action Plan On Implementation of the UNSCR 1325 & 1820 First Year Monitoring Report 2012 कार्यको लागि | |
| | | गैसस | २६ लाख ५६ हजार | ने. रु | Mid-term Monitoring of NAP 2013 – 2014 कार्यको लागि | |

स्रोत: सम्बन्धित संस्थाहरुबाट प्राप्त विवरण

**नोट**: दातृ निकायहरूले आफ्नो सहयोग शान्ति कोष मार्फत नेपाल सरकारका विभिन्न निकायहरूलाई दिएका छन् । यु एन वोमेन, जि. आई जेड, आई ओ इ जस्ता निकायहरूले गैर सरकारी निकाय तथा उनीहरूको संजाललाई प्रदान गरिएको देखिएको छ । शान्ति कोषबाट भएको खर्चको रकम उल्लिखित तालिकामा प्रस्तुत गरिएको छ जसमा यी दातृ निकायबाट

व्यहोरिएको रकम पनि समावेश भईसकेको हँदा दुई तालिकालाई छुट्टाछुट्टै रुपमा हेर्नु पर्नेछ । दोहोरो गणना हुने संभावना भएकोले यसको प्रयोग सोही अनुसार गर्नु पर्नेछ ।

गैर सरकारी क्षेत्रतर्फ राष्ट्रियस्तरका गैर सरकारी संस्था १३२५ कार्य समूह (1325 Action Group) को गठन भई आपसी समन्वय र सहकार्यमा विभिन्न कामहरू हुँदै आएका छन् । कार्ययोजनाको कार्यान्वयनमा निजी क्षेत्रलाई परिचालन तथा नागरिक समाजलाई अनुगमन तथा मूल्यांकन कार्यमा परिचालन गर्ने वा संलग्न गराउने उद्देश्यतर्फ कुनै कार्य अगाडी बढन सकेको देखिदैन ।

सेफर वर्ल्डवाट शान्ति तथा पुनर्निर्माण मन्त्रालयसँगको परामर्शमा मूल्यांकन तथा अनुगमन योजना तर्जुमा गर्ने भनिएकोमा त्यस्तो कुनै योजना तयार भई अनुगमन कार्यमा टेवा पुऱ्याएको पाइएन ।

## रणनीतिक उद्देश्य : २ सम्पूर्ण क्षेत्रगत निकायहरू, लाभान्वित महिला र महिला अधिकार क्षेत्रमा कार्यरत संघसंस्थाहरूको सहभागितामा अनुगमन तथा मूल्यांकन गर्ने व्यवस्था मिलाउने ।

### सूचक २.१ : अनुगमन तथा मूल्यांकन प्रणालीको स्थिति

कार्ययोजनाले प्रभावकारी अनुगमन तथा मूल्यांकन व्यवस्थाको लागि लाभान्वित वर्ग तथा महिला अधिकारका क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरूको सहभागिता रहेको एक संयन्त्र वा प्रणाली स्थापना गर्ने परिकल्पना गरिएकोमा त्यस्तो हुन सकेको देखिएन । शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट शान्ति कोषको सहयोगमा संचालित आयोजनामा यस्तो संयन्त्र वा प्रणालीको व्यवस्था गर्ने भनिएता पनि सो हुन सकेको पाइदैन ।

### सूचक २.२ : अनुगमनका लागि संचालित क्षमता अभिवृद्धिका कार्यक्रम र सहभागी संख्या

अनुगमन क्षमता अभिवृद्धिका लागि कुनै कार्यक्रम संचालन भएको देखिएन ।

### सूचक २.३ : अनुगमन तथा मूल्यांकनमा सहभागी लाभान्वित वर्ग तथा महिला अधिकारका क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरूको संख्या

सहभागितामूलक अनुगमन तथा मूल्यांकन व्यवस्था लागू हुने आधारमा यो सूचक रहेकोमा उक्त व्यवस्था हुन बाँकी नै देखिएको छ ।

### सूचक २.४ : अनुगमन तथा मूल्यांकनमा लैङ्गिक परीक्षण (Gender Audit) प्रणालीको स्थिति

कार्ययोजना कार्यान्वयनमा लैङ्गिक परीक्षण (Gender Audit) प्रणाली समाहित गर्नेतर्फ प्रयास हुन सकेको पाइएन ।

## रणनीतिक उद्देश्य ३ : राष्ट्रिय कार्ययोजना कार्यान्वयन, स्रोत परिचालन, अनुगमन तथा मूल्यांकनको लागि वहुपक्षीय सरोकारवालाहरूसँग समन्वय र सहकार्य गर्ने ।

### सूचक: ३.१ राष्ट्रिय कार्ययोजना कार्यान्वयन, स्रोत परिचालन, अनुगमन तथा मूल्यांकनको लागि संलग्न वहुपक्षीय सरोकारवालाहरूको संख्या र उपलब्ध स्रोत ।

सरकारी निकाय, विकासका साझेदारहरू, गैर सरकारी संस्था, निजी क्षेत्र, नागरिक समाजसँगको समन्वय र सहकार्य हुने गरी उपयुक्त प्रक्रिया निर्माण गरी स्रोतको परिचालन एवं अनुगमन तथा मूल्यांकनलाई व्यवस्थित गर्ने कार्ययोजनाको उद्देश्य रहेकोमा कार्ययोजनाले परिकल्पना गरेको जस्तै कार्य हुन नसकेता पनि शान्ति तथा पुनर्निर्माण मन्त्रालयले कार्ययोजनाको कार्यान्वयनको लागि शान्ति कोषसँग समन्वय गरी विभिन्न मन्त्रालयहरूको लागि परियोजना प्रस्ताव तयार गर्ने कार्यमा प्राविधिक सहयोग तथा तीनको कार्यान्वयनको लागि वैदेशिक स्रोत समेत परिचालन गरेको छ। यसरी परियोजना कार्यान्वयनका लागि स्रोत उपलब्ध गरी कार्ययोजना कार्यान्वयनमा सहयोग पुऱ्याउने सरकारी निकायहरूको विवरण माथि तालिका नं. ७७ मा प्रस्तुत भईसकेको छ ।

गैर सरकारी क्षेत्रतर्फ समेत कार्ययोजना कार्यान्वयनको लागि शान्ति कोषवाट लगानी गर्ने वातावरण शान्ति तथा पुनर्निर्माण मन्त्रालयवाट तयार गराइएको छ । फलस्वरुप ४ वटा गैर सरकारी संस्थाहरूले आयोजना प्रस्ताव पेश गरी रकम उपलब्ध गराइएको छ । यसरी रकम प्राप्त गर्ने संस्थाहरू देहाय बमोजिम छन् । स्मरणीय छ कि यस अघि शान्ति कोषले सरकारी निकायहरूलाई मात्र रकम उपलब्ध गराँउदै आएको थियो ।

तालिका नं. ६७

**गैर सरकारी क्षेत्रः कार्ययोजना कार्यान्वयनको लागि प्राप्त वजेट तथा खर्चको विवरण**

२०६८।६९ – २०७०।७१

| क्र.सं | कार्यान्वयन निकाय | कार्यक्रम | आयोजनाको | | | खर्चको स्रोत | | | खर्च रु हजारमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | शुरु मिति | पूरा हुने मिति | शान्ति कोषवाट स्वीकृत वजेट रु हजारमा | वैदेशिक सहायता | संस्थाको आफ्नै स्रोत | कूल वजेट | | |
| १ | ब्याकवार्ड सोसाइटी एजुकेशन (बेस) तुल्सीपुर, दाङ्ग | Promotion of Nepal Action Plan and Livelihood Enhancement of Poor Vulnerable women and Girls Program | ४ डिसेम्वर, १०१३ | ३१ अगष्ट, १०१४ | ९९,२५ | ९९,२५ | १५,१४ | १,१४,३९ | १,१३,१९ | |
| २ | मीरेष्ट नेपाल | कार्यक्रम-२, शान्ति निर्माणमा महिला सहभागिता अभिवृद्धि | डिसेम्बर २०१३ | ३१ अगस्त २०१४ | २२,६९ | २२,६९ | १६,८० | ३९,४९ | २२,६९ | |
| ३ | एण्टेना फाउण्डेसन नेपाल | शान्ति निर्माण कार्यक्रममा लैङ्गिक मूलप्रवाहिकरण | डिसेम्बर २०१३ | १ सेप्टेम्बर २०१४ | ९६,७१ | ९८,९० | १५,४४ | १,१४,३४ | १,१४,२५ | |
| ४ | आर आर एन | कार्ययोजना कार्यान्वयन सहयोग | | | ६,३० | ६,३० | | ६,३० | . | |
| | **कूल जम्मा** | | | | **२,२४,९५** | **२,२७,१४** | **४७,३८** | **२,७४,५२** | **२,५०,१३** | |

स्रोतः शान्ति कोष

उल्लिखित तालिका बमोजिम राष्ट्रिय कार्ययोजना कार्यान्वयनको लागि ४ वटा संस्थालाई शान्ति कोषले २ करोड २४ लाख ९५ हजार विनियोजन गरेको छ । यी संस्थाहरूले रु ४७ लाख ३८ हजार आफ्नै स्रोत परिचालन गरेको देखिएको छ जुन कूल वजेटको करीव १७ प्रतिशत देखिन्छ । यी संस्थाहरूले कूल रु २ करोड ५० लाख १३ हजार कार्ययोजना कार्यान्वयनको लागि खर्च गरेको देखिन्छ ।

### सूचक ३.२: अनुगमन तथा मूल्यांकन प्रतिवेदनको सार्वजनिकीकरण

प्रथम वर्षको अनुगमन तथा मूल्यांकन प्रतिवेदन सार्वजनिकीकरण मिति २०६९ भाद्र २६ मा काठमाण्डौंमा भएको थियो ।

### रणनीतिक उद्देश्य ४ : राष्ट्रिय कार्ययोजना कार्यान्वयनको लागि संयन्त्र स्थापना गर्ने

### सूचक ४.१: कार्यान्वयन समितिको क्षमता अभिवृद्धिका लागि संचालित कार्यक्रम

कार्यान्वयन समितिको क्षमता अभिवृद्धिका लागि भनि कुनै छुट्टै कार्यक्रम संचालन भएको देखिएन ।

### सूचक ४.२: शान्ति तथा पुनर्निर्माण मन्त्रालय अन्तर्गत लैङ्गिक इकाईको गठन

राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको लागि शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा सह सचिवको नेतृत्वमा १ उपसचिव र २ अधिकृत स्तरका कर्मचारी रहेको लैङ्गिक इकाईको गठन गरिएको कुरा पहिलो वर्षको अनुगमन प्रतिवेदनमा समावेश गरि सकिएको छ ।

### सूचक ४.३ इकाईको क्षमता अभिवृद्धिका कार्यक्रम र सहभागी संख्या

इकाईको क्षमता अभिवृद्धि गर्न कुनै कार्यक्रम संचालन भएको छैन ।

### सूचक ४.४ शान्ति तथा पुनर्निर्माण मन्त्रालयको योजना तथा कार्यक्रमहरूमा लैंङ्गिक मूलप्रवाहिकरणको अवस्था ।

मन्त्रालयको कार्यक्रमहरूमा लैंङ्गिक मूलप्रवाहिकरण गर्न थप प्रयास भएको देखिदैन ।

### सूचक ४.५ गठन भएका जिल्ला समन्वय समितिको संख्या :

७५ वटै जिल्लामा जिल्ला समन्वय समिति गठन भएको छ ।

### सूचक ४.६ : समितिको क्रियाशीलताको स्थिति

अनुगमनका लागि छनौट गरिएका १० जिल्लाका जिल्ला समन्वय समितिले अनुगमन कार्यको लागि समितिको वैठक बोलाई आवश्यक सहयोग गरेका छन् । नियमित रुपमा बैठकको बस्ने कार्य भने भएको पाइएन ।

हालसम्म शान्ति तथा पुनर्निर्माण मन्त्रालयवाट ५२ जिल्लाका जिल्ला समन्वय समितिलाई १ दिने अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको छ ।

केन्द्रीय स्तरका निर्देशन समिति र कार्यान्वयन समितिको स्थापना प्रथम वर्ष भित्र नै भई सकेको कुरा प्रथम वर्षको अनुगमन प्रतिवेदनमा उल्लेख भई सकेको छ । यसको क्रियाशिलताका बारेमा परराष्ट्र मन्त्रीको अध्यक्षताको निर्देशन समितिको वैठक अनुगमन अवधिमा १ पटक बसेको छ भने निर्देशन समितिका सदस्य सचिव एवं शान्ति तथपुनर्निर्माण मन्त्रालयका सह सचिवको अध्यक्षताको राष्ट्रिय कार्ययोजना कार्यान्वयन समितिको बैठक विगत ३ वर्षमा ८ पटक बसेको छ । ( लैङ्गिक वर्ष २०६७६८ मा २ पटक, लैङ्गिक वर्ष २०६८।६९ मा २ पटक, २०६९।७० मा २ पटक र लैङ्गिक वर्ष २०७०।७१ मा .२..पटक बसेको छ ) ।

परराष्ट्र मन्त्रीको अध्यक्षताको निर्देशन समितिको बैठक ३ वर्षमा १ पटक मात्र बसेको र मासिक रुपमा बस्नु पर्ने कार्यान्वयन समितिकको बठक औषत रुपमा लैङ्गिक वर्षको २ पटक मात्र बसेको देखिन्छ ।

# परिच्छेद-४

## कार्ययोजना कार्यान्वयनमा अन्तर्राष्ट्रिय विकास साझेदार र गैर सरकारी संस्थाहरूको भूमिका

### ४.१ दातृ निकाय तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाहरूको भूमिका

नेपालमा वैदेशिक सहयोग नियोग तथा विकास साझेदार संस्थाहरूले नेपाल सरकार र गैर सरकारी संस्थाहरूको माध्यमबाट विकास, मानवाधिकारको प्रवर्द्धन, महिलाको समानता र संरक्षणका क्षेत्रहरूमा सहयोग गर्दै आएका छन्। यस प्रकारका सहयोगहरू कानूनी शासन र लोकतान्त्रिक पद्धतीको विकास तर्फ पनि विस्तार भएका छन्। सहयोगी निकाय तथा अन्तर्राष्ट्रिय संस्थाहरूले द्वन्द्व प्रभावित महिलाको सशक्तिकरण, न्यायको पहुँच तथा लैङ्गिक समानताका क्षेत्रमा पनि सहयोग गरिरहेका छन्। नेपालको पछिल्लो संक्रमणकालीन अवस्थामा द्वन्द्वको रोकथाम, रुपान्तरण, समायोजन र व्यवस्थापन तथा शान्ति स्थापनाका प्रक्रियालाई सहजीकरण गर्न त्यस्तो सहयोग वृद्धि भएको छ। राज्यले पनि शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन तथा अन्तर्राष्ट्रिय सहयोग र समन्वय जुटाउने एवं शान्ति स्थापनाका अनुभवहरूलाई नेपालको सर्न्दभमा अनुकुल प्रयोग गर्ने रणनीति लिएको छ। सरकारले यस प्रकारको सहयोगलाई  गाँउ वस्ती र टोलका साथै द्वन्द्व प्रभावित र सिमान्तकृत समूहहरूसम्म पुऱ्याउन चाहेको देखिन्छ। फलस्वरुप अन्तर्राष्ट्रिय संस्थाहरूको सहयोग र सहकार्यमा महिलाको सशक्तिकरण तथा लैङ्गिक समानताका क्षेत्रमा थुप्रै कार्यहरू भएका छन्।

नेपालमा महिला, शान्ति र सुरक्षाको क्षेत्रमा थुप्रै अन्तर्राष्ट्रिय संस्थाहरू कार्यरत छन। संयुक्त राष्ट्र संघ विकास कार्यक्रम र राष्ट्र संघीय विषयगत निकायहरू नेपालको समग्र विकास, महिला अधिकारको विकास, महिलाको सशक्तिकरण लगायतका क्षेत्रमा कार्यरत छन्। यसको साथै विभिन्न देशका राजदुतावास, सहयोग नियोगहरूले पनि यस क्षेत्रको विकासमा प्रशस्त योगदान पुऱ्याएका छन्। यी निकायहरूमध्ये केहीले आफै कार्य गर्दछन भने केहीले सरकारी निकाय तथा अन्य गैर सरकारी संस्थाहरू मार्फत कार्यक्रमहरू सञ्चालन गर्ने गर्दछन्।

विश्वव्यापी रुपमा मानवअधिकार तथा मानवता विरुद्धको अपराधको सम्बन्धमा प्रकट भएको अन्तर्राष्ट्रिय प्रतिबद्धताले मानव अधिकारको संरक्षण र विकासमा सहयोग पुऱ्याउने तथा मानवता विरुद्धको अपराधलाई अन्त्य गर्न विश्वमा नै साझा अभियानहरू शुरु भएका छन्। फलस्वरुप नेपालको द्वन्द्व रुपान्तरण तथा शान्ति प्रक्रियाका चरणहरूमा पनि यस प्रकारको अन्तर्राष्ट्रिय सहयोग र सहकार्य जुट्दै आइरहेको छ। यस क्रममा द्वन्द्वको समय र संक्रमणकालीन अवस्थामा सबैभन्दा बढी प्रभाव परेको वर्ग महिला तथा बालिकाहरूको अधिकार, न्यायको सुनिश्चितता र शान्ति निर्माण प्रक्रियाका हरेक चरणहरूमा उनीहरूको सहभागिता सुनिश्चित गर्नका लागि समेत ती निकायहरूबाट महत्वपूर्ण योगदान पुगेको छ। नेपालमा संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन गर्नका लागि बनेको राष्ट्रिय कार्ययोजनाको निर्माण र त्यसको कार्यान्वयनको सम्बन्धमा भइरहेको सहयोग र सहकार्य अत्यन्तै महत्वपूर्ण रहदै आएको छ। यहाँ ती निकायहरूबाट संयुक्त राष्ट्रसघको प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनको सम्बन्धमा भइरहेको सहयोग र सहकार्यको संक्षिप्तमा उल्लेख गरिएको छ।

यस अनुगमन प्रतिवेदनको उद्देश्य भनेको राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनको सम्बन्धमा नेपालमा कार्यरत विभिन्न अन्तर्राष्ट्रिय संस्था, दातृ निकाय तथा द्विपक्षीय र बहुपक्षीय सहयोगी निकायहरूबाट भइरहेको सहयोगको विवरण र सूचनाहरू तयार गरी आगामी दिनमा यस्ता कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि जिम्मेवार निकाय तथा संस्थाहरूबीच समन्वय, सहकार्य तथा सहयोग स्थापित गर्नु पनि हो। यसले एकातिर राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनको सम्बन्धमा त्यस्ता निकायहरूबाट भईरहेका कार्यहरूको जनाकारी प्रदान गर्दछ भने अर्को तर्फ यसको पारदर्शिताबाट विश्वसनीयता बढाउँदै कार्यान्वयनका अन्य निकायहरूबीच समन्वय, सहकार्यको वातावरण निर्माण गरी द्वन्द्व प्रभावित महिला तथा बालिकाहरूको सशक्तिकरण, लैङ्गिक समानता, न्यायको सुनिश्चितताका प्राथमिकता तथा आवश्यकताहरू पहिचान गर्न र आवश्यक पर्ने अन्य सहयोगहरू जुटाउन सहयोग गर्दछ।

## ४.२ राष्ट्रिय कार्ययोजनाको निमार्ण प्रक्रियामा भएको सहयोग

राष्ट्रिय कार्ययोजनाको निमार्ण प्रक्रिया देखि नै अन्तर्राष्ट्रिय संस्था, दातृ निकाय तथा द्विपक्षीय र बहुपक्षीय सहयोगी निकायहरूबाट सहयोग प्राप्त भएको थियो । यस क्रममा संयुक्त राष्ट्र संघीय निकायहरू, विशेषगरी UN Women, UNFPA, अन्तर्राष्ट्रिय विकास साझेदारहरू, द्विपक्षीय तथा बहुपक्षीय निकायहरूले शान्ति तथा पुनर्निर्माण मन्त्रालयको समन्वयमा सहयोग पुऱ्याएका थिए । विशेषगरी कार्ययोजनाको मस्यौदालाई द्वन्द्व प्रभावित महिला तथा बालिकाहरू बीच लगेर छलफल गर्ने, सरोकारवालाहरूबीच अभिमुखीकरण कार्यक्रम संचालन गर्ने, कार्ययोजना निर्माणका क्रममा विभिन्न छलफल, गोष्ठी, कार्यशालाको आयोजना तथा यसको प्रकाशन, वितरणका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सार्वजनीकरण लगायतका क्षेत्रहरूमा सहयोग प्राप्त भएको थियो ।

## ४.३ राष्ट्रिय कार्ययोजना कार्यान्वयनको क्षेत्रमा प्राप्त सहयोगहरू

नेपालमा राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनको सम्बन्धमा धेरै अन्तर्राष्ट्रिय संस्थाहरूले कार्य गरिरहेको भएता पनि उचित समन्वय तथा सूचनाहरूको अभावमा कुन संस्थाहरूले कहाँ कहाँ कस्तो प्रकारका कार्यहरू गरिरहेका छन्, ती कार्यहरूको कस्तो प्रभाव परेको छ, तिनले द्वन्द्व प्रभावित महिला तथा बालिकाहरूको जीवनमा कस्तो परिवर्तन आयो तथा के कस्ता उपलब्धिहरू भए भन्ने सम्बन्धमा व्यापक र विस्तृत अध्ययन र खोजी हुन जरुरी छ । प्राप्त केही तथ्यांक र सूचनाहरूको आधारमा यस विषयको समग्र बिश्लेशण र परिणामको निक्यौंल गर्न सकिदैन । यहाँ शान्ति तथा पुनर्निर्माण मन्त्रालयको समन्वयमा भएको छलफल, पत्राचार र त्यस क्रममा ती निकायहरूबाट उपलब्ध गराइएको तथ्यांकका आधारमा हालसम्म भएका र भविष्यमा सहयोग गर्ने प्रतिबद्धता गरिएका कार्य, रकम तथा योजनाहरूको जानकारी दिने प्रयास गरिएको छ ।

**तालिका नं. ६८**

| | | |
|---|---|---|
| १ | UN Women, Nepal | यु एन वोमनले शुरुवात देखि नै सरकारी तथा गैर सरकारी संस्थाहरू मार्फत १३२५ र १८२० कार्यान्वयनका लागि राष्ट्रिय कार्ययोजनाको निर्माण र त्यस पश्चात यसको कार्यान्यनमा सहयोग गर्दै आईरहेको छ । यसले Gender Responsive Recovery for Sustainable Peace (GRRSP), 8 मिलियन नेपाली रुपैयाँ, Strengthening Implementation of the Women, Peace and Security Agenda in Nepal: Towards Implementation of the National Action Plan on UNSCRs 1325 and 1820 अन्तर्गत 171 million मिलियन नेपाली रुपैयाँ, Promoting Gender Responsive Security Sector: Towards Implementation of UNSCRs 1325 and 1820 (PROGRESS) Project, अन्तर्गत 35.2 million मिलियन नेपाली रुपैयाँ, Strengthening National and Local Capacity for Gender Responsive Transitional Justice project अन्तर्गत 11 hundred thousands, A Global Programme on Women's Access to Justice in Conflict and Post-Conflict अन्तर्गत 22.7 million, Strengthening National Women Commission – to promote Gender Equality and Women's Empowerment Project (SNWCP) अन्तर्गत 25.26 million, Gender Responsive Election Process अन्तर्गत 12.24 million, Economic Security of Women Migrant Workers अन्तर्गत 22.38 Million, Sustaining the Gains of Foreign Labour Migration through Protection of Migrant Workers Right अन्तर्गत 93.29 Million नेपाली रुपैयाँ सहयोग उपलब्ध गराएको छ । |

| | | |
|---|---|---|
| २ | फिनल्याण्ड राजदुतावास | राष्ट्रि कार्ययोजना कार्यान्वयनमा सहयोगका लागि शान्ति कोषलाई सन् २०१० देखि २०१३ सम्मका लागि शान्ति कोषलाई – €3.5 million र UN Women लाई २०१२ देखि २०१६ सम्मकालागि €1.3 million सहयोग उपलब्ध गराएको छ। त्यसैगरी द्वन्द्व प्रभावित बालबालिकाहरूको शिक्षा र सामाजिक सुरक्षाका क्षेत्रमा कार्य गर्न दुई वर्षका लागि स्थानीय गैर सरकारी संस्था Children and Women in Social Services and Human Rights (CWISH) लाई सन् 2013-2015 सम्मको लागि €100,900 सहयोग उपलब्ध गराएको छ। द्वन्द्व प्रभावित बालबालिकाहरूको शिक्षा र सामाजिक सुरक्षा कार्यक्रमले रामेछाप जिल्लाका छ वटा गा.वि.स.हरूलाई समेटेको छ। |
| ३ | युनिसेफ | नेपालले सुरक्षा परिषदको प्रस्ताव नं. १३२५ र १८२० को राष्ट्रिय कार्ययोजनाका लागि प्रत्यक्ष सहयोग उपलब्ध नगराएता पनि सुरक्षा परिषदको प्रस्ताव नं. १२१६ को कार्यान्वयन अन्तर्गत द्वन्द्व प्रभावित बालबालिकाहरूको पुर्नस्थापना सम्बन्धी कार्यमा नेपाल सरकार लगायत स्थानीय संस्थाहरूलाई सहयोग गर्दै आइरहेको छ।<br><br>शान्ति तथा पुनर्निर्माण मन्त्रालय र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई द्वन्द्व प्रभावित बालबालिकाहरूको पुर्नस्थापना सम्बन्धी कार्ययोजना कार्यान्वयनका लागि निर्देशिका निर्माणमा सहयोग पुऱ्याएको छ। द्वन्द्व प्रभावित बालबालिकाहरूमध्ये करिव ४५ देखि ५० प्रतिशत बालिकाहरू रहेका छन्। यसका लागि लैङ्गिक पुर्नस्थापना प्याकेजको निर्माण गरिएको छ जसमा शिक्षा, तालिम, आयआर्जनमूलक सीपहरू पर्दछन।<br><br>युनीसेफले लैङ्गिकतासँग जोडिएका विषय तथा समस्याहरू केलाउन gender assessment tools को विकास गरेको छ। लैङ्गिकतासँग जोडिएका विषय र जोखिमका सम्बन्धमा यसलाई ८४ जना पूर्व माओवादी महिला लडाकुहरूसँग यी औजारहरूको प्रयोग गरिएको थियो। यसको प्रयोगका सम्बन्धमा २५ जना सरकारी कर्मचारीहरूलाई तालिम दिइएको र उनीहरूले August-September 2014 सम्बन्धित मन्त्रालयका कर्मचारीहरूलाई तालिम गराउने अपेक्षा गरिएको छ।<br><br>१३२५ र १८२० कार्यान्वयनका लागि अनुमानित वजेट $ 20,000 रहेको छ। |
| ४ | FAO | FAO ले काभ्रे जिल्लाको ५ वटा गा.वि.स. र एक वटा नगरपालिका, रामेछाप जिल्लाको ४ वटा गा.वि.स.हरू र सिन्धुली जिल्लाका ४ वटा गा.वि.स.हरू र एकवटा १ नगरपालिकामा UN Women र ILO सँग संयुक्त रुपमा राष्ट्रिय कार्ययोजना कार्यान्वयनका क्षेत्रमा कार्य गर्दै आईरहेको छ। यसले विशेषगरि **द्वन्द्व प्रभावित महिला तथा उनी**हरूको परिवारलाई कृषि तथा वस्तुपालनमा सहयोग गर्दै आईरहेको छ। यसबाट ७९६ द्वन्द्व प्रभावित महिला तथा उनीहरूको परिवारहरू कृषिजन्य उत्पादनबाट लाभ हासिल गरिसकेका छन्। यस अन्तर्गत हालसम्म ३७ वटा समूह निर्माण गरेर ७९६ लाभकर्ताहरूले यस परियोजनबाट लाभ लिएका छन्। यस परियोजना अन्तर्गत बाखापालन तथा सुंगुरपालन सहयोग र कृषि क्षेत्रमा FAO ले सहयोग गरेको छ . FAO ले ILO र यू एन वोमेनसगँको संयुक्त कार्यक्रम Gender Responsive Recovery for Sustainable Peace (GRRSP) आयोजनाको लागि २ लाख ६५ हजार यु एस डलर बजेट सहयोग गरिरहेको छ। |

| | | |
|---|---|---|
| ५ | **ILO** | UN Women, FAO र ILO ले संयुक्त रुपमा कार्य गरिरहेका काभ्रे, रामेछाप र सिन्धुली जिल्लामा ILO ले परामर्शको क्षेत्रमा कार्य गर्दछ । जस अन्तर्गत १५ जना व्यक्तिहरूलाई क्षमता अभिवृद्धि तालिम दिईएको छ । त्यसैगरी ४८५ द्वन्द्व प्रभावित महिला तथा बालिकाहरूलाई प्राविधिक तथा व्यवसायिक सीपहरू दिईएको छ । तीनै जिल्लाका १७८ द्वन्द्व प्रभावित महिला तथा बालिकाहरूलाई व्यवसाय, व्यापार र प्राविधिक तालिमहरू दिईएको छ र उनीहरूलाई औजार र व्यवसायिक विकासका लागि सहयोग गरिरहेको छ। ILO ले FAO र यू एन वोमेनसँगको संयुक्त कार्यक्रम Gender Responsive Recovery for Sustainable Peace (GRRSP) आयोजनाको लागि २ लाख ९४ हजार यु एस डलर सहयोग गरेको छ। |
| ६ | नर्वेजियन राजदुतावास | महिला सशक्तिकरण अन्तर्गत राजनीतिक तथा समाजिक न्यायमा महिलाको सशक्तिकरणका लागि महिला शान्ति र सुरक्षाको क्षेत्रमा कार्यरत संस्थाहरूको संजाल संकल्पलाई 12.3 million एन ओ के रकम सहयोग गरेको छ । त्यसैगरी नीती निर्माण तथा निर्णय प्रक्रियामा समान सहभागिताको सुनिश्चितता गर्न अन्तर पार्टी महिला संजाललाई 3.7 million एन ओ के र राष्ट्रिय कार्ययोजना कार्यान्वयन सहयोगका लागि शान्ति कोषलाई १ करोड एन ओ के, पूर्व लडाकुहरूलाई समाज तथा परिवारमा पुनःस्थापित गर्न तथा समाजमा मेलमिलाप गराउनका लागि जि आई जेड्‌लाई १ करोड ४० लाख एन ओ के सहयोग उपलब्ध गराएको छ । त्यसैगरी Promoting Gender Responsive Security Sector Reform कार्यक्रमका लागि यू एन वोमेनलाई १२ लाख एन ओ के उपलब्ध गराएको छ । |
| ७ | CARE-Nepal | केयर नेपालले राष्ट्रिय कार्ययोजना कार्यान्वयनका सम्बन्धमा विशेषगरी जिल्ला समन्वय समितिहरूलाई अभिमुखीकरण गर्ने, १३२५ र १८२० कार्यान्वयनका सम्बन्धमा विद्यमान नीति तथा कानूनहरूमा भएका कमि कमजोरीहरू पहिचान गरी सुधार तथा परिमार्जनकालागि सिफारिस गर्ने, सेवा प्रदायकहरूलाई विद्यमान कानूनको प्रयोग गरी लैङ्गिकतामा आधारित हिंसा घटाउन उनीहरूको कर्तव्य र भूमिकाको सम्बन्धमा अभिमुखीकरण गर्ने, महिला संजालहरूलाई लैङ्गिकतामा आधारीत हिंसासँगसम्बन्धित नीति र कानूनको जानकारी सम्बन्धी अभिमुखीकरण गर्ने र सामुदायीक समूहहरूलाई हिंसाको ढाँचा र त्यसको अभिलेख राख्ने प्रक्रिया सम्बन्धी तालिम प्रदान गर्ने जस्ता कार्यहरूका लागि सहयोग गर्दै आएको छ । यसले जिल्ला समन्वय समिती र महिला संजालहरूलाई अभिमुखीकरण कार्यका लागि रु. १११७४२८ र राष्ट्रिय कार्ययोजनाको पहिलो वर्षको अनुगमन प्रतिवेदन तयारीका लागि रु १११५८२७ तथा यो मध्यावधि अनुगमन तथा मूल्यांकनका लागि रु ३१३६२१३ सहयोग उपलब्ध गराएको छ । |
| ८ | UNPFN | UNPFN युएन वुमेनलाई "Partnership for Equality and Capacity Enhancement (PEACE): Towards implementation of UNSCRs 1325 and 1820" संचालन गर्न सहयोग उपलब्ध गराइको थियो । त्यसैगरी राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा आउनु अगावै देखि यसले Reproductive health services to female Maoist army personnel परियोजनाका लागि US$224,614, Ensuring recognition of sexual violence as a tool of conflict in the Nepal peace building process परियोजनाका लागि US$2,1millon सहयोग गरेको छ भने राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा आए पश्चात Partnership for Equality and Capacity Enhancement (PEACE): Towards implementation of UNSCRs 1325 and 1820 परियोजनाका लागि UN Women लाई US$525,000, Technical Assistance to the MoPR in the implementation of psycho-social counseling and support services to conflict affected persons परियोजनाका लागि IOM लाई US$500,198 र Strengthening Rule of Law and Human Rights परियोजनाका लागि UNDP र UN Women लाई US$642,500 साथै Building Peace in Nepal: Ensuring a participatory and secure transition परियोजनाका लागि UNDP, UN Women लाई US$911,216 सहयोग उपलब्ध गराएको छ। |

| | | |
|---|---|---|
| ९ | Saferworld | Saferworld ले USAID को सहयोगमा ३ वर्ष लामो conflict mitigation program ६ जिल्लाहरू (सुर्खेत, बाँके, बर्दिया, कैलाली, सुनसरी र सिरहा) का ३ गाविसहरू मा संचालन गरिरहेको छ । Saferworld ले Foreign and Common Wealth Office, UK को सहयोगमा Needs Assessment of the Monitoring and Evaluation of the National Action Plan on the implementation of the UNSCR 1325 & 1820 नामक प्रतिवेदन प्रकाशित गरेको छ । Gendered assessment of the needs and concerns of Maoist army combatants for rehabilitation and reintegration in Nepal नामक रिसर्च पनि गरेको थियो । |
| १० | UNDP | • 'Ensuring a Participatory and Secure Transition" project in collaboration with UN Women supported by UN Peace Fund Nepal (UNPFN) in six districts (Banke, Bardiya, Kailali, Kanchannpur, Parsa and Bara)<br>• दैलेख, सुर्खेत, दाङ., अछाम र कैलालीमा पीडित सहायता फोरम, कानुनी सहायता डेस्कको स्थापना ,बन्द इजलासका लागि आवश्यकता मापन र सर्वोच्च अदालतबाट संक्रमणकालिन न्यायका सम्बन्धमा भएको फैसलाहरूको कार्यान्वयनका सम्बन्धमा अध्ययन ।<br>• Armed Violence Reduction and Strengthening Community Security (AVRCS) project, अन्तर्गत National Crime Observation Center (NCOC) को स्थापना र अपराध र हिंसा अनुगमन र प्रतिवेदनका सम्बन्धमा तालिम ।<br>• UNDP's Conflict Prevention and Programme is directly contributing to the Promotion pillars, by strengthening capacity of women political party leader, civil society leaders to be agents of change in relation to peace-building.<br>• सन् २०१३ मा ५ संस्थाहरूलाई महिला, शान्ति र सुरक्षाका क्षेत्रमा N-Peace champions मार्फत काम गर्नका लागि सहयोग ।<br>• समुदायमा कस्ता प्रकारका हिंसाहरू छन् भनेर पहिचान गर्नका लागि बाँके जिल्लाको ४ गाविसहरूमा लैङ्गिकतामा आधारित हिंसामा अध्ययन (Research) गरिएको थियो ।<br>• The Training of Mobilizers Program (ToM) aims to create reflective practitioners by focusing on three key pillars, leadership, advocacy, and peace building and 7 women trained under this.<br>• सन् २०१४ मा विभिन्न क्षेत्रका महिला नेतृहरूका लागि विशेष ४ वटा तालिमहरू संचालन गरियो जसमा २६१ महिला नेतृहरू सहभागी थिए ।<br>• Focus of 'Strengthening the Rule of Law and Human Rights Protection System in Nepal' Programme (ROLHR) is consolidation of sustainable peace through creating conditions for systemic changes in the justice sector through support for sector-wide strategic planning and coordination; developing a 'single door' policy and implementation mechanisms for free legal aid system; and enhancing mechanisms of accountability through support to the Nation Human Rights Commission (NHRC) and transitional justice process. |

स्रोतः सम्बन्धित संस्थाहरुबाट प्राप्त विवरण

नोटः सम्बन्धित संस्थाहरूबाट उपलब्ध गराइएको सहयोग रकमलाई परिच्छेद ३ अन्तर्गत श्रोत व्यवस्थापन, अनुगमन तथा मुल्यांकनमा दिइएको छ ।

कतिपय सहयोग नियोगहरूले राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा प्रत्यक्ष रुपमा सहयोग गरेको नदेखिएता पनि लैङ्गिक समानता, महिला अधिकार, महिलाको लैङ्गिक, सामाजिक तथा राजनीतिक शसक्तिकरणका क्षेत्रहरूमा गरिएको सहयोगबाट

पनि द्वन्द्व प्रभावित महिला तथा बालबालिकाहरूको लागि विभिन्न सहयोग पुऱ्याएको छ । राष्ट्रिय कार्ययोजना कार्यान्वयनको नाममा ति कार्यक्रमहरू संचालन नभएता पनि त्यस्ता कार्यहरूले महिलाहरूको जीवन स्तर र उनीहरूको सामाजिक, लैङ्गिक र राजनीतिक क्षेत्रमा थुप्रै परिवर्तनहरू समेत ल्याएको छ ।

## ४.४ गैर सरकारी संस्थाहरूको योगदान

गैरसरकारी संघ संस्थाहरू सरकारका सहयोगीका रुपमा काम गरिरहेका हुन्छन् । नेपालको शान्ति प्रक्रिया र संक्रमणकालीन न्यायसँग सम्बन्धित धेरै कामहरूमा नागरिक समाज, संघ-संस्थाहरूले सरकारको सहयोगीको रुपमा काम गर्दै आएका छन् । संयुक्त राष्ट्र संघ, सुरक्षा परिषदबाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयनका लागि सरकारबाट पारित राष्ट्रिय कार्ययोजना (२०६७-२०७२) को निर्माण देखि नै नागरिक समाज गैरसरकारी संस्थाहरू र सरकारकाबीचमा सहकार्य हुँदै आएको हो । नेपाल नागरिक समाजको पूर्ण सहभागितामा निर्मित राष्ट्रिय कार्ययोजना बनाउने राष्ट्रको रुपमा विश्वमा उदाहरणीय पनि बनेको छ । नागरिक समाजका संघ संस्थाहरूलाई यो कार्ययोजना कार्यान्वयनमा सहयोगिको रुपमा लिइएको छ । सोही अनुरुप संघ-संस्थाहरूले नेपाल शान्ति कोषबाट तथा अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दाताहरूबाट सहयोग लिएर कार्ययोजनाको कार्यान्वयनमा नेपाल सरकार लाई सहयोग गरिरहेका छन् । फलस्वरुप कार्ययोजनाको निर्माण, यसको कार्यान्वयन, स्थानीयकरण तथा संस्थागत गर्नमा नेपालले राम्रो प्रगति हासिल गर्न सकेको छ । यो प्रतिवेदन तयारीका लागि सूचना संकलन गर्न महिला, शान्ति तथा सुरक्षामा काम गर्ने संजालहरू १३२५ कार्य समूह, शान्तिमालिका र संकल्पमा आबद्ध संघ संस्थाहरू तथा नेपाल शान्ति कोषबाट रकम लिई कार्यक्रम सञ्चालन गरिरहेका संस्थाहरूको छनौट गरिएको थियो । ती संस्थाहरूबाट संकलित सूचनाहरूको विश्लेषण यो भागमा समेटिएको छ ।

### ४.४.१ सहभागिताः

धेरैजसो काम संविधान सभामा ३३ प्रतिशत महिला सहभाागितालाई लिएर भएको छ । यस बीचमा दोश्रो संविधान सभाको निर्वाचन सम्पन्न भएका कारणले नीति निर्माण तहमा महिला सहभागिताका सवालमा संविधान सभामा महिलाको सहभागिताले बढी स्थान पाएको हो । अनुगमनमा परेका अधिकांश संस्थाले राज्यका विभिन्न तहमा महिलाको ३३ प्रतिशत सहभागिताको कुरा उठाँउदै आएका छन् ।

सहभागिताका सूचकहरू मध्ये "नीति तथा कानूनहरूको अध्ययन" मा केही संस्थाहरूले काम गरेका छन । अध्ययन मात्र नभएर निर्मित कानूनहरूको परिमार्जन तथा तीनको कार्यान्वयनका लागि दबाब सिर्जना गर्ने कार्यमा समेत गैरसरकारी संस्थाहरूको भूमिका महत्वपूर्ण देखिएको छ । गैरसरकारी संघ-संस्थाहरूबाट महिला सम्बन्धी नीति तथा कानूनी व्यवस्थाहरूको विश्लेषण गरी पैरवी दस्तावज तयार भएको छ । लैङ्गिक उत्तरदायी कानून तथा तीनको कार्यान्वयनको अवस्थामा अध्ययन पनि भएको छ । साथै महिलाको समानुपातिक सहभागिताको सम्बन्धमा नीति, वकालत तथा दबाब सिर्जनाका लागि राष्ट्र प्रमुख, सरकार प्रमुख, बिभिन्न राजनीतिक दलका शीर्ष नेताहरू लगायत सरकारी निकायका प्रमुखहरूलाई ज्ञापन पत्र एवं ध्यानाकर्षण पत्र हस्तान्तरण गर्ने कामहरू भएका छन् । विभिन्न संघ संस्थाहरूले महिला सहभागिता सम्बन्धी नीति तथा कानूनको बारेमा अध्ययन, अनुसन्धान र वकालतको काम गरेका छन् । सहभागितालाई लिएर अन्तक्रिया, संवाद, गोष्ठी, रेडियो तथा टेलिभिजन कार्यक्रम, रेडियो जिंगल, विज्ञापन, सडक नाटक लगायतका जनचेतनामूलक कार्यक्रमहरू सम्पन्न भएका छन् ।

### ४.४.२ सुरक्षा र रोकथामः

सुरक्षा र रोकथाम अन्तर्गत लैङ्गिक तथा यौनजन्य हिंसामा आधारित घटनालाई न्यायिक दायरामा ल्याउनका लागि गैरसरकारी संस्थाको तर्फबाट प्रयासहरू भएका छन् । लैङ्गिक तथा यौनजन्य हिंसाका घटनाको यकिन तथ्याङ्क नभएपनि यूता घटनाहरू संकलन गर्ने प्रयास भएको छ । यौन हिंसामा परेका महिलाहरूलाई सुरक्षित आवास गृहमा पुऱ्याउने, स्वास्थ संस्थामा लाने देखि न्यायका लागि प्रहरी तथा न्यायालयसम्म पुऱ्याउने काम गैरसरकारी संघ संस्थाबाट भएका छन् । लैङ्गिक तथा यौन हिंसामा परेका महिलालाई लैङ्गिक सहयोगका लागि आकस्मिक कोषको स्थापना गरी सहयोग गर्ने कार्य पनि भएको छ ।

यसैगरी लैङ्गिक तथा यौनजन्य हिंसामा भएका घटनाको अनुसन्धान, तहकिकात, कारवाही तथा सजायको संख्या र प्रक्रियामा विभिन्न संस्थाले फरक फरक ठाउँमा कार्य गरेकाले संख्या यकिन हुन नसके पनि कामहरू भने भएका छन् । प्रभावकारी

निःशुल्क कानूनी सेवा प्राप्त गर्ने द्वन्द्व प्रभावित महिला तथा बालिकाहरूको संख्या ३ सय ३० रहेको छ। यसैगरी स्वास्थ उपचार सेवा, मनोसामाजिक एवं कानूनी परामर्श पाउने लैङ्गिक तथा यौनजन्य हिंसाबाट प्रभावित महिला तथा बालिकाहरूको संख्या ८ सय रहेको छ। सुरक्षा र रोकथामलाई लिएर गोष्ठी, सेमिनार, अभीमुखीकरण, रेडियो तथा टेलिभिजन कार्यक्रम लगायतका पैरवी तथा वकालतका कार्यहरू पनि भएका छन।

### ४.४.३ प्रबर्द्धन:

विभिन्न संघ संस्थाहरूबाट आएका सूचनाहरूलाई विश्लेषण गर्दा प्रबर्द्धनमा धेरै कामहरू भएका छन्। संचारकर्मी हरूलाई यस विषयमा प्रशिक्षण तथा क्षमता अभिबृद्धि कार्यक्रमहरूका साथै रेडियो तथा टेलिभिजन कार्यक्रमहरू संचालन भएका छन्। स्थानीय शान्ति समितिका महिला सदस्यहरू तथा राजनीतिक दलका महिला सदस्यहरूलाइ पनि कार्ययोजनाका विषयमा अभिमुखिकरणहरू दिएएका छन्। क्षमता अभिवृद्धि अन्तर्गत तालिम, प्रशिक्षण, सैद्धान्तिक तथा व्यवहारिक ज्ञान लगायत रहेका छन्। सूचना श्रोत केन्द्रको स्थापना, यसैगरी १३२५ र १८२० को अवधारणात्मक स्पष्टता तथा राहतका कार्यक्रमहरूका बारेमा विभिन्न जिल्लाहरूमा संघ संस्थाहरूले गोष्ठी र तालिमहरू गरेका छन्।

कार्ययोजनाको स्थानीयकरणका लागि पनि गैरसरकारी संस्थाहरूबाट गाविस स्त सम्म पुगेर विभिन्न कार्यहरू भएका छन्। प्रबर्द्धन अन्तर्गत महिला, शान्ति र सुरक्षाका सन्दर्भमा केन्द्र र जिल्ला स्तरमा संचालित सूचना केन्द्रको संख्या तथा विवरणका सन्दर्भमा विभिन्न संघ संस्थाहरूले काठमाण्डौ, ललितपुर, भक्तपुर, पर्सा, दोलखा, रामेछाप, सिन्धुली, सिराहा, सुनसरी, बाँके र दाङ्ग जिल्लामा सूचना केन्द्र स्थापना गरी काम गरिरहेको पाइएको छ।

### ४.४.४ राहत तथा पुन: प्राप्ति:

राहत तथा पुनःप्राप्तिको विषयमा पनि गैरसरकारी संस्थाहरूले राहतको बारेमा जानकारी  प्राप्त गर्ने प्रक्रियाका बारेमा जनचेतना वढाउने कार्य गरेका छन्। विभिन्न ३५ जिल्लाका द्वन्द्व प्रभावित महिलाहरूको सम्मेलन गरेर उनीहरूका मुद्दालाई सरकार समक्ष पुऱ्याउने कार्य भएको छ। यस्तै सरकारले द्वन्द्वप्रभावित महिला तथा बालिकाहरूलाई प्रदान गर्ने राहतका विषयमा जानकारी गराउन राहत पुस्तिका प्रकाशन गरी विभिन्न जिल्ला तथा समूदाय स्तरमा वितरण गरिएको छ। राहत तथा पुनःप्राप्तिको सूचक "द्वन्द्व प्रभावित महिला, बालिका र पूर्व महिला लडाकु को सहभागितामा उनीहरूको वास्तविक अवस्थाको पहिचान सहितको अध्ययन" का सन्दर्भमा पूर्व महिला लडाकु सहित अन्य द्वन्द्व पीडित महिलाहरूकालागि केही संस्थाले प्याकेज कार्यक्रम अगाडी सारेको पाइयो। जस अन्तर्गत जीवकोपार्जन तालिम, छात्रवृत्ति लगायतका कार्यक्रमहरू रहेका छन्। सूचना प्राप्त भएका संस्थाहरूमध्ये ८ वटा संस्थाले छात्रवृत्ति प्रदान गरेका छन्। छात्रवृत्ति पाउने बिद्यार्थीहरूको संख्या २६ सय ८० रहेको छ। विभिन्न ३३ जिल्लामा उक्त छात्रवृत्ति प्रदान गरिएको छ।

द्वन्द्व प्रभावित महिला र बालबालिकालाई सम्मानपूर्वक व्यवहार गर्न सेवा प्रदायकहरूलाई विभिन्न जिल्लामा तालिमहरू दिइएको छ। यस्तै द्वन्द्व प्रभावित महिलालाई दिइएको सीपमूलक तालिममा उद्यमशिलता, मैनबत्ति बनाउने, ढाका बुनाई, खाम बनाउने, च्याउ खेती, डल्लो साबुन बनाउने, मखमलको जुत्ता बनाउने, सिलाई बुनाई, पाउ -तितौरा) बनाउने, स्याट बनाउने, ब्युटिसियन, बेमौसमी तरकारी उत्पादन, बिद्युतीय सामाग्री मर्मत (इलेक्ट्रीसियन), बिजुली मर्मत तथा जडान, धारा मर्मत, मोबाइल मर्मत लगायतका तालिम दिइएको छ। अनुगमनमा परेका ७ वटा संस्थाहरूले काठमाण्डौ, भक्तपुर, ललितपुर, काभ्रे, संखुवासभा, भोजपुर, खोटाङ्ग, मोरङ्ग, सुनसरी, सप्तरी, सिरहा, बाँके , बर्दिया, रोल्पा, सल्यान, बारा, पर्सा, कैलाली, कन्चनपुर लगायतका जिल्लामा यस प्रकारका तालिमहरू दिएका  छन्। यसरी दिइएका तालिममा केही तालिम भने द्वन्द्व प्रभावित महिला मात्र नभएर पुरुषहरूलाई पनि दिइएको छ। यसरी तालिम प्राप्त गर्नेहरूको संख्या करिब ४०० रहेको छ। तालिम लिएका मध्ये करिब ७५ प्रतिशतले व्यवसाय तथा कामको शुरुवात गरेका छन्। कतिपय संस्थाहरूले तालिम दिएपछि कामका लागि लघु पूँजी वितरण समेत गरेका छन्।

राहत तथा पुनःप्राप्तिलाई लिएर रेडियो कार्यक्रमहरू निर्माण भई प्रशारण भएका छन्। द्वन्द्व प्रभावित महिलाका घटना संकलन गरी डकुमेन्ट्री निर्माण गरिएको छ। राहत कहाँ, कसरी र कसले प्राप्त गर्न सक्छ ? भन्ने बारेमा जनचेतना मुलक कार्यक्रमहरू पनि संचालन गरिएका छन्।

### ४.४.५ श्रोत व्यवस्थापन एवं अनुगमन तथा मूल्यांकन

राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि वार्षिक बजेट नै छुट्टयाएर केही संस्थाहरूले काम गरेका छन् । ती कार्यक्रमहरूमा अधिकारमुखी अवधारणाबाट राजनीतिमा महिला सहभागिता तथा न्याय, दिगो शान्तिका लागि स्थानीय प्रयास अन्तर्गत १३२५ र १८२० तथा यसको कार्ययोजनाको मर्मलाई लिएर तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू, कार्य योजनाको अनुगमनका लागि क्षमता अभिवृद्धि लगायतका कार्यक्रमहरू रहेका छन् ।

### ४.५. चुनौतीहरू

गैर सरकारी संस्थाहरूबाट राष्ट्रिय कार्ययोजना कार्यान्वयनका सवालमा प्राप्त भएका तथ्यांकहरूलाई विश्लेषण गर्दा धेरै सकारात्मक पहलहरू भएको पाइन्छ । यसका बावजुद पनि अपेक्षित नतिजा प्राप्त गर्नका लागि केही चुनौतीहरू पनि देखिन्छ । देहाय बमोजिमका चुनौतीहरू गैरसरकारी संस्थाहरूका तर्फबाट हेर्न सकिन्छ ।

- गैससहरूले राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा सघाउ पुऱ्याइरहेको भएतापनि अग्रीम रुपमा कुनै निश्चित बजेट र कार्ययोजना अनुसार नभई दाताको आर्थिक सहयोगपाएपछि योजना बनाएर कार्यान्वयन गर्ने गरेको पाइन्छ । क्षमता तथा सञ्जाल भएका संस्थाहरूबाट पनि सीमित ठाउँमा मात्र कामहरू भएको देखिन्छ ।
- राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन गर्ने प्रमुख निकाय शान्ति तथा पुनर्निर्माण मन्त्रालय तथा अन्य सरकारी निकायहरू हुन् । कार्ययोजनाले गैससका लागि सहयोगीको भूमिको दिएको छ तर जसको भूमिकामा सहयोग गरेको हो उक्त निकायमा नै गैससको कामको बारेमा कुनै तथ्यांक नहुने अवस्था छ । यसले मन्त्रालयको काममा भएको सहयोगको मापन नै चुनौतीपूर्ण छ ।

**तालिका नं. ६९**

**कार्ययोजना कार्यान्वयनमा संलग्न गैर सरकारी संस्थाको विवरण**

| क्र.स. | स्तम्भ | काम गर्ने संस्थाको संख्या |
|---|---|---|
| १ | सहभागिता | १३ |
| २ | सुरक्षा तथा रोकथाम | १० |
| ३ | प्रबर्द्धन | ३ |
| ४ | राहत तथा पुन:प्राप्ति | १३ |
| ५ | श्रोत व्यवस्थापन, अनुगमन तथा मूल्यांकन | ६ |

स्रोतः सम्बन्धित संस्थाहरुबाट प्राप्त विवरण

राष्ट्रिय कार्ययोजनाका चार स्तम्भमध्ये तर्फबाट सबै भन्दा बढी कार्य "सहभागिता" मा भएको देखिन्छ । त्यसपछि राहत तथा पुन:प्राप्ति, प्रबर्द्धन, सुरक्षा र रोकथाममा कामहरू भएका छन् । "सहभागिता" स्तम्भ अन्तर्गत क्षमता अभिवृद्धिका कार्यक्रमहरू भएका छन् । कार्ययोजनाले महिला सहभागितामा जोड दिएको हुनाले संघ संस्थाहरूले आयोजना गर्ने तालिमहरूमा पनि यो विषयलाई समावेश गर्ने गरेको देखिन्छ । पैरवी सीप विकासका कार्यक्रमहरू कार्ययोजनाका विषयबस्तुहरूलाई समेटेर भएका छन् । यस्तै सुरक्षा र रोकथाम अन्तर्गत लैङ्गिक तथा यौनजन्य हिंसामा आधारित घटनालाई न्यायिक दायरामा ल्याउनका लागि गैर सरकारी संस्थाहरूको तर्फबाट पहल गरिएको छ भनें मनोसामाजिक परामर्शका लागि विभिन्न स्थानमा सेल्टरहरू स्थापना गरेर सेवा दिइएको छ । तेस्रो स्तम्भको रुपमा रहेको प्रबर्द्धनको उद्देश्य "महिला र बालिकाको अधिकार प्रबर्द्धन गर्ने र द्वन्द्व रुपान्तरण तथा शान्ति निर्माण प्रक्रियाको सबै पक्ष र चरणहरूमा लैङ्गिक मूलप्रवाहीकरण गर्ने" भन्ने रहेको छ । यो उद्देश्य अनुरुप जनचेतना तथा प्रशिक्षण, पैरवी एवं अभीमुखीकरणमा भएको छ । "राहत तथा पुन:प्राप्ति" अन्तर्गत गैर सरकारी संस्थाहरूको तर्फबाट विभिन्न जिल्लामा छात्रवृत्ति प्रदान गरिएको छ । साथै सीपमुलक एवं अन्य तालिमहरू पनि दिइएको छ । "श्रोत व्यवस्थापन, अनुगमन तथा मूल्यांकन" मा भने धेरै काम हुन सकेको छैन । गैरसरकारी संस्थाहरूले कार्य योजना कार्यान्वयनका लागि प्रायः अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूबाट आर्थिक सहयोग जुटाउने गरेका छन् भने अनुगमन तथा मूल्यांकनका लागि नेपाल सरकारसँगको सहकार्यमा नागरिक समाजको तर्फबाट वार्षिक अनुगमन तथा प्रतिवेदन सावजनिक गर्ने काम भएको छ ।

# परिच्छेद-५

## स्थानीय तहमा राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था

राष्ट्रिय कार्ययोजना कार्यान्वयनको एउटा प्रमुख उद्देश्य यसले निर्धारित गरेका कार्यहरूलाई स्थानीय तहसम्म लगेर द्वन्द्वबाट प्रभावित महिला तथा बालबालिकाहरूको शान्ति, सुरक्षा र द्वन्द्वको रुपान्तरण जस्ता कार्यहरूमा उनीहरूको सहभागिताको सुनिश्चितता गर्नु हो । नेपाल सरकारले कार्ययोजना कार्यान्वयनका जिम्मेवार स्थानीय निकायहरूलाई परिचालित गर्ने, विभिन्न मन्त्रालय अन्तर्गतका स्थानीय निकायहरूलाई स्रोत र साधनहरूको व्यवस्था गर्ने, महिला, शान्ति र सुरक्षाको क्षेत्रमा कार्यरत गैरसरकारी संस्था, दातृ निकाय तथा विकासका अन्तर्राष्ट्रिय साझेदारहरूसँग समन्वय र सहकार्य गर्दै आईरहेको छ ।

प्रथम वर्षको अनुगमन प्रतिवेदनमा गैर सरकारी संस्था, दातृ निकाय तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरूबाट राष्ट्रिय कार्ययोजना कार्यान्वयनका सम्बन्धमा भएका कार्य तथा प्रगतिहरूलाई समेटिएको थिएन । तर कार्ययोजनाको निर्माण देखि कार्यान्वयनसम्म केन्द्रदेखि स्थानीय तहसम्मै र्कायोजना कार्यान्वयनको मूलधारमा सरकार सँगै हातेमालो गरिरहेका गैर सरकारी संस्था र दातृ निकाय तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरूबाट भएका सहयोग, सहकार्य र प्रगतिहरूलाई नसमेट्ने हो भने राष्ट्रिय कार्ययोजना कार्यान्वयनको एउटा प्रमुख हिस्सा नै छुट्न जान्छ । जसरी कार्ययोजना निर्माणमा गैर सरकारी संस्थाहरूको योगदान रहेको छ त्यसरी नै यसको कार्यान्वयनमा पनि महत्वपूर्ण योगदान रहदै आएको छ । तसर्थ यो मध्यावधि अनुगमन तथा मूल्यांकन प्रतिवेदनमा स्थानीय तहमा भएका कार्यहरू र स्थानीय तहमा गैर सरकारी संस्थाहरूबाट भएका कार्यहरूलाई समेत समेट्ने प्रयास गरिएको छ । यद्यपि यो विश्लेषण देशभरीकै अवस्थाहरूको समग्र विश्लेषण भने होईन तथापि यसले स्थानीय तहमा कार्ययोजना कार्यान्वयनको अवस्था कस्तो रहेको छ भन्ने हेर्नका लागि छनौट गरिएका दश वटा जिल्लाहरूले समग्र देशभरीको अवस्थाको प्रतिनिधीत्व गरेको मान्न भने सकिन्छ । स्थानीय तहमा पुगेर सरोकारवालाहरूसगं गरिएको समूहगत छलफल तथा कार्यान्वयनका जिम्मेवार निकायहरूबाट संकलन गरिएका तथ्यांकहरूलाई यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

### ५.१ सहभागिता

राष्ट्रिय कार्ययोजनाले राज्यका सबै तह र निकायहरूमा महिला सहभागिता अभिवृद्धि गर्न विद्यमान नीति तथा कानूनहरूमा भएका कमिकमजोरीहरू पहिचान गरी महिलाको सहभागिता अभिवृद्धि हुने गरी कानून निर्माण गर्ने तथा संसोधन गर्ने कार्यलाई महत्वको साथ उल्लेख गरेको छ । जिल्ला तहमा गठन भएका दशैवटा जिल्लाका जिल्ला समन्वय समितिहरूमा महिला सहभागितालाई हेर्ने हो भने महिला सदस्यहरूको उपस्थिति प्रतिशत कमी देखिन्छ । त्यतिमात्र होइन स्थानीय तहमा स्थापित संरचनाहरूमा पनि महिलाको सहभागिता संख्या न्यून रहेको छ । त्यस्ता संरचनाहरूको बैठकमा महिला सम्बन्धी विषयहरूले कमै मात्र महत्व र स्थान पाएको देखिन्छ ।

जिल्ला तथा गा.वि.स.तहमा गठन भएका स्थानीय शान्ति समितिमा भएको महिलाको प्रतिनिधत्वको संख्याले स्थानीय तहमा महिलाको सहभागिताको अवस्था कस्तो रहेको छ भन्ने सामान्य अनुमान गर्न सकिन्छ । शान्तिलाई स्थानीय तहसम्म पुऱ्याई शान्ति प्रक्रियालाई दिगो गराउने उद्देश्यले स्थापना गरीएका स्थानीय शान्ति समितिको कार्यक्षेत्रगत शर्तहरूमा स्थानीय शान्ति समितिमा द्वन्द्व प्रभावित महिला समेतको प्रतिनिधित्व हुने गरी एक तिहाई सदस्य महिला रहनु पर्ने व्यवस्था रहेको छ । यसैगरी नगरपालिका/गाउँ विकास समिति स्तरमा गठन हुने ९ सदस्यीय शान्ति समितिहरूमा समेत कम्तिमा ३ जना महिला सदस्य रहने व्यवस्था स्थानीय शान्ति समितिको कार्यक्षेत्रगत शर्तहरू कार्यान्वयनको लागि वनेको निर्देशिकामा स्पष्ट व्यवस्था गरिएको छ । देहायको तालिकाले दशवटा जिल्लाको नगरपालिका/गाउँ विकास समिति स्तरमा गठित स्थानीय शान्ति समितिहरूमा भएको महिला सदस्यहरूको संख्या देखाएको छः-

स्थानीय तहमा महिला सहभागिताको संख्या हेर्ने हो भने स्थानीय शान्ति समितिमा महिलाको सहभागिता वृद्धि हुँदै गएको देखिन्छ । यद्यपि स्थानीय शान्ति समितिको कार्यक्षेत्रगत शर्तहरूमा व्यवस्था गरिएको ३३ प्रतिशत महिला सहभागिताको प्रावधान भने अझै पूरा हुन सकेको छैन ।

स्थानीय शान्ति समितिहरूले द्वन्द्व प्रभावित महिला तथा बालिकाहरूको अधिकारको संरक्षण, उनीहरूको राहत तथा पुनःप्राप्ति र त्यसको पहुँच स्थापित गर्न योगदान पुऱ्याउदै आएका छन् । यस क्रममा कतिपय जिल्लाका स्थानीय शान्ति समितिहरूले महिला तथा बालिकाहरूको सम्बन्धमा गरेका योगदानहरू उल्लेखनीय देखिन्छन् । स्थानीय तहमा शान्तिका लागि पहल र समन्वय गर्न शान्ति समितिहरू सक्रिय छन् ।

**तालिका नं. ७०**

**स्थानीय शान्ति समितिले महिला तथा बालिकाहरूको अधिकार तथा सुरक्षा र सहभागिताका लागि गरेका केही उल्लेखनीय कार्य**

| सि.नं. | स्थानीय शान्ति समितिको जिल्लाको नाम | स्थानीय शान्ति समितिले महिला तथा बालिकाहरूको अधिकार तथा सुरक्षा र सहभागिताका लागि गरेका केही उल्लेखनीय कार्य र उदाहरणहरू |
|---|---|---|
| १ | डडेलधुरा | गाविस स्तरमा १३२५ र १८२० सम्बन्धी अभिमुखीकरण तथा द्वन्द्वपीडित महिलाहरूको सहभागिता सम्बन्धी अभिमुखीकरण |
| २ | धनकुटा | महिला सहभागिता सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू |
| ४ | कपिलवस्तु | लैङ्गिक हिंसाका घटना न्यूनीकरण गर्न सक्रियता, महिला सहभागिताको लागि वकालत, निग्लिहवा गा.वि.स.मा महिला र उनको परिवारमाथि वोक्सिको आरोपमा भएको कुटपिट मुद्दा दर्ताको लागि पहल र समन्वय । |
| ५ | वाग्लुङ्ग | राजनीतिक दलहरूलाई अनिवार्य महिला सहभागिता गराउन अनुरोध पत्र पठाएको । महिलालाई शान्ति समितिको संयोजकको जिम्मेवारी दिईएको । |

स्रोतः जिल्लाबाट संकलित विवरण

शान्ति समितिहरूले द्वन्द्व प्रभावित महिला तथा बालिकाहरूको क्षमता अभिवृद्धि, लैङ्गिक तथा महिला विरुद्धका हिंसाहरूको रोकथाम, राहतका लागि सहयोग, जिल्ला तथा गाविस स्तरमा १३२५ र १८२० सम्बन्धी अभिमुखीकरण, द्वन्द्व पीडित महिलाहरूको सहभागिता सम्वन्धी अभिमुखीकरण, महिला तथा बालबालिकाको अधिकारका सम्बन्धमा सचेतनामूलक कार्यक्रमहरू, द्वन्द्वपीडित महिलालाई सीपमूलक तालिम, सहीद तथा वेपत्ता परिवारलाई सम्मान, लैङ्गिक हिंसाका घटना न्यूनीकरण गर्न सक्रियता र महिलामाथि भएका वोक्सिको आरोप लगायतका घटनाहरूमा मुद्दा दर्ताको लागि पहल र समन्वय र राजनीतिक दलहहरूलाई महिला सहभागिता गराउन सचेतनाका कार्यहरू गर्दै आएको पाईन्छ । कतिपय जिल्लाहरूमा स्थानीय शान्ति समितिको संयोजकको रुपमा समेत महिलाहरूले नै नेतृत्व गर्दै आईरहेका छन् ।

स्थानीय तहमा महिला सहभागिता अभिवृद्धिका लागि गैर सरकारी संस्था तथा स्थानीय शान्ति समितिहरूले पैरवी सीप विकास तालिमहरू आयोजना गरिएको पाईन्छ । विशेषगरी गैर सरकारी संस्थाहरूबाट महिलाको नेतृत्व विकास, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी अभिमुखीकरण, लैङ्गिक हिंसा विरुद्ध सचेतना अभिवृद्धि लगायतका कार्यक्रमहरूको आयोजना गरिएको छ । त्यस्ता तालिमहरू लामो र छोटा अवधिका रहेका छन् । कार्यक्रमहरूलाई गा.वि.स. स्तरमा पनि संचालन गरिएको छ । यस्ता कार्यक्रमहरूमा महिलाको उल्लेखनीय सहभागिता रहेको देखिन्छ । यद्धपी स्थानीय तहका सरोकारवालाहरूमा पनि छोटो अवधिको मात्र भएको हुनाले यसलाई आवश्यकता र सर्न्दभ हेरी निरन्तरता दिन र लामो अवधिका तालिमहरू प्रदान गर्ने तर्फ सबैको ध्यान जान जरुरी भएको उल्लेख गरिएको थियो ।

महिला सहभागिता अभिवृद्धिका लागि जिल्ला तथा स्थानीय तहमा उल्लेखनीय रुपमा जनचेतनामूलक कार्यक्रम सम्पन्न भएका छन् । यसका लागि स्थानीय तहका शान्ति समितिहरू, गैर सरकारी निकायहरूको महत्वपूर्ण भूमिका रहेको छ । लैङ्गिक

समानता तथा समावेशीकरण, महिलाको अर्थपूर्ण सहभागिता, स्थानीय निर्वाचन सम्बन्धी जानकारी, महिला नेतृत्व विकास, लैङ्गिक विभेद, १३२५ र १८२०, योजना तर्जुमामा लैङ्गिक मूलप्रवाहिकरण, लैङ्गिक उत्तरदायी वजेट निर्माण र कार्यान्वयन आदि विषयहरूलाई त्यस्ता कार्यक्रमहरूमा समेटिएको पाईन्छ । महिला तथा बालबालिका कार्यालय दाङ्गले विगतका तीन वर्षहरूमा लैङ्गिक हिंसा विरुद्धको प्रतिवद्धता जाहेर, हिंसा न्यूनीकरण जिल्ला घोषणा तथा आचार संहिता निर्माण, लैङ्गिक हिंसा विरुद्ध कानूनी पहल, लैङ्गिक मैत्री कार्यालय बनाउने, महिलामाथि आँच आउने विज्ञापन नदिने, सबै सरकारी कार्यालयमा सून्य सहिष्णुता कायम गर्ने र लैङ्गिक हिंसा र १३२५ र १८२० को जानकारी सम्बन्धमा पर्चा पम्प्लेटिङ्ग गरेको छ । जिल्ला विकास समिति, दाङ्गले गत वर्ष मात्रै लैङ्गिक अवधारणा, लैङ्गिक हिंसा, महिला अधिकार, सुरक्षित मातृत्व, यौनरोग, यौन तथा एच.आइ.भि. एडस्, दुर्व्यसनीका प्रकार, कारण, असर, श्रम संगठन, कानूनी व्यवस्था, अधिकार, भूमिका, बालमैत्री शासनको अवधारणा, लैङ्गिक हिंसाका कानूनी व्यवस्थाहरू, हिंसा न्यूनीकरणमा समाजको भूमिकाका सम्बन्धमा वटा कार्यक्रमहरू गरेको छ । ओरेक नेपाल, दाङले मानव बेचबिखन तथा ओसार पसार, बसाई सराई, वैदेशिक रोजगार ऐन तथा परिवार शिक्षा, १३२५ र १८२० कार्यान्वयनको प्रभावकारिता, लैङ्गिक सामाजिक, सांस्कृतिक अधिकार, शान्ति, मानव अधिकार, द्वन्द्व, लैङ्गिक, लैङ्गिकता, हिंसा, संक्रमणकालीन अवस्था, द्वन्द्वले स्वास्थ्यमा परेको असर जस्ता विषयहरूमा थुप्रै कार्यक्रमहरूको आयोजना गरेको छ । नेपाल महिला सामुदायिक सेवा केन्द्र, दाङ्गले छुवाछुत, सरसफाई, महिला हिंसा, जातीय हिंसा, लैङ्गिक विभेद, घरेलु हिंसाका क्षेत्रमा सडक नाटक लगायतका कार्यक्रमहरू गर्दै आईरहेको छ ।

**तालिका नं. ७१**

**सीप विकास अभिवृद्धि तथा जनचेतनामूलक कार्यक्रमको संख्या**

| सि.नं. | सीप विकास अभिवृद्धि तथा जनचेतनामूलक कार्यक्रमको संख्या | प्रमुख विषयहरू | कैफियत |
|---|---|---|---|
| १ | लैङ्गिक समानता तथा समावेशीकरण | महिला अधिकार,समानता र समावेशीकरण | जिविस, बाँके |
| २ | लोकसेवा आयोग तयारी कक्षा | महिलालाई लोकसेवा आयोगको परिक्षामा सफल बनाउनका लागि | जिविस, बाँके |
| ३ | महिला विरुद्धको हिंसा १६ दिने अभियान, | बाल दिवस, मानव बेचबिखन दिवस लगायतका विषयहरूमा सडक नाटक | स्थानीय शान्ति समिति बाँके |
| ४ | अर्न्तक्रिया, छलफल लगायत ९ वटा कार्यक्रमहरू | महिलाको अर्थपूर्ण सहभागिता, स्थानीय निर्वाचन सम्वन्धी जानकारी, महिला नेतृत्व विकास, लैङ्गिक विभेद आदि । | फतिमा फाउण्डेसन, बाँके |
| ५ | लैङ्गिक समानता तथा सामजिक समावेशीकरण सम्वन्धी अभिमुखीकरण | लैङ्गिक समानता तथा सामजिक समावेशीकरण सम्वन्धी नीति र अवधारणा, १३२५ र १८२०, योजना तर्जुमामा लैङ्गिक मूल प्रवाहिकरण, लैङ्गिक उत्तरदायी वजेट निर्माण र कार्यान्वयन | महिला तथा बालबालिका कार्यालय, धनकुटा |

| | | | |
|---|---|---|---|
| ६ | सचेतनामूलक तालिमहरू | तीन वर्षको अवधिमा करिव १८५५ सहभागीहरूलाई महिला अधिकार मुखी अवधारणा सम्बन्धी सचेतना तालिमहरू दिईएको । | महिला तथा बालबालिका कार्यालय,कपिलवस्तु |
| ७ | अभिमुखीकरण कार्यक्रम | १३२५ र १८२० बारे कार्यालय प्रमुख र महिला सञ्जाललाई अभिमुखीकरण | महिला तथा बालबालिका कार्यालय, कपिलवस्तु |
| ८ | महिला हिंसा सम्बन्धी अन्तरक्रिया | लैङ्गिक सवाल र कानूनी प्रक्रिया | महिला तथा बालबालिका कार्यालय, बाग्लुङ, |
| ९ | प्रशिक्षण | १३२५ र १८२० र राष्ट्रिय कार्ययोजना | जिल्ला प्रहरी कार्यालय, बाग्लुङ |
| १० | कानूनी सहायता तालिम | कानूनमा महिलाको पहुँच वृद्धि | पुनरावेदन बार इकाई, बाग्लुङ |

स्रोतः जिल्लाबाट संकलित विवरण

जिल्ला तहमा महिला अधिकार, सहभागिता, लैङ्गिक हिंसा जस्ता क्षेत्रहरूमा स्थानीय संचार माध्यमबाट विभिन्न स्थानीय भाषामा संचालित/ प्रकाशित/प्रसारित गरिएको पाईन्छ। छापा तथा विद्युतीय माध्यमका अधिकांश श्रव्य, दृष्य संचार माध्यमहरूले महिला हिंसा, १३२५ र १८२० तथा संक्रमणकालीन न्याय, घरेलु हिंसा, महिलाको नेतृत्व विकास, सामाजिक परिचालन, महिला अधिकार, महिला शिक्षा, महिला सहभागिता, महिलाको अधिकार संरक्षण, महिलाको प्रजनन् स्वास्थ अधिकारको संरक्षण तथा सामाजिक समावेशिकरणका अवधारणा, एकल महिलाका सवाल, लैङ्गिक हिंसा न्यूनिकरणका लागि सचेतनामूलक नाटय श्रृंखला, स्वास्थको अधिकारमुखी अवधारणा र मातृ शिशु स्वास्थको संरक्षण जस्ता विषयहरूमा कार्यक्रमहरू संचालन गरिएको पाईन्छ। त्यस्ता प्रकाशित तथा प्रसारित सामाग्रीहरू स्थानीय स्तरका विभिन्न भाषाहरूमा निर्माण गरिएको छ।

**तालिका नं. ७२**

**जिल्ला स्तरमा संचार माध्यमहरुबाट संचालित कार्यक्रम**

| सि.नं. | जिल्ला | संचार संस्थाको नाम | कार्यक्रमको नाम | विषय | भाषा |
|---|---|---|---|---|---|
| १ | बाँके | सामुदायिक रेडियो कृष्णसार एफ.एम | समशान्ति पश्चिम सरोकार | महिला हिंसा, १३२५ र १८२०, द्वन्द्वका घाउ | नेपाली, अवधि, थारु |
| २ | डडेलधुरा | पत्रिका, रेडियो | महिला हिंसा सम्बन्धी तथा महिला अवाज कार्यक्रम | घरेलु हिंसा सम्बन्धी, नेतृत्व विकास, सामाजिक परिचालन | डोटेली तथा नेपाली |
| ३ | दांङ्ग | रेडियो पश्चिम दाङ्ग | समता, महिला सरोकार र नेपाली चेली | महिला अधिकार, महिला शिक्षा, महिला सहभागिता, लगायत महिलाका अन्य विषयहरू | नेपाली |
| ४ | सिराहा | समग्र एफ. एम .१०७ मेगा हर्ज | न्यायको खोजी, मानव अधिकार शिक्षा | मानव अधिकार, महिलाका अधिकार | मैथली र नेपाली |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | कपिलवस्तु | सामुदायिक रेडियो कपिलवस्तु, रेडियो बुद्ध आवाज, रेडियो भ्वाईस, रेडियो समानता | महिला सरोकार, महिला आवाज, लैङ्गिक हिंसा, साझा विचार | महिला अधिकार, लैङ्गिक हिंसा न्यूनिकरण, शिक्षा, सरोकार, पहुँच, प्रजनन् स्वास्थ्य, स्वास्थ्यको अधिकार मुखी अवधारणा, एकल महिलाका सवाल, | थारु/ नेपाली/अबधी |
| ६ | धादिङ | रेडियो धादिङ्ग, रेडियो लोकतन्त्र | युवा ढुकढुकी, रुपान्तरण, शान्ति सन्देश, विकास दर्पण, तामाङ न्हेन नारी आवाज, हाम्रो सरोकार न्यायिक अधिकार | युवा महिलाको क्षमता विकास महिला हिंसा विरुद्ध सचेतना शान्ति निमार्ण प्रक्रिया र महिला, विकासमा महिलाको सहभागिता, महिला अधिकारका विषयवस्तुहरू | नेपाली र तामाङ |
| ७ | बाग्लुङ | धवलागिरी एफ .एम, बाग्लुङ एफ.एम., सयपत्री एफ.एम, सारथी एफ.एम., ढोरपाटन एफएम, गलकोट एफएम | आधा आकाश, नारी आवाज, महिला सरोकार, सिर्जनशिलता, नारी आवाज, महिला सन्देश, आधा आकाश | महिलाको लैङ्गिक, सामाजिक अवस्था, महिला सहभागिता, सुरक्षा र लैङ्गिक हिसा | नेपाली |
| ८ | क्न्चनपुर | महाकाली एफ एम, शुकला फाँटा एफ. एम, रेडिया नागरिक | नयाँ नेपालः फोनिङ्ग कार्यक्रम, महिला हिसा, घरेलु हिंसा | महिला अधिकार, घरेलु हिंसा | नेपाली, डोटेलि, थारु |

स्रोतः जिल्लाबाट संकलित विवरण

स्थानीय संचार माध्यमहरूले महिला सहभीगता अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरू शुरुवात गरेका छन् । यस अन्तर्गत अधिकारमुखी जिंगल प्रशारण, द्वन्द प्रभावितका लागि आवश्यक सूचना प्रसारण, महिलाको सहभाागिता सम्बन्धी लेख रचनाहरूको प्रकाशन आदि रहेका छन् ।

**तालिका नं. ७३**

**महिला सहभागिता अभिवृद्धिका लागि शुरुवात गरिएका कार्यक्रम**

| सि.नं. | संचार माध्यम | महिला सहभागिता अभिवृद्धिका लागि शुरुवात गरिएका कार्यक्रम | जिल्ला |
|---|---|---|---|
| १ | सामुदायिक रेडियो कृष्णसार एफ.एम, | समशान्ति, महिला जागरण, नारी आवाज | बाँके |
| २ | रेडियो परिर्वतन, रेडियो कपिलवस्तु, रेडियो बुद्ध आवाज, रेडियो समानता, रेडियो भ्वाईस, रेडियो तिलौराकोट | अधिकारमुखी जिंगल प्रसारण | कपिलवस्तु |

स्रोतः जिल्लाबाट संकलित विवरण

स्थानीय संघ संस्थाहरूबाट महिला सहभागिता अभिवृद्धिका लागि शुरुवात गरिएका कार्यक्रमहरूको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं. ७४

## महिला सहभागिता अभिवृद्धिका लागि शुरुवात गरिएका कार्यक्रम

| सि.नं. | संस्थाको नाम | महिला सहभागिता अभिवृद्धिका लागि शुरुवात गरिएका कार्यक्रम | कैफियत |
|---|---|---|---|
| १ | महिला तथा बालबालिका कार्यालय | लैङ्गिक हिंसा न्युनिकरणका लागि सूचनामुलक जिंगल प्रशारण | कपिलवस्तु |
| ४ | स्थानीय शान्ति समिति | द्धन्द प्रभावितका लागि आवशकिय सूचना प्रशारण | कपिलवस्तु |
| ६ | जिल्ला बिकास समिति | अधिकारमुखी सूचना सामाग्री प्रशारण | कपिलवस्तु |
| ७ | दलित सामाजिक विकास केन्द्र | विभिन्न रेडियो स्टेशनहरूबाट महिला लगायतको अधिकार संरक्षण बारेका सूचना र जिंगल प्रशारण | कपिलवस्तु |
| ८ | महिला मानवअधिकार रक्षकहरूको जिल्ला संजाल, नारी जागरण केन्द्र, फोकस नेपाल | हाम्रो सरोकार न्यायिक अधिकार | धादिङ्ग |
| ९ | ओरेक नेपाल | हाम्रो सरोकार महिलाको मानव अधिकार | धादिङ्ग |
| १० | महिला मानव अधिकार रक्षक सञ्जाल | लैङ्गिक सवाल | बाग्लुङ्ग |

स्रोतः जिल्लाबाट संकलित विवरण

स्थानीय तहमा महिला अधिकार लगायतका विषयहरूमा संचार माध्यमहरूबाट प्रशस्तै कार्यक्रमहरू प्रशारण भएका छन् । यसले स्थानीय तहमा महिला तथा बालिकाको अधिकारको सचेतना अभिवृद्धि गर्न, महिलाको सहभागिताका लागि वकालत गर्न सहयोग पुऱ्याएको छ । स्थानीय तहमा बज्ने एफ.एम. रेडियोहरू जन साधारणसम्म सूचना र जानकारीहरू प्रवाह गर्ने सबैभन्दा सशक्त माध्यमहरू हुन् । सूचनाको प्रविधिमा आएको विकासले आज हरेक व्यक्तिको हातहातमा रेडियो बज्ने मोवाईल फोनहरू रहेका छन् । संचार प्रविधिको उपलब्धताले हरेक सूचनाहरूलाई छिटो र सरल तरिकाबाटै लक्षित वर्गसम्म पुऱ्याउन सजिलो भएको छ । यसले महिला तथा बालिकाहरूको अधिकार, सहभागिता र पहुँचको अभिवृद्धिका लागि सहयोग पुरऱ्याएको छ ।

### ५.२. सुरक्षा तथा रोकथाम

स्थानीय तहमा भएका लैङ्गिक तथा यौनजन्य हिंसामा आधारित घटनाहरूको दर्ता, अनुसन्धान, कारवाही, त्यस्ता घटनाहरूमा दोषी ठहर भई सजाय पाउनेको संख्या तथा औसत फैसला अवधि र निर्णय समयावधि सम्बन्धी तथ्यांकहरू छनौट गरिएका दश जिल्लाहरूबाट संकलन गरिएको थियो । (यसको विस्तृत जानकारी अनुसूची १५ मा दिइएको छ ।)

दशवटा जिल्लाहरूबाट प्राप्त तंथ्याकहरूमा जिल्लास्तरका विभिन्न गैर सरकारी संस्था, नेपाल बार एशोशिएसन, सरकारका विभिन्न कार्यालय, विशेष गरि महिला तथा बालबालिका कार्यालय, पारालिगल कमिटीहरू, अदालत, जिल्ला प्रहरी कार्यालय आदिबाट दर्ता गरिएका, अनुसन्धान गरिएका घटनाहरूको तथ्यांक राखिएको छ । प्राप्त तथ्यांकहरूको आधारमा हेर्ने हो भने स्थानीय तहमा महिला तथा लैङ्गिक हिंसा विरुद्धका घटनाहरूको उजुरी गर्ने संख्याहरूमा विगतको तुलनामा प्रयाप्त मात्रामा वृद्धि भएको पाईन्छ । यस्ता घटनाहरूको छानविन, अनुसन्धान तथा कानूनी लगायतका परामर्शका क्षेत्रहरूमा दिईएका तालिम, क्षमता वृद्धिका कार्यक्रमहरूले पनि महिला विरुद्ध हुने हिंसाजन्य गतिविधिहरूको रोकथाम र सचेतना अभिवृद्धि गर्न सहयोग पुऱ्याएको छ । तर दर्ता, सिफारिश गरिएको मुद्दाको अवस्था, कानूनी परामर्श प्रदान गरिएका मुद्दाहरूको तथ्यांक राख्ने समुचित व्यवस्था, फैसला भएका घटनाहरूको कार्यान्वयनको अवस्था, पीडितहरूले न्याय प्राप्त गरे वा नगरेको, अदालतबाट कस्तो सजाय पाएको जस्ता विषयहरू अद्यावधिक नगरिने ति सबै अवस्थाहरूको तथ्यांक यहाँ प्रस्तुत गर्न प्रायः असम्भव देखिन्छ । यसको साथै एउटै प्रकृतिका मुद्दाहरू दर्ता, अनुसन्धान, कानूनी सहयोग जस्ता कार्यहरूका लागि धेरै

निकायहरूसम्म पुग्ने, गम्भिर प्रकृतिका मुद्दाहरूमा धैरै संघ संस्था तथा निकायहरूको संलग्नता हुने कारणले पनि मुद्दा तथा घटनाहरूको संख्या दोहोरिन गएको हुनसक्ने प्रवल सम्भावना रहेको छ ।

**सूचक: प्रभावकारी नि:शुल्क कानूनी सेवा प्राप्त गर्ने द्वन्द्व प्रभावित महिला तथा बालिकाहरूको संख्या**

**तालिका नं. ७५**

**नि:शुल्क कानूनी सेवा प्राप्त गर्ने द्वन्द्व प्रभावित महिला तथा बालिकाहरूको संख्या**

| क्र.सं. | सेवा प्रदान गर्ने निकाय | सेवा प्राप्त गर्नेको संख्या | सेवाको प्रकार | | | सेवाको मिति |
|---|---|---|---|---|---|---|
| १ | महिला ,बालबालिका विकास कार्यालय, बाँके | ५० | कानूनी परामर्श | कानूनी सहयोग | | |
| २ | साथी पुनर्स्थापना केन्द्र, बाँके | ५२७ | कानूनी परामर्श | कानूनी सहयोग | | |
| ३ | जिल्ला बार एशोसिएसन र जिल्ला कानूनी सहायता समिति, डडेलधुरा | ४० | कानूनी परामर्श | कानूनी सहयोग | | २०६९।७० |
| ४ | नेपाल बार एशोसियसन (जिल्ला कानूनी सहायता समिति) कपिलवस्तु | ६२ | कानूनी परामर्श | कानूनी सहयोग | | आ.ब. २०६७/६८ देखि आ.ब. २०६९/७० |
| ५ | महिला तथा बालबालिका कार्यालय कपिलवस्तुबाट द्वन्द प्रभावित बालबालिकालाई राहत प्रदान | २०१ | | | | २०६७ देखी हाल सम्म |
| ६ | सहायात्री समाज र महिला मानव अधिकार रक्षकहरूको जिल्ला संजाल, धादिङ्ग | ३०८ | ३०८ | २५८ | | २०६७ देखी हाल सम्म |
| ७ | बार एसोसिएसन, धादिङ्ग | ५० | | ५० | | २०६७ देखी हाल सम्म |
| ८ | बार एशोसियसन, वाग्लुङ्ग | ४० | ४० | ३ | ३७ | |
| ९ | अल्पकालिन सेवा केन्द्र, वाग्लुङ्ग | ४२६ | ४२६ | ११३ | ३१३ | |
| १० | बालकल्याण समिति, वाग्लुङ्ग | १० | १० | ३ | ७ | |
| ११ | नेपाल बार एसोसीएसन, कञ्चनपुर | ६ | १ | ३ | २ | २०६७ देखि २०७० |
| १२ | महिला तथा बालबालिका कार्यालय कञ्चनपुर | १४ | ६ | २ | ६ | २०६७ देखि २०७० |

स्रोत: जिल्लाबाट संकलित विवरण

माथिको तथ्यांकले द्वन्द्व प्रभावित महिला तथा बालिकाहरूलाई स्थानीय सरकारी तथा गैर सरकारी निकायहरूबाट प्रदान गरिएको निशुल्क कानूनी सेवा, त्यस्तो सेवा प्राप्त गर्ने महिला तथा बालिकाहरूको संख्या जस्ता स्थानीय तहका सूचना र जानकारीलाई समेटेको छ । तथ्यांकहरूलाई हेर्ने हो भने सरकारी एवं गैर सरकारी निकायहरू दुबै क्षेत्रहरूबाट द्वन्द्व प्रभावित महिला एवं बालिकाहरूका लागि सिघ्र र निशुल्क कानूनी सेवाहरू प्राप्त गर्दै आइरहेको देखिएको छ । तर त्यस्तो सेवाको प्रभावकारीताका बारेमा भने कुनै अध्ययन भएको पाईदैन । कतिपय संस्थाहरूले स्वयंसेवी कार्यको रुपमा पनि सेवाहरू प्रदान गरिरहेको हुनाले उनीहरूलाई लैङ्गिक समस्याहरू रहेको उल्लेख गरिएको छ ।

देहायको तालिकामा न्यायिक तथा सुरक्षा क्षेत्रका पदाधिकारीहरूको क्षमता अभिवृद्धि सम्बन्धी संचालन गरिएका कार्यक्रमहरूको उल्लेख गरिएको छ। त्यस्ता कार्यक्रमहरू अन्तर्गत समावेश गरिएका विषयहरू, सहभागी संख्या उल्लेख गरिएको छ।

**तालिका नं. ७६**

**क्षमता अभिवृद्धि कार्यक्रम**

| क्र.सं. | क्षमता अभिवृद्धि कार्यक्रमको नाम र विषय | कार्यक्रम मिति र अवधि | सहभागी तह (अधिकृत वा सहायक) | सहभागी संख्या | निकाय |
|---|---|---|---|---|---|
| १ | महिला र बालबालिकाको मुद्दाको संवेदनशीलता | २०६८/०६९ | कार्यान्वयन तहका जिम्मेवारहरू | ४० | महिला तथा बालबालिका कार्यालय, दाË |
| २ | सुरक्षाकर्मीलाई बाल अधिकार संरक्षण र लैङ्गिक हिंसा न्यूनिकरण सम्बन्धी सचेतना गोष्ठी | आ.व. २०६९/७० | सहायक र अधिकृत तह | २५ | महिला तथा बालबालिका कार्यालय, कपिलवस्तु |
| ३ | प्रहरी महिलाहरूका लागि प्रभावकारी अनुसन्धान र महिलाहरूका वर्तमान कानून सम्बन्धी तालिम | ३ दिन | सई, हवलदार, प्र.ज | २१ | महिला मानव अधिकार रक्षकहरूको जिल्ला संजाल , सहयात्री समाज धादिङ्ग |
| ४ | गाविस सचिवहरूलाई घरेलु हिंसा सम्बन्धी अभिमुखीकरण | १ दिन | गाविस सचिवहरू | २५ | महिला मानव अधिकार रक्षकहरूको जिल्ला संजाल, सहयात्री समाज धादिङ्ग |
| ५ | स्वास्थ्यकर्मीहरूलाई लैङ्गिक हिंसा सम्बन्धी तालिम | २ दिन | हेल्थ असिस्टेन्ट | ४७ मध्ये १८ जना महिला | जनस्वास्थ कार्यालय धादिङ्ग, |
| ६ | प्रहरीहरूका लागि १३२५, १८२० सम्बन्धी तालिम | १ दिने | जवान, हवल्दार, सही, असई | ४७ | जिल्ला प्रहरी कार्यालय, वाग्लुङ्ग |
| ७ | महिला बिरुद्ध हिंसा सम्बन्धी | ३ दिन २०६९ | कानून व्यवसायी | १० | महिला तथा बाल बालिका कार्यालय कञ्चनपुर |
| ८ | क्षमता अभिवृद्धि तालिम | | महिला प्रहरी | ५० | प्रहरी महिला सेल, बाँके |
| ९ | न्यायिक तथा सुरक्षाक्षेत्रका पदाधिकारीहरूबीच क्षमता अभिवृद्धि | | | १० | जिल्ला बार एशोसिएसन, डडेलधुरा |

स्रोतः जिल्लाबाट संकलित विवरण

लैङ्गिक तथा यौनजन्य हिंसाबाट प्रभावित महिला तथा बालिकाहरूको विशेष आवश्यकताको तत्काल र प्रभावकारी रुपमा सम्बोधन गर्न स्थानीय स्तरमा विभिन्न निकायहरूबाट गरिएका व्यवस्थाहरू तथा उक्त व्यवस्था अन्तर्गत सेवा प्राप्त गर्ने महिला तथा बालिकाहरूको संख्या र सेवाका प्रकारहरू सामान्य स्वास्थ उपचार, मनोसामाजिक परामर्श, कानूनी विमर्श, कानूनी सेवा, आवासीय सेवा, सचेतना र अन्य निकायमा गरिएको सिफारिशलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७७**

**महिला तथा बालिकाहरूको विशेष आवश्यकताको सम्बोधन गर्न स्थानीय स्तरमा रहेका व्यवस्थाहरू**

| क्र.सं. | महिला तथा बालिकाहरूको विशेष आवश्यकताको सम्बोधन गर्न स्थानीय स्तरमा रहेका व्यवस्थाहरू | निकाय | कैफियत |
|---|---|---|---|
| १ | सामान्य स्वास्थ उपचार, मनोसामाजिक परामर्श, कानूनी सेवा, आवासीय सेवा | जिल्ला प्रशासन कार्यालय, कानूनी सहायता समिति | महिला, बालबालिका विकास कार्यालय, बाँके |
| २ | तत्काल सुरक्षा, लैङ्गिक सहयोग, सेफ हाउस, निशुल्क कानूनी व्यवस्था | जिल्ला बार एशोसिएसन तथा जिल्ला कानूनी सहायता समिति | डडेलधुरा |
| ३ | राहत कोष | महिला तथा बालबालिका कार्यालय ,दाङ्ग | दाङ्ग |
| ४ | कानूनी सहायता कोष | महिला तथा बालबालिका कार्यालय, दाङ्ग | दाङ्ग |
| ५ | सचेतना, मनोसामाजिक परामर्श तथा आकस्मिक आर्थिक सहयोग | महिला तथा बालबालिका कार्यालय | कपिलवस्तु |
| ६ | कानूनी उपचार र कानूनी परामर्श | जिल्ला बार एशोसियसन, जिल्ला सरकारी वकील कार्यालय | कपिलवस्तु |
| ७ | आयआर्जन तथा जीविकोपार्जन | जिविस, घरेलु तथा साना उद्योग कार्यालय तथा जिल्ला कृषि विकास कार्यालय | कपिलवस्तु |
| ८ | शान्ति सुरक्षा तथा सुनुवाई | जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय | कपिलवस्तु |
| ९ | स्वास्थ्य उपचार/प्रयोगशाला/प्रजनन स्वास्थ्य | जिल्ला स्वास्थ्य कार्यालय, प्राथमिक स्वास्थ्य चौकी र नेपाल परिवार नियोजन संघ | कपिलवस्तु |
| १० | सुरक्षित आवास गृह | लैङ्गिक हिंसा प्रभावित महिला र बालिका (साथी संस्था) द्वन्द प्रभावित बालक -कपिलवस्तु बाल गृह) | कपिलवस्तु |

| | | | |
|---|---|---|---|
| ११ | पैरवी तथा वकालत | नागरिक समाज, जिल्ला पारालिगल कमिटी, गै.स.स महासंघ, नेपाल पत्रकार महासंघ, जिल्ला बाल कल्याण समिति, साथी संस्था, दलित सामाजिक विकास केन्द्र, दलित महिला संघ, सामुदायिक प्रहरी सेवा केन्द्र, सामुदायिक सेवा केन्द्र, महिला पैरवी मञ्च, अन्तर पार्टी महिला सञ्जाल | कपिलवस्तु |
| १२ | पुर्नस्थापना सहयोग | महिला तथा बालबालिका कार्यालय सहयात्री एडभोकेसी सेन्टर | धादिङ्ग |
| १३ | हिंसा पीडितहरूका लागि राहत प्रदान | महिला तथा बालबालिका कार्यालय, महिला मानवअधिकार रक्षकहरूको जिल्ला संजाल | धादिङ्ग |
| १४ | कानूनी सहयोग | महिला तथा बालबालिका कार्यालय , महिला मानव अधिकार रक्षकहरूको जिल्ला संजाल, सहयात्री समाज नेपाल | धादिङ्ग |
| १५ | स्वास्थ्य उपचारमा सहयोग | महिला तथा बालबालिका कार्यालय महिला मानव अधिकार रक्षकहरूको जिल्ला संजाल | धादिङ्ग |
| १६ | बालबालिका (किशोरी) कार्यक्रम | महिला तथा बालबालिका कार्यालय | धादिङ्ग |
| १७ | पुर्नस्थापना सहयोग | महिला तथा बालबालिका कार्यालय | वाग्लुङ्ग |
| १८ | हिंसा पीडितहरूका लागि राहत प्रदान | महिला तथा बालबालिका कार्यालय, महिला मानवअधिकार रक्षकहरूको जिल्ला संजाल | वाग्लुङ्ग |
| १९ | कानूनी सहयोग | महिला तथा बालबालिका कार्यालय, महिला मानवअधिकार रक्षकहरूको जिल्ला संजाल, सहयात्री समाज नेपाल | वाग्लुङ्ग |
| २० | स्वास्थ्य उपचारमा सहयोग | महिला तथा बालबालिका कार्यालय, महिला मानव अधिकार रक्षकहरूको जिल्ला संजाल | वाग्लुङ्ग |
| २१ | बालबालिका (किशोरी) कार्यक्रम | महिला तथा बालबालिका कार्यालय | वाग्लुङ्ग |

स्रोत: जिल्लाबाट संकलित विवरण

महिला तथा बालबालिकाको विशेष आवश्यकतालाई सम्बोधन गर्न स्थानीय सतरमा थुप्रै किसीमका सेवाहरूको व्यवस्था भएता पनि ती निकाय तथा सेवाहरूबाट कति द्वन्द्व प्रभावित महिला तथा बालिकाहरूले त्यस्तो सेवा प्राप्त गरे भन्ने जस्ता तथ्यांकहरू भने राखिएको पाईदैन । देहायको तालिकामा दशवटा जिल्लाहरूमा विभिन्न निकायहरूबाट प्रदान गरिएको सेवा र लाभान्वितहरूको संख्या दिईएको छ :-

## तालिका नं. ७८
## विभिन्न निकायहरुबाट प्रदान गरिएको मनोसामाजिक तथा कानूनी परामर्श

| क्र.सं. | सेवाग्राहीको संख्या | जिल्ला | सेवाको किसिम | | | | | | सेवाप्रदायक निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सामान्य स्वास्थ्य उपचार | मनोसामाजिक परामर्श | कानूनी विमर्श | कानूनी सेवा | आवासिय सेवा | अन्य निकायमा सिफारिस (रिफर) | |
| १ | ५२७ | बाँके | ३०० | ४९८ | ४० | ४० | ५२७ | १० | साथी संस्था |
| २ | ४ | डडेलधुरा | ४ | | | | | | महिला तथा बालबालिका कार्यालय |
| ३ | ४२१ | दाङ्ग | ११३ | १०२ | | १५ | ४२१ | ११५ | महिला तथा बालबालिका कार्यालय |
| ४ | २२५९ | कपिलवस्तु | | १६७८ | | ६२ | ५१९ | | महिला तथा बालबालिका कार्यालय कपिलवस्तु, साथी संस्था, नेपाल बार एशोसियसन |
| ५ | | धादिङ्ग | १ | | | | १७ | १ | महिला तथा बालबालिका कार्यालय |
| ६ | | धादिङ्ग | | ३०८ | ५० | २५८ | २० | १६ | महिला मानव अधिकार रक्षकहरूको जिल्ला संजाल, सहयात्री समाज |
| ७ | | धादिङ्ग | | २८५ | | | | | आई.सी.डि.सी |
| ८ | १५६ | कञ्चनपुर | ५५ | २७ | २३ | ३७ | १५४ | ११ | महिला तथा बालबालिका कार्यालय |
| ९ | १४ | कञ्चनपुर | | | ५ | ६ | ० | ३ | नेपाल बार एशोसियसन |
| १० | ४६ | कञ्चनपुर | २९ | १३ | ० | ० | ० | ४ | महाकाली अञ्चल अस्पताल |

स्रोत: जिल्लाबाट संकलित विवरण

द्वन्द्व प्रभावित एवं हिंसापीडित महिला तथा बालिकाहरूले सरकारी तथा गैर सरकारी संस्थाबाट मनोसामाजिक तथा कानूनी परामर्शहरू प्राप्त गर्दै आइरहेका छन् । स्थानीय तहमा नेपाल बार एशोसियसन लगायत विभिन्न समुदाय स्तरीय संस्थाहरूले समेत हिंसाका पीडितहरूलाई परामर्श दिएको देखिन्छ ।

## तालिका नं. ७९
## अस्थायी आवास गृहको संख्या र उपलब्ध सेवाहरू

| क्र.सं. | अस्थायी आवास गृहको संख्या | आवास अवस्थित जिल्ला | उपलब्ध सेवाहरू | जिल्लागत सेवाग्राहीको संख्या र उमेर | आवासगृह संचालन गर्ने निकाय | कार्यविधि (SOP) अपनाएको छ कि छैन | अनुगमन निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | बाँके | आवासीय सेवा | | साथी संस्था | | | महिला, बालबालिका कार्यालय, बाँके |
| २ | १ | दाङ्ग | स्वास्थ्य उपचार, खाना, बस्न, मनोविमर्श, कानूनी सेवाका लागि सम्बन्धित निकायमा पठाउने र सिफारिस | ४२१ जना, ११-७० वर्षका | महिला तथा बालबालिका कार्यालय, दाङ्गको लैङ्गिक सहयोगमा महिलासहकारी संस्था दाङ्ग | छ | महिला तथा बालबालिका कार्यालय, दाङ्ग | महिला तथा बालबालिका कार्यालय दाङ्ग |
| ३ | १ | कपिलवस्तु , तौलिहवा | परामर्श, स्वास्थ्य उपचार, खाना, आवास, कानूनी सहयोग, सीप विकास, लघु कर्जा प्रवाह | आ.व. ६७/६८ मा १७६ जना, आ.व.. ६८/६९ मा १४९ जना र आ.ब. ६९/७० मा १९४ जना | साथी संस्था | छ | नेपाल सरकार तथा साथी केन्द्रीय कार्यालय | |
| ४ | १ (द्वन्द प्रभावित बालकका लागि) | कपिलवस्तु, तौलिहवा | परामर्श, स्वास्थ्य उपचार, खाना, आवास, शिक्षा | आ.ब. ६७/६८ मा ११ जना , आ.ब. ६८/६९ मा ११ जना र आ.ब. ६९/७० मा ११ जना | नेपाल बाल संगठन अन्तर्गत कपिलवस्तु बाल गृह | छ | नेपाल सरकार तथा नेपाल बाल संगठन | |
| ५ | १ | धादिङ्ग | पुर्नस्थापन, कानूनी परामर्श, मनोसामाजिक विमर्श | २० | सहयात्री एड्भोकेसी सेन्टर (सहयात्री समाज नेपाल) | छैन | महिला तथा बालबालिका कार्यालय | |
| ६ | १ | बाग्लुङ | पुर्नस्थापन, कानूनी परामर्श, मनोसामाजिक विमर्श | २० | अल्पकालिन सेवा केन्द्र | छैन | महिला तथा बालबालिका कार्यालय | |
| ७ | ५ | कञ्चनपुर | खाना, आवास, उपचार | १२६७ १५ वर्ष देखि ६३ वर्ष सम्म | महिला तथा बाल बालिका कार्यालय, कञ्चनपुर | छ | जिल्ला समिति | |

स्रोत: जिल्लाबाट संकलित विवरण

तथ्यांक संकलन गरिएका जिल्लाहरूमध्ये नेपाल सरकारले बाग्लुङ्ग, दाङ्ग, बाँके र कञ्चनपुरमा सेवा केन्द्रहरू स्थापित गरेको छ । यस्ता सेवा केन्द्रहरूले पीडितहरूलाई स्वास्थ्य उपचार, खाना, बस्न, कानूनीसेवा, सीप विकास, लघु कर्जा प्रवाह,मनोसामाजिक विमर्श जस्ता सेवा समेत प्रदान गर्दछन् । त्यस्तै नेपाल बाल संगठन अन्तर्गत कपिलवस्तुमा बाल गृह सञ्चालनमा रहेको छ जसले द्वन्द प्रभावित बालबालिकाहरूका लागि परामर्श, स्वास्थ्य उपचार, खाना, आवास,शिक्षा समेत प्रदान गर्दछ । दश जिल्लामा विभिन्न निकायहरू अन्तर्गत दर्ता, अनुसन्धान तथा कारवाही भएका लैङ्गिक तथा यौनजन्य हिंसाका तथ्यांकहरू अनुसूची-१५ मा दिइएको छ ।

महिला तथा बालिकाहरूमाथि हुने लैङ्गिक हिंसा तथा यौनजन्य हिंसाको प्रभावकारी र लैङ्गिक संवेदनशील उजुरी, दर्ता प्रक्रिया, अनुसन्धान तथा पीडितहरूको संरक्षण जस्ता कार्यहरूका लागि कार्ययोजनाले छुट्टै भवनमा महिला सेवा केन्द्रहरू स्थापना गर्दै लैजाने उद्देश्य अनुरुप जिल्लाहरूमा केही त्यस्ता भवनहरू निर्माण भईसकेका र केहिको निर्माण सम्बन्धी प्रक्रियाहरू अघि बढेको देखिन्छ ।

**तालिका नं. ८०**

**छुट्टै भवनबाट संचालित भएका महिलासेवा केन्द्र**

| क्र.सं. | छुट्टै भवन भएका महिलासेवा केन्द्र | उजुरी संख्या | सेवाग्राही संख्या | सेवाको प्रकार | कैफियत |
|---|---|---|---|---|---|
| १ | बाँके | ७१ | ७१ | जवर्जस्ती करणी र<br>जवर्जस्ती करणीको प्रयास | जिल्ला प्रहरी कार्यालय, बाँके |
| २ | चितवन | | ४७५ | घरेलु हिंसा ४६७,<br>वहुविवाह ७,<br>गर्भ पतन १ | जिल्ला प्रहरी कार्यालय, महिला सेल, चितवन |
| ३ | दाङ्ग | | २४० | घरेलु हिंसा २४३<br>हराएका महिला तथा बालबालिका ८६०<br>अलपत्र अवस्थामा फेला परी उद्वार गरिएका बालबालिका ५४ | जिल्ला प्रहरी कार्यालय,<br>आ.व. २०६८/०६९ देखि २०७० |

स्रोतः जिल्लाबाट संकलित विवरण

## ५.३ प्रवर्द्धन

तथ्यांक संकलन गरिएका जिल्लाहरूमा द्वन्द्वको समयमा महिला तथा वालबालिकाहरूमाथि भएको यौन तथा लैङ्गिकतामा आधारित हिंसा सम्बन्धी अध्ययन नभएको तथ्यांकले देखाएको छ । यसले द्वन्द्व प्रभावित महिला तथा बालिकाहरूको अवस्था कस्तो रहेको छ, उनीहरूलाई लक्षित गरी बनाईएका कार्यक्रमहरूमा उनीहरूको पहुँच हुन सकेको छ छैन, भन्ने जस्ता विषयहरू प्रश्नका रुपमा अगाडि आएका छन् ।

केही जिल्लाहरूमा महिला तथा बालबालिका कार्यालयले लैङ्गिक हिंसा बारे जानकारी प्रदान गर्न किशोरी सूचना केन्द्र, सूचना तथा परामर्श केन्द्रहरू सञ्चालन गरेका छन् भने केही जिल्लाहरूबाट त्यस्तो सूचना केन्द्रबारे जानकारी प्राप्त भएको छैन ।

**तालिका नं. ८१**

**महिला, शान्ति र सुरक्षाका सम्बन्धमा केन्द्र र जिल्ला स्तरमा संचालित सूचना केन्द्रको संख्या तथा विवरण**

| क्र.सं. | संचालित सूचना केन्द्रको स्थान (जिल्ला, गा.वि.स./नं.पा., वडा, ठेगाना) | संचालन गर्न निकाय | प्रारम्भ मिति | कैफियत |
|---|---|---|---|---|
| १ | लैङ्गिक हिंसाबारे जानकारी प्रदान गर्न किशोरी सूचनाकेन्द्र ६ वटा<br>(हथिहवा गाविस, लबनी गाविस, नन्दनगर गाविस, बाँसखोर गाविस र कपिलवस्तु नगरपालिका) | महिला तथा बालबालिका कार्यालय | २०६७ साल | कपिलवस्तु |
